समकालीन साहित्य

त्रैमासिक

(कात्तिक–मङ्सिर–पुस २०६९, अङ्क ३, पूर्णाङ्क ७०)

प्रधान सम्पादक

भाउपन्थी

सम्पादक मण्डल

सनत रेग्मी

माया ठकुरी

ध्रुव सापकोटा

पुरुषोत्तम सुवेदी

कार्यकारी सम्पादक

रोशन थापा 'नीरव'

प्रकाशक

नेपाल प्रज्ञाप्रतिष्ठान

कमलादी, काठमाडौँ

मुद्रक

प्रज्ञा छापाखाना, कमलादी

आवरणचित्र

(नेपाल प्रज्ञाप्रतिष्ठानको सङ्ग्रहालयबाट)

सज्जा : वसन्तराज अज्ञात

कम्प्युटर सेटि

रञ्जन घिमिरे

मूल्य : रु. ६५ –

email

office@nepalacademy.org.np

bhaupanthi9@yahoo.com

वेब साइट

www.nepalacademy.org.np

फोन : ०१–४२४१९२५

फ्याक्स : ०१–४२२११७५

मोबाइल

९८४१३७६०११(प्रधान सम्पादक)

यस अ मा

निबन्ध

किताब र चम्चा	अभि सुवेदी	१
अनुवादको अनुभव	भीष्म उप्रेती	५

कथा

ट्रान्सफर स्लिप	देवेन्द्रप्रताप शाह	८
बदलिएको लक्ष्मण	गोपाल अश्क	१४
चिसो हात	नीलम कार्की निहारिका	१८
उऋण	सानु शर्मा	२१
प्रतीक्षा ... अनि प्रतीक्षा	लक्ष्मी उप्रेती	२७
खाली	दिनमान गुर्मछान	३१
छोटो साथ	सरु पोखरेल	३५

नियात्रा

यात्राको भोक र गान्तोक	बूँद राना	३८
संयोग रात्रि पदयात्राको	श्रीओम श्रेष्ठ रोदन	४२
कतारको मरुभूस्वर्ग पर्पल ...	जय छाङ्छा	४६

समालोचना

परवर्ती उपन्यासमा समयबिम्ब	डा. खेम दाहाल	५४
समाज पान्तरणका लागि ...	डा. कान्छी महर्जन	६०

आलेख

उत्तरआधुनिकता र चारु परिचय ...	होमराज आचार्य	६५

उपन्यास–अंश

असन 'सहर'	राजेन्द्र पराजुली	७४

विश्वसाहित्य

एलिस मनरो : कथाको शिखर	विजय शर्मा (अनु. मिथिलेश शर्मा)	७९

www.khasskhass.com

क्यानडाली कथा
जङ्गली हाँस ✎ एलिस मुनरो (अनु. हरिकृष्ण शर्मा) ८३

स्पेनिस कथा
थोमस भर्गास र दुइटी आइमाईह ✎ इसाबेल अलेन्डे (अनु. रूपा खत्री) ८९

अन्तर्वार्ता
जीवन नै हो सबैभन्दा ठूलो ... ✎ ग्याब्रियल गार्सिया मार्खेज (अनु. विष्णु शर्मा) ९६

सम्पादकीय

नेपाली साहित्यमा कथाविधाको आफ्नै महत्त्वपूर्ण स्थान रहँदै आएको छ। यो अतिशयोक्तिपूर्ण कथन लाग्ने थाल्ने समय आएजस्तो लाग्दछ। यसो हुनुमा उपन्यासलेखनले वर्चस्व कायम गर्दै आएको यो समयमा कथालेखनलाई महत्त्व दिएर बहस झिक्नु भनेको सारै नै उत्प्रेरक विषय हुन सक्दैन। यद्यपि यसले बहस निम्त्याउन पनि सक्छ भने बहस हुनुको औचित्यतिर केही तर्क अघि सार्ने प्रयास पनि गर्छ। यस वर्ष अर्थात् सन् २०१३ को नोबेलको साहित्यतर्फको पुरस्कार खाँटी कथाशिल्पी एलिस मुनरोले प्राप्त गर्नुलाई यहाँ साक्ष्यका रूपमा प्रयुक्त गर्ने अवसर छ। उनले आजीवन कथा लेखिरहिन् र कथामै समर्पित उनको लेखनले अन्ततः नोबेल पुरस्कार प्राप्त गरेरै छाड्यो। त्यो उनको अत्यन्त लामो कथासाधनाको प्रतिफल थियो। यद्यपि यसमा कथाकारहरू हर्षित हुनुपर्ने हो, तर नेपाली साहित्यको आख्यानलेखनमा यस बेला उपन्यास नै प्रमुख आकर्षणको विषय बनिरहेको छ र नेपालका स्वनामधन्य पुरस्कारदाता गुठी र समितिहरूले पनि कथालाई महत्त्व नदिई उपन्यासलाई पुरस्कारका रूपमा चयन गर्ने जाँगर देखाउने गरेका छन्।

नेपाली साहित्यमा कथासाहित्य उपन्यासभन्दा पनि विकसित परम्परा भएको क्षेत्र हो। उपन्यास र कथामा विधागत खासै विभेद नभए पनि कथालेखनका लागि समर्पित नेपाली प्रतिभाहरूका कारण उपन्यासले पनि कैयौँ समय दबेर बस्नुपरेको हो। कथा वा उपन्यास आख्यानक्षेत्रको कुनै पनि विधामा राम्रो र श्रेष्ठ कृति आउनु उपलब्धिमूलक प्रेरणादायी विषय हो, तर हेरिल्याउँदा यस समय कथाविधालाई एक उपन्यासको उपविधाका रूपमा छेउतिर घचेटिएको अनुभव हुन्छ। कथाप्रतिभाहरूको उदय यस समय अलि कमै छ, यो भन्न धक मान्न नपरे पनि कथालाई उपन्यासले थिचेको समय यो छ। उपन्यासलेखनमा निश्चय पनि नेपाली साहित्यले नपत्याउँदो गरी फड्को मारेको छ, तर उपन्यासलेखनको बीज रूपमा कथालेखनको बलियो जग रहेको पनि बिर्सन सकिन्न।

यस वर्ष विश्वसाहित्यमा नोबेल पुरस्कारद्वारा कथालेखन पुरस्कृत भएको छ।

कथा लेखिका एलिस मनरोको कथाकारिताका विषयमा उत्सुकता जाग्नु स्वाभाविक हो। क्यानडाकी मुनरोले विश्वका कथालेखकहरूमा कथालेखनले पनि विश्वसाहित्यका पाठकहरूमा नयाँ रुचि जगाइदिन सकेको अनुभूत भएको छ र कथालेखकहरूमा एउटा नयाँ स्फूर्ति जगाइदिएको हुनुपर्छ। कथालेखनको दीर्घ साधना गरेपछि पनि आफ्नो कथालेखनप्रति खासै ध्यानाकृष्ट नभएको अनुभव गरेपछि निराशाले छोइन लागेकी मनरोले भनेकी पनि छन्, उपन्यासले कथालाई पछाडि पारेको छ। तर उनले नोबेल पुरस्कार पाएपछि भने यो निराशा हटेको हुनुपर्छ। यद्यपि उनले यो पुरस्कार उमेर ढल्केपछि ढिलै गरी पाइन्। यससम्बन्धी सामग्री र उनको एउटा अनूदित कथा यस अङ्कमा दिएका छौँ। पाठकहरूलाई विश्वसाहित्यको परिचय दिने प्रयास हामीले निरन्तर गरेकै हौँ र त्यस्तो प्रयासले निश्चय पनि साहित्यका पाठकहरूमा विश्वसाहित्यको सानै भए पनि परिचय सामयिक परिचय पुगेको छ भन्ने विश्वास छ।

उपन्यास बृहत् हुन्छ र कथा सानो हुन्छ तर नेपाली साहित्यमा कथासङ्ग्रहहरूले नै यसअघिसम्म उपन्यासपठनको अभाव पूर्ति गर्दै आएका थिए। उपन्यासलेखनमा लागेका लेखकहरूका दृष्टिमा कथाविधाको उपयोगिता अझै छ वा छैन त्यो उत्सुकताको विषय हो र पनि राम्रो कथाले नै समसामयिक साहित्यपठनको तिर्खालाई तृप्ति दिन्छन्। कथाको आगामी रूप उपन्यास नहुन पनि सक्छ, वास्तवमा कथा कथा नै हो र उपन्यास उपन्यास। यी दुवै आख्यानकै रूप भए पनि यिनको स्वतन्त्र अस्तित्व सधैँ विद्यमान रहनेमा शङ्का गर्नु परोइन। कथाविधा मरिसक्यो वा लुप्त भइसक्यो भन्नेहरूका लागि एलिस मनरोले नोबेल पुरस्कार पाउनु एउटा राम्रो जबाफ हुन सक्छ। कुनै विधा समसामयिक रूपमा केही सुस्त भए पनि त्यसमा रहने रचनाशीलताको सम्भावनाको मृत्यु हुँदैन।

एउटा तीतो सत्य यो पनि हो, कथाजति समकालीन यथार्थलाई विद्रोही मुद्रामा उपन्यासले समात्न वा व्यक्त गर्न सकेको छैन। उपन्यासको लेखनतारतम्यमा लोकप्रियता पाइने सम्भावनाका निकै तत्त्व वा सहायक सामग्री समावेश गर्ने प्रलोभनले उपन्यासकार कथाकारजति तीव्रगामी र प्रहारात्मक गद्यको प्रयोग गर्नबाट तर्किने गर्दछ। यो उसको विवशता हो वा समकालीन उपन्यासलेखनको स्वभाव, दुवै मान्न सकिन्छ । तर यो तत्त्व उपन्यास र कथाविधाको संरचनागत मौलिक भेद पनि हुन सक्छ।

नोबेल पुरस्कारप्राप्त एलिस मनरोको कथालेखन सन्दर्भमा उनले लामा कथा लेख्ने गर्छिन्। लामो कथाको बयान अर्कै हुन्छ र त्यसका संरचनागत गद्यप्रवाह पनि भिन्न हुन्छ। लामो कथा उपन्यासतिर लम्केको हुँदैन तापनि लामो कथाले कथाधर्मिताको दीर्घसंवाही क्षमता निर्वाह गरेको हुन्छ। यो नै लामो कथाको एक आन्तरिक र अनिवार्य गुण हो। मनरोका कथाहरू लामा भएर पनि रोचक हुन्छन् भन्ने भनाइ उनका कथाअध्येता समालोचकहरूको छ। यो हो, कथा अन्ततः आख्यानिक भएर रोचक पनि हुनै पर्छ अर्थात् आख्यानिक रोचकता लिएको हुनुपर्छ।

यस वर्ष कथाकारै भएर पनि नोबेल पुरस्कार समितिको दृष्टिमा र विश्वमै कथाविधाप्रति सम्मान र कथालेखनको महत्त्व स्थापित गर्दै पुरस्कृत भएकोमा क्यानडाली कथालेखिका आदरणीया एलिस मनरोप्रति सम्पूर्ण नेपाली साहित्य, विशेषतः कथापाठक र कथालेखकहरूको हार्दिक बधाई !

निबन्ध

किताब र चम्चा

अभि सुवेदी

मलाई किताबको आरम्भको विषयमा कसैले केही सोध्यो भने यसको हजारौँ वर्षको इतिहासतिर फर्किन्नँ। आफ्नै विगततिर फर्किन्छु। मेरो निम्ति किताब पूर्वबाट बिहानै खसेको उज्यालोका धर्साहरूमा रचिएको एउटा ज्योतिको कलेवर हो । मेरो निम्ति किताब एउटा यस्तो बास्ना हो जो एउटा किताबको सङ्ग्रहभित्र पस्दा थाहा हुन्छ। मेरो निम्ति किताब मेरो जीवनको आदिम युगमा आमाको मसिनो र लययुक्त गायनमा उठेको ध्वनि हो। मेरो निम्ति किताब एउटा भविताको एक मात्र आधार भएर आयो । मैले आफूलाई खोज्न अर्को कुनै माध्यम रोजेको छैन । किताब नै आदिम र अन्तिम आधार हो । म त्यसैको स्नेह र त्यसले दिने पीडा र आह्लादहरूभित्र हुनुलाई जीवन भन्छु।

तर हिजोआज किताबको भविष्यलाई लिएर निकै छलफल भएका छन्। आजको डिजिटलको युगमा, साइबर पुस्तकालय आइसकेको समयमा किताब के रहला त भन्ने प्रश्न उठेको छ। यस विषयमा अनेकौँ विचारहरू आएका छन्। 'यो किताबको अन्त्य होइन' (सन् २०११) भन्ने जू-क्लड करिएर र अम्बर्टो एकोले अन्तर्वार्तामा बोलेका कुरा लिएर तयार पारेको किताब पढिरहेको थिएँ । त्यसमा आजको डिजिटल युगको विषयमा हाम्रो संसार नै मूल विषय छ। कुराको सार छ, आज फेरि किताबलाई, अक्षरलाई र मुद्रणलाई पुरानो युगतिर फर्काइएको छ। समाप्त गरिएको छैन । यी मलाई मन पर्ने इटलीका दार्शनिक अम्बर्टो इको भन्छन्, लेख्नु भनेको हाम्रो अङ्गको विस्तार हो । लेख्ता हाम्रो देह त्यहाँ सारिन्छ । त्यसैले लेख्नु झन्डै जैविक क्रिया हुन्छ अथवा हाम्रो शरीरको जैविक विस्तार हो लेखन। किताबहरू त्यसो त हामी हिँडेका पाइलाका डोब हुन् । बुद्ध हिँडे । उनका पाइला अक्षर हुन्। मैले 'जन्तरे दाजु र डेरिडा' (मेरो *निबन्धमा उत्तरवर्ती कालखण्ड* २०६७ मा सङ्कलित) भन्ने निबन्धमा उठाएको कुरा पनि त्यही थियो। अक्षर भनेका चिह्नहरू हुन्, डोब हुन्। तिनको एक कलेवर किताब हो। त्यसैले मलाई लाग्छ किताब भनेको यात्रा हो। यसमा हिँडिएको चित्र भेटिन्छ। आजको युगमा, अम्बर्टो एको भन्छन्, इन्टरनेटले हामीलाई फेरि एक पटक आदिम अक्षरतिर फर्काइदिएको छ। उनको भनाइ मैले बुझेको यस्तो छ, हामी फेरि अक्षरमाथि पहिलेका कालहरूमा जस्तै घोरिन थाल्यौँ। एकएक अक्षर मिलेर फेरि उही शब्दब्रह्म भएको छ।

किताब नयाँ युगमा आएर अर्कै भयो, अब यो परिवर्तन भयो र अब यो सिद्धिन्छ भन्न मिल्दैन । एको भन्छन्, उदाहरणको निम्ति चम्चा, कैँची, हत्थोडा, चक्का बनिए, ती फेरिँदैनन् । ती बनिए, त्यही नै अन्तिम हो । किताब पनि त्यस्तै हो, त्यो बनिएपछि बनियो। त्यो फेरिँदैन। एक पटक आविष्कार भएपछि भयो। चम्चालाई फेरि चम्चाभन्दा राम्रो पारियो भन्न मिल्दैन। किताब पनि त्यस्तै प्राचीन र स्थिर हो। त्यो बनियो। त्यो त्यस्तै वस्तु हो, एकोको भनाइको सार छ। एकोले किताबलाई एउटा चम्चा जस्तै बनियो, अनि यो वस्तु भयो। त्यो त्यसैले अविनाशी छ भनेको कुरा पढ्दा मेरो पढने कोठाभरि आँखा दौडाएर एक पटक हाँसेँ । ए, यतिका चम्चाहरूको सङ्ग्रहभित्र पो बसेको रहेछु भनेर। तर यसैमा अर्का जर्मन दार्शनिक मार्टिन हेदिगरको कुरा पनि सम्झिन्छु। मलाई मार्टिन हेदिगरको यो भनाइ पनि मन पर्छ । मैले किताबको विषयमा केही पढेर अर्धमूदित आँखा भएका दार्शनिकहरूको सानो सभामा बोल्नुपरेको बेला यी सबै मनुवाका कुरा पढेको थिएँ। यी हेदिगरले मानवअस्तित्वलाई 'दाजडू' भने। तिनको विचारमा यो 'दाजडू'ले संसारका हरेक वस्तुलाई साधनका रूपमा प्रयोग गर्छ । कुनै वस्तु पनि मानिसभन्दा अलग छैन, तिनले भने। काम परेपछि त्यो वस्तुको अर्थ खुल्ने हो। मैले यिनको दर्शन पढ्दा एउटा नेपाली उखान सम्झेको थिएँ । उखान छ, 'काम पर्दा भाँडो, काम नपर्दा ठाँडो' । हेदिगरको भनाइमा सबै वस्तु भाँडै हुन्। हामी थाहै नपाई तिनको प्रयोग गर्छौँ, तर त्यो कुरा बिग्रियो भने ए, ला बिग्रेछ भन्ने हो । त्यस बेला त्यो ठाँडो होला । यस्तै

उपकरणहरूले भरिएको चराचरमा हामी बस्छौँ, ती भन्छन्। एकोले किताबलाई चम्चासँग दाँजेकाले यी मानिसहरूका यी अप्ठेरा भए पनि रमाइला कुरा सम्झेको हुँ। हेगेल र मार्क्सले भनेको *फेटिस्*को कुरा त फेरि छूदै छ। त्यता गयो भने यो गन्थन हुन्छ। मैले भन्न खोजेको कुरा दिदीले पढ्ने काशीमा छापेको *गुणरत्नमाला* भन्ने किताबको कुरा तल आएपछि झन् प्रस्ट होला भन्ने लागेको छ।

हाम्रोतिर पनि किताब एउटा वस्तु हो। किताब संसारैभरि हस्तलिखित त थियो। त्यता नजाऊ। मलाई किताबको विषयमा ठूलै दर्शन लेख्नु छैन। बङ्गलादेशका साथी प्रकाशक र लेखक मफिदुल हकले मलाई एउटा पुरानो विज्ञापन देखाएका थिए, ढाकामा। हस्तलिखितलाई पवित्र मान्ने तर छापेकोलाई नमान्ने हिन्दूहरूलाई विश्वास दिलाउन बनाएको त्यो विज्ञापन यस्तो थियो : 'पवित्र गङ्गाजल से धोइहुइ मसिन से छपिहुइ।' यही थियो। अझ रमाइलो र लामो थियो। बिर्सें। तर छापेका ग्रन्थ पनि आमाले अत्यन्त श्रद्धाले राख्नुभएको थियो घरमा। कुनै धोएका मेसिनले नछापेका भए पनि किताबलाई म त्यत्तिकै सम्मानले हेर्छु। मेरा किताबसम्बन्धी अरू केही संस्मरण छन्। यहाँ संक्षेपमा राख्न चाहन्छु।

एक दिनको कुरा हो, पाँचौँ पुस्तकालय दिवसमा जाने निम्तो आयो। एकछिन विचार गरेपछि म असमञ्जसमा परेँ। मलाई पुस्तकालयको पाँचौँ भन्ने शब्दले पीडा भयो। पुस्तक बस्ने आलय वा घरको कुरा हो। पुस्तक बसेका घरमा अघोषित, अनुच्चरित र अनुत्तरित ज्ञानहरू पाताहरूमा शून्यमा बसेका हुन्छन्। किताबका यति धेरै शतकहरूका स्मृति हामीसँग छन्। हाम्रो यस भूखण्डमा किताब र पुस्तकालयका कति बहस भए। कति किताबप्रेमीहरूले जीवन उत्सर्ग गरे। कति पुस्तकालयहरू यस देशमा खुले अनि बन्द भए। पाल्पाको दलान (संवत् १९८३, पछि २००३ मा धवल) पुस्तकालयभित्र पस्ता त्यसरी नै ध्यानातीत भएको थिएँ। बिपी कोइरालाले त्यही पुस्तकालयलाई क्रान्ति गर्न सक्ने मानिस तयार गर्न प्रयोग गरेका प्रसङ्ग थाहा पाएँ। ती किताबप्रेमी मानिस थिए। ती पढ्थे अनि पढ्न लगाउँथे। बिपीसँग जेलमा बसेका, पहिला खासै किताब नपढेका राजनेताहरूले मलाई सुनाएका कुराले म चकित परेको थिएँ। केही दिवङ्गत नेताका नाम सम्झिन्छु। वद्रीराम भण्डारी किताबप्रेमी, अनुवादक र कवि भए। उनले अनुवाद गरेको ओमरखैयामका कविता मलाई भूमिका लेख्न लगाए। त्यो किताब नदेखी उनी दिवङ्गत भए। बलबहादुर राईले भने बिपीले गर्दा किताब पढ्ने र लेख्ने भयौँ। अझ श्रीभद्र शर्माले जेलमा अनुवाद गरेको सेक्सपियरका कविता कृतिको पनि मलाई भूमिका लेख्न लगाएका थिए। यी प्रजातन्त्रका योद्धाहरूप्रतिको श्रद्धाले गर्दा मैले आफूलाई खासै चाख नभएका विषय भए पनि भूमिका लेखेको थिएँ। यी किताबहरू सायद निस्केनन्। मैले देखेको छैन। तर सबै जनाको बोलीमा बिपीको किताबप्रेम र प्रेरणाको प्रसङ्ग थियो। मनमोहन अधिकारीले जेलमा बस्ता साथीहरूलाई किताब पढ्न लगाएको र अर्थशास्त्रका किताब आफूले बढी पढेको कुरा सुनाए। काठमाडौँ आएका फ्रेडरिक जेमिसनसँग तिनले विद्वत् कुरा गरेको सुनेर म प्रसन्न भएको थिएँ। मैले अरू राजनेताहरूसँग किताबबारे कुरा गर्ने प्रसङ्ग परेको थिएन। मैले विद्यार्थी हुँदा चिनेका नेता डा. के.आइ. सिंह पनि हुन्। उनको किताब भन्नु नै जीवन थियो। ती इतिहासलाई किताब जस्तो पढ्थे। तिनका अध्यायहरू आफू सामेल भएको समयसँग मात्र पल्टिन्थे। नेपाली राजनीतिमा किताब विषयमा मैले बिपी र सिंहका दुईवटा अलग धार देख्दै आएको छु। यस विषयमा अरू एकाध प्रसङ्ग छन्।

एउटा घटना सम्झिन्छु। मण्डला बुक प्वाइन्ट कान्तिपथमा राजनीतिज्ञ र विद्वान् हृषीकेश शाह किताब किन्न बारम्बार आइरहन्थे। शाहको घरको पुस्तकालयमा धेरै महत्त्वपूर्ण किताबहरू थिए। आफू र छोराले मारेको बाघका सामन्ती शैलीमा टाँगिएका लामा छाला, महोग्नीका दराज र आफूले पाएका खिताबहरू यत्रतत्र राखिएको त्यो थलोमा म पटकपटक गएको थिएँ। उनी किताबहरूका कुरा झिकेपछि आनन्दले छलफल गर्थे। शाह बिमारी भएपछि म केही पटक हेर्न गएँ। केही समयपछि ती मण्डला बुक प्वाइन्टमा आइपुगे। थरथर कामेका हातमा नाचिरहेको लौरो, लरबराएको स्वर अनि सधैँ जस्तै वाचाल ती मानिस त्यहाँ देखेपछि म अत्यन्त खुसी भएँ। ठीक भएछन् भन्ने लाग्यो। उनन्साठी साल भदौतिर जस्तो लाग्छ। उनले तीनवटा किताब लिए। 'मसँग अहिले पैसा भएन, ल यो लिनोस्' भनेर तिनले एकाध झर्झर सुनका असर्फी माधवलाल महर्जनतिर बढाए। माधवले लिन मानेनन्। 'जहिले हुन्छ दिनोस्', तिनले भने। शाहजी त्यसको दुई महिनाभित्र दिवङ्गत भए। माधवको किताब बिक्रेताको जीवनमा यो सबभन्दा उदात्त—कुनै 'सबलाइम' अनुभव हो रे। ती अहिले पनि भनिबस्छन्। शाहजी गएपछि मैले भावातीत भएर माधवलाई स्वतस्फूर्त अङ्कमाल गरेँ।

नेपाली इतिहासमा शाह, बिपी र डिल्लीरमण रेग्मीको कालखण्ड किताबप्रदत्त ज्ञान इतिहासको एउटा चाखलाग्दो

पाटो थियो । ती राजनेता र विद्वान् अथवा लेखक हुनुका द्वन्द्वमा काम गर्थे । बिपीको द्वन्द्व विद्वत्ता र साहित्य रचना थियो । शाहको द्वन्द्व विद्वत्ता र छन्द नमिलेको राजनीति थियो । डिल्लीरमणको द्वन्द्व विद्वत्ता र स्थगन राजनीति थियो । यी तीन जनाको वृत्त अरूहरूको भन्दा फराकिलो थियो । आफ्नो समय हेरी यिनीहरूले निकै फड्का मारेका हुन् । के.आइ. सिंहको द्वन्द्व किताब र कर्मको बीचमा थिएन, समय र कर्मका बीचमा थियो । साहित्यकारहरूमा भने किताब र लेखनको द्वन्द्व वा मिलन मैले बालकृष्ण समामा भेटें । म एक युवक विद्यार्थी हुँदा तिनलाई भेटें र पछिसम्म तिनको सम्पर्कमा रहें । तिनी पूर्वी र पाश्चात्य दर्शनका अध्येता दार्शनिक थिए । कलासमीक्षक र नाटककार कवि थिए । शङ्कर लामिछाने अर्का किताब र लेखनको द्वन्द्वमा काम गर्ने साहित्यकार हुन् । मैले प्रयोग गरेको द्वन्द्व सिर्जनाको अर्थमा छ । नेपालबाहिरका नेपाली साहित्यकारमा इन्द्र राई किताब र सिर्जनाको द्वन्द्व अनुभूत गर्ने लेखक हुन् । मैले विद्यार्थी भएदेखि देखेको हिजोको समयको कुरा लेखेको हुँ । पछिल्लो समयका साहित्यकारको विषयमा भन्दा त्यो समयको विषयमा ऐतिहासिकताले लेख्तै छु ।

म एक किताबप्रेमी मानिस हुँ । मेरा विद्यार्थी, साथी र मलाई चिन्नेहरूलाई थाहा रहेछ । मेरी ठूलदिदीलाई पनि थाहा छ तर उनलाई किताबको विषयमा खासै केही थाहा छैन । मेरा हजारौँ किताब भएको लामो कोठामा पसेर ती अस्सी वर्ष नाघेको उमेरमा कराएर रातो जिल्द भएका काशीमा छापिएका रामायण, सुखसागर, महाभारत र अरू त्यस्तै किताबहरू पढेर बस्छिन् । कोठामा पश्चिमी र पूर्वी दर्शन, सिद्धान्त, साहित्य र कलाका किताब छन् । दिदीको किताब युग काशीको बीसौँ शताब्दीको आरम्भ हो । एक नेपाली साहित्यकार भएकाले म त्यही मुद्रण संस्कृतिको प्रभावभित्र छु । त्यो मेरो पनि इतिहास हो । मेरो लामो कोठाको एक खण्डमा नेपाली किताबहरू छन् । धेरै अङ्ग्रेजीमा छन् । एक जना अङ्ग्रेज युवक मित्र रोडरिक चाल्मरले काशीको नेपाली मुद्रण संस्कृतिका विषयमा विद्यावारिधि गरे । फ्रान्सेस्का ओर्सेनीले हिन्दी भाषाको बीसौँ शताब्दीका बीसदेखि चालीससम्मका वर्षमा भएको हिन्दीको फराकिँदै गएको आमवृत्तको मोडेलमा गरे तिनले । दिदी कराएर पढ्दै जान्छिन् । म उता चुपचाप पढ्छु । अर्थहरूका खासै आकार हुँदैनन् । एउटा मात्रै अर्थ हुँदैन । अर्थहरू अड्बाङ्गे हुन्छन् । तिनलाई डेरिडा 'एपोरिया' भन्छन् । दिदी काशीको 'गुणरत्न माला' पढ्दै छन् —'मुसाको सिङ मिलला बरु कतै संसार डुल्ने गरे/ प्राणै देऊ परन्तु मूर्ख कहिल्यै रिझ्दैन कस्तै गरे ।' यो पनि 'एपोरिया' हो कि त, टाउको उठाउँछु । उताको दराजमा बेलायती पुराना मित्र जोन ह्वेल्पटनका किताब छन् । ती वर्षमा एक पटक फर्किन्छन् । तिनको कर्म नै नेपाल विषयका पुस्तकमा छ । ती आफैँ लेख्छन् । जङ्गबहादुर, नेपालको इतिहास र बालचन्द्र शर्माको शब्दकोश छन् तिनकोमा । म जेन र बुद्धधर्मजनिन किताब पनि पढ्छु । मार्क्सवादको खण्ड छ । विद्यार्थी शोध गर्दै छन् । वर्ग र जातीय पहिचानबारे एक जनाले लेख्तै छ । लिम्बू संस्कृतिको सांस्कृतिक अध्ययन गर्दै छ अर्कोले । नेटमा पनि किताब छन्, लेखहरू झार्न सकिन्छ । भौतिक कलेवर भएका दृश्यगोचर मुद्रित वस्तुता मात्र किताब हुन् र? दिदी पढ्दै छन्, 'चोरी मारी लिँदा न यश हुन गयो न मासु खानु भयो ।' डेरिडा भन्छन्, मार्क्स मरे, तिनको भूत मात्र छ । अर्को लेख्छ होइन, मार्क्सको प्रयोजन त अहिले पो छ । किताब बाझिबस्छन् । तर मलाई यिनै किताबको बीचमा, यिनको गन्धमा बसेर मात्र केही अर्थ भेटेजस्तो लाग्छ । यस्तो लाग्छ, मेरो त्यो एउटा सानो थलोमा म किताबबाट उथलपुथल समयका छाल देख्छु । दिदीको स्वर मेरो आरम्भ हो, म त्यसबाट अलग हुन सक्तिनँ । तर भएको पनि छु । एक जना भन्छन्, म किताबले घेरिएको यो गोदाममा बस्छु । यति धेरै मानिसका किताबमा मन विस्फोटक छन् । तर मलाई भने ती तरङ्ग लाग्छन् ।

मैले नेपालमा किताबको संस्कृति युवकहरूले अगाडि लगेको देख्तै छु । ती किताब प्रकाशन गर्छन् अनि पाठक र लेखक भेला गर्न मेला लाउँछन् । पढ्नेलाई किताबका कीरा भन्ने आद्यरूपीय बिम्ब खोजेका छन् ती सिर्जनशील युवकले । निकैवटा युवकहरूका प्रकाशन छन् । तिनले किताबप्रति सम्मान, चाख र उत्सवका रचना गरिरहेका छन् । नेपालका प्रकाशक, किताब बिक्रेता, तिनले किताबका लागि लडेका युद्धको साक्षी र सहभागी छु । लेख्छु, किताबको शक्ति सञ्चार हुँदै छ । दृष्टिगोचर, अगोचर, हेर्ने, छुने र सुन्ने सबै थरी किताबसँग हुन्छु । 'अभि सर, रोलाँ बार्थले भनेको लेखक मरेकै हो?' मध्याह्नको गर्मी छ । भन्छु, त्यो मृत्यु किताबको होइन । पढ्ने कोठामा पङ्खा चलाउँदिनँ । दिदी कराएर पढ्दै छिन्—'यवन्ले राज् गर्दा कति पतित हिन्दुस्थल भयो ।' किताबले सबै युग भेटिन्छन् । लेख्छु 'म पुस्तकालय दिवसमा यतै कतै हुनेछु ।'

अनि फेरि आरम्भतिर फर्किन्छु । दार्शनिक र कविहरू अनि धर्म गर्ने मानिसहरूको आधार नै किताब हो । मलाई एक जना अलिक उग्र किसिमका भारतीय नेपालीले विद्यार्थी हुँदा शिलोङ, मेघालयको यात्रामा भनेका थिए, 'भाइ, पाजी

एककिताबे धर्म पनि केही धर्म हो ! मैले पहिले तिनले भनेको बुझिनँ। पछि बुझेँ तर तिनलाई उत्तर दिन सकिने कुरा भएन। किताब एउटा होस् कि बहुल हुन्, सार कुरा किताबबाट हामी कसरी आफूलाई हेर्छौं र जगत् हेरेका आफ्ना अनुभव भन्छौं। मलाई टोकियोमा एउटा अर्को पाटोका जापानी कविले भने, प्रोफेसर, यता हेर्नुहोस्। हाम्रो सबभन्दा ठूलो किताब यत्ति हो।' त्यति भनेर तिनले सत्रौं शताब्दीका हाइकु कवि बाशोको यो हाइकु सुनाए। हाइकु यस्तो छ :

पुरानो पोखरी
फुत्त छ्याप्ल्याक्क
भ्यागुतो

म अहिले पनि एक किताब, बहुल किताब र तीन हरपमा बसेको किताबमा अन्तर देख्तिनँ। यही अन्तर नदेख्नु मेरो किताबयात्राको मूल मर्म हो। किताबयात्रा जारी छ। चम्चा र किताब टेबलमा एकै ठाउँमा छन्। म त्यही सान्निध्यमा अर्थ भेट्छु। तर दुवैको केन्द्रमा भने म नै रहेछु।

□

निबन्ध

अनुवादको अनुभव

भीष्म उप्रेती

संसार प्रविधिको विकासको द्रुत यानमा चढेर साँघुरिँदै जाँदा कहाँकहाँका कुनाकुनाका मानिसहरूको बीचमा सम्पर्क स्थापना हुँदै गएको छ, व्यापारविस्तार भइरहेको छ, अनुभूतिको विनियमको सम्भावना पनि बढिरहेको । भावना, अनुभव र अनुभूतिको आदानप्रदानले संस्कृति, दर्शन एवं जीवनपद्धतिको समेत आदानप्रदान गर्न मदत गर्दछ। मानिसले पढेर जसरी नै अनुभव गरेर, वार्ता एवं विचारको विमर्श गरेर पनि सिक्दछ जसले अन्ततः सभ्य एवं समुन्नत समाजको निर्माणलाई बल पुऱ्याउँछ। यसको लागि संसारका अनेकौँ भाषामा गरिएका रचनाहरूलाई, तिनमा अभिव्यक्त भावना, अनुभव, उत्तेजना र संस्कृतिको अनुवाद भई अर्को भाषा, भूगोल, संस्कृति र परम्पराबीचमा पुग्न तथा त्यसबारेमा विमर्श हुँदा ज्ञानको, भावनाको, उत्तेजना, संस्कृति एवं सभ्यताको विस्तार हुन पुग्दछ। यस सन्दर्भमा साहित्यिक रचनाहरूको अनुवादको चाहना हुनु, अनुवाद भई विभिन्न किसिमका सिमाना एवं सीमितताहरू नाघेर फैलन चाहनु एवं फैलनुलाई स्वाभाविक मान्नुपर्दछ। यसै गरी, आफ्नो आधारभूमि, भाषासंस्कृति एवं सभ्यतामा धेरै लोकप्रियता हासिल गरेका वा धेरै पढिने लेखकहरू पनि अर्को भाषा र संस्कृतिमा जाँदा अनुवादसहित गएनन् भने बिलकुल अन्जान हुन्छन्, लाटा र बालकझैँ अबोध हुन्छन् । यो अबोधपनबाट मुक्तिको चाहनाले समेत अनुवादको महत्त्व र आकाङ्क्षालाई दर्साउँछ ।

तर अनुवाद नराम्रो भयो भने पाठकलाई लेखकले के भनिरहेको छ भन्ने कुराको राम्रो सम्प्रेषण हुँदैन। यसले पाठकहरूमा अनुभूति तथा उत्तेजनाको सञ्चार एवं विस्तार गर्दैन। अनुभूति एवं उत्तेजनाको सञ्चार एवं विस्तार नगर्ने रचनाहरू प्रभावोत्पादक हुँदैनन् र अन्ततः पाठकले स्वीकार गर्दैनन् । अस्पष्ट एवं खराब अनुवादले पाठकहरूलाई त्यस भाषाको साहित्यप्रति वितृष्णा उत्पन्न गराउने खतरा पनि त्यत्तिकै रहन्छ ।

अनुवादकार्य एउटा सिर्जनशील कार्य हो भने धेरै हदसम्म प्राविधिक कार्य पनि हो । खास संरचनामा बसेर खास विचार र अनुभूतिलाई अर्थान्तर नहुने गरी अर्कै भाषा, संस्कृतिमा लैजानु सरल कार्य होइन । कतिपय अवस्थामा अनुवाद हुँदा अनुभूति र विचारलाई मर्न नदिन अनेकौँ पटक लेख्नुपर्दछ। शब्दचयनमा ज्यादै होसियारी अपनाउनुपर्दछ। झट्ट हेर्दा त्यही अर्थ दिनेजस्ता देखिए तापनि वास्तवमा शब्दहरूले ज्यादै नजिकैको अर्थ बोके पनि त्यही अर्थ भने बोक्तैनन् धेरै अवस्थामा ।

मेरो आफ्नै अनुभवको कुरा गर्दा स्कटल्यान्डकी प्रसिद्ध कवि टेस्सा रेन्सफोर्डले मेरो कवितासङ्ग्रह 'कवितामा पहाड'को अङ्ग्रेजीमा अनूदित कविताहरूको सम्पादन गरेको प्रसङ्गलाई सम्झन्छु। उनले कतिपय ठाउँमा "तिमीले यसो भनेका हौ भने यहाँ प्रयोग भएको शब्दभन्दा फलानो शब्दले अर्थलाई बोक्छ। शब्द परिवर्तन गर" भनिन्। यसै गरी, भाषा परिवर्तन भइरहन्छ। फलानो अनुभूतिलाई अभिव्यक्त गर्न प्रयोग गरिएको वाक्य शुद्ध छ तर आजको अङ्ग्रेजीमा त्यही कुरालाई त्यसरी नभनेर यसरी भनिन्छ भन्दै अलि फरक किसिमले सम्पादन गरिन्। यी परिवर्तन एवं सुझावलाई मैले मेरा कविताका अनुवादकहरूसमक्ष राखेँ। उहाँहरूले हार्दिक रूपले स्विकार्नुभयो र त्यहीअनुरूप परिमार्जन गरियो ।

अनुवादक ज्यादै प्रतिभाशाली, शब्द र अर्थलाई नियन्त्रण गर्न सक्ने सामर्थ्यवान् एवं दुवै भाषासंस्कृति र परम्पराको ज्ञान भएको भएन भने राम्रो गर्न चाहँदाचाहँदै पनि दुर्घटनाको सम्भावना उच्च रहन्छ। अनुभूति र भावनालाई व्यक्त गर्दा लेखकले कस्तो शब्दसंरचना एवं मिटरको प्रयोग गरेको छ सोहीअनुरूप अनुवादकले शब्दचयन एवं संरचनाको निर्माण गर्नुपर्दछ। त्यसैले अनुवादको काम प्राविधिक कार्य हो। फेरि शब्दहरूलाई नियन्त्रणमा राख्ने शक्तिसामर्थ्य लेखकमा जत्तिकै अनुवादकमा पनि हुनुपर्ने, अर्थलाई जीवन्त

एवं सम्प्रेष्य बनाउन अनेकौँ किसिमले अभिव्यक्त गर्नुपर्ने एवं लेखकको वास्तविक रचनामाथि अनुवादक हाबी हुनसमेत नहुने हुनाले यो एउटा सिर्जनात्मक क्रिया पनि हो। नयाँ कविता लेख्न कविलाई मुड एवं वातावरणको आवश्यकता परेजस्तै अनुवादकलाई पनि मुड र वातावरणको आवश्यकता पर्दछ। अनुवादलाई सुरुको चरनासँग दुरुस्त र अर्थसम्प्रेषणलाई प्रभावकारी बनाउने काममा अनुवादकलाई हुने छटपटीको अनुभव नयाँ सिर्जना गर्दा जत्तिकै हुन्छ – मलाई थाहा छ। म आफैँले पनि विदेशी भाषाका कविताहरू नेपालीमा अनुवाद गर्दा कति पटक नसकेर त्यसै छोडेको छु। मेरा कविताहरूको अनुवाद गर्ने अनुवादक साथीहरूले पनि कुनै कविता तुरुन्तै अनुवाद गरेका छन् भने कुनैकुनै कविता अनुवाद गर्न महिनौँ पनि लगाएका छन्।

अनूदित साहित्य कस्तो हुनुपर्छ ? अङ्ग्रेजी मातृभाषीले लेखेको जस्तो कि विदेशी मातृभाषीले लेखेको जस्तो ? कोहीकोही ठ्याक्कै अङ्ग्रेजी मातृभाषीले लेखेजस्तो अनुवाद खोज्दछन्। उनीहरू नेपालीबाट अङ्ग्रेजीमा कविताहरूको अनुवाद गर्ने सन्दर्भमा भन्छन् – "अङ्ग्रेजका लागि यस्तो भाषामा लेखेर कहाँ हुन्छ ? उनीहरूकै जस्तो लेख्नुपर्छ।" म चुपचाप सुन्छु मात्र किनभने म यो विचारसँग सहमत छैनँ। कुनै कृति अनूदित हो भने त्यहाँ जुन साहित्यबाट अनुवाद भएको हो, त्यस साहित्यको लेख्ने शैली, परम्परा, त्यस साहित्यमा हुने गरेका बिम्बहरूको प्रयोग तथा तिनको स्रोत, त्यस साहित्यमा लेखकको उपस्थितिसमेत प्रस्टसँग देखिनुपर्दछ। मुख्य कुरो के हो भने साहित्य अनुवाद हुँदा लेखकले गरेको अनुभूति, भोगेको अनुभव र भनेको कुरा ठ्याक्कै त्यही रूपमा अनूदित साहित्य पढ्नेले बुझ्नुपर्छ। फेरि आफ्नै अनुभवको कुरा गर्छु। अङ्ग्रेजी मातृभाषी क्रेग बेस्टसँग बसेर मेरो एउटा नियात्रा किताबको अङ्ग्रेजी अनुवादको सम्पादन गर्दै थिएँ। उसले एउटा अनुच्छेदलाई देखाएर भन्यो – "मैले यसलाई अर्को किसिमले लेखूँ कि भनेर पनि सोचेँ तर त्यसरी लेख्दा त अनुवाद नभएर अङ्ग्रेजीमै लेखिएको जस्तो हुने भो। त्यसैले त्यसो गरिनँ।"

मैले भनेँ – "होइन, राम्रो हुन्थ्यो भने गरेको भए हुन्थ्यो नि त।"

उसले भन्यो – "होइन, यस अनुच्छेदका सबै वाक्यहरू शुद्ध छन्। यो पढेर म तिम्रा अनुभूतिहरूलाई अनुभव गर्न सक्छु र तिमीले जे भनेका हौँ त्यही बुझ्छु। मुख्य चाहिएको कुरो नै यही हो। बुझ्यौ, अनुवाद गर्दा तिमी लेखक हरायौ भने त्यो राम्रो अनुवाद होइन। अनुवाद पढ्दा त्यसको लेखकलाई पनि भेट्न पाउनुपर्छ, पाठकले।"

मलाई क्रेगको कुरा चित्त बुझ्यो। मैले उसलाई त्यस अनुवादलाई अझ परिष्कृत गर्न भनिनँ।

मैले डेब्रासँग बसेर अनुवादसम्बन्धी धेरै काम गरेँ। ऊ मेरो परिवेश एवं लेखनलाई राम्ररी बुझेकी मेरी अन्यन्त नजिककी साथी हो। उसले मेरा दुई कवितासङ्ग्रह र एउटा नियात्राको अनुवादकृतिको सम्पादन गरेकी छे। यसबाट मैले अनुवाद गर्दा हुने सजिलो र अप्ठ्यारोसम्बन्धी धेरै कुरा थाहा पाएँ। भाषा, विचार, लेखनशैली, हाम्रो सोच्ने एवं बुझ्ने तरिका, हाम्रो ज्ञान उमार्ने दर्शन सबै कुरा हामीले मानिआएको संस्कृति एवं परम्पराबाट निर्देशित एवं प्रभावित हुने गर्दछन्। त्यसैले एउटा भाषाको साहित्यमा प्रयुक्त बिम्ब अर्को भाषाको साहित्यमा जाँदा ठ्याक्कै नमिल्ने पनि हुन्छ। त्यस किसिमको संस्कृति र परम्परा भएन भने कुरालाई सम्प्रेषण गर्न अन्य अनेकौँ उपाय र माध्यमको खोजी गर्नुपर्ने हुन्छ। मेरो प्रेमकवितामाथि काम गर्दै जाँदा एक ठाउँमा पुगेर डेब्रा अडिई। सोधी– "यो तिमीले के भनेको ?"

मैले कवितालाई हेरेँ। नेपालीमा मैले लेखेको थिएँ–
तिमीलाई
मेरा दुई आँखाहरूमा राखूँ भनेको।
शशि भण्डारी दाइले अनुवाद गर्दा लेख्नुभएछ –
My desire
is to hold you in my eyes

उसले यो भनाइको अर्थ नबुझेर सोधेकी थिई। भनी– "अङ्ग्रेजीमा आँखामा राख्ने भन्ने हुँदैन। यसले अर्थ बोक्तैन।" अब हामीले सल्लाह गऱ्यौँ र अन्त्यमा उपाय निकाल्यौँ।

My desire
is to hold you before my eyes

यसले ठ्याक्कै त्यही अर्थ नबोके पनि सबैभन्दा नजिकको अर्थ सम्प्रेषण गर्ने भयो।

अनुवादको काम गर्दैगर्दाको डेब्रासँगकै अर्को प्रसङ्ग। उसले मेरा प्रेमकविताहरूकै अनुवादको सम्पादन गर्दैगर्दा शशि दाइले गरेको अनुवादलाई कति ठाउँमा ठ्याक्कै नबुझेर सोधिरहन्थी। म कुनै बेला उसलाई परम्परा एवं संस्कृतिका विविध पक्षबाट लिएका बिम्बहरूको अर्थ बताउँथेँ। ऊ त्यसलाई फुटनोट बनाउँथी। यसै गरी कतिपय ठाउँमा मैले अर्थ्याइसकेपछि ऊ बुझेर हाँस्थी र अनूदित वाक्यलाई पुनर्लेखन गर्थी। कुनैकुनै कविता त सम्पादन गर्दा उसले

मूल अनुवादभन्दा झन्डै नब्बे प्रतिशतसम्म पनि फरक बनाई। कतिपय ठाउँमा शब्द परिवर्तन गरी भने धेरैजसो त वाक्यलाई अझ कसिलो र व्याकरणगत गल्तीहरूलाई सुधार गरी। यसबाट मैले के थाहा पाएँ भने अनुवाद गर्नु मात्रै पनि उपलब्धि होइन। राम्रो अनुवाद र त्यसको पनि अनुवाद भएको भाषाको साहित्यप्रति पनि रुचि भएको तथा सो भाषाको मातृभाषीले एक पटक सम्पादनचाहिँ गर्नैपर्ने रहेछ। नत्रभने सानासाना गल्तीहरू हुने रहेछन् र तिनले अनुवादको गुणस्तर एवं अनूदित साहित्यको प्रवाहलाई बिथोलिदिने रहेछन्।

सियोलमा सोगाङ विश्वविद्यालयमा अङ्ग्रेजी साहित्य धेरै वर्ष पढाएर सेवानिवृत्त बेलाइती प्राध्यापक ब्रोदर एन्थोनीसँग अनुवादसँग सम्बन्धित रहेर लामो कुराकानी गर्ने अवसर पाएँ। उनले कोरियाली कविता, सिजो, उपन्यास, आत्मकथा आदिका तीसौँ पुस्तकहरू अङ्ग्रेजीमा अनुवाद गरेका छन् र ती अमेरिका तथा कोरियाबाट प्रकाशित छन्। उनी भन्छन् – "कोरियाली भाषाबाट अङ्ग्रेजीमा अनुवाद गर्न ज्यादै कठिन छ। कतिपय शब्द तथा अर्थ त अङ्ग्रेजीमा छँदै छैनन्। कोरियाली भाषाको बुनोट र तिनले बोक्ने अर्थ विशिष्ट छ। तिनमा निहित कोरियाली सांस्कृतिक पक्ष एवं तिनले निर्माण गरेको विम्बको अनुवादै हुँदैन। तर अनुवाद नगरी पनि हुँदैन, कोरियाली साहित्यलाई संसारभरि फैलनु पनि छ।"

हो वास्तवमा। अनुवाद कार्य ज्यादै जटिल भए पनि त्यो नगरी आजको प्रतिस्पर्धात्मक विश्वमा फैलन सकिँदैन। हाम्रा नेपाली कविता र साहित्यका अन्य विधाका कृतिहरूको पनि ढिलोचाँडो अनुवाद नगरी धरै छैन। अनुवाद भएन भने अर्को संस्कृति, सभ्यता र भाषाको अघि जहिल्यै पनि लाटो, निरीह र बालक भइन्छ। अभिव्यक्त हुन नसक्नुभन्दा ठूलो पीडा अर्को होला जस्तो लाग्दैन। त्यसैले अनुवाद हुनु वा गरिनु कतिपय अवस्थामा रहर जस्तो देखिए तापनि धेरै त बाध्यता नै हो। सन् १९९९–२००० मा म स्नातकोत्तर गर्न बेलाइत गएँ। त्यहाँ फुर्सदको समयमा मैले बेलाइती साहित्यकारहरूसँग सङ्गत गर्न चाहेँ। एकदुई प्रयत्नमै केही असजिला स्थितिहरू तगारो भई उभिए। उनीहरूसँग देखाउनलाई कथा थियो, कविता थियो, उपन्यास र निबन्धहरू थिए। राम्राराम्रा साहित्यिक जर्नलहरू थिए। म पनि नेपाली कवि र निबन्धकार हुँ, हामी नेपालीहरूको पनि साहित्य छ भन्नुभन्दा बढी देखाउन मसँग केही थिएन। पछि त मलाई उनीहरूलाई भेट्न पनि लाज लागेजस्तो हुन थाल्यो। उनीहरूको समृद्ध साहित्यले थिचिँदै गएको जस्तो हुन थालेपछि मैले बेलाइती लेखकलाई भेट्ने रहरलाई नै त्यागिदिएँ र पढाइतिर फर्किएँ। फुर्सदमा बरु कविता लेखेँ, घुमेँ। पछि नेपाल फर्केपछि पनि त्यो लघुताभासले थिच्न छाडेन र मैले मेरा कविताहरूको अनुवाद गराउने प्रयास थालेँ। अर्कोपल्ट सन् २००३ मा पुनः बेलाइत जाँदा मसँग मेरा कविताहरूको अङ्ग्रेजीमा समेत अनुवाद भएको सङ्ग्रह 'समुद्र र अन्य कविताहरू' थियो। केन्टबरीमा बस्दा मैले केही बेलाइती लेखकहरूलाई भेटेँ र गर्वका साथ उनीहरूको किताबसँग आफ्नो किताब साटेँ। बेलाइती कवि तथा लेखक डा. डेबिड हर्डले मेरो त्यही किताब पढेपछि मेरो प्रेमकविताहरूको सङ्ग्रह 'इकोज अफ लभ' मा भूमिका लेखे। मैले बेलाइती कवि क्याथरिन पियरप्वाइन्टसँग पटकपटक संवाद गरेँ किनभने मेरो उक्त किताब पढेपछि मेरो रचनाप्रति उनको रुचि जाग्यो। मैले प्राध्यापक माइकल हटलाई पठाइदिएको उक्त कविताकृति उनले जर्मनीमा एक विश्वविद्यालयमा पढाइरहेका एक नेपाली प्राध्यापककहाँ पठाइदिएछन् र तिनले त्यसभित्रको एक कवितालाई जर्मनी भाषामा अनुवाद गरी प्रकाशित गरे। यसरी पहिलो पटकको बेलाइत भ्रमणमा लाटो एवं बालक जस्तो अनुभूति र भावनाहरूलाई सम्प्रेषण गर्न नसकेर उकुसमुकुसबीच खुम्चेर बसेको म दोस्रो पटकको भ्रमणमा खुलेर बोल्न, हाँस्न सक्ने भएको थिएँ।

त्यही किताबको अङ्ग्रेजी अनुवाद पढेपछि जापानी प्राध्यापक श्रीमती योसिको हिगुचीले मेरा कविताहरूलाई जापानीमा अनुवाद गरी पुस्तक निकाल्नुभयो। त्यही अङ्ग्रेजी अनुवादबाट पछि केही कविताहरू सर्बियाली भाषामा पनि अनुवाद भई गयो। यसरी अनुवादको पखेटा हाल्न थालेपछि टाढाटाढा अर्कै भाषा, अर्कै संस्कृति, भूगोल एवं सभ्यतामाझमा अनुभूति एवं भावनाहरूले सुरक्षित उड्न पाउने रहेछन्। कविताले, साहित्यले नेपाल भन्ने पनि देश छ, त्यसको पनि साहित्य छ, त्यहाँ यी यस्ता कविहरू पनि छन् भन्ने सन्देश फैलाउँदो रहेछ।

अनुवादको आवश्यकता, सार्थकता एवं प्रभावकारिता यसरी देखिन्छ। साथै, विचार गर्नुपर्ने कुराचाहिँ के पनि हो भने अनुवादमा मात्र हतार गरेर त्यसको गुणस्तर तथा लेखकको शैली, भाषा एवं उपस्थितिलाई बिर्सिदियौँ भनेचाहिँ त्यसले फाइदा होइन सत्यनाश गर्छ। यसबाहेक लक्षित पाठकसम्म पुऱ्याउन बजार प्रवर्द्धन गर्न गर्नुपर्ने चुनौती त अझै बाँकी नै छ।

□

कथा

ट्रान्सफर स्लिप*

देवेन्द्रप्रताप शाह

क्यानडाको अटवा सहर। उडरफ एभेन्युस्थित अलगोनक्विन कलेजको विशाल भवन। पाँचछवटा त प्रवेशद्वार, चारवटा चिया र हल्का नास्ता गर्ने क्यान्टिन। हजार विद्यार्थी कुनै न कुनै कोर्स गरिरहेका हुन्छन् सधैं यहाँ। समर सिजनमा अन्य शैक्षिक संस्थाहरू बन्द हुन्छन्, यो हुँदैन। नयाँ मान्छे त यो भवनमा हराउँछ— पस्छ, तर यहाँबाट निस्कन सक्दैन। यो कलेजमा नयाँ नै धेरै हुन्छन्, विभिन्न देशहरूबाट थुप्रिएका। यस भवनको भुइँतलाबाट पहिलो तलातिर उक्लने उत्तरतिरको चौडा भऱ्याङको बीचको खुट्किलोमा आसीन छु म। हातमा 'अटवा सिटिजन' दैनिक अखबार छ, जुन यहाँ सित्तैंमा मिल्छ। बाहिर दुई डलर अर्थात् नेपाली रुपियाँ दुई सय पर्छ, तर बिहान चाँडै आउनुपर्छ, नत्र सकिन्छ। अखबारको नसै बसेको छ मलाई, त्यसैले चाँडै आउँछु।

भऱ्याङको दाहिने साइडमा चियासहितको कप राखेको छु। चिया यहाँ मीठो र सस्तो दुवै छ। शैक्षिक संस्था हो, सरकारको अनुदान पनि होला। एक डलरमा दूध, चिया ब्याग, चिनी र तातो पानी पाइन्छ। चिया आफैं बनाउने हो, बिनापैसामा बारम्बार थपेर खान पाइन्छ।

चिया र अटवा सिटिजन लिएर बसेको मात्र थिएँ, सुस्ताउने र जीनालाई स्मरण गर्ने काम एकै पटक गरेँ। तीन दिनदेखि भेट भएको छैन जीनासँग, सेलफोन अफ छ। हाम्रो निवास नजिक भए पनि घरमा भेट असम्भव छ। अटवामा उसको आफ्नै टाउनहाउस छ, बुबाले किनिदिएको भन्थी। एकपल्ट व्यग्रताका साथ यही घरको ढोका ढकढक्याउन पुगेँ म। ढोका त खुल्यो, तर बिरसिलो भाकामा भनी, 'एक्ली छु, प्लिज कलेजमा भेटूँ है?'

आत्मग्लानिपूर्वक 'हुन्छ' भनेर लुरुलुरु फकिएँ, फेरि जाने हिम्मत आएन। घनिष्ठतापछि पनि यो केटीलाई बुझ्न असमर्थ भएँ म। बाहिर आत्मीय व्यवहार गर्छे, तर घरभित्र छिर्न मनाही छ भन्छे। एक्ली भएकीले नै गएको थिएँ, यही कारणले ठाडै फर्काइदिई। आज उसैले खोजिदिएको कोठामा म छु। 'नजिकै हुनु राम्रो नि' भनेकी थिई। तर खै, नजिकले के राम्रो गऱ्यो भनूँ ?

मान्छेको मन विचित्रको हुन्छ, एक पटक धेरैतिर दौडन सक्छ। अखबारलाई काखमा राखेँ, झोला पछाडि फालेँ, चियाको सुरुप लिँदै जीनाको लोभलाग्दो अनुहार, बोलीचाली, हाउभाउ सम्झिएर एक्लै दङ्ग परेँ।

यो कलेजमा 'जब ओरिएन्टेड' विभिन्न भोकेसनल कोर्सका साथै अङ्ग्रेजी भाषाको पढाइ पनि हुन्छ। अमेरिकामा कलेज, युनिभर्सिटी र स्कुल शब्दहरूको अर्थ एउटै हुन्छ। तर यहाँ क्यानडामा कलेज र युनिभर्सिटीको अर्थमा आधारभूत फरक छ। एकेडेमिक पढाइ युनिभर्सिटीमा हुन्छ, भोकेसनल पढाइ कलेजमा। माइग्रेट भएर आउनेहरू आफ्नो देशको डिग्रीलाई अपडेट गर्न पनि यही कलेज धाउँछन्।

हामी दुवैको अङ्ग्रेजी भाषा सिक्ने लक्ष्य छ, दिनको दुई घन्टा क्लासमा बिताइन्छ, बिदाको दिनबाहेक सधैँ। एक तहको अङ्ग्रेजी त हाम्रो छ, तर कुइरेको यो देशमा पुग्दैन। अङ्ग्रेजीमा सुधार नगरे क्यानडाको बसाइ पीडादायक हुन्छ। हुन त फ्रेन्च भाषा सिके पनि हुन्छ, आखिर क्यानडा द्वैभाषिक देश हो, तर हामी जस्तालाई त्यो झन् गारो छ।

युनिभसिर्टी अफ अटवामा जीना डिग्री कोर्स पनि गर्दै छे। म काम गर्दै छु, 'वेस्ट वाइ' इलेक्ट्रोनिक सुपर स्टोरमा। पैसा छैन मसँग, ऊसँग छ। म दक्षिण एसिया नेपालको हुँ, ऊ पश्चिम एसिया अर्थात् मध्यपूर्व सिरियाकी। म सामान्य नागरिक, ऊ सिरियाकी एलिट। म १० वर्षे जनयुद्धग्रस्त

(*ट्रान्सफर स्लिप : अटवामा एउटै टिकटले डेढ घन्टासम्म बसमा भ्रमण गर्न पाइन्छ, बीचमा बस परिवर्तन गरे पनि नयाँ टिकट लिन पर्दैन। पहिलो पटकको टिकट ड्राइभरलाई दिएपछि उसले यात्रीलाई ट्रान्सफर स्लिप दिन्छ, यही स्लिप देखाएर अर्को बस चढ्ने हो। ड्राइभरले दिएको स्लिपमा कम्प्युटरले डेढ घन्टापछिको समय उल्लेख गर्छ, त्यसभित्र उपयोग नभए स्लिपको उपादेयता सकिन्छ।)

देशबाट, ऊ एक शताब्दीमा दसवटा युद्धमा फसेको ध्वस्त देशबाट। विगत शताब्दीमा सिरियाले करिब ४० वर्ष युद्धमा र बाँकी युद्धको त्रासमा बितायो। मेरो देशमा दुई वर्ष सङ्कटकाल रह्यो, जीनाको देशले ४८ वर्ष लामो सङ्कटकाल भोग्यो। हामीले एक पटक हारेर सुगौली सन्धि गर्‍यौँ, सिरियाले त्यस्ता हारको शृङ्खलै बेहोर्‍यो। शिर झुक्यो सिरियाको १९६७ मा, जब इजरायलले गोलनहाइट क्षेत्र जित्यो र कब्जामा लियो। सबैको विरोधको बाबजुद पनि इजरायलले १९८१ मा आफ्नै देशमा विलय गर्‍यो गोलनहाइटलाई। राष्ट्रसङ्घ मूकदर्शक बन्यो। यस्तो लाग्छ, इतिहासको कुनै कालखण्डमा सबै देशले यस्ता पीडा भोगेकै हुँदा रहेछन्, तर सिरियाको जस्तो लामो र चर्को पीडा नेपालको कदापि छैन। सधैँ खाने चीजहरू महिनौँलाई रिजर्भ गरेर बस्नुपर्छ सिरियालीहरूले। कुन बेला युद्ध मच्चिन्छ, थाहै हुँदैन।

म क्यानडामा पिआर भिसामा छु। ऊ स्टडी पर्मिट भिसामा छे, पिआर बन्न चाहन्छे। बुबासँग पैसा छ, पाउँछे होली। प्लम्बरको कामै नजानी त्यसैको कोटामा पिआर लिन सफल भएँ म, झुक्क्याउन हामीलाई कसले भेटोस्। पुतलीसडकको कन्सल्ट्यान्सी फर्मले गर्‍यो काम, कताकता केके मिलायो, मलाई थाहा छैन। बिबिए छ मेरो, जीनाको पनि रहेछ। जीना मभन्दा पहिले क्यानडा आएकी थिई। भाषा सिक्ने क्लासमा चाहिँ साथै छौँ। दुई हप्ता त एकअर्कालाई देख्यौँ मात्र, तर बसको एक घटनाले हामीलाई नजिक तुल्यायो।

दुवै एक दिन एउटै बसमा परेछौँ। परको सिटमा थिई ऊ। अजनबी त थिएनौँ, तर एकआपसमा बोल्न कठिन लाग्दै थियो। एक्कासि विशेष पहिरनमा तीन जना अधबैँसे स्वास्नीमानिसहरू आइरिस स्टपमा रोकिएको हाम्रो बसभित्र छिरे। एक प्रकारको तनाव पूरै बसमा फैलियो। मैले बुझिनँ, के भएको हो ? जीनाको मुखाकृति एकाएक बदलियो, डरको छाया देखियो। भयले आक्रान्त ऊ म भएतिर सरी, केही बोलिन। यात्रुले बिनाटिकट बस चढेका छन् कि भनेर ती महिलाहरू चेक गर्दै रहेछन्।

जीनाले ड्राइभरलाई टिकट दिएकी रहिनछ, पछाडिको ढोकाबाट बस चढिछ। त्यसैले ऊसँग ट्रान्सफर स्लिप रहेनछ। यसअघिको बसमा मसँग एक अर्का मित्र थिए, मलाई यो कनेक्टिङ बसमा चढाएर उनी आफ्नो निवासतिर लागे, उनको ट्रान्सफर स्लिप पनि मसँगै थियो। टिकट चेकर ती महिलाहरूलाई दुईवटै स्लिप देखाइदिएँ। सँगै भ्रमण गरिरहेको ठानेर उनीहरूले जीनासँग स्लिप मागेनन्। दुई डलर जोगाउन खोज्दा धन्नै दुई सय डलर जरिमानामा परेकी थिई जीना।

यो घटना एउटा संयोगबाहेक केही पनि थिएन, तर हाम्राबीच गहिरो सम्बन्ध स्थापित गर्ने कडी नै भइदियो। उसले 'थ्याङ्क्स' भनी। मैले उसको अनुहार पढ्ने मौका पाएँ जसमा स्पष्ट कृतज्ञताको भाव थियो, सौन्दर्य र अबोधपन त यसअघिदेखि नै विद्यमान थिए। नेपालीभन्दा गोरा छन् यिनीहरू, तर पश्चिमा जस्ता छैनन्। नेपालीले देख्ने सौन्दर्य छालाको रङमा गएर अड्छ। वास्तवमा उम्दा सौन्दर्य छालाको रङमा हैन, मान्छेको मनमा हुन्छ। जीउडाल र पहिरनले बाह्य सौन्दर्य थप्छ मात्र। उसको कृतज्ञता भाव पनि सौन्दर्यकै भाग लाग्यो मलाई।

बसमै सोधी, 'तिमी एसियन हो?'

म झस्किएँ। पछि थाहा भयो, ऊ पनि एसियनै रहिछ। टिकट चेकरहरू बसभित्र छिर्नुअघि ऊ निमग्न कुनै म्यागजिन पढिरहेकी थिई। 'क्यानेडियन डाइमेन्सन' मासिक रहेछ। अहिले पनि हातमै थियो।

मैले म्यागजिनलाई देखाउँदै सोधेँ, 'यसमा विशेष केही छ ?'

'एउटा लेखका कारण यो लिएँ लाइब्रेरीबाट, खोजेकै जस्तो लेख रहेछ।' उसले खुसी हुँदै उत्तर दिई।

'कस्तो लेख ?' जिज्ञासा प्रकट गरेँ।

'यसमा केमिकल हतियारको उपयोगले गर्ने विनाशको चर्चा छ।' उसले सहज उत्तर दिई।

अचम्म लाग्यो, केमिकल हतियारमा किन उसलाई चाख भएछ ? मलाई त्यस दिनसम्म ऊ सिरियाकी भन्ने ज्ञान थिएन। सिरिया कु र षड्यन्त्र चलिराख्ने, युद्धैयुद्ध भइराख्ने, दशकौँसम्म सङ्कटकाल लागिराख्ने देश हो। अहिले पनि त्यहाँ भीषण गृहयुद्ध मच्चिरहेको छ। उसले थपी, 'विद्रोहीहरूलाई समाप्त गर्न असादले केमिकल हतियारद्वारा आक्रमण गर्ने सम्भावना बढेको छ। आफ्नै देशका नागरिक मार्न ती हतियारहरूको उपयोग हुने हल्ला छ। सिरियन विद्रोही प्रमुख अहमद अल जर्वाले टाइम्स म्यागजिनमा यसो भनेका रहेछन्। यसलाई लिएर अमेरिकाको ह्वाइट हाउस र क्यापिटल हिलमा खैलाबैला छ।'

केमिकल हतियार र अरू हतियारको फरक मलाई थाहा थिएन। सोधेँ, 'यी हतियारहरू निकै घातक र डरलाग्दा हुन्छन् क्यार, हैन?'

'त्यो पनि यसै लेखमा छ,' म्यागजिन देखाउँदै उसले

भनी, 'यी सबैभन्दा अमानवीय हतियार हुन्। यिनीहरूले मानिसलाई दर्दनाक मृत्यु गराउँछन्। भयानक र मर्माहतपूर्ण। यी हतियारहरूले कसैलाई बाँकी राख्दैनन् अर्थात् आक्रमित क्षेत्रका कोही बाँच्दैनन्, लक्षित आक्रमण सम्भव छैन। कति निर्दयी !' ऊ एकछिन रोकिई, फेरि थाली, 'सरिन भन्ने केमिकल हतियारले त मान्छेको शरीरको पूरै भागको नर्भ सिस्टमलाई कामै नलाग्ने बनाइदिन्छ। आक्रमितका आँखाले देख्न छाड्छ, नाकबाट पानी बगिरहन्छ, यिनको निरन्तरताले रोगी निसासिएर सास फेर्न नसक्ने अवस्थामा पुग्छ। रोगी नजिकै बस्ने वा उसको स्याहारसुसार गर्ने पनि रोगबाट प्रभावित हुन सक्छ, प्रभावित मान्छेको लुगाबाट समेत यो सर्छ।'

दुवैले मान्यौँ— संसार केमिकल हतियारसँग यसै डराएको हैन, अमेरिका यसको उपयोगको विपक्षमा यसै उभिएको हैन। तर म ऊ जति गम्भीर थिइनँ, हल्का रूपमा लिँदै भनेँ, 'जे भए पनि क्यानडामा यसको आक्रमणको सम्भावना छैन, हैन? हामी सुरक्षित छौँ।' ऊ बोलिन, हाँसिन, के ठानी कुन्नि। बसस्टप आइपुग्यो, दुवै ओलियौँ र भोलि क्लासमा भेट्ने कबुल गर्दै आआफ्नो निवासतिर लाग्यौँ।

मध्यपूर्वकी मुसलमानकी छोरी जीना, दुई वर्षदेखि यहाँ असीमित स्वतन्त्रता उपभोग गर्दै छे। पूरै पश्चिमी सभ्यतामा हुर्केकी लाग्छे। सिरियामा यस्तो कल्पनै हुँदैन। संसारका विभिन्न भागबाट आएका कति मुस्लिम महिलाहरू यहाँ छन् जो वर्षौंसम्म पनि बुर्कैमा हिँड्छन्। टाउको, निधार र कान छोपेर हिँड्ने त कति छन् कति। तर जीना अपवाद भई ।

बसको घटनापछिको भोलिपल्ट यहीँ म अहिले बसिरहेको भन्याङमै देखभेट भयो। त्यसपछि क्लासमा जानुअघि सधैँ यहीँ भेट्न थाल्यौँ। बिदाको दिनबाहेक यो हाम्रो दिनचर्याको भाग भयो। एवम् रीतले त्यो दिन र आजका बीचको अवधिमा थाहै नपाई सम्बन्धको यस्तो बिन्दुमा पुग्यौँ कि हामीले सँगै नगरेको काम र कुरा धेरै बाँकी भएनन्। मैले ऊ र सिरियालाई चिनेँ, उसले म र नेपाललाई।

मध्यपूर्वको एक प्रमुख देशकी यी केटीले अस्ति भनी, 'सिरिया अरू मुस्लिम देश जस्तो कट्टर छैन, सेकुलर देश हो ।'

सोधेँ, 'सेकुलर रे, हो र ?' मलाई थाहा थिएन।

'त्यही त तिमीहरू बुझ्दैनौ नि, मुसलमान सबै एकै हुँदैनन् ।'

'तर मलेसिया र इन्डोनेसिया जस्तो पनि हैन होला, आखिर मध्यपूर्व त हो सिरिया।' मैले भनेँ।

'सिरियामा केटाले नन् मुस्लिम केटी बिहे गर्न पाउँछ, तर केटीले नन् मुस्लिम केटासँग बिहे गर्न पाउँदिन, चलन र कानुन दुवै हो यो। स्वस्नीमानिसहरूप्रति पूर्वाग्रह चाहिँ छ।' जीनाले उदास भावमा भनी।

अनौठो लाग्यो, तर ठट्टा गर्दै सोधेँ, 'बिहे गर्न नपाइए पनि किस गर्न त पाइएला नि?'

'धत, छुन पनि हुन्न,' उसले मुख बिगार्दै जबाफ दिई। मेरो हिन्दू मनमा परेको असर सायद उसले बुझी। साखुल्ले हुन अचानक टाँसिन आइपुगी, आफ्नो ओठले मेरो ओठ स्पर्श गरी र थचक्क बसी।

सोधेँ, 'यो खुला ठाउँमा तिमी यसो गर्न पाउँछौ? के गरेको ?'

'क्यानडामा पाउँछु, सिरियामा पाउँदिनँ, नेपालको थाहा छैन।' उसले निर्धक्क भनी।

'त्यसो भए सिरिया नै जाऊ, यसरी मात्तिएर नबस,' मैले आदेश दिएँ।

'अब जाउँला सिरिया, तिमी यही विश्वासमा बस। तिमीलाई थाहा छैन, म कुन अवस्थामा यहाँ आएँ, अब जाने कुरै छैन, बरु उसैलाई यहाँ झिकाउँछु।' उसले रहस्यको कुरा गरी।

'कसलाई?' कुतूहलता जाग्यो।

'करम, ब्वाइ फ्रेन्ड, जोसँग जीवन बिताउने सोच छ,' उसले हाँस्दै आफ्नो अभीप्सा बताई, 'तिमी त करम नआउन्जेलसम्मको लागि मात्र हौ।' अचानक रहस्य खोली, साथै हदैसम्म जिस्किई पनि। कति असौम्य तरिका अपनाई उसले। यो थाहा नभएकै ठीक थियो। तर अपसमर्पणबाहेक मसँग अब के विकल्प थियो र? थाहा भयो, 'प्रेम' होइन, आत्मीयता मात्र रहेछ हामीमा, अझ इलिमिली मात्र भने हुन्छ। झल्याँस्स भएँ। ठानेँ, उत्सर्ग गर्नैपर्ने भयो मैले। आफूलाई परेको भित्री यो चोट उसलाई थाहा दिन मनै लागेन। छातीमाथि ढुङ्गा राख्दै हाँसे।

ऊ आई। कालो ट्राउजर, कालै टिसर्ट र रातो स्कार्फ बाँधेकी, आकर्षक देखिन्थी, तर अनुहार चाहिँ किन उडेको? रोएर थाकेकी जस्ती। के भएछ जीनालाई? दिक्क भएँ। ऊ सटासट आई, झोला फाली र उच्छ्वास लिँदै मैसँग कुम जोडेर बसी। एकअर्कालाई हेर्यौँ, तर हाँसेनौँ। उत्सुकतावश सोधेँ मैले, 'के भयो?'

जीना बोलिन। दोस्रो पटक सोधेपछि आवाज निस्कियो मन्द गतिमा, 'सबै थोक भयो।' रुन्चे स्वर थियो।

खङ्ग्रङ्गै भएँ, दुवै चुप भयौँ एकछिन।

'चिया ल्याऊँ ?' मैले सोधेँ। थाहा थियो, उसलाई चिया नभई हुँदैन। भन्याङ ओर्लें। ऊ त्यहीँ बसिरही।

चिया बनाउँदाको छोटो समयमा पनि सोचिरहेँ, आज जीनालाई के भयो? चिया लिएर फर्कंदा ऊ भन्याङमा थिइन। कता गई ? यताउति हेरेँ, देखिनँ। वासरुम गएकी ठानेर त्यही भन्याङको त्यही खुड्किलोमा थचक्क बसेँ।

एक पटक यसरी नै एउटा रेस्टुराँको भीडबाट जीना हराएकी थिई, कतै देखिइन। पत्रिका लिन धेरै परै पुगिछ। पत्रिकामा उसले सिरियाको समाचार देखाई। समाचारको हेडिङ थियो, 'सिरियाको गृहयुद्धमा लाखको मृत्यु।' उसले विस्तारका साथ भनी, 'वसिर असादको त्यही सरकारलाई संसारले साथ दिइरहेछ। खास गरेर रसिया, इरान र अन्य कतिपय देशहरूले त हतियार दिइरहेछन् असादलाई। ऊ बदमास छ, सन् १९७१ देखि उसकै परिवारले शासन गरिरहेको छ हाम्रो देशमा, यो अल्पमत अल्विट्सको सरकार हो। कुल जनताको ११५ मात्र अल्विट्स मुस्लिम छ देशमा, जब कि ७४.५ सुन्नी मुस्लिम छन्, तिनीहरू सुरुदेखि नै शासित छन्। हालैको विद्रोहको कारण यो पनि हो। मेडिकल डक्टर हो असाद, मान्छे बचाउनुपर्नेमा, मार्छ।'

क्लस्टर बम, स्कड मिसाइल र सुइसाइड बम कहिले कहाँ पड्कन्छ थाहा हुँदैन सिरियामा। अमेरिका सुपर पावर भएर पनि बोल्छ मात्र, भाषणमा मानव अधिकारको कुरा गर्छ, व्यवहारमा केही पनि गर्दैन। मूल विद्रोही मुस्लिम ब्रदरहुड कट्टरपन्थी संस्था हो। असादलाई फाल्दा शासनमा यही कट्टरपन्थीको नेतृत्व पुग्ला भन्ने डर छ अमेरिकालाई।'

मैले सोधेँ, 'एक लाख?'

'हो, बीस लाख सिरियाली छिमेकी देशहरू टर्की, लेबनान, इराक, जोर्डन, र इजरायलमा शरणार्थी छन्। टर्कीमा धेरै छन्। दुई करोडभन्दा बढी जनसङ्ख्याको देश हो हाम्रो, पैँसट्ठी लाखले घरबार छाडेका छन्, कोही विदेशमा, कोही अर्कै सुरक्षित गाउँमा।' उसले मुख बिगार्दै भयावह स्थिति बताई।

'भयानक गृहयुद्ध रहेछ, ओहो ! तिमी भाग्यले यहाँ आइपुगेछौ? नत्र...।' मैले आश्चर्य प्रकट गरेँ।

'बुबाले पठाएर यहाँ आएकी, आफ्नो इच्छा पनि हो। युनिभसिर्टी अफ अटवाले एडमिसन दिइहाल्यो। पूरा फी तिरेपछि त गाह्रो रहेनछ भिसा र एडमिसन पाउन। अरू पनि आएका छन्। बुबाले भन्नुभएको छ— अब तिमी नफर्कनू।'

'किन नि ?'

'मर्ने डरले। एउटै छोरी हुँ, अरू छैन बुबाको सन्तान।' उसले स्पष्टीकरण दिई।

'तिम्रो बुबासँग धेरै पैसा होला, हैन ?' मैले अनायासै सोधेँ।

'थाहा छैन, तर के गर्ने पैसाले? बाउछोरी सँगै त बस्न पाएनौँ। बमहरू पड्किरहेका हुन्छन् हाम्रो देशका सहर र गाउँमा। रणभूमि हो सिरिया। त्रासमय जीवन कति बाँच्ने ? सरकार र विद्रोहीहरूको देशको बराबर हिस्सा कब्जामा छ। दमास्कस विद्रोहीले कब्जा गर्न नपाऊन् भन्ने मात्र असादको ध्येय छ। दुवै पक्ष आफूले जितेको दाबी गर्छन्, जनता भने हारेका छन्। हवाई आक्रमण खतरनाक हुन्छ, जो पनि मर्न सक्छ, केमिकल आक्रमणको त कुरै भएन, सबै मर्छन्। बुबा रक्षा मन्त्रालयमा सिनियर अधिकृत हुनुहुन्छ। युद्धमा उहाँ पनि मारिन सक्नुहुन्छ किनकि उहाँलाई धेरै फिल्ड गइरहनुपर्छ। सोझो र निश्छल हुनुहुन्छ, नाइँ भन्न सक्नुहुन्न। बुबालाई केही भयो भने मैले के गर्ने? रक्षा मन्त्रालयका सबै कर्मचारीहरू विद्रोहीको हिट लिस्टमा छन्, यही सुनेको छु।' यति भनेर उसले पिलपिल गर्दै आँसु खसाली दुवै आँखाबाट।

जीना आफैँ विद्रोहीहरूको अपहरण प्रयासबाट बालबाल बचेकी रहिछ। दमास्कस सहरबाट अलिकति पर घाउटाको इविर्न भन्ने ठाउँमा करमलाई भेट्न हिँडेकी थिई ऊ, बुबालाई थाहै नदिई। आइएनजीओमा काम गर्ने करमकी बहिनी बेपत्ता भएकी थिई। सरकारी सैनिकहरूको एक जत्थाले विद्रोहीतिर लागेको आरोपमा उसलाई पक्डेको थियो, बलात्कृत भएपछि ऊ भागेकी थिई, तर घर गइन ऊ। शङ्का र हल्ला आयो, उसले आत्महत्या गरी। बहिनीको यो घटनापछि करम विक्षिप्त जस्तै भयो। त्यसैले जीनाले करमलाई नभेटी नहुने थियो। रमादनको बेला, बिहानैदेखि भोकै जीना साँझको इफ्तारका लागि घरतिर फकिर्रहेकी थिई। उज्यालैमा दुई जना विद्रोहीले उसलाई बन्दुक देखाएर आफूले भनेको बाटोतिर हिँड्न आदेश दिए। त्यो विभीषक वातावरणमा सहयोगका लागि जीनाले बटुवाहरूतिर हेरी, तर उनीहरूले जीनालाई हेरेनन्। संयोगले त्यही बेला अर्को साइडबाट सरकारी आर्मीको ट्रक देखा पऱ्यो र। ती दुई कता भागे थाहा भएन, ऊचाहिँ त्यही ट्रकमा बसेर दमास्कस पुगी।

आर्मीले रक्षा मन्त्रालयको उच्च अफिसरकी छोरीलाई यसरी बचाए। साधारण जनताकी छोरी भए अपहरणमा पर्थी, सबैले मिलेर रेप गर्थे, प्रायशः आर्मी त उस्तै हुन्।

'त्यही बेला मर्ने थिएँ,' जीनाले भनी, 'त्यो घटना सम्झिएँ अहिले पनि थर्र हुन्छु।'

अचानक आएको यो परिस्थितिपछि जीनाको बुबालाई

निद्रा परेन, छोरीलाई क्यानडा पठाएरै छाडे। बुबालाई करम पटक्कै मन परेको थिएन, पढाइ पनि कम थियो उसको। बेलाबेलामा करम पनि निरास हुँदै उसलाई भन्थ्यो, 'बिहे गरेर ल्याएपछि तिमीलाई राख्ने घरै छैन मसँग।' यसो भन्दा जीनालाई करमको झन् माया लाग्थ्यो, के गर्ने होला भनेर दिमागमा कुरा खेल्थ्यो। बुबा सधैँ हैसियत नमिलेको कुरा गर्नुहुन्थ्यो। कुर्द भएर पनि होला, जीना सुन्नी थिई।

ऊ अहिले सरकारको भन्दा विद्रोहीहरूको प्रवक्ता जस्ती भएकी छ। बुबालाई जागिर छाडेर क्यानडै आउने सल्लाह दिई। फोनमा बुबालाई भनी, 'यहाँ समाचारमा धेरै कुरा आइरहेका छन्, ब्रिगेडियर जनरल मुस्तफा शेख नै विद्रोहीतिर गइसके, नाम नखोलिएका अन्य सात आर्मी अधिकृतहरू पनि ऊसँगै गए, यही लेखिएको छ बुबा अखबारमा। हजुर मात्र किन ?' फोनमा छोरीले यस्तो कुरा गरेकीमा बुबाले जीनालाई बेसरी हप्काए।

'नचाहिने कुरा नगर्, मलाई देशद्रोही हुन नसिका !' बुबाले कडा स्वरमा भने, 'अब जति बाँच्नेछु, सिरियामै बाँच्नेछु, यही सरकारसँग। नुनको सोझो गर्छु।'

ऊ अवाक् भई।

बुबा फेरि नरम भएर बोले, 'पूरा आयु यसै पनि बाँच्न पाउँदिनँ। तँ आफ्नो पढाइमा ध्यान दे, अहिले, धेरै सोच्न पर्दैन।' बुबाले यसो भन्दा ऊ रोई।

'बुबाको खुब माया लाग्छ,' मसँग भनी। तर बुबाको रखैल छ भन्ने सम्झेपछि उसको रुवाइ बन्द हुन्छ रे।

जीनाले बुबाको रखैललाई देख्न पाएकी छैन।

एक दिनको स्थानीय समाचारपत्र 'सिरिया डेली' ले सरकारी हतियार विद्रोहीलाई लुकाएर बेच्ने एक जनरललाई उसको बुबाले सहयोग गरेको समाचार प्रकाशित गऱ्यो। यही सिलसिलामा घरमा एक साँझ एक आधुनिक अधबैंसे महिला बुबालाई भेट्न आई, जसको नाम पछि थाहा पाई— वौथेना शावान। यिनी पश्चिममा शिक्षित इन्टरप्रेटर थिइन्।

जीनाले भनी, 'रखैल यिनै होलिन् भन्ने ठानेर बुबा र यिनको बीचको कुरा सुन्न खोजेँ कान थापेर। अकरणीय के गर्लान् यी दुईले भन्ने लाग्यो।' तर ढोकाको सानो प्वालबाट उसले अर्कै दृश्य देखी, बुबा ती महिलासँग रोईकराई पो गरिहेका थिए। महिला गम्भीर मुद्रामा बुबाको कुरा सुनिरहेकी थिई। आफूलाई सरकारले शङ्का गरेकोमा खिन्नता प्रकट गर्दै बुबा यिनीसँग बचाइदिन अनुरोध गर्दै थिए।

'ती महिलाको हैसियत मैले पछि थाहा पाएँ,' जीनाले भनी, 'राष्ट्रपतिका विश्वासपात्र। ऊ त पश्चिमी देशहरूमा राष्ट्रपति असादको छवि सुधार्नका लागि काम गर्दी रहिछ। पक्कै पनि असादले तिनलाई धेरै पैसा दिएका होलान्।'

जीनाले आरोपका बारेमा बुबासँग सोधेकी थिई, बुबाले त्यो उसको काम नभएकोले चुप लाग्न भने। यसअघि ऊ वौथेनासँग पनि बोल्न खोजेकी थिई, तर जीनाको हेराइमा मन्द मुस्कान दिँदै फटाफट तीव्र गतिमा हिँडी र गाडी चढेर अदृश्य भई वौथेना। जीनाले केही सोध्नै भ्याइन। यसपछि र अघि वौथेनालाई उसले देखिन।

ऊ बुबालाई सधैँ इमानदार राष्ट्रसेवक मान्थी र अझै मान्छे। सरकारले बुबालाई विश्वास गरेकोमा दङ्ग थिई, तर पछिल्लो समयमा शङ्का गरेकोमा भने उसलाई पीडा भयो। यस घटनाबाट आफ्नो बुबाप्रति उसलाई सहानुभूति पैदा भयो, बुबाका विरुद्धमा षड्यन्त्र भएको ठानी भने असादप्रति घृणा जाग्यो।

तर त्यो आइमाईसँग बुबाले रोइकराई गरेको उसलाई पटक्कै मन परेन, असह्य भयो। बुबाको पीडा उसलाई खप्न गारो पऱ्यो अनि निर्णय गरी, 'अब सिरियामा बस्दिनँ।' तर उसको चिन्ता थियो, करम। करमलाई देशबाहिर कसरी लाने? करम जीनाको बुबा जस्तो धनी थिएन, यो नै समस्या थियो।

जीनालाई अर्को पीर पनि थपिएको छ अहिले। देशमा चलिरहेको गृहयुद्धले डलरको भाउ बढेको बढ्यै छ। दुई वर्षअघि एक डलरबराबर ५० पाउन्ड थियो, अहिले २०० पुगिसक्यो। सिरियाको मुद्रा ४०० प्रतिशतले डिप्रिसियट भएको छ यो अवधिमा। उसले केही दिनअघि भनी, 'बुबाले फोनमा भन्नुभो, 'राम्ररी खर्च गर्नू, अब पैसा पठाउन गारो छ छोरी।' बुबाले यसो भन्दा उसलाई आफ्नो भन्दा करमको चिन्ता भयो, करम आउने सम्भावना घट्दै गएकोमा जीना आत्तिएकी छे।

म भऱ्याङमै थिएँ, ऊ फकिई। कहाँ गएकी थिई, भनिन। मैले पनि सोधिनँ। चिया लिई र एकछिन चुप लागी। एक घुट्को चिया निली। अनि सन्तप्त स्वरमा बोली, 'अगस्ट २१ को दिन असादले विद्रोहीका विरुद्ध रासायिनिक हतियारले आक्रमण गरेछन्। धेरै मान्छे मरे, करिब १,४०० । इविर्न क्षेत्रमा पनि धेरै मान्छेहरू मरेका छन्, तिमीलाई थाहा छ, करम इविर्नकै थियो। आखिर मलाई जे डर थियो त्यही भयो, राम। अब के गर्ने? कम्युनिकेसन, नेट, टेलिफोन केही छैन। बुबासँग एक मिनेट मात्र कुरा गर्न पाएँ, भन्नुभो— यहाँ दमास्कसमा सबै ठीक छ, अन्त बेहाल छ, तिमीले सम्पर्क गरिरहन पर्दैन, मै गर्छु। बुबासँग करमको कुरा सोध्नै सकिनँ मैले।'

म आफैँ विस्मित भएँ उसको कुराले। केमिकल हतियारका बारेमा उसले बसमा गरेकी व्याख्या सम्झिएँ। आफैँलाई रुन मन लागिसक्यो, उसलाई कसरी सम्झाउने? तैपनि भनेँ, 'तिम्रा सिरियन साथीहरू छन् यहाँ, सम्पर्क गर न, बरु जाऊँ त्यतै, हिँड।'

'कहाँ जाने ? मैले सोधिसकेँ, कसैलाई केही थाहा छैन, उनीहरू मैसँग सोध्छन्।' ऊ विलाप गर्दै थिई, अब उदात्त डाँको सुनियो। मान्छेहरू उसको यो आक्रन्दन सुन्दै र पुलुक्क हेर्दै करिडरमा हिँड्न थाले। म पो फसादमा परेँ।

'नरोऊ जीना, अहिले के भएको छ र ?' मेरो मुखबाट अनायासै निस्क्यो।

'करमलाई के भयो होला, भन त राम ?'

मैले के भन्ने ? निश्शब्द भएँ, उसको प्रश्नको जबाफ कसरी दिने?

'सबै ठीकै होला, करम पनि ठीकै होला। अहिले यसरी नै सोच्नुपर्छ, सम्पर्कको प्रयास गरिरहनु पर्छ,' आश्वासन दिएँ मैले।

आँखाबाट बलिन्द्र धारा चुहाउँदै उसले मलाई हेरी र घोप्टिई। फेरि अलगोनक्विन कलेजको भऱ्याङमा बसेर रोएको रोयै गरी— घुँक्कघुँक्क।

□

कथा

बदलिएको लक्ष्मण

गोपाल अश्क

रात पर्न लागेको थियो। जाडोको मौसम, चिसोको प्रकोप बढ्न थालेको थियो। कृष्णको मन अधीर भएको थियो। हिजोसम्म विदेश जानका लागि हुरुक्क भएको भए पनि आज जब विदेश जाने कुरो पक्का भयो,ऊ विचलित भइरहेको थियो। उसको मनमा विभिन्न प्रकारका विचारहरू उत्पन्न हुन थालेका थिए। बूढो भइसकेका आमाबुबा र बेरोजगार भाइ तथा घरमा यसै बसेकी विवाहयोग्य बहिनीको चिन्ता सताउन थालेको थियो। उसको बिहे भएको पनि धेरै दिन भइसकेको थिएन। दुई वर्ष मात्र भएको थियो। पत्नीसँग बसेको त अझ एक वर्ष मात्र भएको थियो। पत्नीसँग बस्ने रहर मेटिएको थिएन, तृष्णाहरू त्यस्तै जीवितै थिए। तर आर्थिक विपन्नता र सुन्दर एवं समृद्ध भविष्यको कल्पनाले विदेश जान बाध्य भएको थियो। बडो मुस्किलले एक जना विदेशमा एक वर्ष काम गरी फर्केका र फेरि जान थालेका गाउँले राम खेलावनको प्रयासबाट ऊ विदेश गइरहेको थियो। गाउँमा रहेको खेत हीरामन साहूकहाँ बन्धकी राखेर रुपियाँ पैसाको जोहो गर्न सकेको थियो। विदेश जाने उसको पनि इच्छा थिएन, विवशता थियो। रोजगारको अवसर नपाएकोले रन्थनिएर बिदेसिने बाध्य भएको थियो। त्यो रात उसकी पत्नी राधिका केही पनि बोल्न सकेकी थिइन। पतिवियोगको कल्पनाले नै व्यथित हुन पुगेकी थिइन्। खाली आफ्नो पतिलाई एकसुरले हेरिरहेकी थिइन्। ऊ पनि आफ्नी पत्नीलाई त्यसै गरी हेरिरहेको थियो। एकछिनपछि ऊ र उसकी पत्नी आमाबुबाको कोठामा गए। उसको आमाबुबा पनि चिन्तितै देखिए। सुत्न सकेका थिएनन्। अरू बेला, आठ बजे नै सुतिसक्ने ती बूढाबूढी त्यो दिन राति दस बजेसम्म पनि निदाउन सकेका थिएनन्। छोरी ललमुनिया पनि आमाबुबानिरै बसेकी थिई। भाइ लक्ष्मणचाहिँ आफ्नो कोठामा थियो। कृष्ण र उसकी पत्नी राधिका त्यहाँ आएर चुपचाप बसे। सबैले एकअर्कालाई हेरे। वृद्ध बुबाले भने, 'अब के भन्ने र के सुन्ने बाबू। भन्नु वा सुन्नुको कुनै औचित्य रहेन। तिमीले मेरो कुरै सुनेनौ। खेत बन्धकी राखी कर्जा लियौ र अब विदेश जान थालेका छौ। जुन काम त्यहाँ गर्छौ, त्यो काम यहाँ पनि त गर्न सकिन्थ्यो। म अब बूढो भइसकेँ। तिम्री आमा पनि बिरामी रहन्छे। भाइ त्यस्तै हो , बेरोजगार अल्लारे भई बेमतलबको घुमिरहन्छ। बहिनी पनि त्यसै घरमा बसिरहन्छे। अब उसको बिहेको चिन्ता खाइरहन्छ। एउटा तिम्रो सहारा हो, तिमी मेरो जेठो सन्तान, मपछिको घरको मूली तिमी नै। मलाई दागबत्ती दिने ... अब तिमी ... ...।' कृष्णले आँखाभरि आँसु लिएरै भन्यो, 'त्यसैले, त्यसैले त म बाहिर गइरहेको छु बा। त्यहाँ रुपियाँ पैसा कमाएर फर्कुला। अनि हाम्रो गरिबी पनि रहँदैन। बहिनीको बिहे हुन्छ, भाइले कुनै न कुनै बाटो समात्छ।' कृष्णको कुरा सुनेर आमाचाहिँ रुँदै बोलिन्, 'कहिले आउँछौ बाबू ? छिट्टै आउनू।' आमालाई सम्झाउँदै कृष्णले भन्यो, 'हुन्छ आमा, छिट्टै आउँछु। हजुरले आफ्नो हेरचाह गर्नुहोला। धेरै कामधाम नगर्नुहोला। कुनै कुरा भए यी राधिकालाई भन्नुहोला।' बहिनीतिर हेर्दै भन्यो, 'हेर नानी, मेरो अनुपस्थितिमा आमाबुबालाई धेरै दुख नदिनू। भाउजूसित मिलेर बस्नू।' यत्तिकैमा उसको भाइ लक्ष्मण पनि त्यहाँ आइपुग्यो। दाइतिर हेर्दै भन्यो,' कति चिन्ता गर्नुभएको दाइ, चिन्तासिन्ता नगर्नुस्, म छँदै छु। हेरविचार गरुँला। बरु उता गइसकेपछि मलाई पनि तान्नुहोला नि। त्यसपछि दुवै दाइभाइ मिली मनग्गै रुपियाँ कमाऔँला, छिट्टै घर फर्कौँला।' भाइको कुरा सुनेर कृष्ण अलिक झर्केर बोल्यो, 'भैगो, जानु पर्दैन कतै। तिमी यहीँ गाउँमा बसेर आमाबुबा, भाउजू र बहिनीको रेखदेख गर। घरमा पनि त कोही चाहियो। बरु बदमासीचाहिँ नगर्नू। म हुँदिनँ, मेरो गैरहाजिरीमा अल्लारेपन नगर्नू। बाआमालाई दुख नदिनू। त्यत्ति ख्याल पक्कै गर्नू।' बूढो बा मनमनै सोच्न थाले, 'मेरो कृष्णे कत्तिको ज्ञानी भइसकेको छ। यही लच्छू नै अलिक अल्लारे छ अझै। हे भगवान्, मेरा छोराहरूको रक्षा गर्नु।'

एकछिनपछि कृष्णतिर हेर्दै भने, 'ल, अब रात परिसक्यो, तिमीहरू सुत्न जाओ , भोलि बिहानै सहर जानुपर्छ होला। दुई दिनपछि नै तिम्रो हवाईजहाज छ, होइन कृष्णे ? हो बा।' कृष्णले भन्यो। कृष्ण आफ्नी पत्नीसँग आफ्नो कोठामा फर्किहाल्यो। ललमुनिया त्यहीँ कोठमा राखेको एउटा खाटमा सुत्न थाली। आमबुबा पनि आफ्नो खाटमा निदाउन प्रयत्न गर्न थाले। लक्ष्मण पनि आफ्नो कोठामा गयो। रात अँध्यारोमा डुब्न थाल्यो। बूढाबूढीका आँखामा निद्रा थिएन। ललमुनिया पनि निदाउन सकिन। लक्ष्मणलाई केही फरक परेन, मस्तले निदायो। उता कृष्ण र राधिका एकअर्कालाई हेर्नमा नै व्यस्त भए। कृष्ण र राधिका एकअर्काको अँगालोमा थिए। कृष्णले आफ्नी पत्नीलाई सम्झाइरहेको थियो, 'हेर राधिका ! मेरो पनि तिमीलाई छाडेर जाने इच्छा छैन , तर के गरूँ, यहाँ कमाउन सकिँदैन। जति परिश्रम गरे भने पनि त्यही दुई छाक जसोतसो टार्न सकिन्छ। अब म जेठो छोरा, आमाबुबाको बुढेसकालको सहारा, केही त गर्नैपर्छ नि। त्यसमा पनि बहिनी बिहेयोग्य भइसकी। कान्छोलाई केही चिन्ता छैन। दिनभरि घुमिरहन्छ। गाउँका ठिटाहरूसँग त्यसै बेकारका कुराहरूमा समय बिताउने गर्छ। राधिकाले यत्ति मात्र भन्न सकिन्, 'सबैको बारेमा ख्याल गर्ने तपाईंले मेरो बारेमा किन सोच्नुभएन ? म तपाईंबिना कसरी बाँचुँला ? अहिले त हामी एकअर्कालाई हेर्नबाट पनि अघाएका छैनौँ। तपाईंको सम्झना आएमा मैले के गर्ने, ल भन्नुस् त।' कृष्णले भन्यो, 'तिमीलाई यसरी छाडेर जाने मेरो मन पनि त कहाँ हो र ! के मलाई राम्रो लाग्छ र ? लाग्दैन, राधिका, लाग्दैन। तर केही पाउनका लागि केही त्याग्नैपर्छ। मैले पनि धनसम्पत्ति पाउनका लागि तिम्रो माया त्याग्न आँट गरिरहेको छु। यसमा तिमीले पनि मलाई सघाउनुपर्छ। बरु आफूलाई अति नै व्यस्त राख्नु, समय बितेको थाहै पाउँदिनौ। यसै गरी दुई वर्ष बितिहाल्छ , समय बित्न कति लाग्छ र। त्यसपछि हामी सँगै रहौँला। घरपरिवारका लागि यति न त्याग गर्नैपर्छ राधिका।' पतिको कुरा सुनेर राधिका चुप लागिन्। पतिको अँगालोमा अझै कसिइन्। दुवै जना एकअर्कालाई माया गर्दै कुन बेला निदाए, थाहै पाइएन।

∞

कृष्ण बिदेसिएको छ महिना भइसक्यो। एक महिना त रुपियाँपैसो आएन, तर त्यसपछि आउन थाल्यो। यता कृष्णको घरमा विदेशबाट आएको रुपियाँपैसोको झलक देखिन थाल्यो। छ महिनामै खेत छोडाइयो। बर्सातको महिना आयो। खेती पनि गरियो। घर पनि छाइयो। त्यस काममा बूढाबूढी नै बढी खटे। कृष्णकी पत्नी र बहिनी ललमुनिया घरको काममा सघाए। धेरै भनाइ खाएपछि कुनीकथी लक्ष्मणले पनि आफ्ना बाआमालाई सघाउने गर्दथ्यो। बर्सातको महिनामा आकाशमा बादल मडारिरहन्थे। पानी परिरहन्थ्यो। तर राधिकाको हृदय तिर्खाएकै थियो। दिन त काममै सकिन्थ्यो, रात काट्न निकै गारो हुन्थ्यो। रात परिसकेपछि राधिका आफ्नो यौनको भोकमा रन्थिन थाल्थिइन्। पतिलाई सम्झीसम्झी रात काट्न कोसिस त गर्थिन् तर यौनेच्छा त्यत्ति छिटो र सहज तरिकाले समाप्त हुँदैन्थ्यो। वासनाको अग्निमा जलेर रात बिताउनुपर्दथ्यो। त्यो क्रममा उसको मनमा राम्रानराम्रा विचारहरू उजागर हुने गर्दथे। छेउमा सुतेकी नन्द ललमुनियालाई बेस्सरी अँगालो मार्न पुग्थिन्। ललमुनियालाई असहज हुने गर्दथ्यो। सोध्न पुग्थी, 'के गर्नुभा यो भाउजू ? किन मलाई यसरी थिचिराख्नुभा हो ?' यसको कुनै जबाफ हुँदैन्थ्यो ऊसित। यत्ति मात्र भन्न सक्थिइन्, 'केही होइन, तिमीलाई अँगाल्न मन लाग्यो, के ? अनि त्यसपछि म्वाइँ खान थाल्थिइन्। ललमुनिया अकबकाउँथिई। उसको गाला रातोपिरो हुन्थ्यो। लाजका रेखाहरू देखा पर्न थाल्थे। किनभने भाउजूले केही नभने पनि उसलाई पनि जवानीको गुणअवगुणबारे थाहा थियो।

एक रात, राधिका एक्लै सुतेकी थिइन्। पानी परिरहेको थियो। ललमुनियालाई सन्चो नभएर त्यो रात आफ्नी आमासित सुतेकी थिई। घर फुसकै थियो। राधिका र लक्ष्मणको कोठालाई एउटा टाटले छुट्ट्याएको थियो। लक्ष्मणको मनमा राधिकालाई लिएर नराम्रो भावना पलाइसकेको थियो। ऊ जतिखेर पनि राधिकालाई भाउजूभन्दा पनि पतिको वियोगमा छटपटिरहेकी पत्नीका रूपमा हेर्ने गर्दथ्यो। अब यसरी पतिवियोगमा छटपटिरहेकी पत्नीलाई हेर्ने दृष्टिकोण त फरक भइहाल्छ नि। उसले आफ्नो दृष्टिलाई संयमित गर्नुपरेको थिएन। जुन दृष्टिले हेरे पनि हुने। कुनै रोकटोक थिएन। भन्नु पर्दैन, लक्ष्मणले राधिकालाई कुन दृष्टिले हेरेको थियो। दाइ विदेश गएपछि भाउजूको मनमा केकस्तो विचार पलाउँदो हो, त्यसबारे अनुमान गर्न त्यत्ति गारो थिएन। भर्खरै गौना गराएर भित्र्याएकी भाउजूको मनमा पति वियोगले के उछाल ल्याए होला, त्यो बुझ्न पनि त्यत्ति गारो थिएन। ऊ पनि यौवनको फूलबारीमा फुलेको एउटा फूल नै थियो। उसको मनमा पनि यौवनका तरङ्गहरू तरङ्गित थिए। यौनतृष्णाले रन्थनिएको जीउ लिएर हिँडिरहेको थियो। त्यो रात ऊ आफूलाई रोक्न सकेन। टाटामा औँलाले प्वाल बनाई सुतिराखेकी भाउजूलाई

नियालेको थियो । राधिका मस्तले सुतेकी थिइन् । वक्षस्थलको साडी एकातिर थियो । ब्लाउजका एकाधवटा टाँक पनि खुलेका थिए । त्यसैले वक्षको सुन्दरता व्याप्त थियो । त्यो सुन्दरताले लक्ष्मणलाई तृष्णाको वेगमा धकेल्यो । ऊ तृष्णाग्निमा जल्न थाल्यो । तर केही गर्न सकेन । सक्दैनथ्यो पनि । बस, चुपचाप भाउजूको आकर्षित शरीर हेरिरह्यो । त्यो रात त्यसरी नै बित्यो । त्यसपछिका दिनहरू लक्ष्मणका लागि सहज भएनन् । ऊ आफ्नी भाउजूको त्यो आकर्षित सौन्दर्यलाई अँगालोमा हालेर वासनाको आगो निभाउने एउटा पात्रको रूपमा हेर्न थाल्यो । राधिका आफ्नै देवरको यस सोच र दृष्टिबाट अभिज्ञ थिइन् । उनी उसलाई त्यति बेलासम्म विशुद्ध देवरका रूपमै हेरेकी थिइन् । तर लक्ष्मणको दृष्टिकोणमा निकै नै बदलाव आइसकेको थियो । ऊ बदलिसकेको थियो । कुनै न कुनै बहानामा राधिकाको हात समात्न वा उसको संवेदनशील अङ्गसित टाँस्न पुग्दथ्यो । पहिलापहिला त राधिकाले खासै वास्ता गरिनन् तर पछि उनी आफूप्रतिको लक्ष्मणको हेराइ र भावनाबारे अलिक बुझिन् । त्यसपछि अलिक डराउन थालिन् । लक्ष्मणसँग अलिक टाढाटाढा बस्न थालिन् । सासूससुरालाई भन्न गारो । कसरी भन्ने यस्ता कुराहरू । श्रीमान्लाई पनि बताउन गारो । उनीहरूको सम्बन्ध यस्तो थियो कि धेरै दिन टाढा बस्न सकिँदैनथ्यो । अब त दिनरात काट्न नै मुस्किल पर्न थाल्यो ।

एक दिन लक्ष्मणले भन्यो, 'भाउजू, एउटा कुरा भन्नुस् त, पतिबिनाको जीवन कस्तो हुँदो रैछ ?' राधिकाले जबाफ दिइन्, 'केकस्तो हुन्छ, जस्तो पत्नीबिनाको पतिको जीवन हुन्छ त्यसै गरी पतिबिनाको पत्नीको जीवन हुन्छ । यसमा नौलो कुरो के छ ?' 'होइन मैले जान्न के खोजेको हुँ भने रातिमा पतिको आवश्यकता वा सीधै भनौँ भने एउटा पुरुषको आवश्यकता केकतिको हुँदो रैछ, एउटी विवाहित नारीका लागि ।' लक्ष्मणले लाज नमानी आफ्नो कुरा सोध्यो । यो कुरा सुन्नासाथ राधिका अलिक रिसाएर भनिन्, 'बाबू, यस्तो कुरा मसित नगर्नुस् त । तपाईंले के भन्न वा गर्न खोज्नुभाको छ, म सबै बुझ्दछु ।' 'जब सबै बुझ्नुहुन्छ भने मैले खोजेको कुरा पुऱ्याउन किन हिचकिचाइराख्नुभएको ? मानिहाल्नुस् भाउजू ।' लक्ष्मणले भन्यो । राधिकाले विद्रोहको शैलीमा भनिन्, 'म बाआमालाई भन्न गइरहेकी छु र त्यसपछि तपाईंको दाजुलाई बताउने छु ।' भाउजूको विद्रोही रूप हेरेर लक्ष्मण अलिक शान्त भयो । हात जोड्दै भन्यो, 'भाउजू, मैले त मजाक पो गरेको हुँ , हजुरले त सिरियस लिनुभो । के एउटा देवरले भाउजूसित जिस्किन पनि नपाउने ?' राधिका केही बोलिन, चुपचाप आफ्नो कोठभित्र पसिन् ।

ooo

त्यस दिनदेखि राधिका अलिक सतर्क भइन्, सजग भइन् । बिनाकाम कुरै गर्दिन्थिन् । लक्ष्मण र राधिकाबीच बढेको यो संवादहीनताले वृद्ध आमाबुबालाई समेत चिन्तित तुल्याएको थियो । 'कुनै न कुनै कुरो अवश्य छ' भन्ने सोचबाट पिरोलिइरहेका थिए तर के सोध्नु, कसरी सोध्नु ? चुपचाप समयको प्रतीक्षा गरिरहेका थिए । एक दिन राधिकाले आफ्ना सासूससुरालाई भनिन्, 'केही दिनका लागि भए पनि मलाई मेरो माइती जान दिनुस् । आमाबुबा भेटेर आउँछु ।' सामान्य लाग्ने यो भनाइको पछाडि असामान्य पीडा लुकेको आभास भयो उसका सासूससुरालाई । औपचारिकता निर्वाह गर्नका लागि सोधे, 'किन बुहारी ? यहाँ मन लागेन ? केही दिनपछि कृष्णे पनि आउँदै छ । दुवै सँगै भइहाल्यो नि ! 'त्यो त हो बुबा , तर म अहिले नै जान चाहन्छु ।' राधिकाको कुरा सुनेर बूढी सासूले उसलाई एकातिर लगेर सोधिन्, 'बुहारी ! एउटा कुरा भन त । के तिमीलाई यहाँ आफ्नै घरमा बस्न डर त लाग्दैन ?' राधिकाले केही भन्न सकिनन्, बरु सासूको छातीमा टाँसिएर रुन थालिन् । उसले केही नभने तापनि बूढी सासूले सारा कुरो थाहा पाइसकेकी थिइन् । भनिन्, 'ल, जाऔ । कृष्णे आएपछि तिमीलाई बोलाउन पठाउँला ।' 'ऐ कृष्णेको बा, मैले त बुहारीलाई उसको माइत जान दिएँ ।' बूढा ससुरा पनि केही बोलेनन्, स्वीकृतिमा टाउको हल्लाए ।

कुरो के थियो भने त्यो रात लक्ष्मणले राधिकालाई फकाउने निकै कोसिस गरेको थियो । उनी नमानेपछि कुनै पनि दिन कुनै पनि ठाउँ र कुनै पनि समय उसको इज्जत जानेछ भनी धम्की दिएको थियो । कृष्ण थिएन, झन् सजिलो भा थियो । बूढा आमाबुबामा जवान छोराको विरोध गर्ने इच्छा हुँदाहुँदै शक्तिचाहिँ थिएन । बहिनीको त कुनै कुरै थिएन । यसरी आफ्नो इज्जत जोगाउनका लागि राधिका माइती गइरहेकी थिइन् । तर उनी घरबाट निस्किनुअघि त्यहाँ लक्ष्मण आयो र रुँदैकराउँदै क्षमा माग्न थाल्यो, 'भाउजू , क्षमा पाऊँ । राति म अलिक बढी नै रक्सी खाएको थिएँ,त्यसैको झोँकमा नगर्ने कुरा गरेँ । विश्वास गर्नुस्, आजदेखि, आजदेखि किन अहिलेदेखि नै म बाचा गर्दछु कि तपाईंलाई मबाट कुनै प्रकारको अप्ठ्यारो हुँदैन । अलिक पनि डराउनु पर्दैन ।' देवरका कुरा र सासूससुराले दिलाएको विश्वासले राधिका माइत गइनन् । घरमै बसिन् । त्यसपछिका दिनहरू सहज तरिकाले बित्न थाले, लक्ष्मणको व्यवहारमा पनि शिष्टता

देखियो । राधिका पनि बितेका कुराहरू बिर्सेर पहिला जस्तै सामान्य भइन् र व्यवहार गर्न थालिन् । केही महिनापछि कृष्ण घर फर्कयो । रुपियाँ पैसा कमाएर आएको थियो । उसले कमाएर ल्याएको रुपियाँबाट उसकी बहिनीको बिहे भयो । घरको काया फेरियो । छाप्रोको ठाउँमा पक्काको मकान बन्यो । भाइलाई पनि केही गरेर जीविका चलाउनका लागि एकाध लाख दियो । भनाइको अर्थ के हो भने उसको रुपियाँ पैसा घरव्यवहारमा सिद्धियो । फेरि कमाउन बाहिर जाने विवशता आइपऱ्यो । त्यसै क्रममा ऊ सहर गयो । केही दिन मात्र बितेका थिए, घरबाट भाइले फोन गरी तुरुन्त घर आउन भन्यो । कृष्णको यो प्रश्नमा, 'के भो त्यस्तो, किन तुरुन्त आउने' को जबाफमा लक्ष्मणले भनेको थियो, 'भाउजू दुई दिनदेखि हराउनुभाछ ।' त्यसपछि कृष्ण तुरुन्त घर फर्केको थियो ।

ooo

कृष्ण र लक्ष्मण जिल्ला प्रहरीमा पुगे । इन्स्पेक्टरको कोठामा पसेर कृष्णले भन्यो, 'इन्स्पेक्टरसाहब ! दुई दिनदेखि मेरी श्रीमती राधिका हराएकी छिन् । लौन साहब, खोजबिन गरिदिनुपऱ्यो ।' इन्स्पेक्टरले सोध्यो, 'के तपाईं पतिपत्नीबीच झैझगडा भएको थियो ?' 'होइन साहब, म त विदेश जानका लागि कागजात मिलाउन सहर गएको थिएँ । हिजो भाइले फोन गरी जानकारी दिएपछि बल्ल थाहा पाएँ ।' कृष्णले भन्यो । इन्स्पेक्टरले भन्यो, 'हुन सक्छ, उनी माइती गएकी हुन् । त्यहाँ पता लगाउनुभयो ।' 'सोधिसकेँ साहब, ऊ माइती पनि गएकी छैन ।' कृष्णले रुँदै भन्यो, 'साहब, खोजबिन गराइदिनुपऱ्यो ।' 'फोटो ल्याउनुभएको छ भने दिनुस् । उजुरी पनि गर्नुस् । हामी खोजबिन गर्नेछौँ ।' इन्स्पेक्टरले भन्यो । कृष्णले खल्तीबाट आफ्नी पत्नी राधिकाको फोटो झिक्न थाल्यो । इन्स्पेक्टरको आवाज गुन्जियो, 'अँ, एउटा कुरा, हिजो राति गाउँको पूर्वपट्टि भएको ठूलो बाँसघारीमा एउटी आइमाईको लास फेला परेको छ । अनुहारलाई नराम्रो ढङ्गबाट कुल्चिदिएका रहेछन् । चिन्न गारो छ । कपडा र गहनाबाट सनाखत गर्नुस् त कहीँ तपाईंकी पत्नीको लास त होइन ?' इन्स्पेक्टरको कुरा सुनेर कृष्ण आत्तियो । कुनै अज्ञात भयले काम्न थाल्यो । भाइ लक्ष्मणसँग लास राखेको ठाउँमा गयो । साँच्ची अनुहारबाट चिन्न सकिदैनथ्यो । त्यहाँ रहेका गहनाहरू देखाउँदै भाइ लक्ष्मणसँग सोध्न थाल्यो ।

— लक्ष्मण ! हेर त त्यो पायल, तिम्री भाउजूको हो ?

—होइन दाइ, त्यो पायल भाउजूको होइन । लक्ष्मणले भन्यो ।

—त्यो हातको औँठी तिम्री भाउजूको हो जस्तो लाग्छ ।

—होइन दाइ, त्यो औँठी पनि भाउजूको होइन । लक्ष्मणले जोड दिँदै भन्यो ।

—त्यसो भए, यी गहनाहरू र लुगा कपडाहरू तिम्री भाउजूका होनन् । कृष्णले ढुक्क हुँदै भन्यो ।

—दाइ ! लक्ष्मणले बिस्तारै राधिकाको वक्षस्थलमा च्यातिएर लटपटिएको ब्रा देखाउँदै बोल्यो, 'उः त्यो च्यातिएको ब्राचाहिँ भाउजूको हो ।' भाइको बोलीले कृष्णलाई अवाक् तुल्यायो । कृष्ण किंकर्तव्यविमूढ भई भाइतिर हेर्न थाल्यो ।

□

कथा

चिसो हात

नीलम कार्की निहारिका

उसले मेरो नाम बोलाई कागजमा हेरेर, 'मिस सुदेस्ना राय !'

म जुरुक्क उठें, 'येस !'

मेरो पालो आएको थियो । पर्खाइ सकिएको थियो ।

'मेरो नाम स्याल्टन ।' ऊ आफ्नो गोरो हात अगाडि बढाउँछे । म पनि हात दिन्छु ।

'स्ट्रेस टेस्ट भइसक्यो होइन ?' चार्ट हेर्दै प्रश्न उसको ।

'भयो ।' मेरो छोटो जबाफ ।

'गुड, अब म ती छातीको एक प्रकारको सोनो ग्राम गर्छु, इको कार्डियो ग्राम ।' ऊ तल्लो तलामा मलाई नै लिन आएकी हुन्छे । लिफ्टको बटन थिचेर पहिला मलाई भित्र छिर्न सङ्केत गर्छे, 'आफ्टर यु ।'

गोरो छाला, अग्लो कद, चम्किला आँखा अनि छातीमा झुन्ड्याएको स्याल्टन नेम ट्याग । भुइँतला जहाँ स्ट्रेस टेस्टपछि मलाई अर्को जाँचका लागि बस्न अनुरोध गरिएको थियो, त्यहाँबाट म लिफ्ट चढी एक तलामाथि पुग्छु । निस्कँदा मेरो पछि हुन्छे स्याल्टन । अनि ऊ अगाडि लाग्छे, 'दिस वे' भन्दै बायाँतिर । मेरो नामको फाइल उसको हातमा हुन्छ । अन्तिमको सानो कोठामा पसेर स्याल्टनले ढोका लगाउँछे । जाँच्दा सुत्ने बेड, बेडको छेवैमा स्क्रिनसहितको मेसिन, कुनातिरको भित्तामा एक डेस्कटप कम्प्युटर, कुर्सी र भित्तामा केही फोटो टाँसिएको, म सरसरी कोठाको अवलोकन गरिसक्छु । मुटुको फोटो, कुनै चिरिएको, कुनै पूरा सिङ्गो मुटु झुन्डिएको हुन्छ भित्तामा ।

'मिस राय, तिम्रो हाइट, वेट कति छ ?'

'पाँच फुट दुई इन्छ...र एक सय बाइस पाउन्ड ।'

'गुड ।' यति मात्र भन्छे ऊ, अनि कम्प्युटरमा टाइप गर्छे । एकछिनमा सोध्छे फेरि पेसा, मेरो इमेल र फोन नम्बर, इमर्जेन्सी कन्ट्याक्ट व्यक्ति आदिआदि । उसका औँलाहरू निकै छिटो दगुरिरहेको यसै सुनिरहन्छ कीबोर्डको आवाजले । मसिना सेता औँला छिटोछिटो नाचिरहेको पनि देखिरहेछु । केहीबेरमा कम्प्युटरबाट निस्केर कागजको टावल दिएर भन्छे, 'माथिको सबै लुगा निकालेर त्यहाँ झुन्ड्याऊ अनि माथि यसले कभर गर ।' अझ थप्छे, 'पूरै निकाल्नू ।'

ऊ ढोका ढप्काएर बाहिर निस्कन्छे । एक मात्र भएको झ्यालमा पनि ब्ल्यान्ड झुन्डिएको छ र त्यो पनि बन्द नै छ । म ढुक्क हुन्छु बिजुली बत्तीको उजेलो मात्र छ कोठामा, भित्र सूर्य छिरेको छैन मलाई चियाउन । त्यही पनि अझ पर्दा मिलाउँछु र अझ बढी ढुक्क हुन्छु, छेकेर झ्यालबाहिरबाट देखिन सकिने सम्पूर्ण सम्भावनाहरू । म ढोकाछेउ उभिएर उसले भनेझैँ शरीरको लुगा निकालेर झुन्ड्याउनका लागि बताइएको ठाउँमा झुन्ड्याउँछु र बेडमा बस्छु । उसको पर्खाइमा । उसले भनेझैँ कागजको टावलले छोपेकी हुन्छु शरीर ।

ऊ नक गरेर भित्र आउँछे । भित्र पसेर बोल्छे मलाई हेरेर, 'गुड ।'

ऊ मलाई अलि माथि सरेर ऊतिर देब्रेतिर कोल्टे परी सुत्न भन्छे । अनि छातीमा जेल लगाउँदै भन्छे, 'मेरो हात चिसो छ है । सरी ।' ऊ आफ्नो हातमा हात रगडेर हात तताएको जस्तो पनि गर्छे । बिस्तारै मेरो छातीमा बेरेको कागज उठाएर जाँच्ने मेसिनको भाग ट्रान्सडुसर छातीमा राख्छे अनि ऊ स्क्रिनमा हेर्दै केही टाइप गर्छे । म पनि आफ्नो मुटु चालिरहेको छाया जस्तो छिनछिनमा फेरिइरहेको आकृतिहरू हेर्छु । मुटुको मात्र होइन, मनको पनि यसरी नै जाँच गर्नु मिल्ने भए कसो हुन्थ्यो होला ? मुटुसँगै मन पनि देखिने भए कतिले त यस्तो जाँच नगरी भाग्ने थिए होला । बेडबाटै उठेर छोप्नै नसक्ने गरी दौडिने थिए होलान या मन देखिने डरले मुटु या छाती दुख्यो समेत नभनी बस्ने थिए होलान् । स्याल्टनले पत्तै नपाउने गरी मनभित्र मात्रै हाँस्छु एक्लै ।

'के हुन्छ ?' उसको प्रश्न ।

'छाती दुख्छ ?'

'कति भयो दुख्न लागेको ?'

'एक हप्ता ।'

'कति बेला दुख्छ ?'

'बेलाबेलामा दुख्छ, यही बेला भन्ने छैन ।'

'बिहे भयो ?'

'भएको छैन ।'

'ब्याइ फ्रेन्ड त होला ?'

'छैन ।'

ऊ मेरो मुख हेर्छे । अलि लाज मान्छे भन्छु, 'अर्को महिनामा बिहे हुँदै छ ।'

'ब्वाइ फ्रेन्ड छैन अनि अर्को महिना बिहे हुँदै छ ? ह्वाट डु यु मिन ?'

'यो हाम्रो कल्चर हो, तिमी बुझ्न सक्दिनौ ।'

'ओह, आइ सी !'

अलि ऊतिर ढल्कनु भन्छे । म उसैउसै गरिरहेछु, ऊ जेजसो भन्छे । उसको देब्रेतिर खोकिलामा अलिअलि चेपिन्छु । ऊ मलाई सोध्छे, 'तिमीलाई अप्ठेरो त भएको छैन, मैले जाँच्दा दुखेको त छैन !'

म भनिदिन्छु, 'छैन ।'

वास्तवमा म अलि थिचिएकी हुन्छु । कोल्टे हुँदा बेडबाट नै खस्छु कि भैँ पनि लाग्छ । तर उसले अडाएकी हुन्छे, म अडिएकी हुन्छु उसको भरमा । रोगको निदान गर्ने र जीवन बचाउनेलाई भगवान्भैँ सम्झिन्छु । मेरो छाती दुखेको निदानबारे आशावादी छु । त्यतिविधि सङ्कोचमा पनि छैन । भइँदैन पनि बिरामी परेको बेला । रोग त त्रास मात्र रहन्छ । मलाई लोग्नेमान्छे डाक्टरसँग जँचाउन सारै अप्ठेरो लाग्छ, त्यसैले त महिला डाक्टर खोजीखोजी हिँड्छु । पुरुषले महिला बिरामीलाई जाँचेको बेला एक अर्की महिला स्टाफ साक्षीभैँ अगाडि राखेकै हुनुपर्छ । तर पनि म महिला नै खोज्छु, भरसक जँचाउनका निम्ति । पहिला नै सोधेकी थिएँ, कसले गर्नेछ मेरो इको कार्डियो ग्राम, महिलाले गर्ने हो कि पुरुषले भनी । महिलाले गर्ने भनेपछि ढुक्कसँग एपोइन्टमेन्ट लिएर आएकी थिएँ, कुनै सङ्कोच नमानी । अनि ऊ जेजसो भन्छे उसै गरिरहेँ पनि ।

ऊ मनिटरमा हेर्दै हुन्छे । तर म उसको एक खोकिलाले चेपिएकी हुन्छु ।

'तिमी एक्सरसाइज गर्ने गर्छ्यौ ?'

'कहिलेकाहीँ मात्र ।'

'सेल्फ ब्रेस्ट एक्जामिनेसन नि ?'

'छैन ।'

'तर त्यो गर्नु अति जरुरी छ महिलाहरूले । समयमै क्यान्सर पत्ता लाग्न सजिलो हुन्छ । आफैँले जाँच गर्न सकिन्छ र जाँच्नैपर्छ प्रत्येक महिना । जानेकी छ्यौ तिमीले जाँच्न ?'

'छैन ।' टाउकोको इसाराले भन्छु । उसको चिसा हातले घरीघरी छोइन्छ मेरो शरीरमा । ऊ तत्काल सरी भन्छे, कति पनि ढिला नगरी । अन्तिममा माथितिर हेर्नू भनेर घाँटीनिर जाँच्छे । त्यो पनि सकिएपछि अघि लगाइदिएको जेल पुछ्न थाल्छे ।

'हुन देऊ म आफैँ पुछ्न सक्छु ।' म भन्छु ।

ऊ बोल्छे, 'सबै ठीक छ, यो त मेरो जागिर हो । तिम्रो शरीर फोहोर पारिदिएपछि सफा पनि त गरिदिनुपर्‍यो नि ।'

ऊ मेरो पिठ्यूँमा सहारा दिएर मलाई बसाउँछे ।

'तिमीलाई ब्रेस्ट एक्जामिनेसनबारे सिक्न जरुरी छ । म सिकाइदिन्छु । लाज मान्नुपर्ने कुनै कारण छैन । म पनि तिमी जस्तै महिला हो । तिमी मेरी बहिनी जस्ती ।'

यसरी औँलाले घडीको सुई हिँडेझैँ एक छेउबाट औँला घुमाईघुमाई जाँच्नुपर्छ । यदि कुनै नदुख्ने गाँठाहरू भेटेमा शङ्कास्पद हुन्छ, तुरुन्त डाक्टर जँचाउनुपर्छ । सिकाउँदै जान्छे । ऐनाअगाडि उभिएर जाँच्नुपर्छ । यति बेला ऊ ऐना आफैँ बनेर हेरिरहेकी हुन्छे । ऊ मलाई जाँच गरेपछि आफूले पनि प्रयोगात्मक कक्षाझैँ अगाडि उभिई आफू जाँच गरेर देखाउँछे र मैले जानेको–नजानेको, बुझेको–नबुझेको निक्योल गर्न भन्दै मलाई आफूलाई जाँच्न लगाउँछे, मेरो औँलाले ।

'औँला यसरी, अनि घडीको घुमाइमा ।' म उसले भनेझैँ गर्छु ।

ऊ स्याबासी पनि दिन्छे, 'वेल डन ।'

ह्याङ्गरबाट मेरो लुगा दिँदै भन्छे, 'ल तिमी अब लुगा लाउन सक्छ्यौ । अँ तिम्रो मुटुको रिपोर्टचाहिँ डाक्टरले अध्ययन गरेपछि आउँछ ।'

ऊ अन्तिममा बोल्छे, 'सबै राम्रो छ ।' ऊ हाँस्छे । उसको हात कसोकसो भिन्न लाग्छ र डरलाग्दो पनि । अनि उसलाई पनि नै अघिभन्दा निकै भिन्न देख्छु । उसका आँखा, बोलाइ, हेराइ सबै भिन्न । बाटो हिँड्ने राम्री केटीलाई जिस्क्याइबस्ने बिग्रेको केटाको जस्तो हेराइ । ऊ एकोहोरो मलाई मात्र हेरिरहेकी हुन्छे आफ्ना नीला आँखाले । म एक ठाउँमा डल्लो पर्छु । यसै हात कामेर केराको पात हल्लिएझैँ हुन्छ । छिटै ओठ सुक्छ ।

उसले भन्छे, 'हामी सम्पर्क गर्नेछौँ ।' अनि भन्छे हाँस्दै, 'मैले सिकाएझैँ नियमित जाँच गर्नू है ऐनाअगाडि उभिएर ।'

उसले मेरो हातमा एउटा डिभिडी दिन्छे, 'यसमा हेर्दै जाँच गर्नु र केही सहयोग चाहियो भने फोन गर्न अप्ठेरो

नमान्नू, तिमीलाई सहयोग गर्न खुसी लाग्नेछ।'

ऊ फेरि उसै गरी हेर्छे र उसै गरी हाँस्छे। म केही नबोली बाहिर निस्कन्छु। मेरो खुट्टा डराइरहेकै हुन्छ। छिटोछिटो हिँडेकी हुन्छु। केल्फडिल रोडदेखि मेरो अपार्टमेन्टसम्मको दूरी दस माइलको छ। पिकअप गर्न निल आइसकेका छन्। निल जोसँग मेरो बिहे हुँदै छ। म खुरुखुरु गएर गाडीमा बसेर सिट बेल्ट बाँध्छु।

'केही खराबी रैछ त ?'

म केही बोल्दिनँ।

'यसै बिहेसँग डराएर दुखेको हुनुपर्छ तिम्रो मुटु। के म त्यति डरलाग्दो छु र ? डर पोख।'

जबाफ दिने, तर्क गर्ने या बोल्ने मन हुँदैन। चुपचाप बस्छु। हातमा डिभिडी छ।

'के हो त्यो ?' प्रश्नसँगै निल मेरो हातबाट डिभिडी लिन्छन्। म केही होइन भन्दै खोस्छु। निलको एक हात स्टेयरिङमा रहेको हुँदा बाँकी हातसँगको युद्धमा जित मेरो हुन्छ। जित्छु सजिलै। आफ्नो हातमा परेपछि म कति पनि ढिला नगरी भाँचिदिन्छु। दुई टुक्रा हुन्छ। तर आफ्नो शरीरमा चिसा छुवाइको स्मरणले फतक्कै गल्छु। फोहोर पत्रपत्र टाँसिएझैँ घिन लाग्छ।

□

कथा

उऋण

सानु शर्मा

आधारात घर्किसकेको छ तर म अझै च्याटमा व्यस्त छु। भोलि बिहानै ५ बजे उठेर काममा हिँड्नु छ। उसका कुरा अझै सकिएका छैनन्। हुन त म आफैँलाई पनि कुरा टुङ्याउन मन छैन। तर केही घन्टापछि काममा हिँडनुपर्ने बाध्यताले घरीघरी मन छड्काइरहेछ।

'सुन न युबिन! म भोलि कुरा गर्छु नि है प्लिज, आज...!'

'तिमीलाई अचेल मसँग कुरै गर्न मन लाग्दैन, मलाई थाहा छ।' उसले मेरो कुरा पूरा नहुँदै गुनासो गऱ्यो। मेरो मन कटक्क काटियो। हरे; कस्तो कुरा नबुझ्ने होला ?

'त्यसो नभन न युबिन, मेरो भोलि बिहानैको सिफ्ट छ। २-३ घन्टापछि काममा जान उठ्नुपर्छ। एकैछिन नसुती...!'

'मैले भनिहालेँ नि, अचेल तिमीलाई मेरो कुराभन्दा निन्द्रा प्यारो छ। जाऊ, जाऊ गएर सुत। अब म डिस्टर्ब गर्दिनँ तिमीलाई।' उताबाट फोन डिसक्नेक्ट गऱ्यो उसले। मैले कति कोसिस गरेँ तर ऊ अफलाइन भैदियो। मोबाइलमा फोन गरेँ, त्यो पनि स्विच अफ थियो। मन मारेर म ओछ्यानमा पल्टिएँ ।

१० वर्षदेखि म यो बिरानो देशमा रगत र पसिना बेचिरहेकी छु। यहाँ आउँदा राम्ररी १८ वर्ष पनि पुगेकी थिइनँ, अहिले २८ वर्षकी परिपक्व युवती भैसकेँ म। तर मन मेरो अझै पनि १७-१८ वर्षमै अल्झिरहेछ। मेरो बाध्यता दिमागले बुझे पनि मनले नकारिदिएको थियो सायद बुझ्न। त्यसैले त यसले सपना देख्न सक्थ्यो। विश्वास गर्न सक्थ्यो। माया गर्न सक्थ्यो अझै पनि।

१२ क्लासमा एकदमै राम्रो मार्क्स ल्याएर उत्तीर्ण भएको उपहारस्वरूप मेरो बाबाले अस्ट्रेलियामा नर्सिङ पढ्ने मेरो धोको पूरा गरिदिनुभएको थियो, आफ्नो हैसियतभन्दा बाहिर गएर। म बाबाकी प्यारी र भरपर्दी छोरी थिएँ। आमा कराउनुहुन्थ्यो- 'छोरीको जात, धेरै टाउकोमा नटेकाउनुस्। के फाइदा यत्रो रिनधन गरेर विदेश पढ्न पठाएर ? भोलि एउटाको पछि लागेर हिँडिहाल्छे क्यार ? अनि कसले तिर्छ यसले लगाएको रिन ? छोरा भए पो !'

'यसैले तिर्छे। तँ हेरिराख्; हामीलाई सुख दिन्छे, पाल्छे यसले।' आमाले ओठ लेप्प्राउनुभएथ्यो।

मध्यवर्गीय हैसियतका बाबाका आफ्ना सपना पूरा हुन सकेका थिएनन्। त्यसैले पनि होला, उहाँले आफ्ना सपना पनि मेरा सपनासँगै मिसाएर पूरा गरिदिन लाग्नुभएको थियो। जीवनभरिको कमाइ, आफ्नो भएको एउटा घर पनि धितो राखेर। आमाले रुवाबासी नै गर्नुभयो। बहिनीले सुद्ध गनगन गरी, 'भएजति सबै दिदीकै लागि खर्च गरेर मेरा लागि के नि ?' तर बाबाले कसैको कुरा सुन्नुभएन।

'यो अरू जस्ती छैन। यसले हाम्रो दुख बुझेकी छे। यसलाई राम्ररी पढाइ पूरा गर्न देऊ, पछि यसैले सबैको हेरविचार गर्छे।' उहाँ बारम्बार भन्नुहुन्थ्यो। तर आमा करकर गर्न छोड्नुहुन्थेन। थाहा छैन किन हो, बाबाको अलि बढी नै भरोसा र विश्वास थियो ममाथि।

बाबाले एकोहोरो मेरो पक्ष लिन थालेपछि आमा र बहिनी मसँग झन्झन् चिढिन थाले। उनीहरू बातैपिच्छे मलाई 'बाउकी साक्खै' भनेर व्यङ्ग्य गर्थे। जे होस्, जसरी होस् बाबाले मेरो अस्ट्रेलिया जाने सबै प्रबन्ध मिलाउनुभयो। समयसँगै भिसा पनि लागेर आयो। बाबा दङ्ग पर्नुभयो। त्यस बेला आमा र बहिनी, खास गरी बहिनीको असन्तोष र गुनासो चरममा पुग्यो। मेरा सामानहरू प्याक भए। म हिँड्न ठिक्क परेँ। अघिल्लो दिन बाबाले मलाई पशुपति लिएर जानुभयो। दर्शन गरी सकेर हामी पारिपट्टिको बेन्चमा गएर बस्यौँ। निक्कैबेर बाबा मेरो हात समातेर त्यतिकै टोलाइरहनुभयो। मलाई थाहा थियो उहाँ मसँग कुरा गर्न चाहनुहुन्थ्यो। तर हिचकिचाइरहनुभएको थियो। मैले उहाँको सजिलोका लागि बिस्तारै भने, 'बाबा, मैले सबै बुझेकी छु। म घरको रिन नतिरेसम्म, बहिनीको पढाइ पूरा

नगराएसम्म आफ्ना लागि गाँस र बासभन्दा अरू केही सोच्ने छैन। कसम बाबा; म तपाईंले ममाथि गरेको विश्वासलाई घात हुन दिने छैन। म तपाईंको वचनको मानका खातिर आफ्ना सारा आवश्यकताहरूलाई थाती राखी आमा र बहिनीका हरेक आवश्यकता पूरा गर्नेछु।' बाबाले निकैबेर टाउको उठाउनुभएन। मेरो हात च्याप्प समातेर उहाँ त्यसरी नै बसिरहनुभयो।

'मलाई तँमाथि ठूलो भरोसा छ नानू।' निकैबेरपछि उहाँले मेरो हात समातेर बिस्तारै भन्नुभयो, 'छोराछोरीलाई केही दिएको बदलामा केही माग्नु उचित त होइन। म जिउँदो रहुन्जेल माग्दा पनि माग्दिनँ। तर कथम्कदाचित् मलाई केही भइहालेछ भने आफ्नो कसम नबिर्सनू। आमा र बहिनीको ख्याल राख्नू। उनीहरूको आशङ्कालाई कहिल्यै सत्य बन्न नदिनू। उनीहरूले भनेझैं मेरी छोरी भएर देखाउनू।"

भोलिपल्ट म गरुङ्गो मन लिएर अस्ट्रेलिया उडें। मलाई छोडन एयरपोर्ट आउनुभएको बाबाले मेरो हात समातेर काँतर स्वरमा भन्नुभयो, 'कुसुम; मैले कुनै करकाप र दबाबमा केही गरेको होइन। तँ मेरी योग्य छोरी होस्, तैंले कहिल्यै कुनै कुराको जिद्दी गरिनस्। सधैं हामीले भनेको सुनिस्, मानिस्। तेरो यो एउटा इच्छा मैले मेरो आफ्नै जीवनको अपूरो रहर ठानेर पूरा गर्ने कोसिस गरेको हुँ। तँ मनमा कुनै बोझ नराख्। आमा र बैनीका कुरामा चित्त नदुखा। जसले जे भनोस् तँलाई बाहिर पढ्न पठाउने इच्छा मेरो पनि हो। त्यसैले मन लगाएर पढ्नू। म सधैं तेरो साथमा हुनेछु।' म भक्कानिँदै उहाँको छातीमा टासिन पुगें। त्यो दिन मनमा जिम्मेवारीको एउटा गरुङ्गो बोझ बोकेर म बाबासँग बिदा भएँ। बाबाको भरोसा र विश्वासको उठाउनै नसक्ने बोझ।

अस्ट्रेलिया आइपुगेको पाँचौं दिन। कलेजमा राम्ररी व्यवस्थित हुन पनि भ्याइसकेकी थिइनँ। नेपालबाट बाबाको मृत्युको अकल्पनीय र मर्माघातपूर्ण खबर आयो। 'तेरो कारण।' आमाले विलाप गर्दै फोनमा फेरि मलाई नै आरोप लगाउनुभयो, 'तैंरै कारणले उहाँको मृत्यु भयो। तैंले अस्ट्रेलिया जाने जिद्दी नगरेकी भए यो दुर्घटना हुन्थेन। रिनको बोझ र तेरो फीस तिर्ने चिन्ताले नै उहाँलाई हृदयाघात भयो। तेरो कारणले।'

यो नितान्त आधारहीन आरोप थियो। मैले आजसम्म कुनै कुराको जिद्दी गरेकी थिइनँ उहाँहरूसँग। बाहिर पढ्न जान चाहेको कुरा मात्र त गरेकी थिएँ मैले। तर मैले त्यस बेला केही भन्न सकिनँ। चुपचाप बहिनी र आमाका हरेक आरोप बिना कुनै सफाइ र प्रतिकार चुपचाप सुनिरहें। त्यसपछिका कैयौं दिन म आफूले गर्दै नगरेको अपराधबोधले आफैंलाई सरापीसरापी रोएँ।

'अब कसले फीस तिर्छ र पढछेस् ? खुरुक्क घर फर्की। यहीँ कुनै काम खोज्। घर निखन्न पऱ्यो, बहिनीलाई पढाउनुपऱ्यो। तँ घरकी जेठीबाठी, तैंले नगरेर कसले गर्छ ? खुरुक्क घर आइज।' आमाले आदेश दिनुभयो। फोन बन्द भएको घन्टौंपछिसम्म म डाँको छोडेर रोइरहें। रुँदैरुँदै सबै सामान सुटकेसमा कोचें। तर टिकट बुक गर्न लाग्दा मनले भन्यो, 'छ महिनाको फीस तिरिसकेको छ। यो टिकटको पैसामा अलिकति थप्यो भने अर्को सेमेस्टरको फीस तिर्न पुग्छ। घर फर्केर पनि के गर्छेस् र तँ ? १२ क्लास पास गरेकी तैंले कहाँ खोज्छेस् घर निखन्ने पैसा कमाउने जागिर ?' अनि मैले नेपाल नफर्कने निधो गरें। फोनमा आमाको आरोप, गाली र आदेश सुनेर पनि म घर फर्किनँ।

हप्ताका सातै दिन केवल पानीसँग पाउरोटी निलेर म भेटेजति काममा १८–२० घन्टा जोतिन थालें। म सबैभन्दा सस्तो खाना र बसाइमा बाहेक आफ्नो फुर्माइसीमा एक सेन्ट खर्च गर्थिनँ। फीसको पैसा जम्मा भएको दिन मैले पहिलोपल्ट एक बोतल जुस किनें र आँसुसँगै पिएँ। घरमा पहिलोपल्ट पैसा पठाएको दिन मैले यहाँ आएदेखि यता पहिलो पटक स्वाद लिएर खाना खाएँ। त्यो खाना मलाई नशा लागेझैं लाग्यो।

घरमा पैसा पठाउन सुरु गरेपछि आमाको आरोप र गाली त बिस्तारै मत्थर हुँदै गयो तर माग भने पहाड जस्तो अग्लिन थाल्यो। यसमा बहिनी पनि थपिन्थी। यसले यस्ता मागहरू कसरी पूरा गर्न सक्छे भन्नेमा उनीहरूलाई कुनै चिन्ता थिएन। जसरी होस्, माग पूरा हुनुसँग मात्र उनीहरूको स्वार्थ थियो।

दिनहरू बित्दै गए। म त्यसरी नै काममा जोतिइरहें। फीस र आफ्नो एकदमै सीमित व्यक्तिगत खर्चबाहेक अरू सारा कमाइ म घर पठाउँथे। तर बदलामा आमाको मुखबाट आशीर्वादका मीठा दुई वचन सुन्नलाई मेरा कान तर्सिन्थे। म यहाँ आएको तेस्रो वर्षको अन्त्यतिर आमाले बहिनीले मेडिकलको पढाइ सुरु गरेकोले अझै बढी पैसा पठाउने आदेश दिनुभयो।

'तर आमा, डाक्टरी पढन कम पैसाले त पुग्दैन, म कसरी...!'

'तलाईं त्यहाँ पठाउन पनि त कम पैसा लागेको थिएन नि, बिर्सिस् ? त्यही पैसाको पीरले तेरो बाबा बित्नुभयो। उहाँको ज्यानभन्दा पनि महँगो छ र डाक्टरी पढ्ने फीस ? तेरो खर्च पूरा गर्न घर बन्धक नराखेको भए म त्यही बेचेर भए पनि पढाउँथे उसलाई तर...।' मैले चुपचाप फोन राखिदिएँ। मेरो विरोध या सफाइको कुनै अर्थ थिएन।

दिन, महिना, वर्ष बिति नै रहे त्यसपछि पनि। तर मेरो दिनचर्यामा कुनै परिवर्तन आउन सकेन। मरुन्जेल काम गर्नु, आमा र बहिनीका आवश्यक–अनावश्यक माग पूरा गर्नु, पैसा कमाएर पनि अभावमै कल्पिँदै बाँच्नु। यही थियो मेरो दिनचर्या।

पढाइ सकियो। रेसिडेन्ट भएँ म। यो खुसीको खबर आमालाई सुनाएर पुलकित हुँदै मैले भने, 'आमा ! अब घर आउँछु म !'

'त्यत्रो पैसा खर्च गरेर किन आउनुपर्‍यो ? बरु टिकटमा खर्च गर्ने पैसा यहाँ पठाइदे, बहिनीलाई शैक्षिक भ्रमणमा जान पुग्छ।' आमाको जबाफ हुन्थ्यो। मैले उहाँको त्यो जबाफ पनि पचाएँ र आज्ञा पालन गरेँ। म घर गइनँ।

मेरो पोस्ट ग्र्याजुएसन सकियो। नेपाल छोडेको सात वर्ष बितिसकेको थियो। राम्रै पैसा कमाउँथेँ म त्यति बेलासम्म। नर्सिङ गर्नेलाई कामको कमी थिएन यहाँ। म एउटा अनुभवी नर्स भइसकेको थिएँ। मेरो कामसँग सबै सन्तुष्ट थिए। डाक्टरको मात्र होइन, पेसेन्टहरूको पनि फेवरेट नर्स थिएँ म। तर मेरो कामको बोझ कम भएको थिएन। किनभने कमाएको लगभग सारा पैसा घर पठाउन विवश थिएँ म।

आमाले घर निखन्नु मात्र भएको थिएन। त्यसमा तला थपेर भैँतले घरलाई साढे तीनतलेमा परिणत गर्नुभएको थियो। सबैभन्दा माथिल्लो तलामा आफूहरू बस्नुहुन्थ्यो। बाँकी दुई तला भाडामा। यो वर्ष त बहिनीको पढाइ पनि सकिँदै थियो। तर मेरी आमाको माग आज पनि उस्तै थियो।

एउटा मै थिएँ जसमा कुनै परिवर्तन आएको थिएन। म कामले खिइएर झनै सानो, मरन्च्याँसे हुँदै गएकी थिएँ। मसँग आज पनि नेपालबाट आउँदाको त्यही एउटा सुटकेस थियो। लगाउँदालगाउँदा धसिएर र घिस्रिएर सिउनी उध्रिन लागेका तिनै पुराना लुगाहरू थिए। मानिसहरूलाई सुन्दा विश्वास लाग्दैन होला। अस्ट्रेलियामा कमाउनेको पनि यस्तो दयनीय अवस्था हुन सक्छ भनेर कसैले कल्पना पनि गर्न सक्तैन सायद।

मसँग यहाँ आउनेबित्तिकै काम खोज्ने क्रममा एक जना नेपालीसँगै किनेको सेकेन्ड ह्यान्ड मोबाइल थियो। म कैयौँ महिलाहरूसँग रुम सेयर गरेर बसेँ। मेरा कोही साथी थिएनन्। आज पनि म एउटा बर्गर किनेर खानुभन्दा पहिले ५ फेर सोच्थेँ र आफूमाथि खर्च गरेको प्रत्येक सेन्टका लागि पछुताउथेँ।

बहिनीले इन्टर्न गर्न सुरु गरेपछि मैले एउटा ल्यापटप किनेँ। यहाँ आएदेखि मैले आफ्ना लागि खर्च गरेको यो नै सबैभन्दा ठूलो रकम थियो। त्यतिका पैसा आफूमाथि खर्च गरेकोमा त्यसपछिका कति दिन म अपराधबोधले ग्रसित भइरहेँ।

यही त्यो समय थियो जब मैले युबिनलाई भेटेथेँ फेसबुकमा। म जस्तो आफैँमा सीमित र व्यस्त मान्छे कसरी कसैसँग नजिकिन सक्थेँ ? त्यो त युबिन नै थियो जसले मलाई वशमा गरेको थियो। ऊसँगको सामान्य चिनजानमा मैले आफ्नो सही नाम भन्न सकिनँ उसलाई। पछि मेरो फेसबुकको नाम 'कुसा'मै बानी पर्दै गयो मलाई। तथापि ऊसँग झूटो बोल्ने, उसलाई ढाँट्ने मेरो कुनै आशय थिएन।

फेसबुकमा फेक आइडी देखाउनुको आम रूपमा जे उद्देश्य भए पनि मेरो उद्देश्य एउटै थियो, आमा र बहिनीको आँखामा नपर्नु। मेरो फेसबुक अकाउन्ट देखेर उनीहरूले म उनीहरूदेखि उदासीन, फेसबुकमा रमाइरहेकी छु भन्ने अर्थ ननिकालून् भन्ने डर थियो मलाई। यही कारणले मैले फोटो कहिल्यै राखिनँ आफ्नो प्रोफाइलमा।

लगभग दुई वर्ष ऊसँग गफ गर्दै बिते। अक्सर बढी गफ त उही गर्थ्यो, म त खालि सुन्थेँ मात्र। सुनेर हुरुक्क हुन्थेँ उसप्रति। एकदमै कम बोल्ने मलाई, उसका कुराले एउटा छुट्टै संसारको सपना देखाउँथ्यो। जहाँ कुनै जिम्मेवारी हुन्थेन। अभाव हुन्थेन। आरोप र अपराधबोध हुन्थेन।

ऊ मलाई 'नेपाल आऊ, अनि बिहे गरेर सेटल हौँ' समेत मज्जाले भन्न भ्याउँथ्यो। अनि म कल्पनामै ऊसँग बिहेबारी गरेर, एउटा छुट्टै घरसंसारमा, उसका छोराछोरीकी आमासम्म भएको अनुभव गरिसक्न भ्याउँथेँ। बिचरी म; मेरो निश्छल मन, कुमारी भावना र शरीर हरेक रात उसका कल्पना र सपनाहरूसँग बिटुलिन्थे। म पनि मनमनै आफूलाई उसैकी भैसकेकी मान्थेँ। यो मूर्खता थियो मेरो। तर म जस्तो जीवन बिताइरहेकी युवतीका लागि यही मूर्खता नै बाँच्ने सहारा बनिदिएको थियो।

जहाँ आमा र बहिनीका लागि म आवश्यकता पूरा गर्ने एउटा साधन मात्र थिएँ, त्यहीँ युबिनका लागि हाडछालामा बेरिएको एउटा सुन्दर आत्मा। ऊ मेरो हेरविचार राख्थ्यो। खाए, नखाएको सोध्थ्यो। आराम–विरामको चिन्ता गर्थ्यो। निद्रा नपरे लोरीसमेत गाएर सुनाउँथ्यो फोनमै ऊ मेरा लागि। जुन कुरा मेरी आमाले मेरा लागि गरेको मलाई यादै थिएन। उसको मीठो, भावुक बोलीमा मलाई मेरो बाबाको झझल्को र स्पर्श मिसिएझैँ लाग्थ्यो ।

म उसलाई पनि पैसा पठाउँथेँ। त्यसका लागि थप मेहनत गर्नुपर्थ्यो मैले। हुन त ऊ मसँग पैसा माग्थेन तर जब ऊ आफ्ना रहर, आवश्यकताहरू सुनाउँथ्यो, म तुरुन्त पैसा पठाइदिन्थेँ। यसका लागि एक्स्ट्रा सिफ्ट काम गर्नुपर्थ्यो मैले तर मलाई पटक्कै ननिको लाग्दैनथ्यो। बरू एक किसिमको

न्यानो र भावनात्मक अनुभूतिले म त्यसै फुरुङ्ग हुन्थें र उसको ४–५ लाखको बाइकको रहर, दामी मोबाइल र ल्यापटपको इच्छा, महँगा रेस्टुरेन्ट र लुगाहरूको सोख सबै पूरा गरिदिन्थें म। यसो गर्दा मलाई उसको अझै समीप्य अनभूति हुन्थ्यो।

त्यो दिन मैले आमालाई फोन गरें। म उहाँसँग युबिनका बारेमा कुरा गर्न चाहन्थें। तर मैले हलो पनि राम्ररी भन्न नभ्याउँदै उहाँले भन्नुभयो, 'म फोन गर्नै लागेको थिएँ तलाईं। राम्रै भयो तैंले गरिस्।' उहाँले मेरो हालखबर सोध्ने औपचारिकतासम्म पूरा नगरी एकोहोरो आफ्नै कुरा भन्नुभयो, 'मैले कविताको बिहे छिनिदिएँ। अब बिहेको तयारी गर्नुपर्‍यो। हाम्रो अरू त को छ र ? तँ र मै त हो नि। अर्को महिनाको अन्तिम साता कविताको अमेरिकाको फ्ल्याइट छ। त्योभन्दा पहिल्यै केटाहरू बिहे सकाउन चाहन्छन्। तँ पैसा पठा, म यहाँ तयारी सुरु गर्छु, । बरु अलि चाँडै गर् है !'

म केही बोल्न सकिनँ। कविता अमेरिका जाँदै छे भन्ने मलाई पहिल्यै थाहा थियो। किनभने त्यसको तयारीका लागि पनि मैले पैसा पठाएको थिएँ। तर बिहे ? यसरी अचानक ? मेरो भन्दा पहिले ? मलाई भाउन्न भयो। उनीहरूको आँखामा मेरो के महत्त्व र इज्जत थियो ? के म साँच्चै नै पैसा छाप्ने मेसिनभन्दा बढी महत्त्व राख्थिनँ त्यस परिवारमा ? सधैँ पैसा चाहिँदा आमा मलाई तँ परिवारको जेठीबाठी छोरी, तैंले नगरे कसले गर्छ ? भन्ने गर्नुहुन्थ्यो। तर के यति बेला, यति महत्त्वपूर्ण निर्णय गरिँदा म परिवारकी जेठीबाठी छोरीको सल्लाह जरुरी थिएन ?

अचानक मलाई बाबासँग रिस उठ्यो त्यति बेला। मैले काठमाडौँ छोडेको दिनदेखि उहाँ हरेक रात मेरो सपनामा आउनुहुन्छ। दरोसँग मेरो हात समातेर यसरी मसँग बस्नुहुन्छ, मानौँ म जीवनभरि उहाँले मेरो हात छोड्नुहुने छैन। किन ? ता कि म उहाँको रिन तिर्नबाट नपन्छिऊँ ? उहाँले छोडेको उहाँको परिवारको जिम्मेवारी उठाउन नछोडौँ ? नत्र किन छोड्नुहुन्न उहाँले मेरो हात ? किन मुक्त गर्नुहुन्न मलाई यो बोझबाट सदाका लागि ? बोझै त थियो यो ? जसलाई म सकिनसकी विगत १० वर्षदेखि आफ्नो थाप्लोमा बोकेर घिस्रिरहेकी छु। यदि यो बोझ नभएको भए सायद मेरो परिवारको महत्त्वपूर्ण निर्णयमा म पनि सम्मिलित गराइन्थें। अनायासै मेरो भक्कानो छुट्यो।

म निक्कैबेर नबोलेपछि आमाले नै भन्नुभयो, 'सोच्न त मैले तेरो बिहेको कुरा पनि सोचेथें तर कविता र युवराज डेढ वर्षदेखि एकअर्कालाई चिन्छन्। एकअर्कालाई अत्यन्तै माया गर्छन्। केटो राम्रो घरपरिवारको र भलाद्मी पनि छ। अहिले बिहे नगरे भोलि के होला–होला, तेरो बिहे त गर्दै गरौँला नि; केटो पनि त खोज्नै छ।'

२८ वर्षकी भैसकें म। उहाँलाई अझै कुनै हतार छैन मेरो बिहेको। तर मभन्दा अढाई वर्ष सानी बहिनीको बिहेको हतार छ उहाँलाई। के म साँच्चै नै कुनै महत्त्व राख्दिनँ उहाँको आँखामा ? यदि यस्तै हो भने मलाई के जरुरी छ उहाँको लागि यसरी खटिइरहन ?

'घर आँउदै छु म अर्को हप्ता।' मैले अनायासै दृढस्वरमा भनें ।

'किन आउनुपर्‍यो अहिले ? टिकटमा किन तेत्रो पैसा खर्च गर्नुपर्‍यो ? म बिहेको डिभिडी पठाइदिउँला। तँ काम छोडेर नआइज। कवितालाई अमेरिकामा सेटल हुन दिइहाल्, यसैबीचमा तेरा लागि यता म केटा हेर्दै गर्छु।'

मलाई भएभरको शक्ति बटुलेर चिच्च्याउन मन लाग्यो, 'भो, नखोज्नुस् मेरा लागि केटा, तपाईं त्यो एउटा जिम्मेवारी पनि किन पूरा गर्नुहुन्छ मेरा लागि ?' तर मैले केही भन्नुभन्दा पहिल्यै उहाँले, 'छिटो पैसा पठाइहाल्, नत्र ढिला हुन्छ।' भन्दै फोन राखिदिनुभयो।

त्यो दिन म बाबा बितेको बेलामा भन्दा धेरै रोएँ। बाबा बित्दा सायद मेरा आमा र बहिनी अझै मेरो साथमा छन् भन्ने आधार थियो। तर त्यो भ्रम मात्र रहेछ। आज मलाई आफू पूर्णतः अनाथ भएझैँ लाग्यो। हिजोसम्म गरेका ती अनगिन्ती सङ्घर्षले आज थिचेझैँ लाग्यो। भोको पेट, असुरक्षित महसुस गर्दै, अपरिचित महिलाहरूसँग सेयर गरेको कोठामा बिताएका ती अनगिन्ती अनिदा रातहरूले आज तर्साए मलाई। आफ्ना लागि सधैँ मारेको मन र रहरहरूले आज गिज्याए मलाई। मैले नेपाल जाने निधो गरें।

त्यो रात आफ्नो निर्णय युबिनलाई सुनाउनुभन्दा पहिल्यै उसले गाउँमा उसकी हजुरआमा बितेको दुखद खबर सुनायो। मैले केही भन्नै सकिनँ। 'कुसा !' उसले गम्भीर स्वरमा भन्यो, 'मलाई थाहा छैन, त्यहाँ कति समय लाग्छ ? मेरो ड्याडी एक्लो छोरो हो उहाँको, त्यसैले म त्यहाँ जानैपर्छ। अर्को कुनै विकल्प छैन। गाउँमा इलेक्ट्रिसिटी पनि छैन। त्यसैले म त्यहाँ बस्दासम्म तिमीसँग सम्पर्क गर्न सक्दिनँ तर म गाउँबाट निस्केर तिमीलाई फोन गर्ने कोसिस गर्नेछु। हुन त सारै महँगो होला त्यसरी फोन गर्न तर म...!'

'तिमी चिन्ता नगर म पैसा पठाइदिन्छु भोलि बिहानै।' मैले भनें ।

'तिमीलाई अप्ठ्यारो त हुन्न कुसा ? मन त लाग्दैन

तिमीसँग यसरी पैसा लिन तर...!'

'मलाई केही अप्ठ्यारो हुन्न युबिन, तिमी राम्ररी गएर आऊ, त्यसपछि कुरा गरौँला। मलाई तिमीसँग केही भन्नु पनि थियो, तिमी फर्केर आऊ अनि भनौँला। फोन गर्न नमिले केही छैन तर तिमी आफ्नो ख्याल राख।' मैले भनें। निक्कैबेर मेरो चिन्ता गरेर उसले फोन बिसायो।

भोलिपल्ट तुरुन्तै मैले उसलाई पैसा पठाइदिएँ। गाउँ हिँड्नुअघि उसले फोन गरेर पैसा पाएको कन्फर्म गऱ्यो। साथै भाव विह्वल हुँदै मलाई आफ्नो ख्याल राख्न पनि भन्यो।

मैले कविताको बिहेभन्दा दुई दिनअघिको काठमाडौँको टिकट बुक गरें अनि थप खर्चको जोहो गर्न पाएँ र भ्याएजतिको काम गर्न लागिपरें। यतिखेर त म युबिनसँग कुरा गर्ने समय पनि काममै लगाउन पाउँथें।

मैले आफू आउने कुरा गरेको थिइनँ घरमा। बिनासूचना त्यसरी आएकी मलाई आफ्नै घर खोज्न हम्मे पऱ्यो। बस्ती बाक्लिएर गुजमज्ज सहरमै परिणत भएको थियो। त्यसमाथि मेरो त्यो पुरानो घर कहाँ थियो र अब ? यो सानदार घरको त मैले कल्पनासम्म गरेको थिइनँ। सोध्दैखोज्दै गएर मैले घरको बेल बजाएँ। एउटी अधबैंसे आइमाईले ढोका खोलिन्। पछि थाहा पाएँ– उनी घरको कामधन्दा सघाउन राखिएकी रहिछन् वर्षौंदेखि। घरमा बिहेको चहलपहल चरममा पुगिसकेको रहेछ। त्यो घरको चमकदमक, त्यहाँका मान्छेको रहनसहन देख्दा कुनै बेला यो एउटा निम्नमध्यवर्गीय परिवार थियो भन्ने पत्याउनै गाहारो भयो मलाई।

मेरो उपस्थितिले आमा र कविता खासै खुसी भएनन्। बाँकी कतिले त मलाई चिन्दा पनि चिनेनन्। कामको बोझले थिचिएर म उमेरसँगै ठूली हुनुभन्दा झनै सानी भएकी थिएँ। मेरो तुलनामा कविता अग्ली, मेच्योर र सुन्दर देखिन्थी। हाड र छाला मात्रकी म त त्यो भीडमा देखिँदा पनि देखिन्नथें र सायद आमा र कविता पनि म नदेखिएकै रुचाउँथे। आएको केही घन्टा बित्दानबित्दै मलाई यहाँ आएकोमा पछुतो लाग्न थालिसकेको थियो।

साँझमा निम्तो लिएर जाने बेलामा म पनि जान तम्सिएँ।

'तँ किन जानुपर्‍यो ?' आमाले कटुकर्ण वाणीमा भन्नुभयो।

'म पनि त हेरौँ मेरो हुनेवाला ज्वाइँको अनुहार।' मैले तटस्थ स्वरमा भनें। कविता र आमाले आँखैआँखामा मन्त्रणा गरे। अनि आमाले भन्नुभयो, 'भोलि देखिहाल्छेस् नि। तँ जेठी सासूले जान हुन्न निम्तो लिएर।"

'कसले मान्छ आजकल यस्तो कुरा ?' मैले आफ्नो जिद्दी छोडिनँ, 'म कविताको दिदी हुँ भनेर नभनौँला नि।' कविताको अनुहारको रङ फेरियो। मैले जिद्दी नछोडेपछि आमाले मलाई तानेर अर्को कोठामा लग्नुभयो अनि कविताको एउटा झिलमिले साडी लगाउन दिनुभयो। तर मैले त्यो लगाउन मानिनँ। अरू बेला भए मलाई कुनै आपत्ति हुन्थेन तर यति बेला म उनीहरूको व्यवहारले यति कुँढिएकी थिएँ– उनीहरूविरुद्ध जानुमा मलाई एक किसिमको खुसी महसुस भैरहेथ्यो। म आफ्नो त्यही पुरानो धुरानो लुगामै जान तयार भएँ।

बेहुलाको घर देखेर त झन् तीनछक्क परें म। साइडमा दुईवटा महँगा गाडीहरू पार्क गरिएका थिए। एक पटक त मेरी बहिनी यति राम्रो घरमा बुहारी भएर भित्रिदैं छे भनेर गर्व पनि लाग्यो। केटाका बाबुआमाले हाम्रो भव्य स्वागत गरे। कति राम्रो घर ! कति सुन्दर परिवार ! कति भाग्यमानी मेरी कविता ! मानौँ मेरो मनको सारा अपसोच र गुनासो पुछियो। केटाकी आमाले छोरा लिएर आइन्। म हेरेको हेरै भएँ। कति सुन्दर र सभ्य देखिन्थ्यो ऊ। कति आकर्षक व्यक्तित्व। तर...विगत दुई वर्षदेखि मैले मेरो कम्प्युटरको स्क्रिनमा, फेसबुकमा देखिरहेको भन्दा सर्वथा भिन्न।

'हजुरआमा मरेको दुई महिना पनि नपुग्दै बिहे गर्न मिल्छ तिम्रो कास्टमा, युबिन ?' मैले टीका थाप्न ठिक्क परेको उसको सामु गएर बिस्तारै भनें। उसको अनुहार विस्मातपूर्ण भयो। उसले आतङ्कित भावले मतर्फ हेऱ्यो। म व्यङ्ग्यपूर्वक मुस्कुराएँ।

'को युबिन ?' छेउमा बसेकी उसकी आमाले भनिन्, 'तिमी को हौ ?'

'तपाईंकै छोरालाई सोध्नुस्, उसले के भनेर चिनाउँछ। तर यदि मलाई सोध्नुहुन्छ भने, म तपाईंकी फेसबुके बुहारी, जोसँग तपाईंको छोरो विगत दुई वर्षदेखि बाँधिएको छ।' यति भनेर म फरक्क फर्किएँ र बाहिर निस्किएँ।

यत्रो धोका ? कति पतन भएको समाज यो ? केवल मन बहलाउन, फाइदा उठाउन कसैले म जस्तो सरल मन भएकी स्वास्नीमान्छेलाई यसरी प्रयोग पनि गर्न सक्छ ? तर फेरि टाठाबाठा कहाँ ठगिन्छन् र ? आखिर ठगिने त म जस्तै भावनात्मक सहाराको खोजीमा भौँतारिनेहरू नै त हुन् नि ! यदि घरपरिवारको साथ र सहयोग भएको भए म किन यसरी ठगिन्थें होला त्यति सहजै ? दुई शब्द माया र सहानुभूतिको सुन्न व्याकुल म उसका ती मन छुने मीठा कुराहरूमै मात्र किन बाँधिन्थें होला र !

'यो बिहे हुँदैन।' घरमा पस्नेबित्तिकै मैले घोषणा नै गरिदिएँ।

'होइन के भन्छे यो ?' आमाले मलाई तानेर अलि छुट्टै

कुनातिर लग्दै भन्नुभयो, 'बहुलाउन त बहुलाइनस् ?'

'मलाई अरू केही थाहा छैन, तर अब त्यो केटासँग कविताको बिहे हुँदैन ।'

'तँले भनेर ?' पछिपछि आएकी कविताले च्याँट्टिँदै भनी, 'एक डेढ वर्षदेखि हामी एकअर्कालाई चिन्छौँ, मन पराउँछौँ, यो कुरो आमालाई पनि थाहा छ। अब अहिले आएर तैँले भन्दैमा किन हुन्न मेरो बिहे ?'

'किनभने दुई वर्षदेखि ऊ मसँग फ्लर्ट गरिरहेको छ फेसबुकमा । तँलाई चिन्नुभन्दा पनि पहिलेदेखि मसँग बिहे गरेर सेटल हुने सपना देखाइरहेछ ऊ मलाई ।' नचाहँदानचाहँदै मेरो स्वरमा तिक्तता मिसियो, 'मेरो एक्लोपन र भावनासँग खेलाँची गरिरहेछ ऊ । मेरो रगत पसिनाले भिजेको कमाइमा मोज गरिरहेछ ऊ। सबैभन्दा असह्य के भने, मेरो पवित्र मनसँग लगातार बलात्कार गरिरहेछ ऊ ।'

'झूट !' ऊ कड्किई, 'युवराज बस्नेत जस्तो धनी मान्छेलाई पैसाको के खाँचो ? अनि म जस्तो गर्लफ्रेन्ड हुँदाहुँदै गर्छ होला नि खुबै तँसँग त्यस्तो कुरा ?'

'किन ? तँसँग गर्ने कुरा मसँग किन गर्न सक्दैन उसले ?' मेरो स्वर चिसो भयो ।

'ऐनामा आफ्नो अनुहार हेरेकी छेस् कहिल्यै ? कहीँ नपाएर तँसँग बिहे गर्छु भन्छ होला नि युबिनले ? मेरो राम्रो घरमा, राम्रो केटासँग बिहे हुन लागेको देख्न नसकेर भनेकी होस् तैँले । मलाई थाहा छ मेरो रिस...!' मैले कसेर एक चड्कन लगाएँ उसको गालामा ।

'तेरो रिस ? कुन कुरामा बेटर छेस तँ मभन्दा ? के छ तँमा रिस गर्न लायक ? तेरो यो चमकदमक ? त्यो मेरो पौरखको । तेरो डाक्टरको डिग्री ? त्यो पनि मेरो पसिना होइन रगत बेचेर कमाएको पैसाले आर्जेको । यदि तँसग यो सब नहुँदो हो त फर्केर हेर्ने पनि थिएन उसले तेरो अनुहार ।'

'चुप लाग् !' आमाले भन्नुभयो, 'यही गर्न आएकी तँ यहाँ ? हुन लागेको बहिनीको बिहे भाँड्न आएकी ?'

'अनि मेरो मन नि आमा ? यो त दुखेको मात्र होइन दुख्दादुख्दा कुहिसकेको छ बाबा बितेदेखि ।' मैले काँतर स्वरमा भने, 'कुनै दिन एकै पलका लागि मेरो मनको बारेमा पनि सोचेर हेर्नुभयो तपाईंले ? हेर्नुस् मलाई, यो मेरो जीउमा भएको लुगा त्यही हो, जुन यहाँबाट जानुअघि बाबाले किनिदिनुभएको थियो । आज दस वर्षपछि पनि त्यही लगाइरहेछु म । तपाईंहरूको यत्रो सान–सौकतको खर्च भर्न सक्ने मैले यदि चाहेको भए के गर्न सक्दिनथेँ आफ्ना लागि ? तर मैले त आजसम्म आफूलाई मन लागेको खानेकुरासुद्ध खान सकिनँ । आमा तपाईंहरूको रिन तिर्ने कोसिसमा मैले त बाँच्नै बिर्सिदिएँ तर मैले तपाईंहरूबाट साहनुभूतिको एक शब्द सुनिनँ ।' अनि म कवितातिर फर्किएँ, 'केही होइनस् तँ मेरो तुलनामा । किनभने अर्को सात जन्म कोसिस गरे पनि तँ म बन्न सक्दिनस् । मसँग जे छ, त्यो तँसँग कहिल्यै हुने छैन । त्यसैले मलाई तँसँग रिस गर्नुपर्ने कुनै कारण छैन । बाँकी तँ यदि त्यो केटासँग बिहे गर्छेस् भने खुसीखुसी गर, मेरो भन्नु केही छैन । तर त्योभन्दा पहिले यो सत्य सुनिराख्, युवराज बस्नेत चाहे जतिसुकै धनाढ्य किन नहोस्, जतिसुकै रूपवान् किन नहोस्, उसको र एउटी वेश्याको हैसियतमा केही अन्तर छैन आज मेरो नजरमा । फरक कति मात्र हो भने वेश्या शरीर बेच्छे, ऊ शब्द र भावना बेच्छ । तर सायद वेश्याहरू ऊभन्दा इमानदार हुन्छन् किनभने उनीहरू जोसँग पैसा लिन्छन् उसलाई इमानदारीपूर्वक शरीर सुम्पन्छन् । तर युवराज बस्नेतमा त त्यो इमानदारी पनि रहेनछ । त्यसैले त ऊ पैसा लिएर पनि मप्रति इमानदार हुन सकेन । भावना मसँग बाँडिरह्यो, शरीर तँसँग ...!'

'कुसुम !' आमा कड्किनुभयो तर म रोकिइनँ । पूर्ववत् कवितासँग भनिरहेँ, 'त्यो मान्छेले तँलाई चढाएको बाइक मेरो पैसाले किनेको, त्यसमा हालेको पेट्रोल मेरो पैसाको । तलाईं खाना ख्वाएको बिल तिरेको मेरो पैसाले । तँलाई फूल, गिफ्ट किनेर दिएको मेरो पैसाले । सायद तँलाई दिने औँठीसमेत मेरो पैसाले किन्यो होला उसले । किनभने केही हप्ताअघि मात्र मैले उसलाई हजुरआमाको मृत्युमा गाउँ जान लागेको भन्दा तीन लाख पठाएथेँ । मलाई थाहा छ, तिमीहरूलाई पत्यार लाग्दैन यो कुरा । त्यसैले म अस्ट्रेलिया पुगेर उसलाई पैसा पठाएको सारा रसिदहरू पठाइदिन्छु । अब पनि तँ आफूलाई ऊलायक र उसलाई आफूलायक सोच्छेस् भने मेरो भन्नु केही छैन ।' मैले आफ्नो ब्याग झिकेर ल्याएँ । आमा र कविता अझै मूर्तिवत् त्यहीँ उभिएका थिए । मैले आमालाई लक्ष्य गरेर भनेँ, 'मैले यस घरमा पाइला टेकेकोमा तपाईंहरूलाई जति अपसोच छ, त्योभन्दा कैयौँ गुणा बढी अपसोच छ मलाई । त्यहाँ हुँदा जेजस्तो भए पनि, सोच्नकै लागि सही, मेरो घर थियो, परिवार थियो तर घर आएर सर्वस्व गुमाएर, सर्वथा अनाथ र बेघर भएर फर्कंदै छु आज म ।' मेरो स्वर भक्कानियो, 'तर एउटा कुराको सन्तोष केमा छ भने, मैले बाबाको रिन मात्र होइन आमा ! तपाईंको दूधको भारा पनि चुक्ता गरिसकेकी रहेछु । अब म स्वतन्त्र छु । ऋणमुक्त अर्थात् उऋण भैसकेछु म ।' अनि म सदाका लागि बाहिर निस्किएँ ।

□

कथा

प्रतीक्षा ... अनि प्रतीक्षा

लक्ष्मी उप्रेती

'अनिमा तिमीलाई वर्षौंपछि भेट भएकाले झन्डै चिनिनँ मैले । तिम्रो हालखबर के छ ?'

'खबर के हुनु नि दिदी, ज्वाइँ विदेशमा आफू यता एक्लै भएकाले जिन्दगीदेखि पनि अत्यास लाग्न थाल्यो ।'

'किन नि ?"

'बेग्लाबेग्लै बस्दाबस्दा उमेर पनि बित्न आँटिसक्यो । अरूका लोग्नेस्वास्नी सँगै हिँडेको, हाँसेको देख्दा आफ्नो चैँ यस्तो दिन आउलानआउला जस्तो लागेर निरास हुन्छु ।'

'कति भयो अनिमा, ज्वाइँ जानुभएको ?'

'नौ वर्ष भैसक्यो नि दिदी । ज्वाइँ जाँदा छोरो दुई वर्षको थियो । छोरी भर्खर जन्मिएर म सुत्केरी भएको थिएँ । अहिले छोरो सात कक्षामा र छोरी चार कक्षामा पढ्दै छन् । अनि भन्नु त कति दिन एक्लै बस्नु मैले ?'

'ज्वाइँ जानुभएको यत्रो वर्ष भएछ । उहाँको ग्रीन कार्ड भैसकेन र ?'

'ग्रीन कार्ड त गएको केही महिनाभित्रमा नै भैगयो नि दिदी ।'

'आफ्नो परिवार लैजान मिल्छ होला नि, ग्रीन कार्ड भैसकेपछि होइन र ?'

'उहाँले सिटिजनसिप पाएपछि मात्र हामीहरूलाई जान सजिलो हुने गरी मिल्छ अरे । उहाँ त्यसैको प्रोसेसमा लाग्नुभएको छ ।'

'ए, अनि गएदेखि कति पटक आउनुभयो नि ज्वाइँ ?'

'तीन वर्षअघि एक महिनाका लागि बल्ल आउनुभएको थियो गएदेखि । त्यसभन्दा पहिला के हुने हो भन्ने डरले आउनुभएन ।'

'त्यसो भए अब केही न केही भैहाल्ला नि ! किन निरासिन्छ्यौ ? यत्रो वर्ष त धैर्य गरेर बस्यौ भने अब किन आत्तिनु ! मेरो पनि त हेर न, दुवै छोरीहरू होस्टलमै छन् । भिनाजु प्रोजेक्टको कामले काठमाडौँ बाहिर गैरहनुपर्छ । प्रायः एक्लै हुन्छु म पनि अनिमा ।' उनलाई सान्त्वना दिने भाव प्रकट गर्दै बैठकको च्याकबाट एलबम झिकेर उनका हातमा राखिदिएँ । त्यसपछि चिया बनाउन म भान्छामा पसेँ ।

अनिमा मेरी साथी अनिताकी बहिनी हुन् । बी.ए. पढ्दापढ्दै अनिताभन्दा पहिला उनले आफैँ सुटुक्क प्रेमविवाह गरेर श्रीमान्को घर धनकुटा गइन् । त्यसपछि उनले पढाइ नै छाडिन् । आफूखुसी त्यसरी बिहे गरेकोमा त्यस बेला माइतीहरूसँग उनको सम्बन्ध चिसिएकोले हामीसँगको सम्पर्क त्यसै बेलादेखि टुट्यो । तर अचानक आज मेरा छोरीहरू पढ्ने स्कुलको अभिभावक दिवसको कार्यक्रममा उनीसँग भेट भयो । उनका छोराछोरी र मेरा छोरीहरू यही स्कुलको छात्रावासमा सँगै बसेर पढ्ने भएकाले हाम्रो भेट्ने सन्जोग जुट्यो । धेरै वर्षपछि भेट भएको यो सन्जोग, सुखद भएकाले आजको दिन सँगै बसौँ न भनेर उनलाई मेरो घरमा लिएर आएँ । घर आइपुग्नासाथ हामी थकाइ मार्न बरन्डामा बस्यौँ । अनि कुरा गर्न थालेको त कुराको सुरुमा नै उनले निराशा व्यक्त गरिन् ।

अनिमा यस बेला बत्तीस वर्षकी भइन् होलिन् । प्रेम गरेर बिहे भएको चार वर्षपछि नै श्रीमान्सँग अलग्गिएर बस्नुपर्दा निरासिन थालिछन् बिचरी ।

हुन पनि त हो नि उमेरमा लोग्नेस्वास्नी बिछोडिएर बस्नुपर्दा दुवैलाई कति छटपटी भयो होला ! उनको मनोदशा देखेर मलाई च्वास्स छोयो । मेरो मानसपटलमा विगतका स्मृतिहरू टाँगिन थाले । सम्पन्न परिवारमा प्रेमविवाह गरेको चर्चा परिचर्चा त्यस बेला खुब हुन्थ्यो । त्यसपछि त ममा कौतँहलको अनौठो छटपटी सुरु भयो । मनै मनले प्रश्न गर्न थाल्यो आफैँसँग, 'सम्पन्न परिवार भएको भए भर्खर सुत्केरी भएकी स्वास्नी र बालक छोरोलाई छोडेर अमेरिका किन जानुपर्थ्यो होला ? के पढ्नलाई नै यत्रो वर्ष ...?'

चियाको पानी उम्लिएझैँ मनमा अनेक तर्कनाहरू उम्लन थाले । कहाँबाट कहाँ पुग्न थाल्यो मन । अनिमालाई कसरी सोधौँ भनेर सोच्दै दुईवटा अम्लेट पनि बनाएँ । अनि

चिउरा, भुजिया र अम्लेट राखेको दरो नास्ताको दुइटा प्लेट र दुई कप चिया ट्रेमा राखेर बरन्डामा निस्किएँ ।

एलबमहरू टेबलमा नै असरल्ल पारेर अनिमा परपर क्षितिजमा आँखा डुलाउँदै के सोच्दै एकोहोरिरहेकी रहिछिन् । मैले टेबलमा ट्रे राख्दा झल्याँस्स भएर मुस्कुराउँदै सहज हुन खोजिन् ।

जमिनमा खुम्चिएर ठडिएका काठमाडौँका घरहरूमा फूलप्रेमीहरूले आफ्नो रहर पूरा गर्न बरन्डा र छतको छेउकुनामा मिलाएर गमलामा रोपेका सिजनअनुसारका फूलहरू ढकमक्क फुलेका छन् । फूल फुल्दा कति सुन्दर देखिन्छ, तर फूल पनि त ओइलाउँछ, झर्छ । ओइलाउने, झर्ने जीवनको कसले वास्ता गर्छ र ?

झरीवर्षा सकिएर जाडालाई स्वागत गर्न उग्रिएको काठमाडौँको आकाश । असोज–कात्तिकमा त झन् सयपत्री र मखमली फूलले रङ्ग्याउँछ काठमाडौँलाई । फूलको जीवन जस्तै हाम्रो जीवन पनि सधैँ सुन्दर हुने भए दुःखको के अर्थ, सुखको के मजा ?

नटुङ्गिने सडकहरू, गल्ली र गल्छेडाहरू कति रहस्यमय छन् । बरन्डाबाट नै म जस्तै जिज्ञासु भएको काठमाडौँलाई एक पटक हेरेँ । क्षितिजमा टाँगिएको नीलो आकाशमा पोतिएका सेता बादलका अनेक आकृतिहरूमा आकर्षित हुँदाहुँदै मेरो दृष्टि अनिमातिर फर्कन्छ र 'ज्वाइँ के गर्नुहुन्छ अमेरिकामा' भन्ने वाक्य अचानक निस्कन्छ ।

'एउटा रेस्टुरेन्टमा काम गर्नुहुन्छ ।' छोटकरीमा उत्तर दिन्छिन् उनले ।

'नास्ता लेऊ अनिमा !' कुरा गर्ने सहज वातावरण बनाउँदै मैले भनेँ । अनि दुवैले नास्ता खाँदै कुरा अगाडि बढायौँ ।

'अनिमा, तिम्रो पारिवारिक अवस्था पनि सम्पन्न नै छ, ज्वाइँको राम्रो जागिर छ भन्ने सुनेकी थिएँ नि मैले त ।'

'हो नि दिदी, खानलाउन पुग्ने राम्रो अवस्था थियो । पुर्ख्यौली जमिनदार त्यसमा भएन ज्वाइँको पनि सरकारी जागिर । हामीलाई सुख थियो । तर ...।'

'तर ! किन तर...? भन न !'

'हैन दिदी, कमाउनै भनेर त जानुभएको हैन नि उहाँ त ।'

मेरो मन झन् आन्दोलित भयो । 'अनि त्यसो भए किन त ?' सोधिहालेँ ।

मेरो यस्तो कुरा सुनेर लामो सास लिँदै उनी बहकिन थालिन्, 'जनयुद्धको सन्त्रासपूर्ण अवस्थाका कारण ज्वाइँले बिदेसिन बाध्य हुनुपर्‍यो । नत्र उहाँको जीवन नै खतरामा परेको थियो ।' बोल्दाबोल्दै अवरुद्ध भइन् अनिमा ।

उनका भावहरू मैले बुझिनँ । अहँ, ठ्याम्मै बुझिनँ । म स्तब्ध भएँ । वरिपरि नै चकमन्न भएको आभास भयो ।

पश्चिमी क्षितिजमा घाम डुबेपछि पहेँलो साँझको दृश्य निकै मनमोहक देखिएको छ । पर अग्लाअग्ला रूखले घेरेर चिटिक्क पारेको मैदानभित्रका फलेँचामा बसेर मानिसहरू प्रसन्नताका साथ दुखसुख साटिरहेका छन् । आकाश मार्गमा उडिरहेका चराहरू रूख, बादल, आकाश हुँदै माथिमाथि हराउँदैबिलाउँदै छन् । प्रकृतिका सबै अवयवहरू सुन्दर देखिन्छन् तर त्यहाँ पनि कमी त अवश्य नै छन् होला । त्यस्तै मानिसको सुन्दर जीवन पनि कुनै न कुनै दुखको भुमरीमा परेकै हुन्छ । मनमनै कति धेरै कुराहरू सोचेर बहकिन पो थालेछु म त । अनिमाले 'कहाँ हराउनुभयो दिदी तपाईं त !' भन्दा पो फिस्स हाँस्दै 'तिमीलाई सोचेर नि अनिमा । यदि तिमीलाई मेरो विश्वास छ र भन्न मिल्ने कुरा भए तिम्रा कुराहरू भन मन हल्का हुन्छ । यहाँ तिमी र म मात्रै छौँ । तिम्रो मनका वह सुनाऊ । जसले तिमीलाई सधैँ अशान्त पारिरहन्छ । ज्वाइँ बिदेसिनु नै पर्ने त्यस्तो के बाध्यता आइलाग्यो ?'

'दिदी, त्यो बेलाको स्थिति सम्झूदा पनि कहाली लाग्छ । जनयुद्धमा लाग्ने दुवै पक्षका योद्धाहरूले दिनसम्म दुख दिए ज्वाइँलाई । अन्ततः विद्रोहीपक्षबाट ज्यान मार्ने धम्की आयो । त्यसपछि उहाँलाई 'बिदेसिएर भए पनि आफ्नो ज्यान जोगाउनू' भन्ने तिनै विद्रोहीसमर्थक शुभचिन्तकहरूको सल्लाहले बिदेसिन बाध्य हुनुभयो ।'

उनका कुरा सुनेर म झसङ्ग भएँ । जीउभरि सर्र काँडा उम्रिए । द्वन्द्व कस्तो बीभत्स हुँदो रहेछ । इतिहासको एउटा कालखण्ड जनयुद्धले निम्त्याएको निर्लज्जताको पराकाष्ठा सबैले भोगे आआफ्नो ढङ्गले ।

लगभग त्यही समयको कुरा हो मेरी साथी रमिताको बी.कम.पढ्दै गरेको छोरो एक दिन कलेज जान हिँडेको आजसम्म फर्किएन । स्कुलकी शिक्षिका बिचरी रमिता आजसम्म पनि छोरो आउँछ भन्ने आशामा नै अल्झिरहन्छिन् । उनको छोरो त कहाँ गयो, के भयो थाहा छैन, तर रमिताले आफ्नो मानसिक सन्तुलन नै गुमाएकी छन् ।

त्यस्तै अर्को घटनाले पिरोल्छ मलाई । यहीँ नजिक छिमेकमा घर भएको पुलिस इन्स्पेक्टरको आफ्नै घरको आँगनमा भएको हत्या । हरे ! छुट्टीमा घर आएका इन्स्पेक्टरलाई बिहानको खाना खाने बेलामा अपरिचित दुई युवकले आँगनमा बोलाए । भित्रबाट आँगनमा निस्कँदै गरेका इन्स्पेक्टरलाई क्षणभरमा ती युवकहरूले गोली हानेर मारे ।

रगतको दहमाथि निचेष्ट उनको शरीर ढलिरहेको त्यो घटनाले मलाई यस बेला पनि अत्याउँछ।

कस्तो नि ! मानिसको मानिस नै वर्गशत्रु। पुलिसले विद्रोहीलाई देख्न नहुने, विद्रोहीले पुलिसलाई। दुवैको मारमा पर्ने सर्वसाधारणहरू सधैँ त्राहिमाम भएर अचकल्टो बाँच्नुपर्ने त्यो समयको बाध्यता।

जसरी समय आफ्नै गतिमा बगिरह्यो त्यसरी नै जीवन पनि दुखिरह्यो। हार र जितको युद्ध अन्ततः समयले टुङ्ग्यायो, तर देश र जनताले जिते कि हारे थाहा भएन। जसले जिते पनि, हारे पनि कुरो त उही शक्ति र पदमा ठोक्किने रहेछ। कस्तो विडम्बना हरे, नेपाल र नेपालीको !

देशमा जेजस्तो परिस्थिति आए तापनि जीवनको माया त सबैलाई नै भैहाल्छ नि। सङ्कट पर्दा जीवन बचाउन जसले पनि अन्तिम समयसम्म हरेक जुक्ति अपनाउँछ। त्यहीअनुरूप उपर्युक्त स्थानमा पुगेर श्रीमान् सुरक्षित हुनुभएकोमा त अनिमा ढुक्क भएकी रहिछन्। तर आपत् पऱ्यो भन्दैमा अमेरिका जान कसरी ...? अरे त्यति सजिलै भिसा...? भन्ने प्रश्नले मलाई चिमट्यो र सोधेँ, 'अनि, भन्नेबित्तिकै भिसा लाग्यो त ज्वाइँको ?'

त्यस बेला अनिमाको आकृति प्रफुल्ल भावमा सलबलायो। उनी मुसुक्क हाँसिन् र, 'दिदी, भिसा लाग्ने निश्चित नै जस्तो एउटा चुनौतीपूर्ण सन्जोग जुट्यो त्यस बेला। गाउँमा एउटी छिमेकी बैनीलाई डी.भी. परेको थियो। उनी आर्थिक अभावका कारण जान नसक्ने अवस्थामा थिइन्। हामीले एउटा सर्त राखेर उनलाई जान पुग्ने खर्च जुटाइदियौँ। हाम्रो सर्तमा उनी पनि मन्जुर भइन् अनि पो लाग्न सक्यो त भिसा।'

'नातासम्बन्ध दरो नभई छिमेकी बैनीलाई परेको डी.भी.को आधारमा अमेरिकन राजदूतावासले ज्वाइँलाई भिसा दियो त अनिमा ?' बिनाप्रमाण कुनै प्रकारको सम्झौता नगर्ने कडा नियमकानुन भएको निकायले त्यस्तो सजिलै भिसा दियो भन्दा पत्याइनू र उनलाई प्रश्न गरेँ।

'त्यतिकै कहाँ हुनु नि दिदी, ती बैनी र ज्वाइँको अदालतमा लगेर कागजी बिहे गरिदियौँ। अनि कानुनी रूपमा उनीहरूको नाता लोग्ने र स्वास्नीको भयो। त्यसपछि ज्वाइँको भिसा सजिलै भयो।' स्पष्ट हुने गरी उनले भनेका यो कुरा सुनेर म एकै पटक छागाँबाट खसेँ।

'लोग्नेस्वास्नीको नाता उनीहरूको भयो ? यो के भनेकी तिमीले ?' बल गरेर उनलाई सोधेँ।

'हो नि दिदी !' हाँस्दै सहजताका साथ उत्तर दिइन् उनले।

'हत्तेरिका अनिमा के भनेकी तिमीले ? अनि ऐले उनीहरू...?'

'त्यहाँ गएको तीन वर्षपछि फेरि कानुनी रूपमा ज्वाइँको र उनको सम्बन्धविच्छेद भयो। त्यसपछि उनी नेपाल आइन् र आफ्नो प्रेमीसँग बिहे गरिन्। अनि उनीहरू दुवै जना उतै गएर घरजम गरेर बस्न थाले। ज्वाइँ, ज्वाइँका बैनीहरूकामा हुनुहुन्छ। उनीहरूसँग ज्वाइँको भेटघाट नै हुँदैन।'

जीवनजति कठिन छ त्योभन्दा पनि बढी रहस्यमय छ। के यसरी पनि जीवनका सम्बन्धहरू सजिला होलान् त ? समाधानहीन समस्याले भित्रभित्रै ग्रसित बनाउँछ। एकातिर जोडिँदै जान्छु, अर्कातिर चुँडिँदै जान्छु। मनमनै सोचेँ, 'अनिमा सिङ्गो आगो निलेर बाँचेकी रहिछिन्। प्रेम गरेर बिहे गरेको लोग्नेलाई कानुनी रूपमा अर्काको लोग्ने बनाएर त्यति टाढा आफूले नदेख्ने ठाउँमा पठाउन सक्ने उनको विश्वासले म कुन्नि कस्तो अचल र शून्यवत् भएँ अहिले। के यिनी यस्तै गम्भीर नै हुन् वा यिनलाई जीवनपीडाले भोगाएको समयको दर्शन हो।'

उनको अनुहार पढ्न खोजेँ। अहँ सकिनँ। अनेकन् कुराहरू सोच्दासोच्दै उनलाई हेरेँ, उनलाई बुझ्न सकिनँ।

साँझ पर्न लागेका छ। कफीको तलतल लाग्यो। अनि 'अनिमा अब त काठमाडौँमा साँझपख चिसो हुन थालिसक्यो। हिँड भित्रै बैठकमा बसौँ। म कफी बनाएर ल्याउँछु है !' यति भन्दै भित्र लागेँ।

चराचुरुङ्गीहरू बास बस्न आफ्नो गुँड छेउ भुरभराउँदै छन्। दिनभरि मौन रहने छिमेकीको घरबाट निस्किएको कल्याङकुलुङको आवाज खुल्ला भ्यालबाट अस्पष्ट सुनिन्छ। अनेक मोडलका वाहनहरू तीव्र गतिले सडकमा गुडेका गुड्यै छन्। सडकपेटीमा मानिसको ओहोरदोहोर उस्तै छ। यो काठमाडौँमा मानिसहरू पनि कति हुन् कति ! आआफ्नो उद्देश्य लिएर देशभरिबाट मानिसहरूको काठमाडौँमा ओइरिने क्रम बढ्दो छ। यस्तै चाहिनेनचाहिने कुराहरू सोच्दै बनाइसकेको कफी दुईवटा कपमा राखेर बैठकमा आएँ।

कफी पिउँदै 'आफू सुत्केरी भएर थलिएको बेला आफ्नो लोग्नेलाई अर्कै केटीसँग कानुनी रूपमा बिहे गर्ने अनुमति दिन कसरी सक्यौ बैनी तिमीले ? तिमीलाई डर लागेन आफ्नो लोग्ने कतै...?' बोल्दाबोल्दै म अड्किएँ।

'डर त लाग्यो नि दिदी, तर त्यो डरभन्दा मृत्युको डर डरलाग्दो देखेँ। त्यस बेला केही दिनअगाडि मेरो घरछेउमा छिमेकी बाको हत्या गरी खेतमा फ्याँकेको लास...! मृत्युलाई नजिकबाट देखेको घटनाले जस्तै डर पनि सहन तयार भएँ।' लामो सास लिँदै एकछिनमा फेरि भन्न थालिन्, 'त्यसैले दिदी,

मृत्युको भयबाट तर्सिएर लोग्नेको जीवनरक्षाका लागि तत्काल अरू कुनै उपाय नै भएन र त्यसो गरेँ। उहाँको जीवनभन्दा प्यारो मेरा लागि अरू केही थिएन।' बोल्दाबोल्दै आँखा चिम्म गरेर के सोच्न थालिन्। वाल्ल परेर उनको जीवनले भोगेका वेदना, सन्त्रास र सङ्कटका यावत् घटना सुनिरहेँ।

'तर दिदी, हजुरले भनेजस्तो जतिसुकै माया र विश्वास हुँदाहुँदै पनि जब उहाँका साथमा अर्कै केटीलाई कानुनी रूपमा स्वास्नी बनाएर आफैँले टीका लगाई 'शुभयात्रा' भनेर बिदा गरेँ नि, त्यो दिन मलाई असह्य छटपट भयो। त्यस बेला कति दिन, कति रात सुत्केरी कुनामा अविश्वास र ईर्ष्याको विष पिएर छोरीलाई सुमसुम्याउँदै रोइरहेँ। आफ्नो लोग्ने र ती बैनीबीच हुन सक्ने सम्बन्धको अनेक कल्पना गर्दै पलपल मर्दै बाँचेकी थिएँ म। जबसम्म त्यहाँ गएर कानुनी रूपमा उनीहरूको सम्बन्ध विच्छेद भयो भन्ने कुरामा आश्वस्त भइनँ तबसम्म कानुनी नातामा जोडिएको उनीहरूको कसीलाई नाप्दै पीर–ईर्ष्याको ज्वालामा दन्किरहेँ।' भावनामा बहकिएर आफ्नो जीवनको नमीठो अनुभव सुनाउँदासुनाउँदै अनिमा सुँकसुँकाउन पो थालिन्।

उनका कुराले आहत भएँ म। मेरो बोली भित्रै अड्कियो। 'नारीजीवनको चरम दुख र वेदना पचाएर बाँच्न सक्ने सङ्घर्षको कहानी हो। जसलाई सुन्न नारीले पनि मन थाम्न सक्नुपर्छ।'

औंसीको कालो रातले यसबेला काठमाडौँलाई सिनित्त निलेको छ। घरघरबाट निस्केको बिजुली बत्तीको उज्यालो टहक पिलिक–पिलिक छचल्किँदै बलेको देखिन्छ परपरबाट पनि।

'ए आठ पो बजिसकेछ।' मौनता भङ्ग गर्दै उठेर भान्छामा पसेँ। एकछिनपछि उनी पनि भान्छामा नै आइन् र 'के गरौँ दिदी म ?' भन्दै डाइनिङ टेबलछेउको कुर्सी तानेर बसिन्।

उनका अगाडि केलाउन ठिक्क पारेको तरकारी राखिदिएँ र काम गर्दै अरू कुरा अगाडि बढाएँ।

'गएको कति समयपछि सम्बन्धविच्छेद भयो अनिमा उनीहरूको ?'

'झन्डै तीन वर्ष नै लाग्यो नि दिदी।'

'दुई जनाकै सहमतिमा पनि त्यत्रो समय किन ?'

'गएको दुई वर्ष नपुगी त्यहाँको कानुनमा सम्बन्धविच्छेदको उजुरी त दर्ता हुँदैन अरे।'

'त्यतिन्जेल त्यो केटी कहाँ बसी, अनि ज्वाइँ कहाँ ... ...?'

'त्यसो त दिदी मेरा दुइटै नन्द पहिलादेखि नै अमेरिकामा हुनुहुन्छ नि। उहाँहरूकै सल्लाहअनुसार ज्वाइँ त्यसरी जानुभएको। ज्वाइँ गएदेखि नै बैनीहरूकामा बस्नुभयो। डी.भी. परेर गएकी ती बहिनी त नन्दहरूको सहयोगले केही दिनमा नै व्यवस्थित भइगइन् नि। ज्वाइँको चैँ त्यतिन्जेल कमाएको पनि छोडपत्रको केसमा खर्च भयो। त्यो झन्झट सकिएपछि सिटिजनको झन्झटमा लागेर दिक्क पर्नुभएको छ। अब नेपाल नै फर्कनू, यतै दुखसुख गरेर बसौँला, भन्दा उहाँ उतैको आकर्षणमा भुल्नुभएकाले होला सिटिजनकै पछि लागेर यत्रो समय बितिसक्यो। यसो सोच्दा उहाँ आएर के गर्नु र फेरि। अझै देशमा शान्ति छाएको छैन। देशको परिस्थिति यस्तो डामाडोल छ। उहाँले आफ्नो जागिर नै छाडेर जानुभएको हो। त्यस बेलाको परिस्थितिमा अलिअलि गर्दै जमिनहरू सस्तो मस्तो बेचबिखन गरियो। फेरि सुरक्षित नै होइन्छ भन्ने कुनै निश्चित पनि त छैन नि।' सशङ्कित भावमा एकोहोरो बहकिरहेकी थिइन् उनी। उनको मोबाइलमा घण्टी बज्यो। हत्तपत्त ब्यागबाट मोबाइल झिकिन् र कल रिसिभ गरेर रहस्यमय दृष्टि मतिर फाल्दै बाहिरिइन्।

मैले हतारहतार गरेर खाना बनाइसकेँ। उनको भित्र आउने चालचुल छैन। यसो हेरेको त उनी बरन्डामा निस्किसकेकी रहिछिन्।

'यति राति कोसँग कुरा गर्न बाहिर निस्क्यौ नि तिमी ?' ठट्यौली शैलीमा उनलाई जिस्क्याउँदै म बरन्डामा निस्किएँ। उनी त फोनमा कुरा गरिसकेर कुर्सीमा शिथिल भएर बसेकी रहिछन्। उनका आँखाबाट आँसुका धारा अविरल बगिरहेका थिए। उनको यस्तो गति देखेर म डराएर ढोका बाहिर अचल भएर ठिङ्ग उभिएँ। ढोकामा म उभिएको देखेर अनिमा जुरुक्क उठिन् र ध्याप्प अँगालो मार्दै घुक्क घुँक्क रुन थालिन्। उनलाई अँगाल्दै उनको पिठ्यूँ सुमसुम्याएँ। अनिमाको यस्तो अवस्थाले निकैबेरसम्म मेरो बोली नै हराएझैँ भयो।

एकछिन पछि उनले नै आफ्नो टाउको उठाएर, 'दिदी, ज्वाइँको सिटिजन यस पटक पनि भएनछ। यस पटकको कोसिसमा पनि सिटिजन बन्न नसक्दा ज्वाइँसमेत खिन्न हुनुभयो। आज बढो क्लान्त भएर फोनमा कुरा गर्नुभयो। उहाँको विचलित भाव सुनेर केही भन्न सकिनँ मैले। अब के गर्नु दिदी ? कति दिनसम्म पर्खनु ! उता उहाँलाई हैरान, यता मलाई दिक्दारीले पिरोलेको पिरोलै छ। यो प्रतीक्षाको अन्त भएर मिलनको क्षण आउन सक्ला र दिदी मेरो जीवनमा ?' भन्दै दुई आँखाबाट बलिन्द्र आँसुका धारा बगाउन थालिन्।

उनको यस्तो बिलौना सुनेर म अचल भएर चुपचाप त्यही उभिरहेँ मन दुखाउँदै। बस उभिरहेँ। उनी रोइरहिन्, रोइरहिन्।

□

कथा

खाली

दिनमान गुर्मछान

बजार किनकिन अस्तव्यस्त देखिन्थ्यो । रिक्सा भने कमै चलेको थियो ।

'रिक्सा खाली हो ?' रिक्सा कुदाउँदै गरेको एउटालाई प्रश्न आयो । रिक्सा हेर्दा खाली कुदिरहेको थियो अर्थात् चालकको पैतालाले पाइडल घुमाइरहेको थियो ।

चालकले प्रश्नकर्तालाई भनेको सुनियो, 'छैन ।'

गजब उत्तर थियो । सुनेर ऊ चकित भएको प्रस्ट देख्न सकिन्थ्यो । उसले रिक्सा चालकलाई रोक्दै भन्यो, 'खाली नै त छ । यति त लगिदेऊ । त्यही परसम्म हो ।' उसको अनुनय–विनयको त्यहाँ कुनै प्रभाव परेको देखिएन । रिक्सा आफ्नै गतिमा गुड्दै अघि बढ्यो ।

बजार एक किसिमको तनावबाट गुज्रिरहेको थियो । यात्रुहरू बसबाट ओर्लिनासाथ सामानको भारी ओरालेर रिक्सा, ठेलागाडा खोज्दै गरेका हुन्थे । संवाद त्यही दोहोरिएको सुनिन्थ्यो । वास्तवमै सामान ओसारपसारमा कठिनाइ उत्पन्न भएको थियो । भारी बोक्ने भरियाहरू सीमित मात्रामा देखिन्थे । उनीहरू पनि बोक्न मान्दैनथे । बोक्नेहरू भारी रकम लिन खोज्थे । मोलमलाइमा कुरा मिलेपछि मात्र बोक्थे । तर त्यसले रिक्साको ठाउँ लिन भने सकेको थिएन । भारी बोकेर लानु भनेको धेरै समय लगाउनुहुन्थ्यो । बोकेर लानुभन्दा रिक्सा, ठेलागाडामा लानु सजिलो र समयको बचत हुन्थ्यो । यात्रुहरू त्यही मौकाको खोजीमा देखिन्थे । बजारमा पसले साहूहरू पनि आफ्नो सामान ओसार्न व्यस्त थिए । यस्तो व्यस्ततामा भरिया भेटिनु पनि मुस्किल थियो ।

आज रिक्सा, ठेलागाडाको जिल्ला अधिवेशन रहेछ ।

चर्को घामको तापमा वातावरण उकुसमुकुस थियो । धनबहादुर रिक्सा डोऱ्याउँदै लुखुरलुखुर हिँडिरहेको देखियो । मनमा अनेक थरीका कुराहरू खेलाइरहेको अनुहारमा देखिन्थ्यो । चिन्तित मुद्रामा उसले रिक्सा डोऱ्याएको आश्चर्यजनक र द्विविधापूर्ण देखिन्थ्यो । रिक्सा डोऱ्याउनुको साटो गुडाउन पनि सकिन्थ्यो । तर ऊ आफू हिँड्दै रिक्सा डोऱ्याइरहेको थियो ।

'रिक्सा किन्दाको ऋण तिर्न सकिनँ । कहिले तिर्ने होला ?' पाइडलमा पैताला परेको थिएन । ऊ मनमनै कुरा खेलाउँदै हिँडिरह्यो । बाटोमा कतिलाई भेट्यो थाहा पाएन । जानुपर्ने ठाउँतिरै अघि बढ्यो । अनुहारमा गम्भीरताका बादल मडारिरहेको देखिन्थ्यो । बिहान घरबाट निस्कँदा स्वास्नीचाहिँले भनेकी थिई, 'भरे त जसरी भए पनि एक किलो मासु लिएर आउनू । छोराछोरीले सारै आस गरेका छन् ।'

उसको कानमा अहिले पनि ठोक्किएको भान हुन्थ्यो । हुन्छ भनेको थियो । उसले यतिखेर बिहानको घटनालाई मस्तिष्कमा खेलाइरह्यो । हिँड्न त ऊ बिस्तारै हिँडिरहेको थियो, तर मनको भारी लिएर । रिक्साको ऋण तिर्न नसकेको कष्टले मन भतभती पोलिरहेछ । पाइताला भने निरन्तर अघि बढाउँदै रिक्सा डोऱ्याइरहेको थियो ।

'रिक्सा खाली हो ?' अकस्मात् कसैले बोलाएको आवाज धनबहादुरको कानमा ठोक्किन पुग्यो । उसको एकाग्रता भङ्ग भयो । ऊ केहीबेर अकमकियो । बोल्नेतिरै एक नजर दौडायो । भन्न खोज्दाखोज्दै धनबहादुरको कानमा हिजो मात्र जिल्ला रिक्सा सङ्गठनको अध्यक्षले भनेको कुरा गुन्जियो । 'भोलि ठीक समयमा जिल्ला अधिवेशनमा आउनू । रिक्सा लिएर सबै जना च्यालीमा जाने । कसैले भाडामा रिक्सा चलाउने छैन ।'

'मन लागिनलागी भन्यो, छैन ।'

'खाली नै छ त । अलिकति सामान लगिदेऊ न ।' त्यो मान्छेले फेरि पनि भन्यो । झन्डै रिक्सा नै समायो ।

'होइन हजुर मिल्दैन । आज रिक्साको जिल्ला अधिवेशन छ । च्यालीमा जानुपर्छ । त्यसै त ढिला भएको छ । ढिला भएमा जरिवाना तिर्नुपर्छ ।' धनबहादुर बोल्यो । उसले यथार्थता छर्लङ्ग पार्न चाहेर त्यसो भन्यो । अनि रिक्सा हतारहतार गरेर डोऱ्याउन थाल्यो । ऊ चाहन्थ्यो त्यस

ग्राहकदेखि अलि छिटै टाढा हुन। अब उसलाई अधिवेशनस्थल पुगेर हाजिरी दिने हतारोले गाँज्यो।

अनुहारमा तरतरी पसिना बग्न थालेको चाल पाउँदा ऊ बजारको मध्यभागमा आइपुगेको थियो। गर्मी निक्कै बढेछ। सोच्दै उसले पसिना पुछ्यो। पानी तिर्खा लागेको थियो। तर आफूसित पानी नल्याएकोले उसले त्यति वास्ता गरेन। ऊ अघि बढ्दै गयो।

सात वर्षअघि आउँदा ऊसित काम थिएन। काभ्रे जिल्लाको कोसीपारि सल्ले भन्ने ठाउँको मूलाबारी गाउँबाट आएको थियो। द्वन्द्वकालको द्विविधाग्रस्त समयले गर्दा गाउँमा बसिनसक्नु भएकाले ऊ सपरिवार बनेपा बजारमा आएको थियो। आउनासाथ एक महिनासम्म अर्काको घरको भाँडा माभ्ने, लुगा धुने काम उसकी स्वास्नीचाहिँले गरेकी थिई। ऊ भने होटलमा भाँडा माभ्थ्यो। जसोतसो गुजारा चल्थ्यो। द्वन्द्वपीडित भएकै कारणले सहरमा धेरै नै अपहेलित जीवन बाँच्नुपरेको थियो। राम्रो ज्याला कसैले दिँदैनथे। गाउँबाट विस्थापितहरूको ओइरो लागेको थियो सहरमा।

एक महिनापछि उसलाई कामबाट निकालियो। साहूजीसामु आफ्नो ज्याला अलिकति बढाइदिन आग्रह गर्दा उसले यस्तो सजाय पाएको थियो। अपहेलना र तथानाम भनेको सुनेर ऊ दुखित हुँदै कोठामा फर्केको थियो। त्यसको दुई महिनासम्म उसले कुनै काम पाएको थिएन। स्वास्नीचाहिँले भाँडा माभेर र लुगा धोएर पाएको कमाइले दुई महिना चिउरा र नुनसित पानी पिउँदै एक छाकले टारेका थिए उनीहरूले।

एक दिन एउटा साइकल पसलमा पुगेपछि धनबहादुरको भाग्य खुल्यो। मधेसीमूलको एक जना साहूले खोलेको साइकल पसलमा उसले काम पायो। नयाँ साइकल फिट गर्नु, पुरानो बनाउनु, पन्चट टाल्नु उसको नियमित काम थियो। साहूले पनि उसलाई राम्रै पारिश्रमिक दिएको थियो। त्यसैबाट उसको राम्रो गुजारा भइरहेको थियो। अब ऊ छोराछोरीलाई समेत विद्यालयमा पढ्न पठाउन सक्ने भएको थियो। राम्रै स्कुलमा पढ्न पठायो।

'देशमा आमूल परिवर्तन भइसकेको थियो। गणतन्त्रको अभ्यासमा लाग्दालाग्दै तराईमा एउटा जनविद्रोह दन्कियो। सम्पत्ति हुनेहरूको उठीबास हुन थाल्यो। भन्न त पहडियाहरूसँगको हाम्रो विद्रोह हो, हाम्रो खोसिएको अधिकार खोस्नुपर्छ भन्थे। तर आफ्नै तराईमूलका मधेसी, पहाडी दुवै सिकार भएका थिए। त्यसै बेला साइकल साहूको घरमा समेत लुटपाट मच्चियो। मेरो घर त खण्डहर नै बनाइदिए', उनी भन्थे। ऊ आफ्नो पसल बन्द गरेर तराईतिरै फर्कियो। पहाडतिर बसेकोले नै उसको घरमा लुटपाट मच्चाइएको थियो। तराई झर्न पहिलेदेखि नै दबाब भने आएको थियो।

जाने बेला साहूले भन्यो, 'धनबहादुर। तिम्रो सहयोगले राम्रो भएथ्यो। दैवको लीला यस्तै रहेछ। मेरो भागको यहाँको बसाइ सकियो। अब म जान्छु। तिमी रिक्सा चलाऊ, कतै ऋण गरेर भए पनि।'

धनबहादुरले ऋण गरेर रिक्सा चलाउन थालेको पनि एक वर्ष भएको छ। यो वर्षभरिमा उसले छोराछोरीको स्कुल फीस राम्रोसित तिर्न सकेको छैन। न त श्रीमतीलाई एक जोर राम्रो लुगा हाल्न सकेको छ। उसले पोहोरपरारकै लुगा लगाएकी छे। धन्न छोराछोरीलाई भने लुगा हाल्न भ्याएको छ। दुई छाक खान भ्याएको छ। ऋणको बोझले धनबहादुरको छाती सधैँ भारी हुन्छ। ऊ आफ्नै तर्कनामा ऋणको भारीले आफैँलाई थिचेको महसुस गरिरहन्छ।

जिन्दगीको पाङ्ग्रा गुडिरहेसरि रिक्साको पाइडलसँगै उसको पैताला घुमिरहेको थियो। अब भने बल्ल उसले रिक्सा डोऱ्याउन छोडेर आफैँ बसेर चलाइरहेको थियो। रिक्सा चलाउँदा पनि उसको मन दोधारमा अल्झिरह्यो। उता अधिवेशनमा पुग्नुपर्ने हतारो थियो भने अर्कोतिर श्रीमतीले बिहानै भनेकी थिई, 'भरे त जसरी भए पनि एक किलो मासु लिएर आउनू। छोराछोरीले सारै आस गरेका छन्।'

धनबहादुरको छातीलाई भने ऋणको भारीले थिचेको थियो।

मन लागिनलागी भए पनि ऊ जिल्ला अधिवेशनको ऱ्यालीमा सामेल भयो। पुग्नासाथ अध्यक्षले ढिला आएको भन्दै हप्काएको उसलाई मन परेको थिएन। तर पनि ऊ लुरुलुरु ऱ्यालीको पछिपछि हिँड्यो। रिक्सा लिएर बजार एक फन्को घुमाए। ऊ सबैको पछिपछि मौन हिँडिरह्यो।

खुल्ला मैदानमा कार्यक्रमको समारोह थियो। नेताले झैँ भाषणमा केके भने उसले ख्यालै गरेन। उसको कानले न त सुन्यो नै न उसले ध्यान दिएर को कसले के भन्यो भनेर नै हेर्न भ्यायो। ऊ त आफ्नै गरिबी र रोजगारीको समस्यामा चुर्लुम्म डुबेर दुई छाक कसरी टार्ने भन्ने मै अल्झिरह्यो।

तीन घन्टाको भाषणमा उसको मन अल्झिन सकेन।

ऊ अलि पर रिक्सा अडाएर आफ्नो सोचमा डुबेको थियो। सोचमा डुब्नु उसको नियति बनेको थियो। आज कतै साहूले ऋणको कुरा गर्ने त हैन यस्तो सोच पनि आउँथ्यो।

छेवैमा कुकुर आएर बसेको रहेछ। ऊ त्यसैलाई

सुमसुम्याउन थाल्यो। जति बेला नेताले भाषणमा भन्दै थियो, 'हाम्रो श्रमको शोषण हुन्छ। श्रम गर्न पाउने हाम्रो अधिकार खोसिन्छ। दुई छाक धान्न हामीलाई गारो छ। तर हामीले उचित पारिश्रमिक पाइरहेका छैनौँ।'

यस्तै यस्तै अनेक कुरा भनिरह्यो। भन्ने मान्छे निकै सुकिला पहिरनमा थिए। उसले त्यसलाई भने अलिअलि चिनेको थियो, जो ट्रेड युनियनका सदस्य थिए, उसले राम्ररी ठम्यायो।

गर्मीको उखरमाउलो घाममा तरतरी पसिना निधारबाट धारा बनेर बग्यो। ऊ घरीघरी पसिना पुछ्न भ्याउँथ्यो। ध्यान भने भाषणमा थिएन।

'ए धने, आज पनि केको चिन्ता लिएको जस्तो देखिन्छस्। छुट्टीको दिन सम्झी र छुट्टी मना छुट्टी। ध्यान दिएर सुन् हाम्रा लागि भनेका हुन् यिनीहरूले। यी हाम्रा अधिकारका कुरा हुन्।' चम्चे नेता ऊ नजिक आइसकेको थियो। यो त्यहीँ थियो जसले घरीघरी धनबहादुरलाई श्रमको अधिकारको कुरा सुनाउँथ्यो र सहयोग रसिद, सदस्यता रसिद कटाएर जान्थ्यो। कहिलेकाहीँ रसिदबिनाको पैसा पनि लिएर उम्किन्थ्यो। उसको कुरा सुनेर पनि धनबहादुरको मन उतिर तानिएन। ऊ भित्रैबाट उदास थियो। न त त्यसको कुरामा नै ध्यान दियो। आफूले बोलेको पनि वास्ता नगरेको देखेर त्यो धनबहादुरलाई त्यहीँ छोडेर भीडभित्र हरायो।

लामै भाषण पो गरे।

सबै लाखापाखा लागेको पनि उसले चाल पाएन। भीड मत्थर हुँदै गयो। उसको रिक्सा मात्र बाँकी थियो। हल्लीखल्लीको कमीले उसको ध्यान खिचेको थियो। वास्तवमै ऊ त्यहाँ एक्लो थियो र ऊसँग थियो उसको पीडा। मन लागिनलागी रिक्सा लिएर ऊ घरतिर फर्किन थाल्यो।

बजारको मध्यभागमा पुगेपछि उसको ध्यान कसैले खिच्यो। त्यो उसकै छिमेकी थियो। रिक्सा रोक्न आग्रह गर्दै ऊतिरै धनबहादुरलाई बोलायो। धनबहादुरले त्यतै हेऱ्यो।

'कताबाट हो धनबहादुर, यतै आऊ न।' रिक्सामाथि ऊ बसेको थियो। हातले इसारा पनि गऱ्यो।

छिमेकीलाई देखेर ऊ आधा खुसी र आधा नैराश्यको भारी मन लिएर त्यहाँ पुग्यो। रिक्सा एकछेउ लाएर भन्न थाल्यो, 'कता हुन्थ्यो र त्यही जिल्ला अधिवेशनको ऱ्यालीबाट त हो नि। सालाहरू भाषण गर्छन्। हाम्रो रोजीरोटीको अधिकारको कुरा गर्छन्। खोइ त आजको हाम्रो रोजीरोटी, यो उनीहरूले खोसेको होइन। अनि तिमी कहाँ थियौ आज ?' प्रश्न पनि तेर्स्याउन भ्यायो।

'जान त म पनि ऱ्यालीमा गएको थिएँ। तर मुख देखाएर लुसुक्क छलेर बाहिरिएँ। तिनीहरूको भाषणले रासन भरिने हो र ! रिक्सामा भारी बोकेँ, त्यो पनि दोब्बर दस्तुरमा। दुई सय त भयो।' प्रसन्नता उसको अनुहारमा झल्किन्थ्यो।

धनबहादुर उसलाई हेरिरहेको थियो। आफूलाई सङ्कोचित अवस्थामा भेट्यो। आजको दिनको मूल्याङ्कन गर्न थाल्यो।

'हिँड तिमीलाई चिया खुवाउँछु' त्यसले धनबहादुरको हात तान्दै लग्यो। ऊ पछि पछि लुरुलुरु डोरिँदै थियो। चियापसलभित्र पनि ऊ गुमसुम मुद्रामा देखिन्थ्यो। छिमेकीले उसलाई सहयोग गर्थ्यो। त्यसैले धन बहादुरलाई यो छिमेकी मन पर्थ्यो। त्यो चम्चे नेताभन्दा त छिमेकी नै जाती, ऊ मनमनै सोच्थ्यो। त्यो मौकाबेमौका आई पैसा कुम्ल्याएर जान्छ तर छिमेकी उसलाई चिया र कहिलेकाहीँ खाजासमेत ख्वाउँथ्यो।

'रिक्सा बेच्नुपर्ला' अचानक मुखबाट फुत्क्यो। सोचेको पक्कै थिएन। सुनेर छिमेकी छक्क पऱ्यो। उसलाई अप्ठ्यारो महसुस भयो, जब छिमेकीले आफूलाई ट्वाल्ल परेर हेरिरहेको पायो।

'साहूको ऋण तिर्न सकेको छैन। यस्तै चालाले साँवा ब्याजको हिसाबमा आफूलाई नै एक दिन बेच्नुपर्ने हुन्छ।' धनबहादुरले चियाको गिलास मुखमा लाँदै भन्यो।

'धत् कमाइखाने भाँडो नै कहीँ बेच्ने कुरा गर्ने हो !' छिमेकी करायो। ऊ चियाको सर्को लिँदै थियो, जति बेला छिमेकीले रिक्सा नबेच्न भनिरहेको थियो।

चियाको पैसा छिमेकीले तिरेर गइसकेको थियो। छिमेकी एउटा साहूको भारी लिन जानु छ भन्दै हिँड्यो। ऊ पसलबाट भारी मन लिएर निस्कियो। बजारमा मान्छेको भीड बढेको थियो। सबै किनमेल र घुमफिरका लागि निस्केका थिए। तिनीहरूसित उसको कुनै मतलब थिएन। बिहान निस्कँदा यही बाटोबाटै आएको थियो तर रित्तो आएको थाहा छ। जिन्दगीको रित्तो पानाले मान्छेलाई कहीँ छोड्दैन भन्ने उसले बुझेको थियो। एक्लो जीवन काट्न गारो भए पनि सहारा खोज्ने मान्छेको नियति हो भन्ने पनि थाहा थियो।

खाली खुट्टा रिक्साको पाइडलमा राख्दै हाँकिरहेको थियो। रिक्सा हाँक्नु उसको नियति बनेको थियो। तर मस्तिष्कमा यति बेला पीडा बोकेर हिँड्नु वा गुड्नुमा कठिनाइ भइरह्यो। काम पाउन पनि त मुस्किल नै थियो नि ! उसले

साइकिल पसलमा काम गरेका दिनहरू सम्झियो ।

'दुख गरेर पनि खान नपाइने भयो ।' जति बेला ब्रोइलर कुखुरा बेच्ने पसल अगाडिबाट ऊ अघि बढ्दै थियो । मनमनै केके भन्यो । कतिलाई सराप्यो लेखाजोखा रहेन । बाटोमा ऊ भुतभुताउँदै थियो । त्यो देखेर छेउछाउकाहरू छक्क परी हेर्थे । कोही त बहुलायो क्या हो भनी अडकल काट्थे ।

'के छ धनबहादुर ?' कसैले उसलाई नजिकैबाट बोलायो । उसले त्यति बेला थाहा पायो जब रिक्सा नै रोक्नुपर्‍यो । बाटोमा बसले हर्न बजाउँदै आएको देखेर रोकेको थियो । अनि पो थाहा पायो साहूजीले बोलाएको भन्ने ।

'के हो धनबहादुर फतफताउँदै हिँड्छस् । बोलाएको पनि सुन्दैनस् । एकसुरमा हिँड्नु हुन्न । बाटोमा ध्यान पुर्‍या ।' साहू फेरि बोले ।

साहूलाई देखेर आफ्नो सातो उडेको उसले मात्र चाल पायो र भन्यो, 'हामी गरिब पेटकै सुरले भौँतारिने न हो ।' यति भन्दानभन्दै साहू हिँडिसकेको थियो । यो देखेर धनबहादुर एकछिन ट्वाल्ल पर्‍यो । ऊ साहू गएतिरै हेरिरहन थाल्यो । साहू आज उसलाई सरलभँै लाग्यो । न त साहूले ऋणको कुरा गर्‍यो न त भाका नाघेको म्याद सुनायो । धनबहादुर अचम्म मान्दै अघि बढ्न थाल्यो ।

जे भए पनि रिक्सा किन्दाको ऋण एक दिन तिर्नैपर्छ । यो कुरा उसलाई राम्ररी थाहा छ । आधाजसो तिरेकै हो, तर आधा त चोखै बाँकी छ । यो तिर्ने कहिले, उसको यही पीर छ । जसले उसलाई घरीघरी पछ्याइरहेको छ ।

खाली खुट्टा रिक्सा माथि आफू बसेर पाइडल घुमाउँदै अघि बढ्न थाल्यो । जिन्दगी आज उसलाई खाली खाली लागिरहेको थियो । खाली हात आज फेरि घर पुग्नुपर्ने उसको अर्को पीर थियो । उसको पेट आज दिनभर खाली रह्यो । दिउँसो छिमेकीले एक गिलास चिया खुवाएको थियो । जुन हालतमा पनि कोठा पुग्नु थियो । ऊ आफैँ एकसुरमा अघि बढिरह्यो ।

'रिक्सा चलाएर खान पाउनु हाम्रो अधिकार हो ।'

'रिक्सावालको श्रम शोषण गर्न पाइँदैन ।'

उसको कानमा अहिले पनि दिउँसो लगाएको चर्को नारा गुन्जिरहेको थियो । उसलाई आफैँ कान थुनेर चिच्च्याउन मन लागिरहेको थियो, 'ए सालाहरूहो ! हाम्रो रिक्सामाथि तिमीहरूकै रजाइँ छ । श्रम शोषणको कुरा गर्छौ । तिमीहरू नै हौ, हामीसित लेवी उठाएर राजनीति गर्छु भनी हाम्रो श्रम खोस्ने ।'

उसलाई त्यो रसिद लिएर आउने आफ्नै रिक्साचालक साथीमाथि आक्रोश पोख्न मन लाग्यो । जो अनाहकमा घरीघरी पैसा लिएर जाने गर्थ्यो । धनबहादुरलाई यति बेला लाग्यो, थुक्क दिउँसो च्यालीमा जानुभन्दा रिक्सा चलाएर कमाइ गरेको भए पनि आजलाई धान्न सकिन्थ्यो । ऊ यस्तो विचार मनमा खेलाउँदै रिक्सा चलाउँदै कोठातिर बढ्यो ।

समय घर्किसकेको थियो । पछुताउ गरेर के नै हुन्थ्यो । सुनसान बाटैबाटो ऊ सुस्त गतिमा अघि बढिरह्यो ।

□

कथा

छोटो साथ

सरू पोखरेल

अब मेरो गर्भ नै नबसोस् भगवान् ! प्रत्येक पटक गर्भ परीक्षण गरेपछि उसको यही बोली हुन्थ्यो। तर ऊ गर्भवती भने पटकपटक भइरही। पेटभित्रको बच्चाको लिङ्ग नछुट्ट्याइने बेलासम्मकी गर्भवती।

छोरी भन्ने डाक्टरको निर्क्योलपछि जतिसक्दो चाँडो उसको जीउ हल्का बनाउन समय मिलाउने हतारोमा हुने गर्थें म ।

छोरी छ, डाक्टरले पहिलेकै वाक्य दोहोऱ्यायो यसपालि पनि। कसरी घर आइपुग्यौँ हामी, दुवैले सायद पत्तो पाएनौँ।

'म त अब अस्पताल जान्नँ, हजुर जेसुकै भन्नुहोस्।' उसले घर पुग्नेबित्तिकै ओछ्यानमा घोप्टो परेर रुन्चे स्वरमा भनी। त्यतिखेर म केही बोलिनँ।

उसलाई मनाउन मलाई करिब एक हप्ता लाग्यो। हस्पिटल जाने अघिल्लो दिनभर ऊ रोइरही, रातभर पनि ऊ सुतिन। मैले उसको पीडालाई कम गर्न अनेक प्रयास गरेँ।

भोलिपल्ट ऊ चुप लागिरही। हस्पिटल जाने बेलामा सरक्क उठेर हिँडी, म पछि लागेँ।

'म त अर्को जन्ममा आमा बन्दिनँ होला है।' आँसुले भरिएका आँखाले मलाई हेर्दै ऊ बोली।

'त्यस्तो पनि हुन्छ त, तिमी केके सोछ्यौ।' मैले उसलाई सम्झाउने प्रयत्न गरेँ।

हस्पिटलको लेबर रुमबाहिर हामी चौथो पटक सँगै फेरि आज पालो कुरिरहेका छौँ। उसले कुरिरहेकी छ, म साथ दिइरहेको छु।

पहिलो पटक यसरी कुर्दा हामी कति खुसी थियौँ। हाम्रो मायाको प्रतिरूप भेट्न आतुर थियौँ। उसको धडकन, उसको हलचल अनुभव गरेर कस्तो होला भनी पलपल उत्सुक थियौँ। तर त्यसपछिका सबै पर्खाइमा हामी निरास भएर कुरिरह्यौँ।

बुबाआमाका सातवटी छोरीपछि जन्मेको म एक्लो छोरो। त्यसकारण बाबुको वंशलाई अगाडि बढाउने जिम्मा मलाई मात्र प्राप्त छ। मेरी एउटी छोरी छ नौ वर्षकी। त्यसपछि गर्भमा आएका तीनवटा छोरीहरू यही हस्पिटलमा टुक्राटुक्रा बनेर आमाको कोखबाट निकालिएका छन्। यस कुराको आत्मग्लानिले म दबेको छु तर बाबुआमा समाज र समाजकै प्रचलनले अझ बढी मलाई दब्न बाध्य बनाएको छ ।

श्रीमतीको अनुहार हेर्दा दया लाग्छ। मसँग बिहे नभएको भए पटकपटक यो पीडा भोग्नुपर्ने थिएन होला उसले ।

मैले उसको भावनालाई टुक्र्याइरहेको छु। उसको मातृत्वलाई कुल्चिरहेको छु। उसको शरीरलाई एउटा मेसिन जस्तै आफ्नो मनपरी प्रयोगमा ल्याइरहेको छु।

'उषा पाण्डे !' नाम बोलाइन्छ भित्रबाट, ऊ मेरो हातमा जोडले पक्डिन्छे। म लाचार भएर नियाल्छु उसको विवशतालाई। यसपालि पनि मलाई आमा बन्नबाट वञ्चित गरायौ, समाजसँग डराउने लाछी पुरुष, स्वार्थी लोग्ने, उभिन सकेनौ होइन यो पितृसत्ताको शोषणविरुद्ध। यस्ता धेरै कुरा एकैचोटि देख्छु उसका आँखामा म।

'प्लीज भित्र जाऊ !' मैले उसको कपाल सुमसुम्याएँ र सानो स्वरमा आग्रह गरेँ।

उसले जबरजस्ती बोझिला पाइला घिसार्दै पुनः भर्खर कोखमा आएकी छोरीलाई टुक्र्याउन मेरै आग्रहमा भित्र पसेर आफूलाई छोडिदिई।

पेटमा बच्चा भएका धेरै आमाहरू त्यहाँ छन्। कोही ओहोरदोहोर गरिरहेछन्। कोही बसिरहेका छन्। कोही सकुशल सन्तान जन्माउने प्रतीक्षामा छन्। कोही नफक्रँदै निमोट्न बाध्य ऊ जस्तै आमाहरू।

'उषाको मान्छे कालो चिया र बिस्कुट लिएर भित्र आउनुहोस्।' उसको पेटबाट गर्भ छुट्ट्याउने काम सकिएपछि सधैँ जस्तो बोलावट आयो।

म गएँ हातमा चिया अनि बिस्कुट लिएर। मलाई

थाहा छ, ऊ रोइरहेकी हुन्छे। मैले लग्नु मात्र हो। उसले खान्न। मेरो मुख पनि हेर्दिन। अरू बेला जस्तै र त्यस्तै भयो ।

यस पटक हस्पिटलबाट घर फर्केदेखि नै ऊ मसँग टाढिन थालेकी छे। एक्लै बस्छे। खाली छोरीबाहेक कोहीसँग बोल्दिन। म भित्र पस्दा बाहिर निस्कन्छे। छोरीको खाटमा सुत्छे। न त खानमा उसको रुचि छ न खाना बनाउनमै। म उसलाई बाहिर घुम्न लिएर जान खोज्छु तर ऊ घरबाट बाहिर निस्कनै मान्दिन।

अफिसबाट फर्किंदा उसका लागि म केही न केही लिएरै आउँछु। कपडाहरू, उसले मीठो मान्ने खानेकुराका परिकारहरु, नयाँ फिल्मका सिडीहरू, म्यागेजिनहरू उसलाई मन पर्ने हरेक चीजहरू।

मैले ल्याइदिएको कुनै कुराले पनि उसको मन बहलाउन सक्दैन।

'म एक गरिब किसानकी छोरी, हजुरभन्दा मेरो पढाइ कम छ। मेरो बाबुले हजुरको योग्यता हजुरको खानदान, हजुरको सम्पत्ति देखेर मलाई सुम्पिन पाउँदा आफैँलाई कति धन्य ठानेका थिए होला। हजुरका बुबाआमाले एक्लो छोराको लागि असल बुहारी खोज्दै जाँदा गाउँका गरिब र सोझी धेरै केटीमध्ये एक छानिएकी म। तर वहाँहरूको नाति जन्माउन नसकेकी खोटी बुहारी अनि हजुरको छोरोकी आमा बन्न नसकेकी अधुरी श्रीमती म।' उसले हिक्का छोड्दै मलाई भनी र बाथरुमभित्र पसी।

ऊ धेरैबेरसम्म बाथरुमभित्रै बसिरही। सायद त्यहाँभित्र ऊ रुनकै लागि गएकी हो, चाहेजति रुन, स्वतन्त्र भएर रुन।

खाटको सिरानीमा पत्रिका थियो। त्यो त्यहाँ राख्ने ऊ नै हो। कति दिनपछि पत्रिका समाएकी उसले।

पत्रिका उठाएर सर्र हेरें।

'छोरा वा छोरी जन्माउने कुरामा महिला होइन पुरुष शरीर नै जिम्मेवार' शीर्षकको लेख देखियो पत्रिकाको भित्री पानामा। पक्कै उसले पढिसकेकी थिई त्यो लेख।

कति नमीठोसँग दुख्यो, कस्तो व्यङ्ग्य थियो ममाथि।

म हरेक पटक आफैँभित्र निर्णय गर्छु। मनभित्र बाचा गर्छु। अब म छोरा कुर्दिनँ तर मेरो भित्री चेतनालाई बाहिरी दबाबले सधैँ परास्त गर्दछ। अनि म बाध्य हुन्छु आफ्नै निर्णयलाई तुहाउन।

दिन, महिना, अनि वर्ष बिते। फेरि समयले यस पटक हामीलाई पुनः बाबुआमा बन्ने मौका दियो।

अहिलेसम्म लिङ्ग सोधिएको छैन डाक्टरसँग। त्यसैले हाम्रो सन्तान अहिले गर्भभित्र सुरक्षित छ।

गर्भमा त दुईवटा बच्चा पो छन् त। यसपालि सोनोग्राफीको रिपोर्ट हेरेर डाक्टरले भन्दा भने हामी डरायौँ। छोरा र छोरी दुवै भएको थाहा पाएपछि भने खुसी लाग्यो। छोरा पनि गर्भमा भएकोले छोरी जन्मे पनि घरपरिवारलाई आपत्ति नहुने भयो।

'लौ नानी पनि दिदी बन्ने भई अब, अरू साथी खोज्न पर्दैन खेल्नलाई आफ्नै भाइबहिनी हुने भएपछि।' एक दिन आमाले कौसीमा बसेर मेरी छोरीको कपाल कोर्दै भन्नुभयो।

'अहिलेसम्म कतिवटाकी दिदी भइसक्थी... ... ...।' श्रीमतीले मेरो अनुहारमा पुलुक्क हेरेर मसिनो स्वरमा बोली।

यो पटक मेरी श्रीमतीको हेरविचारमा घरका कुनै सदस्य पछि परेका थिएनन्। जन्मनै नपाई बच्चाहरूका लागि लगाउने कपडा, सुत्ने ओछ्यान तयार भइसकेको थियो।

'म त दिक्क भएँ। आमाले न भान्छामा सघाउन दिनुहुन्छ न घरको अरू काम, टिभी पनि कति हेर्नु।'

'यही त हो नि आराम गर्ने बेलाँ।' म हाँस्दै उसलाइ भन्थें।

उसले रुचाउने परिकार दिनैपिच्छे फेरिएर पाकिरहन्थे भान्छामा।

पाउँ, तितौरा, मिठाई जिभ्राको स्वादका लागि भने काजु,बदाम, पेस्ता, फलफूल उसको शरीरका लागि कोठामा कहिल्यै टुट्थेन।

नियमित जाँच भैरहेको थियो। सबै कुरा ठीक रहँदारहँदै महिना पुग्यो। हस्पिटल जाने दिन आयो।

यसपालि लेबर रुमभित्र जाँदा ऊ सारै खुसी थिई। पुनः आमा बन्ने कुरामा दङ्ग थिई। उसै गरी आफू फेरि बाबु बन्न लागेको खुसी र यसपालिको आफ्नो निर्णयप्रति म पनि गर्व गरिरहेको थिएँ। बुबाआमालगायत परिवारका अन्य सबै हाम्रो छोराको प्रतीक्षामा थिए। हस्पिटलभित्र पर्खनेहरूको एउटा जमात थियो।

'केस अलि क्रिटिकल छ अपरेसन गर्नुपर्ने भयो।' एक्कासि डाक्टरले मलाई बोलाएर भने।

'सबै नर्मल थियो होइन र डाक्टरसाब।'

'पहिले गरिएका चेकअपमा त दुवै बच्चा ठीकै थिए। अहिले एउटाको अवस्था अलि जटिल छ। अपरेसन तुरुन्त नगरे आमालाई पनि खतरा हुन्छ।'

अपरेसनको तयारीमा केहीबेर दौडधूप भयो। सबैको

मन आत्तिएको थियो। आँखा कि त घडीमा थिए कि त अपरेसन थिएटरको बन्द ढोकामा।

अपरेसन गरियो एउटा मात्र बच्चा सकुशल निकालेको खबर बाहिर आयो। छोरा पर्खिरहेका सबैमा कौतँहलता र चिन्ता थियो। तर छोरी जन्मेकी थिई सकुशल। परिवेश निरास भयो किनकि जो चाहिएको थियो, त्यो रहेन। जसको आवश्यकता थिएन, उसको आगमन भएको थियो।

मेरी श्रीमतीको होस आइसकेको थियो। उसले थाहा पाई यसपालि उसको एउटा गर्भ प्रकृतिले नै खोसेको थियो। छोरो थिएन तर अर्की छोरी आएकोले काख रित्तो भने भएन।

'छोरा हाम्रो भाग्यमा रहेनछ।' उसले सुँकासुँकाउँदै मसिनो स्वरमा मलाई भनी। मेरो मन पनि भारी भएको थियो। छोरो नै कुरेर आजसम्म बसियो। बुबाआमा पनि कति खुसी हुनुहुन्थ्यो। बाहिरतिर आँखा घुमे। अघिसम्मको भीड वरपर कतै देखिएन।

श्रीमतीको आडमा सुतेकी सानी छोरीलाई हेरेँ। पेटभित्र रहँदा कति असुरक्षित थिई ऊ अहिले कति ढुक्क भएर सुतेकी छ। अबोध चेहरा हेरिरहेँ धेरैबेरसम्म। आधा उघ्रेका आँखाले मै तर्फ उसले हेरेजस्तो लाग्यो।

मैले उसलाई काखमा लिएँ।

'चिहाँचिहाँ।' ऊ मेरो काखमा आउनेबित्तिकै च्याँट्ठिएर रोई। उसको चिहाँचिहाँको चर्को रुवाइमा गुनासोका भाका अनुभूत भयो यतिखेर मलाई।

फूल जस्तै कोमल मेरी भर्खर जन्मेकी छोरी चिच्च्याईचिच्च्याई भन्दै छे, 'बाबा, मैले साथमा भाइ नल्याएको भए हजुरले मलाई जन्मन दिनुहुन्थ्यो र !'

□

नियात्रा

यात्राको भोक र गान्तोक

बूँद राना

मिजास सबैको आफ्नोआफ्नो हुन्छ। मेरो पनि छ। घुम्न, डुल्न मन पराउने मिजास। यो मिजासलाई खास शब्दमा भन्नुपर्‍यो भने यस्तो भन्ने गरेको छु— अरूभन्दा तगडा छ मेरो यात्राको भोक। यो भोक तृप्तिको राम्रो साइत जुर्‍यो।

यसपालिको भानुजयन्ती (२०७०) सिक्किममा मनाइने भइयो। नेपाली साहित्य परिषद् सिक्किमले भानुजयन्तीमा सहभागी भइदिन प्रज्ञाप्रतिष्ठानलाई चुले निम्ता पठाएको थियो। निम्ता पाउँदाको प्रारम्भिक दिनमा त्यहाँ जान उत्सुक प्राज्ञहरूको सङ्ख्या झन्डै आधा दर्जनको हाराहारीमा देखिए पनि बाटो लाग्दा हामी दुई जना म र विष्णु प्रभात मात्र भयौँ। श्रीमान् अस्वस्थ नभइदिएको भए सुलोचना मानन्धर र एकाएक जरुरी काम नटक्रेको भए बेन्जु शर्मा सहयात्री हुनुहुने निश्चित थियो, त्यो भएन।

२६ गते साँझ ४ बजे मकालु यातायातको ए.सी. बसमा काँकरभिट्टाका लागि घुइँकियौँ। प्रज्ञप्रतिष्ठानबाहिरबाट उक्त यात्राको व्यवस्थापनका रूपमा 'साथी' पत्रिकाका प्रधान सम्पादक सुदर्शन श्रेष्ठ र कार्यकारी सम्पादक जयन्त शर्मा सहभागी हुनुहुन्थ्यो। अब हाम्रो टोलीमा चार जना थियौँ।

मकालुले आफ्ना यात्रुहरूको स्वागत, एक बोतल मिनरल वाटर र कुरकुरेको एउटा फुच्चे पोको थमाएर गर्‍यो। हातले कुरकुरेको पोको समाइरहेको बेला कसैले नसुन्ने गरी मनले व्यङ्ग्य गरिहाल्यो—हात्तीको मुखमा जिरा !

बसले नौबिसे छिचोल्दै छ। बाटाको दुवैतिरको डिल, पखेरा ढाकेर बिसम्भारी फुलेको छ। बिसम्भारी फुलेको मात्र नभई अङ्गुरको झुप्पाको झझल्को दिने गरी फलेको पनि छ। फूल र फलले लटरम्म बिसम्भारीले हामीलाई 'शुभयात्रा' भनेझैँ लाग्छ।

कसैले नरुचाए पनि वास्ता नगरे पनि निर्धक्क ढकमक्क बिसम्भारसँग फुल्ने र फल्ने भएकाले नै यस्तै यौटा साहित्यिक यात्रा (काठमाडौँ-तानसेन) का बेला बसमै बसेर मैले यो फूलको नाम बिसम्भारी जुराएको थिएँ। सहयात्री यात्रुहरूले यो नामप्रति समर्थन जनाएका थिए। नाम भन्ने कुरा कसै न कसैले राखेरै राखिने त हो नि ! के भो त मैले नाम राखिदिएँ !

बिसम्भारीलाई यसरी सम्झिरहँदा भारत प्रवासको आफ्नो बाल्यकाल कम्प्युटरको स्क्रिनमा झैँ सर्र आँखाअगाडि आउँछ। भाँडाकुटी खेल्दा त्यसैको दानाको भात, दाल, तरकारी बनाइन्थ्यो। चिप्पुल (सोडा, कोकाकोला आदिको बुट्टेदार धातुको बिर्को) मा पस्केर खाइन्थ्यो। कहिले फेरि त्यसका फूलको पत्रहरूलाई एकअर्कासँग गुथेर माला तुल्याई, फल (दाना) लाई प्रसादमा गन्दै आफैँले कल्पेको देवतालाई चढाउने गरिन्थ्यो। अब ती दिनहरू कहाँ खोज्नु ? सबै भूत भइसकेछन्। प्रवासमा यो बिसम्भारीलाई हामी पुटुस नामले चिन्दथ्यौँ। पुटुस यति बेला बिसम्भारी हुन पुगेको छ। ठाम फेरिँदा नाम फेरिने चलन समाजमा नभएको कहाँ हो र ? अर्घाखाँचीतिर गोलैँची भनेर चिनिने फूल काभ्रेपलान्चोक पुग्दा चुवा भएकै छ।

काँकरभिट्टा पुगिन्छ भनिएको समयमा बस बल्ल बरमौजिया (सप्तरी) पुगेर अडिएको छ। छ बज्दै छ बिहानको। कन्डक्टरले सूचना जारी गर्न बिर्सिन्न, भन्छ— ल है दिसापिसाब ... चिया नास्ता गरौँ। बरमौजियाको बाजेको पेडा कुनै बेला निकै चर्चामा थियो। खुब विक्री हुन्थ्यो। एउटा पसल, ग्राहक धेरै। पेडा किन्न लाममै पालो कुरेर बस्नुपर्थ्यो। अहिले बाजेहरू धेरै भइसकेका रहेछन्। ग्राहक भाग लाग्नाले घचारो कतै देखिएन। कागजको गत्ताले पेडाको माखा धपाउँदै बसेका एउटा पसलेसँग दुईवटा पेडा मागेँ। चालीस रुपियाँ तिरेर किनेको पेडा चार भाग लगाएर खायौँ। मान राख्ने काम गरियो—बरमौजियाको। पथलैया—निजगढको बाटोमा पर्ने कल्भर्ट बाढीले बगाएको हुँदा प्रयोग गरिएको वैकल्पिक कच्ची बाटोले हाम्रो चार घन्टाको समय कप्लक्क निलेको थियो।

२७ गते काँकरभिट्टा पुग्दा बिहानको १० बज्न आँटेको

थियो। हामीले उसै दिन पानीटङ्की (दार्जिलिङ) बाट २:३० बजेको सुमो समात्यौँ र गन्तव्य ठानिएको गान्तोक लाग्यौँ।

भन्न त्यति आवश्यक त थिएन तर भन्दै छु, सिक्किम राज्यको राजधानी सहर हो, गान्तोक। गान्तोक पुग्दासम्म बाटोमा भेटिएका कोसेढुङ्गा, प्रचारब्यानर, साइनबोर्ड आदि पढ्दा के बुझियो भने गान्तोक पनि आफ्नो नामका कारण परेसान रहेछ। आफैँलाई सम्झिन पुर्गे। मलाई लेखिने पत्रहरूमा मेरो नामलाई कसैले बुद्ध, कसैले बोध, कसैले बुध, कसैले भोज, कसैले बोद त लेखे-लेखे कसैकसैले श्रीमती बुँद लेख्न पनि बाँकी राखेनन्। एउटा अर्को पनि रोचक प्रसङ्ग जोड्न मन लाग्यो। एकपल्ट बस कन्डक्टरले टिकट बनाउने सिलसिलामा नाम सोध्यो। मैले 'बूँद' भनेँ। यात्रुको कचकच, बसको घ्यारघ्यारले गर्दा उसले मैले भनेको बुझेनछ। तीनचार पटक सोध्यो। जति पटक सोध्यो मैले आफ्नो नाम उसले बुझ्ने गरी बताउने प्रयास गरेँ। अन्तिममा उसले टिकट मेरो हातमा दियो। टिकटमा इङ्लिस अक्षरमा लेखिएको थियो— Gunda Rana।

गान्तोक कतै ग्यान्टोक, कतै गंगटोक, कतै गंगटक भएको रहेछ। किन यस्तो ? भनेर राखिएको जिज्ञासामा एक जना बौद्ध बुद्धिजीवीले भने— सबैले आफ्नोआफ्नो हिसाबले जेजस्तो उच्चारण गर्ने गरे पनि यथार्थमा राजधानी गान्तोकको नाम गान्तोक नै हो। भोटिया भाषामा गान् अर्थात् काटिएको र तोक अर्थात् पहाडको चुचुरो हो।

आज असार २९ गते भानुभक्त आचार्य जन्मेको दिन। कृषकहरूका निम्ति रोपाइँ र साहित्यकारहरूका लागि भानुको बढाइँ गर्ने बेला। भानुपार्कमा देखिएको चहलपहलले, म कुनै कुम्भमेलाभन्दा कम छैन भन्दै थियो। विभिन्न शैक्षिक संस्थाहरूका शिक्षक र विद्यार्थीहरू, सरकारी, कर्मचारी, राजनीतिक पार्टीका नेता तिनका समर्थक, कृषि, उद्योग र व्यापारक्षेत्रका श्रद्धालु, आमनागरिक, सञ्चारकर्मीहरूको विशाल जमातले भानुउत्सवका प्रमुख अतिथि पवन चामलिङ मुख्यमन्त्री सिक्किमको प्रतीक्षा अत्यन्त उत्सुकतापूर्वक गरिरहेका छन्। सुरक्षा दस्ताको आकस्मिक सतर्कताले मुख्यमन्त्रीको आगमनलाई सङ्केत गर्छ। उनी आउँछन्। उनी आउनासाथ अत्यन्त छिटोछरितो रूपमा भानुभक्तको प्रतिमामा श्रद्धाको खादा अर्पण गर्ने कार्यक्रम सम्पन्न गरिन्छ।

तीन चरणमा विभाजन गरिएको भानुजयन्तीको प्रथम चरणको यो कार्यक्रम पछि दोस्रो कार्यक्रम महात्मा गान्धी मार्गमा हुने निश्चित छ। त्यसका लागि भानुपार्कबाट बाजागाजासहितको विशाल जुलुस प्रस्थान गरिसकेको छ। सबभन्दा अगाडि भानुको झाँकीले सुशोभित कार छ, त्यसको ठीक पछाडि नौमती बाजा। बाजाका पछाडि छन् सिक्किम सरकारका मन्त्रीसहितको जनमहासागर। यो महासागरले केही समयपछि आफ्ना उत्ताल तरङ्ग, छचल्किँदो छालसहित महात्मा गान्धी मार्गमा शान्त हुनुपर्नेछ र हुन्छ पनि।

जुलुसले शान्त सभ्य र भव्य सभाको आकार ग्रहण गरेको छ। मञ्चमा प्रदर्शन गरिन सांस्कृतिक कार्यक्रमलाई कत्ति बेर लाग्दैन। मञ्चमा उक्लेका सन्तोष गन्धर्वले सारङ्गी रेट्न थाल्छन् र गीतमा गाउँको पीडा पोख्छन्— 'सारङ्गी रुँदै छ पारि गावैँमा ...!' यसरी उनले कार्यक्रमको समुद्घाटन गरिदिएका छन्। सिक्किम राज्यको लगभग सबै क्षेत्रको प्रतिनिधित्व गर्दै त्यहाँ आइपुगेका विविध जाति जनजातिहरूको मनमोहक नृत्य हेर्दाहेर्दै तीन घन्टा बितेको चाल पाइन्न। उद्घोषकले कार्यक्रमको बिट मार्दै—'अब हामी आजको अन्तिम चरणको महत्त्वपूर्ण कार्यक्रमका निम्ति मनन सभागृहतर्फ जान्छौँ' भनेपछि मात्र मनमोहक कार्यक्रमको मोहनी मुक्त हुन पुग्छौँ, हामी।

हामी पुग्दा मनन सभागृहको सभाकक्ष भरिभराउ भइसकेको थियो। बस्ने ठाउँ देखिन्न। एकैछिन चारै जना टोलाइबस्छौँ। कार्यक्रमका आयोजकहरूले हाम्रो प्रतीक्षा गरिरहेका रहेछन्। एक जना हतारिँदै आएर हाम्रो स्वागत गर्छन्। अरूलाई बस्ने सिटको व्यवस्था मिलाएर मलाई मञ्चतिर लैजान्छन्। कार्यक्रमको सूचीमा म पनि परेको रहेछु। मैले गजल प्रस्तुत गर्नुपर्ने रहेछ। नेपथ्यमा बसेर एकछिन सुस्ताउन पाएको छैन। उद्घोषकले मलाई बोलाइहाल्छन्।

गजल सुनाउँछु—

सुनभँै हजारचोटी खारे पो जिन्दगी हो
कुन बेहोशीले भन्छ हारेको जिन्दगी हो ?

जीवनवादी धारणा मेरो र श्रोताहरूको मिल्न गएछ क्यारे। ताली पाइन्छ। ताली पाएपछि प्रस्तोतालाई अरू के नै चाहिन्छ ? यो पाउने कुराको प्रसङ्गमा छुटाउनै नहुने एउटा कुरा— वरिष्ठ साहित्यकार रुद्र पौडेलले यसपालिको भानु पुरस्कार पाउनुभयो। विविध विषयका दर्जनौँ प्रतिभाहरू सम्मानित हुन पुगे। मुख्यमन्त्री पवन चामलिङले सम्मानपत्र पुरस्कार वितरण गर्नुभएको थियो।

कार्यक्रम समापनको सँघारमा पवन चामलिङद्वारा व्यक्त उद्गारको सार थियो—

नेपालीहरूले आजीवन नुनको सोझो गरी आएका

छन्। अब हाम्रो स्वभावमा बदलाव ल्याउनुपर्छ। अब नेपालीहरू स्वयम् नुन बन्नुपर्छ। जसरी जतिसुकै तेलघिउ मरमसला राखेको परिकार नुनबिना खल्लो बिस्वादको हुन जान्छ हो, त्यही अनुभूति नेपालीहरूले नुन बनेर दिन सक्नुपर्छ।

चामलिङले सभासमक्ष यस्तो दुखेसो पोख्न पनि चुक्नभएन। भन्नुभयो— *२० वर्षदेखि निरन्तर मैले सिक्किमको नेतृत्व गरेको छु। विडम्बना भन्नुपर्छ, कहिलेकाहीँ दिल्ली जाँदा केन्द्रीय मन्त्रीहरूले मलाई सोध्ने गर्छन्— आप नेपाल के किस जिले के हैं ?*

स्वाभिमानी स्वदेशीलाई विदेशी गनेर गरिने यस प्रकारको व्यवहार कति अपमानजनक हुन्छ ? बयान गरिसाध्य हुन्न। यस्तो पीडा भारतका विभिन्न प्रदेशमा बसोबास गर्ने नेपालीभाषी भारतीय जनताले कमोबेस बेहोरी आएको एउटा अत्यन्त विडम्बनापूर्ण अवस्था त्यहाँ अहिलेसम्म विद्यमान छ। यो विडम्बनापूर्ण अवस्थाको अन्त्य कहिले हुन्छ ? भन्न गाहारो छ। यत्ति हो यसका लागि उम्लिँदो खुन होइन कि चिन्तक चामलिङले भनेझैँ सङ्घर्षशील नेपालीभाषी भारतीय नागरिकहरूले नुन बन्नु आवश्यक मात्र होइन अनिवार्य छ।

हाम्रो भ्रमणको औपचारिक कार्यक्रम सिद्धिइसकेको छ। बाँकी छ अनौपचारिक काम, कुरा। यस अनौपचारिक काम कुराभित्र केही दर्शनीय स्थलहरूको अवलोकन भ्रमण परिसकेका छन्। यसअनुसार हाम्रो भ्रमणको प्रथम लक्ष्य 'चारधाम' हो। हामी प्रस्थान गर्छौं। हुन त धाम शब्दको सजिलो अर्थ ठाम हो, तथापि यो शब्दले धर्मकर्मसँग निकै गहिरो सम्बन्ध राख्तछ। धाममा ईश्वर बस्छन्। ईश्वरको दर्शनले पाप नाश हुन्छ, मुक्ति वा मोक्ष पाइन्छ। आदिइत्यादि विश्वास हिन्दूधर्मावलम्बीहरूमा व्यापक छ।

हामीलाई बोकेको बोलेरो जीप समय दैनिकको हो। सम्पादक पारस दङ्गालको सौजन्यबाट उपलब्ध छ। जीपका चालक तारानाथ लामिछाने फरासिला छन्। बाटोमा केही महत्त्वपूर्ण ठाउँ आउँदा यो यस्तो हो, यो उस्तो हो भनेर परिचय दिन उनी चुक्तैनन्। चारधामको यो यात्रामा सुदर्शन श्रेष्ठ हामीसँग हुनुहुन्न। विशेष कामले गर्दा धामको यात्रा त्यागनुभएको छ। सुदर्शन श्रेष्ठकी भान्जी शिक्षिका उपासना हाम्रो समूहकी नयाँ सदस्य हुन्। स्थानीय भएको हुनाले कहाँ के छ ? थाहा नहुने कुरै भएन। उनले नास्ता खाने ठाउँको नाम प्रस्ताव गर्छिन् तारानाथलाई ठाउँ उचित लागेको छ। बिहान हतारमा एक कप चियासम्म पेटमा पार्न भ्याइएको थिएन।

नास्ता खाने ठाउँको प्रतीक्षामा सबै छौँ। बोलेरोमा ब्रेक लाग्छ। पक्कै पनि ब्रेकफास्ट गर्ने ठाउँ हुनुपर्छ यो। फटाफट पसलभित्र छिर्छौं। तयारी अवस्थामै रहेछ— सुखा रोटी र तरकारी। मागेर खान थाल्छौँ। रोटीसँग आलुको तरकारीबाहेक इस्कुसको मन्टाको साग टक्रिएको छ। इस्कुसको मन्टाले हाम्रो दिल खुस बनाउँछ। सिक्किम छिरेदेखि हामीले खानामा सागको मुख देख्न पाएका थिएनौँ। थपीथपी साग खान्छौँ, मानौँ क्षतिपूर्ति लिँदै छौँ।

चारधामकै बाटोमा तथागत स्टल अर्थात् बुद्धधाम पर्दो रहेछ। पहिला त्यहीँ पस्ने सल्लाहअनुसार तथागत स्टल पुग्छौँ। विशाल फाँटको काँठमा बुद्धको बडेमानको आकर्षक मूर्ति स्थापित छ। बुद्ध पद्मासनमा बसेका छन्। ससानो उपत्यकाको झझल्दो दिने त्यस फाँटलाई रमणीय तुल्याउन थरीथरीका भौतिक संरचनाले युक्त तुल्याइएको छ। तिनीहरूमध्ये गुम्बदाकारमा निर्मित प्रार्थना सभागृहले ध्यान आकृष्ट गराउँछ। वरिपरिका पर्खालहरूमा कतै कुँदिएका कलाबुट्टा देखिन्छन् भने कतै बहुमूल्य जडीबुटीका बिरुवा। जडीबुटीमध्ये पाखनभेद (पाषाणभेद) को परिचय विष्णु प्रभातबाट पाउँछु। ढुङ्गैढुङ्गाको पर्खालको सानो चरमा उम्रेर ठूला पोटिला पातहरूले सुसज्जित पाखनभेदको सामर्थ्यले मलाई प्रभावित बनाउँछ। पाषाणभेद यो नामैले भन्छ—पत्थर भेद्न सक्छु म ! प्राङ्गणको मध्यभागमा रहेको पानीको फोहोराले गर्ने कलापूर्ण कौतुकले मन नतान्ने कुरै थिएन। दस मिनेटजति त्यहाँ खर्चिन्छु। आनन्द लिन्छु र देशभित्रका अनेकानेक फोहोराहरूको बिजोग सम्झन्छु। त्यस्तो एउटा फोहोरा त नेपाल प्रज्ञाप्रतिष्ठानमै पनि छ समुचित स्याहारबिना मृतावस्थामा।

अबको भ्रमणको पालो हो चारधामको। जीवनमा चारधाम गरिसकेकाहरूबाट थाहा पाएअनुसार चारधाम गर्न कम्तीमा पनि एक महिनाको समय लाग्नुपर्ने यहाँ पुग्न त आधा घन्टा पनि लागेको छैन। क्या अचम्म ! प्रचार चारधामको भए पनि त्यसको औपचारिक नाम सिद्धेश्वर धाम रहेछ। मूल प्रवेशद्वारले त्यो भन्दै थियो। धामको परिसरभित्र पस्छौँ। नभन्दै त्यहाँ वद्री, जगन्नाथ, रामेश्वर, द्वारका ठ्याम्मै आफ्नै सक्कली रूपका लाग्ने गरी स्थापित रहेछन्। सबै संरचनाहरूमध्ये महादेवको मूर्ति विशेष देखिन्छ। लाग्छ सबैका सबै उनकै छत्रछायामा छन्। चारधामभित्र किरातहरूका आराध्य यलम्बरलाई देख्न सकिन्छ। संरचनागत आकारसँग तुलना गर्न नमिले पनि अस्त्रशस्त्रले

सुसज्जित आफ्नै परम्परागत भेषभूषाले अलङ्कृत यलम्बरको उपस्थिति निकै अर्थपूर्ण लाग्छ।

यात्राबाट फर्किंदा जहाँ गएको हो त्यहाँको चिनोको रूपमा प्रायः केही चीजबीज ल्याउने गरिन्छ। त्यही गर्न भनेर सोध्यौँ— सिक्किममा त्यस्तो के कुरा पाइन्छ ? जबाफमा कुनै खास नाम आएन। रक्सीको नाम भने आयो। कर नलाग्नाले रक्सी सस्तो मूल्यमा पाइँदो रहेछ।

प्रत्यक्ष देख्न भोग्न नपाए पनि प्रशस्त चर्चा सुनिन्थ्यो— भानुजयन्तीमा भारतमा त्यहाँको राज्य सरकारले सार्वजनिक बिदा दिने कुरा, दसैँतिहार जस्तो राष्ट्रिय चाडपर्वका रूपमा धूमधामका साथ भानुजयन्ती मनाइने कुरा चर्चाभित्रका मुख्य बुँदा हुने गर्थे। आज उक्त चर्चित कार्यक्रमको सहभागी भएर नेपाल फर्केका छौँ। परदेशमा भानुको त्यत्रो महिमा गरिँदा भानुको आफ्नै जन्मथलो नेपालमा किन उनको सम्झना झारा टार्ने हिसाबले गरिन्छ ? यो प्रश्न अझै अनुत्तरित नै छ ।

□

नियात्रा

संयोग रात्रि पदयात्राको

श्रीओम श्रेष्ठ रोदन

गाहारोगाहारो गर्दै अघि बढिरहको बस घ्याच्चै रोकियो। पहाडको खाल्डाखुल्डी बाटोमा केहीबेर अघि परेको पानीले बस अगाडि बढाउनै नसक्ने गरी बिगारिदिएको रहेछ। भन्न त गुरुजीले भनेकै थिए–'पानी पऱ्यो भने आज जङ्गलै बास हुन सक्छ। अर्खौंले पार गरेपछिको बाटो रातो माटोको छ। झन्, ओरालोमा त जति ब्रेक लगाए पनि गाडी रोकिँदैन।'

नभन्दै त्यस्तै भयो। के गर्ने अब ? प्रश्न बोक्दै हामी सबै ओर्लियौँ सडकमा। बाहिर केही नदेखिने अँध्यारो भइसकेको थियो। मोबाइलको घडी हेर्दै– रातको दस बज्नै लागेको थियो।

आयोजक साथीहरू मोबाइलको उज्यालोमा बिग्रेको बाटो हेर्न गए पालैपालो। हुन पनि मोटर बाटो नाम मात्रैको थियो। भैँसीले आहाल खोलेको हिलेपोखरी जस्तै ग्याजग्याजती। झुक्किएर वा चिप्लिएर गोडा पऱ्यो भने निकाल्न पनि मेहनतै गर्नुपर्ने खालको।

हाम्रो बसभन्दा अलिकति अगाडि एउटा बस साइड लगाएर राखिएको थियो। अगाडि लैजान नसकेरै होला। बस रित्तै थियो। यात्रुहरू हिँडेरै अगाडि लागिसकेका वा कुनै व्यवस्थापन भइसकेको हुनुपर्छ।

केही साथीहरू गुरुजीलाई सम्झाउँदै थिए।

'यतातिरबाट च्यापेर लैजान सक्यो भने जान्छ होला।'

अर्को मित्रले अलिअलि फकाएजस्तो र अलिअलि धम्काएर जस्तो गरेर भने, 'हामीलाई जसरी भए पनि पुऱ्याइदिनुपर्छ। यति बेला हामी अब कहाँ जाने ? कसरी जाने ?'

एक जना हाम्रो टोलीबाहेकका तराईवासी मित्रले आफ्नो स्वाभाविक पारामै भने, 'हैन, यताबाट फर्काऔँ र अर्को बाटो जाऔँ न भैहाल्छ त।'

सुरुमा अर्को वैकल्पिक बाटो थाहा भएजस्तै गरी ठूलै आवाजमा भन्दै थिए उनी। पछि प्रश्न–प्रतिप्रश्न हुन थालेपछि उनको आवाज घट्दै गएको थियो।

गुरुजी सुरुमा त मिल्दैमिल्दैन फस्यो भने के गर्ने भनेर मान्दै मानेका थिएनन्।

त्यहीबीचमा कवि चन्द्र रानाहोछाको आवाज अलि चर्को किसिमले आयो, 'यो सब तपाईंको कारणले भएको हो गुरुजी। रिजर्भ गरेर ल्याएको गाडीमा तपाईंले बाटोभरि मान्छे चढाएको चढायै गर्नुभयो। म अहिले नै साहूसँग कुरा गर्छु।' भनेर फोन थिच्न थालेपछि गुरुजीले पनि स्पष्टीकरण दिन थाल्यो, 'तपाईंहरू पो एक पटक आउनुहुन्छ, फर्कनुहुन्छ। हामी दिनै जस्तो यै बाटो हिँड्नुपर्छ। अनि यहाँका लोकलले हात दिँदा नरोके भोलिदेखि बाटै काट्न दिँदैनन्। सबैलाई गणतन्त्र लाग्या छ, हामीलाई कम गाहारो छ गाडी चलाउन।'

बोल्नलाई गुरुजी पनि कम्तीका थिएनन्। गालाभरि भ्याम्म दारी पालेका, अग्ला, खाइलाग्दा युवक थिए। तर पनि उनले केही स्विकारेजस्तो गरी भने, 'लल बस्नुस्, अगाडि बढाएर हेर्छु। खाली भयो भने चिप्लिन्छ। त्यसैले सबै जना चढ्नुस्।'

गुरुजी लाइनमा आयो। अब समस्याबाट राहत पाइने भो भनेर जितेको जत्तिकै ठान्यौँ हामीले। फटाफट बसभित्र चढेर आआफ्नो सिटमा बस्यौँ। गुरुजीले बसलाई !वाइँ!वाइँ गर्दै अलिकति अगाडि बढायो र रोकिहाल्यो। बस त झन् निकाल्नै नसक्ने गरी पो फसेछ। अगाडि लैजान निकै बल गऱ्यो तर सकेन। ब्याक गरेर पछाडि लैजान खोज्यो। त्यो पनि सकेन। धेरै पटक अगाडिपछाडि गर्न खोज्दा पनि नसकेपछि गुरुजी रिसाउँदै बाहिर निस्कियो।

खोटाङ यात्राको यो ठाउँलाई सम्झनुपर्ने ठानेर सोधेँ मैले।

'हर्लुङ हो, कसैकसैले वाताल पनि भन्छन् यो ठाउँलाई।' भागवतजीले स्पष्ट पार्नुभयो।

भागवतजी खोटाङकै कवि। उज्यालोमा देखुन्जेल कहिले दायाँतिरको डाँडा देखाउँदै कहिले बायाँतिरको डाँडा

देखाउँदै विभिन्न किसिमले साहित्यिक परिचय गराइरहनुभएको थियो ।

अब के गर्ने ?

समस्या सबैका अगाडि तेर्सिसकेको थियो । काठमाडौँबाट सँगै यात्रा गरेका खोटाङका आयोजक साहित्यकार साथीहरू विशेष समस्यामा पर्नुभएको थियो । त्यहाँबाट गाडी चलेको भए एक घन्टामा पुगिन्थ्यो । सायद ज्ञानेन्द्र विवशको अपेक्षा थियो ।

फोन गरेर अतिथिका लागि भए पनि जीप पठाउन भन्नुपर्‍यो । सायद गीतकार टीका चाम्लिङको आग्रह थियो ।

'हेल्लो ! हेल्लो । हाम्रो गाडी हुलुङमा आएर फस्यो । त्यसैले .... हेलो ...हेलो ..हेत्तरी फोन नै राम्रो सुनिएन । ला ! काटियो त ।' कवि बोम बानियाँको निरास आवाज सुनियो ।

'एन्सेल भए टिप्थ्यो होला । खोइ, म भन्छु टङ्कजीलाई ।' कवयित्री विमला राईको उत्साह बढ्यो ।

'होइन हो अब खुरुक्क बसैमा रात बिताऊँ । अर्को के गर्नु ? यति राति हिँड्ने कुरा आउँदैन त । फेरि भूपाल दाइ पनि बिरामी हुनुहुन्छ ।'

गीतकार वीरेन्द्र राईले आफ्नो निर्णय जस्तै सुनायो ।

'त्यस्तो होइन, हामी यति धेरै छौँ फटाफट हिड्यौँ भने दुई घन्टामा त पुगिहालिन्छ नि ! बसमा बसेर बाटो छोटिने होइन ।'

कसैको शालीन आवाजमा प्रस्ताव आयो र क्रमशः समर्थन गर्नेको सङ्ख्या पनि थपिँदै जान थाल्यो ।

म केही भन्न सक्ने स्थितिमा थिइनँ । बसे पनि र हिँडे पनि मेरो डरको प्रेसर ह्वात्तै बढेजस्तो भएको थियो । उज्यालोमा भए केही थिएन । यस्तो अन्धकार छ वैशाख १३ गते शुक्रबारको । भर्खरै पानी परेर बाटो हिलो न हिलो भएको छ । चिप्लो न चिप्लो भएको छ । हिँड्नका लागि पुग्ने उज्यालो कसैले बोकेको थिएन । मोबाइलको उज्यालोमा कसरी हिँड्नु ? कतिन्जेल हिँड्नु ? चिप्लिएर लडियो भने हुने गाईजात्रा छँदै छ । बाटोभन्दा तल लडियो भने त झन् कहाँ पुगिने हो टुङ्गो छैन । घरबाट निस्कँदा हिँड्नु नपर्ने यात्रा भएकोले छालाको जुत्ता लगाएको थिएँ । बसले बोकिहाल्ने त हो भनेर लुगाहरू पनि अलि बढी नै बोकेको थिएँ । किताबहरू पनि थिए नै । झोला राम्रै भारी थियो । त्यसमाथि रुक्ज्याक जस्तो सजिलो गरी बोक्न पनि नमिल्ने । यी सब कारण मभित्रको डर झन् बढेको थियो ।

मेरो नजिक ललिजन रावल हुनुहुन्थ्यो । मैले उहाँलाई भनेजस्तो गरी अरूले पनि सुन्ने गरी भनेँ, 'यस्तो रातमा नचिनेको बाटो कसरी हिँड्नु ? जसोतसो आजको रात यतै काटौँ । भोलि बिहान चारै बजे मर्निङवाक गर्दै जाऔँला ।'

'यहाँ रात बिताउँदा त जनावरको पनि डर हुन सक्छ ।' कसैले अलिकति आशङ्का पनि व्यक्त गरेको थियो । हुन पनि हामी जङ्गलका बीचमा नै थियौँ ।

साथीहरू हामी केहीका लागि भए पनि सुविधाको व्यवस्था गर्ने प्रयास गरिरहनुभएको थियो । साथीहरूले गर्नुभएको सम्मान र उहाँहरूको बाध्यता दुवै हामीले बुझेका थियौँ ।

कुरो जति गरे पनि समाधान हुनेवाला थिएन । हिँड्नुबाहेक अर्को विकल्प देखिनँ मैले । त्यतिन्जेल लगभग सबै जनाले हिँड्ने मानसिक तयारी गरिसकेको बुझिन्थ्यो ।

दिक्तेलमा पहिलो पटक आयोजना हुन लागेको खोटाङ कला साहित्य महोत्सवमा आएका हामीहरूबाहेक अन्य केही बसमा कोच्चिएर आएकाहरू पनि थिए । उनीहरू पनि भन्दै थिए, 'तीसबत्तीस जना छौँ । यति धेरै हिँड्दा रमाइलो नै हुन्छ नि !'

साथीहरू पनि भन्दै थिए, 'हामी बिस्तारै हिँड्यौँ भने पनि दुई घन्टामा दिक्तेल पुगिहाल्छौँ ।'

मैले मनमनै आफैँलाई प्रश्न गरेँ । पहाडी बाटो, चिप्लो बाटो, अँध्यारो बाटोमा भारी झोला बोकेर कसरी हिँड्न सक्छु होला मैले ? मन थचक्कै बस्न खोज्दै थियो ।

फेरि हिँड्न सक्दिनँ भनेर पन्छिएर पनि के गर्नु र ? यो कुनै ऐच्छिक यात्रामा छानिएको यात्रा पनि त होइन । उपाय नै नभएपछि कसको के लाग्छ र ? बाध्यता भनेकै यस्तै त हो नि ! विकल्प नभएपछि जे हुन्छ त्यो स्विकानैपर्छ । तुरुन्तै अर्को मनले सम्झायो –एक्लै हिँड्न लागेको होइन क्यारे । यति धेरै साथीहरू पनि हिँड्ने नै हुन् । त्यसैले यो एउटा अवसर पनि हो । पहिलो पटक टेक्दै गरेको खोटाङमा आकस्मिक रात्रि पदयात्रा गर्न पाउनु सानो उपलब्धि पनि होइन त । न आयोजकले यस्तो कार्यक्रम बनाउन चाहेर सक्थ्यो । यदि बनाएको भए पनि पक्कै मैले आउने आँट गर्न सक्ने थिइनँ होला । त्यसैले यो रातको पैदलयात्रा जीवनको कहिले खर्च नहुने कमाइ पनि बन्नेछ ।

मनले यति विश्वस्त हुँदाहुँदै पनि मैले भनिहालेँ, 'म त हिँड्न सक्दिनँ होला । त्यसैले बीचमा कुनै गाउँ आउँछ भने त्यतै बास बस्न त मिल्ला नि ।'

'हुन्छ, हुन्छ दाइ । यहाँबाट हामी एक घन्टामा मुडे पुग्छौँ , हिँड्न सकिएन भने त्यतै बास बसौँला ।'

कसैको सान्त्वनापूर्ण आवाजले मलाई ठूलै राहत मिलेजस्तो भयो। त्यसपछि ममा आत्मविश्वास पनि बढ्यो।

हिँड्न सक्नेहरू आआफ्ना झोला बोकेर अगाडि बढिसकेका थिए। म पछिल्लो क्रममा नै थिएँ। मसँग पाँच जनाजति साथीहरू थिए। यात्रामा पाइतालासँगसँगै अनेक गफ पनि अगाडि बढ्न थाले। तेर्सोतेर्सोमा हिँड्दा त्यति अप्ठेरो हुन्थेन। तर पहाडी उकालीओरालीमा हिँड्दा सास बढ्ने र पसिना बग्न थालिहाल्थ्यो। छालाको जुत्ता र भारी झोलाले यात्रा झन् भारीको बनाएको थियो।

कठिन यात्रामा पनि म सम्झिरहेको थिएँ। धन्य, अर्खौलेमा खाजा खाइएछ। यदि खाजा नखाएको भए यो यात्रामा भोक पनि थप समस्या हुने थियो। अर्खौलेमा गाडी रोकिएपछि केहीले प्रस्ताव पनि गरेका थिए, 'यहाँबाट एक घन्टामा दिक्तेल पुगिन्छ। उता सबै व्यवस्था छ। त्यसैले यहाँ चिया बिस्कुट मात्र खाऔँ।' एकै घन्टामा पुगिने भए किन यहाँ अलमल गरिरहनु भन्ने सबैको मनसाय थियो। भोक त लागिसकेको थियो सबैलाई। तर पनि दिनभरिको त्रासद यात्राले थाकिसकेकाले जतिसक्दो छिटो पुग्न पाए हुन्थ्यो भन्ने सबैको मनमा थियो।

हामीले खुर्कोटमा खाना खाएको पनि धेरै घन्टा भैसकेको थियो। तर पनि हुन्छहुन्छ भनेर समर्थन गर्नेहरू बढी थिए। हामी केही तटस्थ थियौँ। त्यतिन्जेल केही चियाका गिलास पनि आइसकेका थिए। सँगसँगै केही खाजाका थालीहरू पनि हामीसँगैको टेबुलमा आइपुगे। हेर्दैमा खाऊँखाऊँ लाग्ने देखेपछि मन थाम्न सकेनौँ र हामीले पनि मगायौँ। यसरी नै होला, थपिँदैथपिँदै लगभग सबैले खाजा खायौँ पेटभर।

वैशाखको अँध्यारो रातले गर्दा सँगै हिँड्नेहरू पनि राम्रोसँग देखिन्थेनन्। मात्र मोबाइलको उज्यालाको भरमा गोडा अगाडि बढाइरहेका थियौँ। लगभग एक घन्टा हिँडेपछि केही घरहरू भेटिए।

घडी हेर्दै– एघार बजेको थियो। गलेको शरीरलाई पूरै आराम हुने गरी लडाएँ। हुस्सुको चिसोले छुन थालेपछि निक्कै अग्लो ठाउँमा आइपुगिएछ भन्ने लाग्यो। नजिकैको धारामा गएर घटघटी चिसो पानी पिएँ।

'यी घरहरूमा बास मागेर सुतौँ र भोलि मात्र हिँडौँ है।' भनेँ मैले । एकदुई जनाले हुन्छ जस्तो पनि गरेका थिए तर धेरै जना तयार नभएको जस्तो लाग्यो। तर पनि बानियाँजीले घरघरै गएर ढकढक्याउनुभयो, बोलाउनुभयो। अरू साथीले पनि त्यस्तै गर्नुभयो। तर कुनै घरबाट केही पनि प्रतिक्रिया आएन। मस्त निदाएका हुन् वा निदाएका जस्ता गरेका हुन् ? थाहा पाउने कुरो पनि भएन।

अब यसरी अलमलिनुभन्दा हिँड्नु नै बेस भनेर केही साथीहरू अघि बढिसकेका थिए। सिरसिर हावा चलिरहेको थियो। एकै पटक मसिनो पानी परेजस्तो भयो। मैले पानी पनि पऱ्यो अब कसरी जाने ? ओढ्ने केही छैन। त्यसैले कुनै घरको पिँढीमा बसेर भए पनि रात काटौँ भने।

'पानी परेको होइन, हावाले हुस्सु बताउँदा पानीको छिर्का आएको हो।' काशी दाइले स्पष्ट पार्नुभयो।

केही तन्नेरी र तन्नेरी जोस भएकाहरू पनि अगाडि बढ्न थाले। म निकै धर्मसङ्कटमा परिरहेको अनुभव गरिरहेको थिएँ। मसँगै ज्ञानेन्द्र विवश र ललिजन रावल हुनुहुन्थ्यो। हामी तीन जना मात्र भए पनि बस्ने हो कि भनेर उहाँहरूको मन बुझ्न खोजेँ।

'अब बसेर के गर्नु ? न खान पाइन्छ न सुत्न पाइन्छ। भोलि बिहान फेरि हिँड्नैपर्छ। दुखसुख आजै पुग्न सकियो भने मज्जाले पेटभरि खाएर भोलि अबेरसम्म सुते पनि भइहाल्यो नि।'

वास्तवमा कुरो यही नै ठीक हो। अहिले समूहमा जसोतसो गरेर भए पनि टरिहाल्छ। बरु मेरो झोला बोकिदिने भन्नुभयो ललिजीले। चन्द्रजीले आफूले समाइरहनुभएको टर्च मोबाइल मलाई दिनुभयो। ज्ञानेन्द्रजीले लौरो दिनुभयो।

बाटो अन्धकार र हिलोमय थियो। एक्लै परिएला कि भन्ने डर पटक्कै थिएन। ललिजी, ज्ञानेन्द्रजी, चन्दजी, बानियाँजी, टीकाजी, काशी दाइ लगभग लगभग सँगै थियौँ हामी। त्यसमा पनि टीकाजी र चन्द्रजीले काठमाडौँको मान्छेलाई निकै दुख दियौँ। माफ गर्नु होला दाइ भन्दै मलाई छोड्नुभएको थिएन। काशी दाइले लोकभाकामा हिन्दी गीतहरू सुनाएर थकाइ घटाइरहनुभएको थियो।

अब आइपुग्यो अब आइपुग्यो भन्दाभन्दै दिक्तेल बहुमुखी क्याम्पस नजिकै आइपुगेछौँ। यहीँनिर आएपछि एक ठाउँमा भिरालो ठाउँबाट ओर्लन निकै गाहारो भयो मलाई। जहाँ टेक्न खोज्दा पनि चिप्लिहाल्ने। साथीहरू पनि सतर्कतापूर्वक ओर्लन खोज्दै थिए। अलि अगाडि ओर्लिसकेका साथीहरूले कराउँदै भने, 'त्यहाँ अप्ठेरो छ, चिप्लिन्छ है होस गर्नू।' एकएक जना गर्दै साथीहरू सबै ओर्लिए तर मैले आँट गर्नै सकिनँ। त्यसपछि टीकाजीले हात समातेर भर दिनुभएपछि ओर्लिंदा पनि झन्डै पछारिएको थिएँ।

'यो ठाउँलाई रत्नपार्क भन्छन्, अब हामी आइपुग्यौँ'

भनेको सुन्दा म केटाकेटीझैँ खुसीले उफ्रिन खोजेको थिएँ। त्यसपछि हामी सडक बाटो भएर बास बस्ने होटलतिर अगाडि बढिरहेका थियौँ। हेडलाइटको उज्यालोले एउटा मोटरसाइकल आइरहेको देखियो। यति राति पनि मोटरसाइकल चलाएकोमा अचम्म लाग्यो। मोटरसाइकलले गति कम गर्दै हाम्रो अगाडि आयो र 'दिक्तेलमा स्वागत छ है स्वागत' भन्दै अगाडि बढ्यो। झन् अचम्म लाग्यो।

होटलमा पुगेपछि घडी हेरेँ। बिहानको एक बजिसकेको थियो। पसिनाले निथ्रुक्क भिजेका लुगाहरू निचोरेर सुकाएँ। हातमुख धुनासाथ केही ऊर्जा बढेजस्तो लाग्न थाल्यो। त्यही बेला स्वागतसत्कारका लागि केही आयोजक मित्रहरू आइपुगे। जसमध्ये एक जनाले हात मिलाउँदै भन्नुभयो म टङ्क थापा, 'अघि मोटरसाइकलबाट स्वागत गर्ने मै हुँ।'

यात्राअवधिमा पानी पऱ्यो र बाटो बिग्रियो। बाटोमा गाडी गुडाउन सकिएन। त्यही कारण हिँड्नैपऱ्यो। खोटाङको पहाडमा तीन घन्टा रात्रि पदयात्राले निकै दुख पाइयो भन्ने लागेको थियो। यो रहर होइन बाध्यता थियो। तर स्थानीय आयोजक साथीहरूले कुर्दाकुर्दा हामीले भन्दा बढी दुख पाउनुभएको थियो। त्यसपछि मैले दुख पाएँ भन्ने नै बिर्सिदिएँ। अनि लाग्न थाल्यो–अवसर। कस्तो संयोगले यो यात्रामा सहभागी हुन पाइएछ भन्ने लाग्न थाल्यो। यस्तो दुर्लभ अवसर कमाउन सजिलै कहाँ पाउन सकिन्छ र भन्ने पनि लाग्यो। वास्तवमै खोटाङ कला साहित्य महोत्सवको यात्रा जीवनको कहिले खर्च नहुने ठूलो कमाइ बनिसकेको थियो। फेरि लाग्यो– सबैको भाग्यमा यस्तो कहाँ लेखिएको हुन्छ र ?

□

नियात्रा

कतारको मरुभूस्वर्ग पर्पल आइल्यान्डमा पुग्दा

जय छाङ्छा

अहिले खाडी क्षेत्रको देश कतारको बसाइमा रहेको छु म। भूपरिवेष्ठित देशमा जन्मिएर पनि समुद्रले घेरिएको देशको बासिन्दा भइटोपलेको छु यी दिनहरूमा। अझै भन्ने हो भने धार्मिक दृष्टिले पनि एकदम भिन्न देशको बसाइमा छु आजकल। हिन्दू देश नेपालको पनि प्रकृति पुजारी धर्म किरात धर्मको अनुनायी भएर मुस्लिम अनुनायी देशमा रहेकाले प्राय: प्रत्येक कुरामा भिन्नता पाइरहेको छु मैले अर्थात् नेपाल र कतारमा। हावापानी, रहनसहन, खानपान, परम्परा, भेषभूषा तथा भाषा एकदम नयाँ छ मेरा लागि। कतारकै कुरा गर्दा कतार मुस्लिम धर्मावलम्बीहरूको देश हो। र शुक्रबार भनेको मुस्लिम धर्मावलम्बीहरूका लागि पवित्र धार्मिक दिन हो भन्दा कति पनि फरक पर्दैन। किनकि प्रत्येक शुक्रबार मुस्लिम धर्मावलम्बी पुरुषहरू मस्जिदमा उपस्थित भएर नमाज अर्थात् प्रार्थना गर्ने काममा संलग्न हुन्छन्। सार्वजनिक स्थानहरू वा भीडभाड हुने स्थानहरूमा खुला रूपमा मुस्लिम धर्मसम्बन्धी प्रवचन दिने कामहरूसमेत गरिने गर्दछ। यहाँको सरकारको स्वामित्वमा रहेको अल मीरा (Al Meera) अत्यावश्यक वस्तुहरूका मार्केटलगायत सानातिना किराना पसलहरूसमेत प्रार्थनाको समयमा बन्द गरिने गरिन्छ। साथै शुक्रबारलगायत अन्य दिनहरूमा मस्जिदमा छ पटक नमाज पढिने प्रचलन रहेको भए तापनि शुक्रबारबाहेक अन्य दिनहरूमा फुर्सद प्राप्त मुसलमानहरू मस्जिदमा गएर प्रार्थना गर्ने गरेको पाइन्छ। तर शुक्रबारका दिन अनिवार्य गरिएजस्तै गरी उपस्थित हुने गर्दछन् प्रत्येक पुरुष मुस्लिम धर्मावलम्बीहरू मस्जिदमा। दिनदिनैको नमाज पढ्ने समय तालिकामा भने केही हेरफेर भएको पाइन्छ। आजको नमाज पढ्ने समय स्थानीय अङ्ग्रेजी दैनिक पेनिन्सुलामा प्रकाशित भएअनुसार : बिहान हुनुअघि वा तीन बजेर चालीस मिनेटमा फजर (Fajr), सूर्योदयको समय वा पाँच बजेर तीन मिनेटमा शोरुक (Shorook), मध्याह्न एघारा ब्जेर चालीस मिनेटमा जुहर (Zuhr), मध्याह्न ढल्केपछि पन्ध्र बजे असर (Asr), सूर्यास्तपछि अठार बजेर छ मिनेटमा माघ्रिव (Maghrib) तथा रात परेपछि उन्नाइस बजेर सैँतीस मिनटमा इशा (Isha) रहेको छ । स्मरण रहोस् कि प्रत्येक दिनको नमाज पढ्ने समय तालिका स्थानीय पत्रिकामा सर्वसाधारणको जानकारीका लागि प्रकाशित हुने गरेको पाइन्छ कतारमा।

आज शुक्रबारको दिन भएकाले सार्वजनिक बिदा छ कतारमा। हिजो बेलुकी अर्थात् बिहीबार सेप्टेम्बर १३, २०१२ का दिन दूताबासबाट फर्कंदा श्रम सहचारी श्री इन्द्रदेव पाण्डे तथा सहचारीद्वय सर्वश्री केशवराज पन्थी र लक्ष्मण तामाङसँग भोलि कतै न कतै घुम्न जाने कि भन्नेबारे सङ्क्षिप्त रूपमा छलफल गरेका थियौँ। तर कहाँ जाने ? कति बजे जाने र कोको जाने भन्नेबारेमा कुनै निर्णय भने गरेका थिएनौँ। त्यसको निर्णय गर्ने सम्पूर्ण अभिभारा मलाई छोडिएको थियो। कहाँ जाने, कसरी जाने र कुन बेला जाने भन्ने विषयमा निर्णय गरी खबर गर्ने कामको जिम्मा मलाई लगाइएको थियो।

बेलुकी रुद्र राई मसँगै बस्ने गरी आउनुभयो सधैँझैँ दोहाको मुसैरेब एरियामा रहेको बेयती कम्प्लेक्सको अपार्टमेन्ट नं. ७०१ मा। भाइ करिब पाँच वर्षदेखि कतारको एक निर्माण कम्पनीमा कार्यरत हुनुहुन्छ। रुद्र भाइ नाताले मेरो बैनौलो भाइ (मेरी आमाकी बहिनीको छोरा) पर्नुहुन्छ। त्यसैले प्राय: बिहीबार बेलुकी रुद्र भाइ आउनुहुन्छ मेरो अपार्टमेन्टमा। म घरको काममा अल्छी भएकाले भाइ आएर सकेको मदत गर्ने गर्नुहुन्छ। एक्लै बसेकाले दाल, भात, तरकारी तथा अचार बनाएर खाने जाँगर पनि चल्दैन त्यतिसारो। पोल्न पकाउन नजानेको भने होइन मैले। विद्यार्थी कालमा धेरै वर्ष काठमाडौँको डेरामा बसेर घरधन्दा नगरेको र पकाउने काम नगरेको भने होइन। तर आजकल त्यति जाँगर भने चल्दैन मलाई। त्यसैले केवल बाँच्नका लागि रूखोसूखो बनाएर खाने गर्छु म। कि त कतारको लोकप्रिय र सर्वसुलभ उपलब्ध हुने खवुस (Khubus) तथा तरकारी वा दहीसँग खाने र

निट्ठा कालो कफी (दूध, चिनीबिना) पिएर गुजारा चलाउने गरेको छु। तर प्रत्येक बिहीबार बेलुकी र शुक्रबार बिहानको खाना भने स्पेसल हुन्छ भन्दा फरक पर्दैन। सधैँ बिहीबार बेलुकी रुद्र भाइ आएपछि साँझको मेनु बनाउँछौँ सल्लाह गरेर। प्रत्येक बिहीबार आफ्नो कम्पनीको कामबाट बिदा पाएपछि सीधै मेरो अपार्टमेन्टमा आइपुग्नुहुन्छ भाइ। त्यसैले पनि अलिक राहतको महसुस गरेको छु मैले कतारमा। हामी दुवैको घर नेपालको पहाडी जिल्ला भोजपुरको एकै गाउँ विकास समितिमा पर्छ। मेरो तल्लो बास्तिममा पर्छ भने उहाँको घर कट्टी भन्ने गाउँमा रहेको छ।

रुद्र भाइ बेलुकी आउनुभएपछि भोलिको कार्यक्रमबारे बताएँ मैले। भाइको फुर्सद छ भने कहीँ न कहीँ घुम्न जाने कार्यक्रम रहेकाले जाने हो कि भनी सोधेँ मैले। भाइले अपसोच मान्दै फुर्सद नहुने कुराको जानकारी गराउनुभयो। घुम्न जाने अवसरबाट वञ्चित हुनुहुने भयो भाइ। अलिकति दुखको अनुभव भयो मलाई। घुम्न सँगै जान पाएको भए निकै रमाइलो हुने थियो। कतारमा लामो अवधि बसेको भए पनि भाइले घुम्ने मौका नपाएको बारे समयसमयमा कुरा गर्दा थाहा भएको थियो मलाई। त्यसकारणले पनि भाइलाई लैजान पाए हुन्थ्यो भन्ने मेरो धोको थियो। तर अर्कैतिरको काममा व्यस्त हुनुपर्ने भएकोले जान असमर्थ जनाउनुभयो भाइले। हाम्रो दिउँसो सल्लाह भएअनुसार भोलि घुम्न जानेबारे एक प्रकार निश्चित भैसकेकाले त्यहीअनुसार कार्यक्रम रहेको कुरा भाइलाई बताउने काम गरेँ मैले। अपसोच, भाइलाई साथ दिएन समयले। त्यसैले भविष्यको भाका राख्दै पछि अर्को घुम्ने कार्यक्रम भएमा सम्मिलित हुन्छु नि भनी भोलिको घुम्न जाने कार्यक्रममा सहभागी हुन नसक्ने जानकारीसमेत गराउनुभयो रुद्र भाइले।

शुक्रबारको बिहान उठी घुम्न जाने स्थानबारे निकैबेर सोच्ने काम गरेँ मैले। कतार सानो देश भएकोले घुम्न जाने स्थानहरूमा सपिङ मलहरूबाहेक हेर्नलायक र जानलायक स्थानहरूको अभाव छ। कतारको जुन कुनामा गए पनि नाङ्गो मरुभूमि नाघेर विशाल समुद्रसँग ठोक्किनुबाहेक केही नयाँ नौलो देख्न पाइँदैन। सीमित स्थानमा घुम्नलायक स्थानहरू पनि एकदमै सीमित रहेको छ भन्दा अत्युक्ति हुँदैन। घुम्नलायक स्थानहरूबारे सरसरती सम्झिएँ। यसै क्रममा एक दिन वाकाचोल ९, खोटाङ निवासी एवम् कतारको अल्मना ग्रुपमा लामो समयदेखि कार्यरत श्री विनेश तामाङजीले भन्नुभएको कुरा सम्झिएँ, 'नेपालबाट धेरै वर्षअगाडिदेखि कतार आएर विभिन्न पेसाहरूमा आबद्ध भएर रहने धेरै नेपालीहरू छौँ। कतिपय त धेरै सम्पन्न पनि भएका छन्। तर तपाईं जस्तो कतार उत्खनन गर्ने न कोही पहिले भेटिए न त भविष्यमा आउलान् ! सिङ्गिङ स्यान्ड डुन, अग्लो पहाडको खोजी, मसरुम मेसा, सिनेमा सिटीलगायतका धेरै स्थानहरूको खोजी गरी दोहाबाट नेपालीमा प्रकाशित हुने साप्ताहिक पत्रिकाहरू राजधानी अन्तर्राष्ट्रिय साप्ताहिक र कान्तिपुर प्रवास साप्ताहिकहरूमा रचनाहरू प्रकाशित गरी कतारमा हेर्ने र मनोरञ्जन गर्ने स्थानहरू रहेको बारे नेपालीहरूलाई जानकारी गराउने काम गर्नुभयो। कतारमा धेरै वर्षदेखि कार्यरत रहे पनि हामीहरू अनभिज्ञ नै थियौँ। कतारमा समुद्र र बालुवाबाहेक हेर्ने स्थानहरू अरू पनि छन् भनी खोजी गर्ने प्रयास पनि भएन। शुक्रबारको एक दिनको बिदामा दोहामा रहेका एक सयभन्दा बढी नेपाली सामाजिक संस्थाहरूमध्ये कुनै न कुनै संस्थाले गर्ने कार्यक्रममा प्रमुख अतिथि तथा अतिथि भई बिदा बिताउनेबाहेक खासै नयाँ नौलो सोच्ने काम कोही कसैबाट भएन। सर, त नयाँ नौलो आकर्षणका क्षेत्रहरूको खोजी गरी लेख्ने हुनुभएकाले पत्ता लगाई जानुहुन्छ। सिर्जनाको काममा लागिपर्नुहुन्छ एकदम खुसी लागेको छ मलाई। सरका रचनाहरू पढेर धेरै नेपालीहरू विभिन्न स्थानहरू घुम्न र हेर्न जाने गरेका छन् आजकल। एउटा राम्रो सुरुवात पनि भएको छ नेपाली समुदायमा। अझ भन्ने हो भने दोहामा नेपालीहरूको जनसङ्ख्या पनि साढे चार लाखजति भैसकेको छ। त्यसैले नेपालीहरूलाई छुट्टी मनाउने वैकल्पिक उपायहरू पनि आवश्यक थियो। त्यो सरको कोसिसले वैकल्पिक उपायहरू पनि मिलेको छ।'

'मेरो मात्र चाहना र प्रयासले कहाँ हो र ? प्रत्यक्ष–अप्रत्यक्ष रूपमा तपाईंहरूको पनि देन छ यसमा। बरु अरू कुनै घुम्न जाने स्थान भए जानकारी दिनुहोस् न ? विनेशजी।' कुरैकुरामा मैले कुनै नौलो जानकारी मिल्छ कि भनी सोधेथेँ।

'धेरै त जानकारी छैन। तर पनि सरलाई अलिकति सहयोग होला भन्ने लागेको छ। अलखोर र अल थकिराबीचमा एउटा पर्पल आइल्यान्ड रहेको छ भन्ने सम्बन्धमा सुनेको छु। तर म भने अझै पुगेको छैन त्यहाँ। कुरा सुन्दा जानैपर्ने स्थान जस्तो छ। सर त नयाँ र नौलो स्थान र चीजको खोजीकर्तामा दरिनुभएकाले पर्पल आइल्यान्ड पनि पत्ता लगाउने हो कि भनी जानकारी गराएको छु। सुनेअनुसार उक्त पर्पल आइल्यान्ड समुद्रले घेरेको छ र जमिनसँग जोडिएको स्थानबाट आइल्यान्ड जाँदा तिघ्रासम्म

आउने जँघार पनि तर्नुपर्छ रे ! एक पटक घुम्न जाँदा रमाइलै होला जस्तो लागेको छ। समय मिलेमा साथीभाइ मिलेर जाँदा हुन्छ कि !' कुरैकुरामा भन्नुभएथ्यो विनेशजीले ।

आज अर्थात् सेप्टेम्बर १४, २०१२ तद्नुसार बिहीबार भदौ २९, २०६९ को बिहान घुम्न जाने स्थानहरूको चयन गर्ने क्रममा विनेश तामाङजीले भनेको कुरा दिमागमा आयो। उनले सुझाएअनुसार नयाँ स्थान भएकाले गएर घुम्दा रमाइलै होला भन्ने अनुमान गरेँ मनमनै। कसैसँग सोधूँ भने कोही नेपालीहरू पुगेको जस्तो लाग्दैन। कम्पनीको कामको सिलसिलामा कतारका प्रायः छेउ कुना चहार्नेमा पर्नुहुनेमध्येको एक जना हुनुहुन्छ स्याङ्जाका श्री गुरुनारायण रानाभाट। तर उहाँ पनि टाप कसेको घोडा जस्तै सीधै काममा गयो र काम सकेर फरक्कै क्वाटरतिर फर्कने गर्नुहुने भएकाले यसबारे जानकारी गुरुनारायणजीलाई पनि भएजस्तो लाग्दैन। कुनै नयाँ ठाउँतिर जाने बाटाको बारेमा साधारण जानकारी लिनुबाहेक गुरुनारायणजीबाट अन्य जानकारी मिल्न नसक्ने कुराको राम्रै ज्ञान छ मलाई। त्यसैले कम्प्युटरको गुगलमा गएर बाटोबारे जानकारी लिएर पर्पल आइल्यान्ड जानेबारे यकिन गर्नुपर्ला भनेर मनमनै योजना बनाएँ। पर्पल आइल्यान्डको बारेमा सोच्न थालेपछि त्यहाँको नजानिँदो आकर्षणले गाँज्न थाल्यो मलाई गजक्क पारेर। सोधेर वा खोजेर जसरी भए पनि पुगिहालौँ आजै पर्पल आइल्यान्ड भन्ने हुटहुटी पनि लाग्न थाल्यो मलाई। तर कसरी पुग्ने होला भन्ने समस्याले भने च्यापेको छ कताकता। एक मनले त साथीभाइ मिलेर खोज्दै जाने हो कि भन्ने पनि पनि सोचिरहेको छु ।

समस्या आएपछि समाधानको बाटो खोज्ने क्रममा दोहामा नै लामो समयदेखि कार्यरत तथा हाल युनिसेफनामक कम्पनीमा मन्दुप (पब्लिक रिलेसन अफिसर) का रूपमा कार्यरत रहनुभएका पथरा बुधराम, रौतहट निवासी तथा मेरो मित्र श्री दिलीप जायसवालसँग कुरा गरे केही उपाय निस्कन्छ कि भन्ने लाग्यो। उनीबाट सल्लाह पाएपछि कार्यक्रमको निश्चित गरौँला भनी मनमनै सोचेँ मैले। उहाँ असाध्यै मिलनसार र समय भएमा साथीभाइले राखेको प्रस्तावमा कहिल्यै पनि नाइँ नभन्ने बानी भएकोले फोन गर्ने अठोट गरेँ मैले ।

'हेलो, दिलीपजी नमस्ते। के गर्दै हुनुहुन्छ अहिले ? मैले अलमलमा त पारिनँ ?'

'नमस्ते सर। केही डिस्टर्ब भएको छैन। केही छ कि मेरो सेवा ?'

'पहिला भन्नुहोस् – आज कत्तिको व्यस्त हुनुहुन्छ तपाईं ? बुझेर मात्र कुरा गर्छु म। फुर्सद भए एउटा कुरा, फुर्सद नभए अर्कै कुरा।'

'फुर्सद मिलाउँला न सर। केही कार्यक्रम छ भने जानकारी पाऊँ, सर ! नयाँ ठाउँ घुम्ने भए म छँदै छु नि। करिब एक दशक कतार बसियो। केवल दोहा सहर, काम गर्ने कार्यालय र कार्यालयमा काम गर्ने सहकर्मीहरूबाहेक केही जान्न, सुन्न, देख्न र घुम्न सकिएको थिएन। सरसँग चिनापर्ची भएपछि कतारबारे धेरै जान्न र बुझ्न सकियो। सरसँगको परिचयबाट धरै लाभ लिन पाएँ मैले। कतार सानो भए पनि हेर्ने र बुझ्ने चीजहरू धेरै रहेछन् भन्ने कुराको ज्ञान सरको सङ्गतबाट थाहा हुन सकेको छ। सरको जानकारीमा आएको हेर्ने स्थानहरू छन् भने जान एकदम उत्सुक छु म। आजको कार्यक्रम के बनेको छ सर ?'

'फुर्सद छ भने पर्पल आइल्यान्ड जाने हो कि भनेर। अलखोर र अल थकिराको बीचमा पर्छ रे पर्पल आइल्यान्ड। तपाईंको नजिकको साथी कम्प्युटरको गुगललाई सोधेर बाटो र अन्य जानकारी पत्ता लगाई जाने हो कि भनेर। यस प्रस्तावमा मन्जुरी भए दूतावासका अन्य सहकर्मीहरूलाई पनि खबर गर्छु म।'

'हुन्छ नि सर ! बरु तेर वा चौध बजेतिर जाऔँ न। हुन्न र सर ?'

'उसो भए ठीक चौध बजे बाटो लागौँ न त है ?'

'भैहाल्छ नि सर ! म ठीक चौध बजे आइपुग्छु है त सर ?'

'हुन्छ नि। त्यहीअनुसार तयारी भएर बस्छौँ है त हामीहरू।'

दिलीप जायसवालजीसँग कार्यक्रमबारे निश्चित गरेपछि श्रम सहचारी श्री इन्द्रदेव पाण्डेसँग सल्लाह गरेँ। तत्पश्चात् मिनिस्टर काउन्सेलर श्री ऋषिराम घिमिरे तथा सहचारीद्वय सर्वश्री केशवराज पन्थी र लक्ष्मण तामाङलाई खबर गरेँ। सबै जनाले पर्पल आइल्यान्ड घुम्न जाने इच्छा जनाउनुभयो। त्यहीअनुरूप चौध बजे तयारी हुनका लागि अनुरोध गरेँ सबै जनालाई ।

दिलीपजी र मेरो बीचमा सल्लाह भएअनुसार नै आइपुग्नुभयो दिलीपजी दोहा मुसैरेवको वेयती कम्प्लेक्समा। सबै जना तयारी भएर झर्न्यौँ हामीहरू। हामी भन्नाले सर्वश्री ऋषिराम घिमिरे, इन्द्रदेव पाण्डे, केशवराज पन्थी, लक्ष्मण तामाङ तथा श्रम सहचारीका घरेलु कामदारका रूपमा रहेका जगन्नाथ न्यौपाने। सबै जना भेला

भएपछि हिँड्ने तयारीमा जुट्दा म र दिलीपजी भने दिलीपजीकै कारमा र दूतावासको जीपमा बाँकी सबै जना चढ्नुभयो ।

आजको पथप्रदर्शकको जिम्मा मलाई र दिलीपजीलाई दिइएको छ। त्यसैले दिलीपजी र म अगाडि हिँड्ने र हाम्रा पछिपछि अन्य साथीहरू आउने गरी कार्यक्रम तय गरी हाम्रो कार अगाडि बढ्न थाल्यो वेयती कम्प्लेक्सबाट अलखोरतर्फ। दोहा सहरदेखि उत्तरी क्षेत्रमा रहेको अलखोर करिब ४० कि.मि. दूरीमा अवस्थित छ। अलखोर छेउमा नै पर्पल आइल्यान्ड रहेकाले त्यतैतिर हान्नियो हामी चढेको कार। यस्तैमा अल रेयान (Al Ryan Road) लाई क्रस गर्ने क्रममा हामीले मन्नाई राउन्ड अबाउट अर्थात् गल्फ इन्टरचेन्जको पुलको तलतिरबाट पार गरी अल विदा पार्कतिर बढ्यौँ भने केशवराज पन्थीले हाँक्नुभएको जीप भने माथिबाट पार गर्दै अल रेयानतर्फ बढ्न थालेछ। अगाडि बढ्ने क्रममा पछाडि फर्केर हेर्दा धेरै समयसम्म जीप नआएकाले जीप चालकका रूपमा रहनुभएका केशवराजलाई फोन गरेँ मैले। उनले हामी चढेकाको कारलाई पछ्याउन नसकेर अर्कै बाटोतिर लागेको बताए। त्यसो हो भने दफ्ना हुँदै अलखोर जाने बाटोमा पर्ने रेन्बो राउन्ड अबाउट (Rainbow Round About) तर्फ आउनका लागि भनेँ। त्यहीअनुसार पर्खने काममा लाग्यौँ दिलीपजी र म।

केही क्षणपछि आइपुग्नुभयो सहयात्रीहरू। त्यसपछि बढ्न थाल्यौँ अगाडि। लुसाइल स्ट्रिट, लागुन स्ट्रिट, वेस्ट वे लागुन, कुटैफिया लागुन (Qutaifiya Lagoon) युनिभर्सिटी स्टेडियमका साथै दायाँतिर रहेको सानो जङ्गलसँग बिदा हुँदै बढिरहेका छौँ अलखोरतर्फ।

मनमा एक प्रकारको कौतँहलको आँधी चलिरहेको छ। मैले आफ्नो गुनासो सुनाउँदै दिलीपजीलाई भनेँ, 'एउटा आइल्यान्ड देशको पनि आइल्यान्ड कस्तो होला दिलीपजी ? कतार सरकारले पर्यटकीय क्षेत्र घोषणा गरेर विकास गरिदिएको भए असाध्यै राम्रो हुने थियो। कतार सरकारलाई आफ्ना पर्यटकीय क्षेत्रको विकास, संरक्षण र संवर्धन गर्न कुनै चीजको अभाव छैन। तर यस्ता कार्यमा सोच नभएर हो वा अनावश्यक सम्झेर हो कुनै पनि पहल गरिएको नपाउँदा आश्चर्य लाग्छ मलाई। कतारमा जे कुरा छन् र पाइन्छन् तिनीहरूकै संरक्षण तथा विकासमा ध्यान दिनुपर्छ – जस्तो कि अल खरारा क्षेत्रमा रहेको सिङ्गिङ स्यान्ड डुन (Singing Sand Dune) तथा कतारकै सबैभन्दा अग्लो पहाड कुरायन आबु अल बावल (Qurayn Abu Al Bawl), दुखान छेउमा रहेको मसरुम मेसा तथा सिनेमा सिटी, सेन्ट्रल कतार वा उम अल शाब्रुम (Umm Al Shabrum) मा रहेको मुस्फर सिन्कहोल (Musfer 'Sinkhole) अर्थात् अनौठो गुफालाई संरक्षण, संवर्धन र विकास गरी प्रचारप्रसार गर्न सकेमा स्वदेशी तथा विदेशी पर्यटकहरूको गन्तव्य स्थान बन्ने कुरामा दुई मत नहोला। भन्ने हो भने अहिले हामी जान लागेको अल थकिरा छेउमा रहेको पर्पल आइल्यान्डको समेत व्यापक प्रचारप्रसारका साथै संरक्षण र विकास गरिनुपर्ने थियो त्यस्तो भएको पाइएन। लाग्छ, सरकारको उदासीनताका कारणले पनि कतारलाई प्रकृतिले प्रदान गरेका अमूल्य पर्यटकीय क्षेत्रहरू ओझेलमा परेका छन्।'

मेरो नचाहिँदो गनगन सुनेपछि दिलीपजीले भन्नुभयो, 'साँच्चै नै यस्ता आकर्षक गन्तव्य बिन्दुहरू कतारमा छन् भन्ने कुरा धेरैलाई थाहा छैन। यहाँ कार्यरत हामी नेपालीहरूले यस्ता अनौठा र हेर्नैपर्ने चीजहरू छन् भन्ने कुराको ज्ञान पटक्कै थिएन। तपाईं जस्ता नयाँ चीजहरूका खोजीकर्ता र चाख भएका पनि कोही रहेनछौँ नेपालीहरूमा। म आफैँ कतार आएको पनि एक दशक हुनै लागेको छ। तर यस्ता स्थानहरू र चीजहरू होलान् भन्ने कहिल्यै अनुमान गर्ने, सोच्ने र हेर्ने प्रयास कोही कसैबाट भएन। झूटो नबोली सत्य कुरा बोल्ने हो भने सरको साथसङ्गत पाएपछि धेरै कुरा देख्न, बुझ्न र देख्न सकेँ मैले पनि।'

यस्तैमा देब्रेतिर झुलुक्क झुल्कियो उम्म गार्न (Umm Garn) गाउँ र दौडिँदादौडँदै अल दयान (Al Dayan) म्युनिसिपालिटी क्षेत्रमा छिर्यौँ लुसुक्क हामीहरू र क्रमशः अगाडि बढ्ने क्रममा टेनबेक (Tenbek), अलखोर एयरफिल्ड, अलखोर कोस्टल पेट्रोल पम्प हुँदै बढिरहेका छौँ गन्तव्यलाई छोट्ट्याउँदै। मरुभूमिको यात्रा एक प्रकार नीरस र पट्यारलाग्दो हुन्छ। समतल क्षेत्रबाहेक हेर्ने चीज केही छैन। हरियो रूख बिरुवाहरू, पत्रपत्रिका, पुस्तक र पोस्टरमा मात्रै देख्न पाइन्छ। माथि हेर्‍यो बेदाग नीलो आकाश मात्र देखिन्छ। मानौँ आकाशको संसारमा कुनै चित्रकारको जन्म भएको छैन। नत्र क्यान्भासमा रङ भर्ने स्थानहरू थुप्रै छन् आकाशमा। उकालीओराली भनेको कस्तो हुन्छ ? आफैँले पनि बिर्सन लागिसकेको प्रतीत भैरहेको छ यस बेला। नागबेली बाटोहरू र नागबेली नदीहरूका तिर्सना पनि जाग्छ मरुभूमिको यात्रामा। तर यस्ता चीजहरू खोजेर पनि पाउन सकिन्न कतारको यात्रामा।

म आफ्नै संसारमा हराएछु यात्राको क्रममा। कारले अलखोरको लुलु हाइपर मार्केट, अलखोर मल पार गरी

अलखोर कर्निस (Al Corniche) को छेउ हुँदै अल थकिरा (Al Thakira) तर्फ बढ्नमा प्रयासरत रहेछ। अलखोरबाट अल थकिरा जाने बाटो एकदम सुन्दर लाग्यो मलाई। बाटाको दुवैतिर पङ्क्तिबद्ध हरिया रूखहरू उभिएका छन्। मानौँ यो कतारको भूभाग नै होइन जस्तो लाग्छ यस दृश्यले। कतारमा बस्नेहरूले आफ्ना आँखाहरूलाई चाहिने भिटामिन पाउन यहीँ आउनु नितान्त जरुरी छ जस्तो आभास मिल्यो मलाई। हरियालीबीचमा दौडिरहेकै बेला बाटाको बायाँपट्टि अलखोर सेमेटरी (Alkhor Cemetery) लेखिएको साइनबोर्डमा गएर अल्झिए मेरा आँखाहरू। बिदाको सदुपयोग गर्दै एक टुक्रा खुसी र आनन्द बटुल्न हिँडेको तर अचानक देखिएको साइनबोर्डले दुखित तुल्यायो मलाई। हुन त शाश्वत सत्यलाई कुनै किसिमले पनि नकार्न सकिँदैन। तैपनि केही सोच्न बाध्य भएँ म। सहयात्रीहरूले यस साइनबोर्डलाई देखे–देखेनन् मलाई केही पत्ता भएन। तर यत्तिचाहिँ सोच्न बाध्य भएँ पार्थिव शरीरलाई डढाएर खरानी बनाएर नष्ट गरिनुभन्दा गाड्दा केही समय भए पनि सम्झनामा रहन सक्ने कुरालाई स्विकारेँ मैले। तर धेरै तडकभडक गरेर भन्दा केवल एउटा सानो खम्बामा नाम, जन्म र मृत्यु मिति लेखेर राख्ने र त्यही चिहानमा एउटा कुनै बिरुवा रोप्ने काम गर्दा राम्रो हुन्थ्यो होला भन्ने लाग्यो मलाई। साथै मृतकका आफन्तले त्यस बिरुवालाई हुर्काउने–बढाउने काम गरी संरक्षण गर्ने जिम्मा लिने काम गर्दा पर्यावरणमा सहभागी पनि हुने र मृतकको सम्झनासमेत सदैव ताजा रहने थियो। यो त केवल मेरा विचार न भयो। यसलाई व्यवहारमा उतार्न त सम्बन्धितहरूले नै प्रतिबद्ध हुनुपर्छ। त्यस्तै प्रकारले त्यसबारेमा जिम्मेवार पक्षहरूको दृष्टिकोण सकारात्मक रहनु नितान्त जरुरी छ। हाल नेपालमा पनि निकै जटिल बनेको समाचारहरू बारम्बार नेपाली अखबारहरूमा पढ्न पाइन्छ। वास्तवमा यस्ता समस्याको समाधान यस्तै उपायहरूबाट अपनाएर गर्न सकिन्छ। कोही कसैलाई निषेध गरेर भन्दा पनि सकारात्मक र निर्माणात्मक सोच राखी मेलमिलापबाट गर्न सकेमा सर्वकल्याणकारी समाधान हुन सक्छ भन्ने मेरो तर्क रहेको छ। हाल पशुपतिको जङ्गलमा प्राकृतिक जङ्गललाई नाश गर्ने हिसाबले यस्ता काम भएका छन् भने वा अन्य कतै प्राकृतिक जङ्गललाई विस्थापित गरेर कङ्क्रिटको जङ्गल बनाउनुभन्दा नयाँ रूखहरूले भरिएको जङ्गलमा परिणत गराउनेतर्फ उन्मुख हुँदा मृतकको परिवारको मन पनि रहने र पर्यावरणलाई नोक्सान पनि नहुने भएकाले समस्या पनि सरल तरिकाबाट समाधान हुन सक्छ भन्ने लागेको छ। यो कुरा सम्बन्धित सबैले पक्षबाट मनन भै समाधान खोजिनुपर्छ भन्ने मेरो ठम्याइरहेको छ। भैगो यस कुरालाई यहीँ बिट मार्न चाहन्छु म। किनकि आजको यात्राको उद्देश्य यस विषयको बहसको होइन। यो त अकस्मात् भेटिएको साइनबोर्डले माग गरेको विषय मात्र हो। वास्तवमा विषयवस्तुभन्दा बाहिर अलमलिएर श्रद्धेय पाठकहरूलाई समेत अलमल्याउने काममा जानिनजानी लाग्नुपरेकोमा क्षमा चाहन्छु म।

यस बेला अल थकिरा (Al Thakhira) को ग्रान्ड मल (Grand Mall) लाई पार गर्दै अगाडि बढिरहेको छ कार। चुपचाप स्टेयरिङलाई नियन्त्रण गर्नमा व्यस्त हुनुहुन्छ दिलीपजी। अल थकिरातर्फ जान दायाँतिर मोडिएको छ कार। अलखोर अस्पतालतर्फ बढ्ने क्रममा बाटोका दुवैतिर हरिया रूखहरू मुस्काइरहेका छन्। निकै नै रमाइलो अनुभूति भइरहेको छ मलाई। कतारबसाइको क्रममा यति सुन्दर र रमाइलो स्थान सायदै देखेँ हुँला मैले। एकदम आनन्द लागिरहेको छ मलाई आजको यो यात्रा।

हिँड्दै गरेको बाटोबाट दायाँतिर मोड्ने आदेश दिनुभयो दिलीपजीले अर्थात् अलखोर कम्युनिटीतर्फ बढ्न थाल्यो कार। अलखोर टावर लेखेको टावरको बायाँ पर्खालको छेउबाट बढ्यौँ हामीहरू निमग्न रूपमा। पर्खालबाहिर अलकत्रे नाङ्गो बाटो छ भने पर्खालभित्र अग्ला र हरियै रङमा सजिएका सुन्दर रूखहरू। मानौँ नवयुवक वा तन्नेरीका आँखामा वयस्क महिला जस्तै। तरुनी नारीलाई देख्दा वयस्क युवकको मनमा उठ्ने चञ्चलता जस्तै अनुभूति भइरहेको छ मलाई। कतार ग्यास, रस ग्यास लेखिएका साइनबोर्ड तथा डल्फिन इनर्जीको कम्प्लेक्सलाई छोड्दै बायाँपट्टि लहरै उभिएका तीनवटा बिजुलीका अङ्कुसे खम्बाहरूलाई पछि पार्दै नाङ्गा उजाड भूमिलाई पार गर्ने क्रममा छौँ यस पलमा ।

मोटरको रफ्तारमा कुनै कमी आएको छैन। मोटरको यात्रामा रहेकै बेला दायाँतिर अलिकति खैरो भूमिमा टालेको हरियो कपडा जस्तै घाँसे भूमि देखिएको छ। यस्तैमा सानो साइनबोर्डमा फ्लावर इच स्प्रिङ क्याम्प (Flower Each Spring Camp) लेखिएको बोर्डले खिच्यो मेरो ध्यान। यो साइनबोर्ड कुन उद्देश्यले यहाँ टाँगिएको हो त्यसबारे कुनै पत्ता पाइनँ मैले। उजाड मरुभूमिबीचमा उभिएको साइनबोर्डले हामीलाई खिज्याइरहेझैँ लाग्यो मलाई। यत्तिका समयमा कतारमा बस्दा मरुभूमिहरूमा फूल फुलेको देख्ने सौभाग्य मिलेको छैन मलाई। जे होस्, साइनबोर्ड न हो लेखिदियो र

जहाँ मन लाग्छ, त्यहाँ उभ्याइदिए भैहाल्यो नि ! अर्थ न बर्थ गोविन्द गाई भन्ने नेपाली उखान सुनेकै छु भन्दै चित्त बुझाएँ मैले ।

यसरी अकस्मात् बाटोमा जम्काभेट भएको फ्लावर इच स्प्रिङ क्याम्पको बोर्डलाई दायाँ पार्दै कच्ची बाटो वा नाम मात्रको मोटर गुड्ने बाटोलाई पछ्याउँदै दायाँतर्फ बढ्यो हामीले चढेको कार । मोटर गुड्ने बाटो भनौँ कि खाली चौर एकदम समतल छ । कुनै अग्लो होचो जमिन छैन । न त यहाँबाट त्यस्तो दृश्य नै देखिन्छ । एकदम साधा कागजको पन्ना जस्तै छ मोटर गुडिरहेको जग्गा । यस्तैमा समुद्रछेउमा पुग्ने बेलामा दायाँतिर थुप्रै कार तथा जीपहरू पार्किङ गरिएको देखियो र त्यतै गयौँ हामीहरू ।

पन्ध्र पचपन्न बजे आइपुगेका छौँ हामीहरू पर्पल आइल्यान्डको ढोकामा । मोटर पार्क गरी पर्पल आइल्यान्डतिर बढ्न सुरु गऱ्यौँ हामीले । समुद्रले घेरिएको क्षेत्रमा अलिकति भाग जमिनसँग अप्रत्यक्ष रूपमा जोडिएको रहेछ । समुद्रले बिर्सेर छोडेको सानो भागबाट आइल्यान्डमा पुग्न सानासाना दुईवटा खोलाहरू तर्नुपर्ने रहेछ । मोटरहरूलाई छेउमा छोडेर खोला तर्न तम्सियौँ हामीहरू । मैले हाफ प्यान्ट लगाएकाले त्यति गारो परेन पहिलो खोला तर्नलाई । तिघ्रातिघ्रासम्म आउने रहेछ पानी । लेउ तथा भ्याउ पनि हुने भएकोले सतर्कता अपनाउँदै तर्ने काम गरेँ मैले । मेरो पछिपछि जगन्नाथ न्यौपाने आउनुभयो । त्यसरी नै इन्द्रदेव पाण्डे, लक्ष्मण तामाङ र केशवराज पन्थी पनि आउनुभयो । मिनिस्टर काउन्सेलर ऋषि घिमिरे भने मान्छे नभएको बेला प्यान्ट खोलेर भए पनि समुद्रको भँगालो तर्ने सोच बनाएर पर्खन थाल्नुभयो भँगालोको तीरमा । दिलीपजीले भँगालो तरी पर्खनु थाल्नुभयो । तर मान्छेको भीडमा कमी नआएपछि प्यान्ट सुर्काएर तर्दा एक प्रकार पूरै प्यान्ट भिजाउनुभयो ।

अर्को सानो खोलामा पनि त्यही हालत भयो । तर पहिलेको भन्दा कम गहिराइको खोला रहेछ यो । हिले चराहरू, बकुल्ला जस्तै लामो घाँटी भएको चरा, ढुकुर, पानीहाँस, जुरेली जस्ता देखिने चराहरू, भँगेरा तथा विभिन्न जातजातिका चराचुरुङ्गीहरू निमग्न म्यानग्रोभ (Mangrove) का हरिया रूखहरूमा फुर्रफुर्र उडिरहेका छन् । मानौँ कोसी टप्पु हो यो । त्यस्तै प्रकारले सेतो छाती भएको किङफिसर (White Breast Kingfisher), फ्लेमिङ्गो (Flamingo), वेस्टर्न रिफ हेरोन (Western Reef Heron), इग्रेट (Little Egrets), कर्लिउ स्यान्डपाइपर (Curlew Sandpiper), रेडस्याङ्क (Redshank), मार्स ह्यारिज (Marsh Harries) आदि विभिन्न आकारप्रकारका माछाहरू सलबलाइरहेका छन् समुद्रमा उम्रिएका म्यानग्रोभका पोथ्राहरूका फेदमा । एकदम रमाइलो मानेर नियालिरहेको छु हरियो रङमा उभिएका म्यानग्रोभ (Mangrove) का रूखहरू । काँडा जस्ता आकारका पात भएका म्यानग्रोभका रूखहरू समुद्रका नुनिलो पानीमा रमाइरहेका छन् । अलिनु नदीहरूमा बाँच्न नसक्ने भएकोले नेपालको कोसी तथा महाकाली नदीहरूमा उम्रन नसकेका होलान् यी म्यान्ग्रोभहरू । नत्र सयौँ पटक सप्तकोसीको बाटो हिँड्दा अवश्यै देख्ने थिएँ हुँला म्यानग्रोभहरू । नेपालका पहाडी नदीहरूमा उम्रन सक्ने भएको भए बाढीपहिरोबाट जोगाउन निकै सहयोग गर्ने थिए म्यान्ग्रोभहरूले । जहाँ बाढीपहिरोको महामारी हुँदैन, त्यहाँ भने समुद्रभरि उम्रिएर फस्टाएका छन् म्यानग्रोभका रूखहरू । निकै लोभिएँ म म्यान्ग्रोभका रूखहरूबाट । यस्ता केही रूखहरू नेपालमा लगेर रोप्न पाए पनि हुन्थ्यो भन्ने लागिरह्यो मनमा ।

समुद्रको नीलो पानीमा उम्रिएका म्यान्ग्रोभका फेदमा माछा, गँगटा, शेलफिस (Shellfish) हरू आनन्दले खेलिरहेका छन् । किनारमा रहेका सानातिना ढुङ्गा र चट्टानमाथि समेत गँगटाहरू घाम तापिरहेको मनमोहक दृश्य देख्नु कुनै अनौठो चीज नहुने रहेछ यहाँ । अझ कतिपय म्यानग्रोभको रूखसमेत गँगटाको क्रीडास्थलका रूपमा रहेको देख्दा निकै अनौठो लाग्यो मलाई । नेपालतिर बाँदर चढ्थे रूखमा तर यहाँ गँगटाले रूख चढ्ने रहेछ । सायद समुद्रको नुनिलो पानीबाट मुक्ति पाउन वा केही क्षण स्वच्छ हावामा रमाउन गँगटाहरू म्यानग्रोभका साना रूखहरूमा चढ्ने गरेका होलान् पर्पल आइल्यान्डमा । चराहरूको चिरबिरले एउटा बेग्लै किसिमको वातावरण बनाएको छ पर्पल आइल्यान्डमा । दोहामा कङ्क्रिटको जङ्गल भएकाले चराहरूको आवाज टेलिभिजनमा मात्र सुन्न पाइन्छ । रूख बिरुवाहरूले उजाड पारेर बसाइँ सरेकाले चराहरूको आवाज सुन्न पाउनु असाध्यै दुर्लभ वस्तु जस्तै छ दोहामा ।

आज यसरी समुद्रमाथि उम्रिएका म्यानग्रोभका हरियाली, माछा तथा गँगटाहरूका अनौठो प्रकारको चहलपहल र चराहरूको घना आवाजका बीचमा आफूले आफैँलाई बिर्सिन पाउँदा सपना जस्तै लागिरहेको छ मलाई । मानौँ पर्पल आइल्यान्ड स्वप्नभूमि हो कतारको । अझ भन्ने हो भने यो कतारको पर्पल आइल्यान्डमा नभएर नेपालकै कुनै जङ्गलबीचमा रहेको ठूलो तालको छेउमा पुगेजस्तै अनुभूति भैरहेको छ मलाई । मरुभूमिका बीचमा समुद्रले वरिपरि

घेरेर बनेको मरुभूस्वर्गमा आएर समय बिताउन पाउँदा अहोभाग्य सम्झिरहेको छु।

दुईवटा साना भँगालो तरेर सानो माछा आकारको टापुमा भित्रिएपछि चूनढुङ्गाका सानासाना पत्थरमा बालुवा मिसिएका जमिनलाई टेक्दै बढ्यौँ अगाडि। सहयात्री मित्रहरूले रमाइलो मान्दै फोटो खिच्ने काम गरिरहेका छन्। सीधै अगाडिको करिब पैँतीस फिट अग्लो पहाडमा चढ्ने काममा जुट्यौँ सबै जना। गल्ठ्याङ्गुल्ठुङ र चोसाचोसी परेका चट्टानलाई टेक्दै उक्लिनु भनेको त्यति सजिलो काम भएन। भीर जस्तो बाटो भएकाले पनि उक्लन नै निकै साहस र अक्कल लगाउनुपर्‍यो मलाई। म पहाड चढ्दै गर्दा दिलीपजीले फोटो खिच्ने काम गर्नुभयो उनकै सामसुङ नोटबुकबाट। धेरै समयपछि पहाड उक्लन पाउँदा आनन्दले पुरिएको छु म। कतारमा पहाड चढ्न पाउनु भनेको पनि ठूलै कुरा हो। नेपालमा डाँडाकाँडा, पाखा, पर्वत, खोलानाला र जङ्गल भएन भने त्यो नेपाल नै हुन सक्तैन। त्यसैले घाँस, दाउरा, गोठालो जता गए पनि जहाँ पुगे पनि उकालीओराली नगरे सुखै छैन। आफ्नो बाल्यकाल उकालीओराली, पाखापर्वत, खोलानाला तथा जङ्गलसँगकै नजिकको हिमचिममा बितेकोले पर्पल आइल्यान्डको यस यात्राले विगत बनिसकेका मेरा बाल्यकाल तथा युवाकालका सम्झनाहरू ताजा बनाइरहेको छ कतारमा।

डाँडामा चढेर आइल्यान्डका वरिपरि नियालेँ मैले। सारै आनन्दको अनुभूति भयो मलाई। समुद्रले छेकेको भए पनि अलिक पर बायाँतर्फ अलखोर बजार, दायाँतर्फ अल थकिरा बस्ती र खुला भरुभूमि देख्न सकिन्छ। वास्तवमा डाँडामा चढ्नु भनेको कृत्रिम उचाइ बढाउनु पनि हो। कृत्रिम उचाइ नबढाएको भए त्यति टाढाका बजार र बस्तीहरू देख्न सम्भव थिएन मलाई।

पहाडका मुन्तिर ओडारहरू रहेका छन्। अति गर्मीको महसुस भएमा शीतलका लागि बस्न मिल्ने खालको छ भने कथम्कदाचित बर्सात भएमा राम्ररी ओतिन सक्ने खालका छन् ओडारहरू। तर सर्प तथा बिच्छी आदिसमेत पाइने भएकाले ओडारहरूमा गएर सुस्ताइहाल्नचाहिँ सिफारिस गर्न चाहन्नँ म।

पहाडबाट बिस्तारै ओर्लिए पछि आइल्यान्डको दायाँ तीरतर्फ गयौँ। शिल ढुङ्गाले बनेका रहेछन् किनार। हेर्दा पनि कहालीलाग्दो छ भीर। समुद्रमा माछाहरू खेलिरहेका छन् निमग्नपूर्वक। किनारलाई छोडेर ठूलो मैदाने चउरतिर आयौँ हामीहरू। मैदानका बीचमा एउटा पुरानो घर रहेको छ। त्यो कसले र कुन प्रयोजनका लागि बनाइएको त्यसबारे केही थाहा भएन। पर्पल आइल्यान्ड अर्थात् जजिरात अल घानिम (Jazirat Al Ghanim) नामले प्रख्यात यस आइल्यान्ड कतारको इतिहासमा निकै महत्त्वको रहेको छ। यहाँ इसापूर्व १४०० देखि १२०० तिर पर्पल रेड ड्ये (Purple Red Dye) एक प्रकार सामुद्रिक शङ्खकीरा (Sea Snail) बाट उत्पादन गरिने गरिन्थ्यो भन्ने भनाइ रहेको छ। पर्पल रेड ड्येको साङ्केतिक अर्थ रगत, आगो र सूर्य हो भने जसलाई शक्ति (Power), बल (Strength) र अख्तियार (Authority) का रूपमा बुझिन्छ। यो पर्पल रेड ड्ये एकदमै बहुमूल्य भएकाले यहाँ उत्पादित ड्ये सम्राट्, महाराजा तथा उच्चपदस्थ पदाधिकारीहरूलाई सम्मानयोग्य भएमा पादरी पोसाक (Robe) का रूपमा प्रयोग गर्न उपहारस्वरूप दिइने गरिन्थ्यो। यो ड्येको उत्पादन अरेबियन गल्फमा यही स्थान मात्र हुने गरेको थियो भन्ने आम विश्वास गरिएको छ। वास्तवमा कतारी राष्ट्रिय झन्डाको रङ यसै आइल्यान्डमा उत्पादन गरिने सामुद्रिक स्नेल (Sea Snail) बाट उत्पादन गरिएको ड्ये (Dye) को रङलाई आधार मानिएर गरिएको छ। जस्तो कि कतारी राष्ट्रिय झन्डामा चमकदार सूर्य (Blazing sun) तथा पर्पल ड्ये (Purple dye) लाई घनरक्त रङ (Maroon color) मा बदलिएर झन्डाको रङ राखिएको छ। तसर्थ यस सानो आइल्यान्डको महत्त्व कतारी इतिहासमा सबैभन्दा उच्च रहेको छ भन्दा अत्युक्ति हुँदैन।

यस ऐतिहासिक स्थलमा पैताला राख्न पाउनु अहोभाग्य नै सम्झिएँ मैले। आइल्यान्डको प्रवेश गर्ने क्षेत्रमा सुन्दर हरियाली मुस्कानमा स्वागत गर्ने म्यानग्रोभले जोसुकैको मनलाई मोहित नतुल्याई छोड्दैन। सामुद्रिक किनाराको नुनिलो पानीमा म्यानग्रोभ उम्रिएका छन्। कतारको वरदानतुल्य छन् म्यानग्रोभका रूखहरू। यस्तो कलबिख समुद्रको पानीमा म्यानग्रोभ उम्रिएर हरियाली हुनु कतारको सौभाग्य हो भन्ने लाग्यो मलाई। यस्तो कलबिख जस्तो पानीमा न त अरू प्रजातिका रूखहरू नै उम्रन सक्छन्। न त उम्रिएर बाँच्न नै। सारै अद्भुत र आश्चर्य लाग्यो मलाई। जीवनमा यस्ता दृश्य देखिएला भनेर कहिल्यै सोचेको थिइनँ मैले। तर सौभाग्यवश देख्न पाएकोमा आफूलाई भाग्यमानी सम्झिएँ मैले।

संसारमा म्यानग्रोभका ५० प्रजाति पाइने भए पनि कतारमा ग्रे म्यानग्रोभ (Grey Mangrove) वा एभिसन्निया म्यारिना (Avicennia Marina) मात्र पाइने रहेछ। यही म्यानग्रोभले पर्पल आइल्यान्डको स्वागतद्वारमा उभिएर

स्वागत गर्ने भएकाले लट्टिने रहेछन् आगन्तुकहरु। यसरी पर्पल आइल्यान्डका दृश्य तथा क्षणहरूलाई पर्गेल्ने हो भने कतारको स्वर्णिम क्षेत्र हो भन्दा कत्ति पनि फरक पर्दैन जस्तो आभास भयो मलाई।

अझ मिहिन तरिकाबाट नियाल्ने हो भने पर्पल आइल्यान्डका क्षेत्रमा होस् कि सामुद्रिक तटमा कहीँ कतै पनि म्यानग्रोभबाहेक अन्य रूख, बिरुवा तथा झारहरूसमेत पलाएका छैनन्। मानौँ वनस्पतिका लागि निषेध भूमि हो पर्पल आइल्यान्ड। कुनै सजीव भवन तथा पसलहरू छैनन्। मानौँ मानवबस्तीका अनुपयुक्त स्थल हो पर्पल आइल्यान्ड। तर ऐतिहासिक भूमि भने पक्कै हो कतारको। यस्तो ऐतिहासिक क्षेत्रमा कतार सरकारको ध्यान नपुग्नु दुखको विषय हो भन्ने सोच्दै नाङ्गो भूमिमा केही क्षणका लागि पाइतालाका चिह्न छोड्दै घुम्ने काममा लागिरहेका छौँ हामीहरू। पर्यटक बनेर आउनेहरूको भीड लगातार बढिरहेको छ नदीमा आएको बाढी जस्तै। भारतीय, पाकिस्तानी तथा युरोप तथा अमेरिकीहरूको निकै घुइँचो लागेको छ। सायद नेपाली भनेको हामी सात जना मात्र रहेका छौँ पर्पल आइल्यान्डमा। जे भए पनि आनन्दित र रोमाञ्चित भइरहेका छौँ हामीहरू।

पर्पल आइल्यान्डको आकाशमा सानो दुईसिटे हेलिकोप्टर उडिरहेको छ। लाग्छ, आइल्यान्डबाट मुस्किलैले साठी वा सत्तरी फिटको उचाइमा उडिरहेको छ हेलिकोप्टर। जमिनबाट एकदम नजिक। हेलिकोप्टरमा एक जना चालक र अर्को एक जना यात्रु मात्र रहेको स्पष्टै देख्छौँ नाङ्गा आँखाले। जमिन र हेलिकोप्टरको दूरीलाई विचार गर्ने हो भने उडेका मान्छेहरू र हामीबीच सहजै कुरा हुन सक्ने स्थिति छ। बेलाबेलामा हात पनि हल्लाइरहेका छन् हेलिकोप्टरबाट। मानौँ तिनीहरू मनोरञ्जनका लागि हेलिकोप्टर उडाइरहेका छन् पर्पल आइल्यान्डको आकाशमा।

पर्पल आइल्यान्डको प्रवेशपछि हामीहरू प्रायः दायाँ किनारातर्फबाट घुम्दै बायाँतर्फ लागेका छौँ। बायाँ किनारातर्फ त सुन्दर समुद्री बिच (Sea Beach) पो रहेछ। बिचतर्फ नजर लगायौँ सबैले। स्विमिङ कस्टम लगाएर पश्चिमी देशका महिला तथा पुरुषहरू बिचमा पौडने र किनारमा घाम ताप्नेहरू देख्दा एकदम आश्चर्य लाग्यो मलाई। यसरी खुल्ला रूपमा कतारको समुद्री बिचमा पौडी खेल्ने र घाम ताप्ने गरेको दृश्य देखेको थिइनँ मैलै कतार आएपछि। एक प्रकार कतारकै स्वतन्त्र क्षेत्र रहेछ पर्पल आइल्यान्ड जस्तै लाग्यो मलाई। यसभन्दा अगाडि मेसाइड बिच (Messaeed Beach), दुखान बिच (Dukhan Beach), ओक्रा बिच (Wakra Beach) तथा फुवैरित बिच (Fuwairit Beach) आदिको अवलोकन भ्रमण गरिसकेकै थिएँ। तर यस्तो अनौठो दृश्य समेट्न सकेको थिइनँ कतारमा। तर आज ऐतिहासिक पर्पल आइल्यान्डको भ्रमणमा परम्परावादी (Conservative) मानिने कतारमा स्वतन्त्र र खुला रूपमा पर्यटकहरूको चहलपहल देख्न पाउँदा आश्चर्यमा परेँ म। मेरो कतारबसाइको अवधिमा यस्ता पनि कतारमा स्थान छ भने कहिल्यै सोचेको पनि थिइनँ। तर सपना जस्तै लाग्ने समयको मालिक भएँ म आज। यी दृश्यहरू देखेपछि बल्ल थाहा पाएँ किन हेलिकोप्टर उड्दो रहेछ आइल्यान्डको आकाशमाथि भनी। जे होस्, निकै रोमाञ्चित, आनन्दित र खुसीले स्थान बनायो मेरो मनमा पर्पल आइल्यान्डको भ्रमणले।

पर्पल आइल्यान्डको सुखद क्षणलाई मनभरि सँगालेर बिदाको तरखरमा जुट्यौँ हामीहरू। क्रमशः म्यानग्रोभका हरिया मुस्कान, रङ्गीबिरङ्गी चराहरूको कोलाहल, माछाहरूको सगबगाहट, गँगटाहरूको चहलपहललाई स्मृतिमा खात लगाउँदै सामुद्रिक भँगालोहरू तर्दै बिदा भयौँ हामीहरू।

मोटरले दोहाको बाटो जति छोट्ट्यायो, त्यति नै टाढियौँ पर्पल आइल्यान्डबाट हामीहरू। मलाई अपसोच लागिरह्यो दोहाको छ सय दुई दिनको बसाइपछि मात्र पर्पल आइल्यान्ड आइपुग्न सकेकोमा। पहिल्यै नै थाहा भएको भए दोहाबसाइका धेरै समय वा बिदाको समयमा एउटा प्रमुख गन्तव्यको सूचीमा पर्पल आइल्यान्ड अवश्यै पर्ने थियो मेरो। जे होस्, ढिलै भए पनि पर्पल आइल्यान्डसँग जम्काभेट हुन सकेकोमा एउटा खुसीले घर बनायो मेरो मनमा। यो ऐतिहासिक पर्पल आइल्यान्डलाई कतार सरकारले विकास गरी पर्यटक गन्तव्यका रूपमा विकास गरोस् र धेरैभन्दा धेरै पर्यटकहरूले यस आइल्यान्डको भ्रमण गर्ने अवसर पाओस् भन्ने चाहन्छु म। अहिले जस्तै आगामी दिनमा यो ऐतिहासिक स्थल ओझेलमा नपरोस् भन्ने कामना गर्दै दिलीपजीले चलाएको कारको छेउमा चुपचाप बसेर कुन बेला दोहा पुगिएला भन्ने सोचाइमग्न हुन्छु म।

बिस्तारै पर्पल आइल्यान्डलाई छोडेर हुइँकिएको कार अलखोर कर्निसको छेउमा आइपुगिसकेका रहेछौँ हामीहरू। कार आफ्नै सुर र तालले दौडँदै दोहा पुग्नलाई लागिपरेको छ। दिलीपजी कार हाँकिरहनुभएको छ। म भने चुपचाप कारको सिटबेल्टमा बाँधिएर यात्रारत छु यस क्षणमा।

□

समालोचना

परवर्ती उपन्यासमा समयबिम्ब

डा. खेम दाहाल

औपन्यासिक कृतिहरू समयको घटना र इतिहासलाई बोध गर्ने आधार हुन्छन् तर त्यसमा प्रस्तुत विषय साहित्यिक सौन्दर्यका कारणले छद्म रूपले आउँछन्। त्यो छद्म रूपमा समाजलाई खोज्ने सिद्धान्तको रूप 'साहित्यको समाजशास्त्र' हो। 'साहित्यको समाजशास्त्र'का प्रणेताहरूले क्षण, मुहूर्त र पर्यावरणलाई विशेष अध्ययनको आधार मान्दै गर्दै आएका छन्। मुहूर्तमा कुनै दशक र सोभन्दा अगाडिको समय समेटिएको हुनेछ। समयसँग अन्वय हुन आउने अर्थहरू प्रशस्त हुन सक्छन्, त्यसमा पनि सुहाउने अर्थहरू समयबिम्ब हुन्। सबै शब्द प्रतीक हुन्, तर तिनको महत्त्व भने शब्दशक्तिका आधारमा अथवा बिम्बात्मक क्षमताका आधारमा युगसम्म बाँच्ने र नबाँच्ने हुन्छन्। यस अध्ययनमा सुरुमा डा. ध्रुवचन्द्र गौतमको उपन्यास **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८)बाट औपन्यासिक विवेचनाको आरम्भ गर्न सकिन्छ। यस उपन्यासले तत्कालीन समाज र राजनीतिको चित्रण खुला रूपमा गरिएको छ। यो उपन्यास पहिलो जनआन्दोलनपछिका विभिन्न घटना र चरित्रलाई चित्रण गरेको छ। यो एउटा पठनीय र समयबोधलाई चित्रण गर्ने सफल उपन्यास हो। यस्ता खाले विसङ्गत समाज र तत्कालीन पञ्चायती समयलाई चित्रण गर्ने नारायण ढकालको उपन्यास **पीतसंवाद** त्यति सफल र सबल नभए पनि तत्कालीन समयलाई चित्रण गर्ने प्रयासले गर्दा उपन्यास विवेचना गर्न सकिने भएर देखा परेको छ। यस कृतिको विषय गाउँबाट सहर पस्नेहरू र तिनले कमाएका यश तथा अपमानलाई समेट्ने प्रकारको देखिएको छ। यसमा प्रकाश गरिएको गाउँ भनेको नुवाकोट हो, त्यस गाउँले कपिलनाथ र नवीनकुमारलाई सहर पठाउँछ। सहरमा कपिलनाथ राजनीतिको पाठ सिक्न सक्छ, नवीनकुमार त्यस्तो पाठ सिक्न सक्दैन। नवीनकुमार असल र अनुकूल पात्रका रूपमा उपस्थित हुन्छ भने काम दलका नेताहरू मध्येको एउटा पात्र कपिलनाथले पैंतालीस दिन जेलमा पर्दा चिनेको नेताहरूलाई उपयोग गर्छ र मौकाको फाइदा नराम्रो उठाउँछ। यही विषयको चित्रणमा ढकालले आख्यानशिल्प पूर्ण विकसित गर्न सकेका छैनन्, पूर्णता सधैँ अपूर्ण रहन्छ, तथापि यसमा थपिने सुन्दरता भनेको क्रमशः साधनाले दिन्छ। नयनराज पाण्डेको **उलार** वि.सं २०५५ मा प्रकाशनमा आएको सानो आकारको उपन्यास हो। यो विषयले उपन्यास भनिए पनि लामो कथा जस्तो छ। यही नै यसको कमजोरी हो। यसले उपन्यासको जस्तो ठूलो क्षेत्र लिन नसकेकाले यो उपन्यासभन्दा लामो कथाका आधारमा पढ्न सकिन्छ। यसमा वि.सं. २०४८ को हाराहारीमा पञ्चायती शासनको समाप्ति रहेका बेला शान्तिराज र राजेन्द्रराज जस्ता बहुदलवादी नेताहरूले खलेको राजनीतिले नेपालको बहुदलवादी चरित्रमाथि समष्टिमा आलोचना हुन्छ। त्यसमा कुनै दल विशेषको आलोचना गरिएको छैन, कुनै पार्टीलाई पूर्वग्रही आँखाले हेरिएको छैन, शान्तिराज कृषि मन्त्रीसम्म भएको देखाइन्छ। राजनीतिका खेलाडीहरूका अगाडि पुराना नेता र सोझा कार्यकर्ता ठगिने शैलीको प्रतिबिम्बले यथार्थको भ्रम सिर्जना गदर्छन्। त्यसमा पनि उपन्यासकारले प्रयोग गरेका स्थानीय शब्दहरूबाट कृतिलाई रोचक बनाउने प्रयास गरेका छन्। प्रेमललवा जस्ता पात्रहरू एवम् द्रौपदी जस्ता महिलाहरू शोषणमा परेका कारणहरू पनि पत्यारलाग्ने गरी प्रकाश भएका छन्। यसैले **उलार** उपन्यासको रूपमा भन्दा पनि लामो कथाको रूपमा पठनीय छ र **पीतसंवाद**ले भन्दा **उलार**ले गति लिएको ठहर हुन्छ।

सुकरातका पाइला उपन्यासमा आख्यानकार गोविन्दराज भट्टराईको समय चेतना झल्कन्छ। यस कृतिमा समयलाई चिनाउने सजीव शब्दवाक्यको उपस्थिति रहेको छ। यसमा वि.सं. २०५२ अझ २०५५ पछाडिका राजनीतक र सामाजिक जटिलतालाई देखाउने शब्द प्रतीक प्रस्तुत छन्। यसमा मानिसहरू मरेको रमिता समयले हेरेको छ। यसमा धेरै अप्ठ्यारो र क्रूर समयको सिकार भएका भक्तमान र चित्राखर जस्ता अशिक्षित युवकहरू गाउँको घरबारी बेच्न

बाध्य भएका छन् 'दुवै घरका गहना सबै बेच्नु, हल गोरु बेच्नु, खसी बेच्नु, ढिकुटीका धान रित्याउनु, झर्केथाल, बटुका र तामाका गाग्री बेच्नु, ठूलो पित्ले आरी बेच्नु।' यस्ता प्रस्तुतीकरणले ठूलै खाडल खनिएको सङ्केत आफैँ हुन्छ, अर्थको पछि लाग्नु पर्दैन।

भट्टराईको **सुकरातका पाइला** उपन्यासमा हाम्रो पछिल्लो युगमा पश्चिमी मुलुकको हावा लागेको छ। पात्रले सन्तानको रहर गर्दैन, किनभने सन्तानले निरास बन्नुपर्ने युग आएको छ। त्यस युगमा गरिखान नसक्ने छोराछोरी जन्मनेछन्, बरु सँगसँगै बस्नलाई र बोल्नलाई साथी चाहिन्छ भन्ने ठानेर उमेरमा चालीस नाघेपछि एकै ठाउँ बसेका जोडीका उदाहरण प्रस्तुत छन् : 'सुकरात र नीलाको बिहाको घटना अपरिभाषित थियो। त्यसको सबैतिर हल्ला भयो, तर सुकरातले कसैलाई भन्दै हिँडेन। तर धेरै समय बित्न नपाउँदै सुकरातले त्यसलाई एउटा दुर्घटना ठान्यो। ... आफ्नो पुरानो स्वतन्त्र भूमिका कसैले पाइला टेकेजस्तो लाग्न थाल्यो ...' यस प्रकारका शब्दबाट उत्तरआधुनिक युगमा पुगिएको कुरा प्रस्तुत गर्न शब्दका अनुहार नै प्रशस्त हुन्छन्।

सुकरातका पाइला उपन्यासमा राजधानी सहर शिक्षा, संस्कृति र मान्यताको भन्दा हल्ला, भीडभाड र ठगी व्यवसायको केन्द्रमा परिणत भएको देखाइएको छ। गाउँमा भएको जमिन, अन्न बेचेर ल्याएको पैसा जसलाई जिम्मा लगाइन्छ उही छलेर भाग्छ : 'सात दिनमा चाहिँ कसोकसो पैसा जुटाउनैपर्छ है, टिकट कन्फर्म गरिसकेँ' त्यही पात्र दस महिना बेपत्ता हुन्छ। यसमा संस्कृतिको हेरफेर भएको समयको सूचना गर्दा सात सय महिला विधवा भएपछि रातो वस्त्र लगाउँछन्, परीक्षा दिएपछि उत्तीर्ण हुनुपर्छ भनी छात्रहरू माग गर्दछन्। यस किसिमले विषयको समेटाइ हेर्दा **सुकरातका पाइला**मा केही मात्रामा भए पनि समयको चेतना सबल रहेको पाइन्छ। सामाजिक कथा वा उपन्यासले स्थानीय विषयलाई अलिकति बढी उठाएको उपन्यास **उलार** देखिन्छ र वाम राजनीतिलाई मूल आलोचनामा लिएर आएको उपन्यास **पीतसंवाद** रहन्छ, तर विश्वविद्यालय, शैक्षिक अराजकता, आर्थिक आपत्‌विपत् एवम् गाउँ रित्ता भएको र प्राचीन पात्रले विष पिएर मुक्ति खोजेको विषयलाई भ्रमका दृष्टिले लिँदै निराशाको भुमरीमा फसेका युवाहरू मूल समस्यामा लिई अगाडि बढेको उपन्यास **सुकरातका पाइला** देखिन्छ। यसमा उत्तरआधुनिक चेतनाको एउटा कुशल पाठकले देखेको विश्व जेजस्तो हुन्छ, त्यसलाई त्यस्तै रूपमा उतार्न भाषा र प्रस्तुतीकरण जोड्ने काम भएको छ।

कृष्ण धरावासीको **शरणार्थी** उपन्यास पुराना पात्रहरूलाई नयाँ कृतिमा स्थान दिने प्रयोगका लागि लेखिएको कृति हो, तर पठन गर्दै जाँदा कतैकतै यो उपन्यास नभएर उपन्याससम्बन्धी समालोचना पो हो कि भन्ने भ्रम पनि हुन्छ। यसले कुनै समयमा शरण माग्ने गरी अलपत्र परेका दुखी नेपालीहरूको विषयलाई केन्द्रमा पारेको छ। यसमा विभिन्न भेगमा नेपालीहरू विभिन्न तरिकाले विवश भई प्रवासी जीवन बाँच्न परेको कथालाई विभिन्न अरू उपन्यासले उठाएका कुरालाई टिप्पणीका रूपमा धरावासीले उठाएर आफ्नो उपन्यास बनाउने प्रयास गरेका छन्। यसैले यो एक प्रकारले मिसमास उपन्यास हो। विभिन्न भेगमा अलपत्र परेका र विभिन्न शिविरमा आश्रय लिएका प्रवासी नेपालीहरूको कथा यसले उनेको छ। त्यस ठाउँमा ठूलो कष्ट गर्ने तथा स्थानीय व्यक्तिहरूबाट धपाइने परिश्रमी नेपालीहरूका कारुणिक गाथाले उपन्यासको कथानक बनेको छ। हुन त यो अधिआख्यानमा जस्तो पात्रहरूलाई पत्रकारले अनेक प्रश्न सोधका छन्, पूर्वइतिहास खोतलेका छन्, तर यसरी पात्रलाई पुनर्स्थापना गर्ने डा. ध्रुवचन्द्र गौतमले **अग्निदत्त**

अग्निदत्त (२०५३) मा स्थान दिएका हुन् र यसको निरन्तरता मात्र हो यो **शरणार्थी** उपन्यास। **अग्निदत्त** **अग्निदत्त**मा प्राचीनतालाई सम्झने क्षणहरूका बिम्ब कोरिएका छन् तथा **वीरचरित्र** उपन्यासमा गिरीशवल्लभ जोशीले देखाएका पराशक्तियुक्त पात्र यहाँ भने फरक विशेषतामा उभिएको पाइन्छ। 'कति राज्यको सञ्चालन त्यस बखत भूतहरूकै हातमा थियो। तिनका राजा हुन्थे। मन्त्री र प्रधानमन्त्री हुन्थे। कर र भन्सार अधिकृत हुन्थे। आजकै जस्तो त्यस्ता अफिसरहरू भ्रष्ट नभएरै धनी हुन पाउने व्यवस्था सरकारले गरिदिएको थियो।' यस भनाइको स्रोत गौतमको **अग्निदत्त**

अग्निदत्त उपन्यास हो। यस उपन्यासले जति अपराध नेपालमा भएको छ, त्यसको कारण भ्रष्ट प्रशासन रहेको जनाएको छ। यस सांस्कृतिक सम्पदाका बारेमा भनिएको भनाइअनुसार –'ध्रवचन्द्रको यो उपन्यास एउटा ठूलो विस्फोट हो, समस्त अन्याय, अनाचार, भ्रष्टाचार, दुराचारका विरुद्ध शक्तिशाली विस्फोट' भनिएको सन्दर्भ कृतिको अग्रभागमा रहेको मोहनराज शर्माबाट प्रस्तुत भूमिकाको अंश हो। त्यसरी समस्त अङ्गहरू देशको अर्थतन्त्र, सामाजिक पक्ष र आचरणलाई समेट्ने गरी आएको गौतमको कृतिभैँ धरावासीको कृतिको समाज सुसज्जित छैन। तर पनि एउटा क्षेत्रमा यसको प्रक्षेपण रहेको छ –प्रवासी भनिएका र हेपिएका तथा नेपालमा सम्मानजनक जीवन बिताउन नसकेका, भारत,

बर्मा र भुटानतिरको जीवन भोगेर आएका नागरिकलाई सहानुभूति प्रदान गर्ने भाषा, प्रस्तुतीकरण र अर्थको मर्म रहेको पाइन्छ ।

सञ्जीव उप्रेतीको **घनचक्कर** उपन्यासले अगाडिका अरू उपन्यासभन्दा एक दशकपछिको समयलाई मूल रूपमा बिम्बन गर्ने प्रयास गरेको छ। यस उपन्यासको विषयमा ऐतिहासिक पात्रहरूले भोगेका कष्टहरू धेरै छन् भनिन्छ। अहिलेका जनजीवनमा हामीले भोगेका कष्टहरू एउटा प्राध्यापकले निरीक्षण–अवलोकन गर्दा जेजस्ता तथ्यहरू उपलब्ध गर्छ त्यही यस उपन्यासमा प्रकाशमा आउँछ। यहाँ एउटा अपराधलाई छोप्न अरू धेरै अपराध गरिन्छन्, त्यही **घनचक्कर** हो। नेपालको राजधानीभरि अनेक काण्ड भएका छन्, ती काण्डका कारणहरू खुलेका छैनन्। भीमसेन थापाका पालादेखि नै अपराधहरू, हत्याकाण्डहरू भइरहेका छन्, राजा सुरेन्द्रको चर्चा भइरहेको छ। त्यसैले यसमा आधा भाग नेपालको पुरानो इतिहास र आधा भाग २०५५ सालपछिको इतिहास जोडेर समष्टि रूप बनेको पाइएको छ। पुराना प्राध्यापक र नयाँ ठिटा प्राध्यापकहरूमा रहेको अन्तर, सधैँ काममा लागिरहेका कारणले भएको घटना पनि बुझ्न नपाइने व्यस्त जीवन र भीडको संस्कार यसका बाहिरी पक्ष हुन् । **घनचक्कर**ले मुख्य रूपमा दरबारको हत्याकाण्डपछि खोजीका प्रयास चालेको छ। त्यस खोजीमा चक्कर भनेको 'समाधान हुन नसक्ने ससाना समस्याहरूको जालो वा भूलभुलैयालाई जनाउँछ' भनिन्छ। यस पृष्ठभूमिबाट हेर्दा खास गरी देशभित्र र राजधानीमा अपराधहरू भएका विविध कारणहरूमा राजनीतिक कारण, मृत्युबोधबाट उम्कन आयु बढाउन खोजका कारणहरू, काम र आरामका विपरीत लक्षण र कारण एवम् सबैभन्दा ठूलो कारण मनोवैज्ञानिक कारणमा भर पर्न सकिन्छ। यस उपन्यासले सहरमा बस्दाबस्दै सबै घटना आफैँले भोगेको आभास हुने गरेर चित्रित गरेको छ। सहरमा जुलुस छ, हडताल छ, कसैले भनेको कोही मान्दैन, किनकि मनोवैज्ञानिक कारणले त्यसो भइरहेको छ। हामीले प्रयास गरेर जान्न खोजेमा देशभित्रको भ्रष्टाचार थाहा पाउन जोगी बनेर, भेष बदलेर, पागलको अभिनय गरेर केही अंश बुझिनेछ। आख्यानपुरुष ध्रुवचन्द्र गौतमको **घुर्मी** जीवनमा घुमेका घटनाको खेलसित आबद्ध छ। यसको विषयवस्तु व्यापक छ, त्यसले नेपालको शासन व्यवस्थादेखि लिएर त्रिविका समस्या प्रशस्त आलोचित रहेका छन्। उनका अन्य उपन्यासले जसरी समयका दोषमाथि प्रहार गरेका छन्। **घुर्मी**ले पनि त्यही बाटो समाएको छ। उनको जल्दोबल्दो प्रयास वि.सं. २०३५ सालदेखि २०५१ का हाराहारीसम्म आएको छ। पुनाको डेक्कन कलेज यसको भूमि हो, खेल्ने खेल ध्रुवचन्द्र (चेतचन्द्र)को विद्यावारिधिको उपाधि हो। त्यसका वरिपरि अनेक विषय छन् : उत्तरआधुनिक साहित्य र त्यसले पारेको प्रभाव, गरिबी र त्यसले थिचेको गौतको जीवन, पिताजी र उहाँको निधन, हाँसको समासु खाएको अपयशको संस्कार, सरकारी प्राध्यापक र सरुवा, जापान जाने मौका तथा पैसा जोगाउने उपाय सबै आउँदा लहर लागेर आउँछन् । **घुर्मी**को विषयमा प्रवेश गर्दा गौतमका अन्य उपन्यासको ऊर्जासम्बन्धी चेतना नजिक भएर आउँछ।

रोशन थापा 'नीरव'को **प्रत्येक श्रवणकुमार अर्थात् युद्ध** समय चेतनाका दृष्टिले गाढा बिम्बसिर्जना गराउने कृति हो। लेखनको अवधि २०५४ साल भए पनि प्रकाशन २०६४ सालमा मात्र आएर हुन सकेको यस उपन्यासले प्रेमका प्रसङ्गबाट समयलाई चिनाउने प्रयास गरेको छ। वि.सं. २०४६ पछाडि र अगाडिको समयलाई चिनाउन प्रेमीले प्रेमिकासँग राखेको सुन्दर विश्वास र पाएको परिणाम एक उदाहरण बन्न सकेको छ। पात्रले आफ्नो परिचय दिँदा परिवारको लागि मरिमेटेर लाग्ने श्रवणकुमार हुन्छु भनेको छ। श्रवणकुमार रामायणमा प्रकाश भएको इमानदार मातृपितृभक्त पात्रको प्रतिलिपि पात्र यस उपन्यासमा प्रमुख पात्र हुन आउँछ, उसका भोगाइहरू समयका सूचक हुन्छन्। आमाबाबुले एम्एसम्म पढाएको पात्रबाट आशा गरेका हुन्छन्, छोराले धेरै काम गर्छ र धन, मान, प्रतिष्ठा प्रशस्त आर्जन गर्छ। त्यो उनीहरूमा कोणबाट गरिने आशा अभिलाषा असत्य र अर्घेलो पनि होइन। समयको तीतो यथार्थमा आइपुगेका पात्रले मीठो स्थिति भोग्दैन। श्रवणकुमार जस्तो लाग्ने बफादार पात्र अर्धरोजगार हुन्छ। यसमा उसले गरेको अनुभूति पुरानो पुस्ताको अलपत्र अवस्था र नयाँ पुस्ताले काँध हाल्न नसकेको स्थिति प्रत्यक्ष हुन्छ। नेताको झोला बोक्न सकेन, किनकि आफू उच्चशिक्षा पूरा गरेको पात्रले सामान्य पढालेखा मन्त्रीलाई हजुर भन्दै भरिया बन्नु उचित होइन। यसमा युवती, युवक, नारी, पैसा, पुत्र, नपुंसक, जागिर र अपूर्ण रोजगारी केन्द्रीय विषय बनेका छन्। त्यसै गरी सिसिफस, राम, दशरथ, श्रवणकुमार, वाण, सराप, मृत्यु, ढुङ्गो ठेल्छ, फेरि झर्छ प्रतीकात्मक रूपमा दोहोरिने उपमा हुन् । देशमा पञ्चायती व्यवस्था छैन, बहुदलीय शासनप्रणाली लागू भएको छ, त्यसको मूल समस्यामा साधारण परिवारको एउटा पात्र भासिएको देखाइन्छ। पात्रले समयलाई दोषी ठानेको छ, प्रथम श्रेणीमा एम्ए उत्तीर्ण गरेको

नागरिकले अशिक्षित नेताको भरिया बन्नुपर्ने समय भनेको उनको चाटुकारी बन्न नसकेमा पद नपाइने अर्थात् भनसुनमा देश बिकेको तीतो सत्य बोल्दै छ। उपन्यासले संवादपूर्ण शैली प्रयोग गर्छ, कविताका अंश जस्तै लाग्ने अनुप्रासको व्यवस्था मिलाएर असफल प्रेमको रूपमा प्रस्तुत गर्छ। प्रेम सफल हुन रूप, आँट र पैसामा बलियो आधार हुनुपर्छ। प्रशासककी छोरी मात्र होइन जुनसुकै युवती बिहे गर्नुभन्दा अगाडि धन, सुरक्षा र लायक युवकको अपेक्षा गर्छे, त्यसलाई नवीन नभने पनि हुन्छ। तर त्यसमा आएको तीव्रताचाहिँ नवीन विषय हो। रोशनको उपन्यासले समसामयिक समस्यातर्फ दृष्टि पुऱ्याएको छ। त्यस्ता समस्याहरू बेरोजगारीबाट जन्मन्छन् र त्यसको असर हरेक क्षेत्रमा पर्दै जान्छ। युवक उम्मेद राखेर काम गरिरहन्छ, असफलता पनि भोगिरहन्छ।

विसङ्गतिवादी चेतनाका संस्थापकहरूले हाम्रो जीवनलाई उद्यमशील तर व्यर्थमा भिडिरहेको देखाएका छन्। उही पात्र उही ढुङ्गो माथि पुग्ने गरी ठेल्दै जान्छ, फेरि झर्छ र त्यस क्रमलाई दोहोऱ्याइ रहेर युद्ध भिडेको सम्झन्छ। रोशनको पात्र श्रवणकुमार परिवारभित्रका समस्याहरू देखिरहेको छ, ऊ भिडिरहेको छ। उसको समस्या र 'मिथ अफ सिसिफस'को समस्यामा धेरै समानता रहेका छन् तर पनि पूर्ण समानता भने देखिँदैन। अहिलेका बुद्धिजीवीले यस्ता समस्यासँग भिडिरहँदा मदिराको सहारा लिन्छन् भन्ने यथार्थलाई मिथकसँग अन्वय गर्ने स्रोत व्यक्ति डा. ध्रुवचन्द्र गौतम हुनुहुन्छ। डा. गौतमका उपन्यासमा **अग्निदत्त अग्निदत्त** एउटा उदाहरण हो जसले पूर्व पात्र अग्निदत्तलाई कमभन्दा कम आजको हावापानी र माटोसित जोडेर हेरेको छ। त्यस्तै दशरथ राजाका समयको श्रवणकुमारलाई रोशनले आफ्नो उपन्यासमा मिथकीय पात्र बनाएको पाइन्छ। आमाबाबुको सेवा गर्ने बफादार पात्र श्रवणको जीवनलीला दशरथको दृष्टिभ्रमका कारणले मृग ठानेर हानिएको वाण लाग्दा समाप्त भएथ्यो। त्यसको बदलामा श्रवणका बाबुले हामी अन्धाअन्धी आमाबाबुको छोराको हत्या गर्ने तिमी दशरथलाई पुत्रशोकले कालसँग भेट गर्नुपरोस् भन्ने सराप दिएका कारणले रामको वनवासका बेला राजा दशरथ मरेथे भनिन्छ। त्यसैलाई यहाँ प्रतीक पात्र श्रवणकुमार भनिएको छ।

रोशनको उपन्यास पठनमा साहित्यको समाजशास्त्रका नियमले भर गरेका छन्। साहित्यका समाजशास्त्रीहरूमा प्रत्यक्षवादी विधेयवादीहरूले आफ्नो पेसाको परिचय स्रष्टाले दिने धर्म रहेको देखाएका छन्। प्रजाति (Race), क्षण (moment) र पर्यावरण (milieu) को प्रभाव स्रष्टाका पात्रमा हुन्छ भनिन्छ, यहाँ पनि रोशनको पात्रले पत्रिकामा पाएको काम र शुद्धाशुद्धि गर्ने शिल्प आलोचनात्मक प्रशंसा पाउँदै छ। उनको उपन्यासमा प्रस्तुत घटनाहरू कममा कम समयलाई चिनाउने सूचना हुन्। बेरोजगारी, प्रेमको शैली र सन्तान भएन भने परपतिसितको सम्बन्ध र त्यसपछिको पुरानै अवस्था अहिलेको समाजमा अनुभूत गर्न सकिने सन्दर्भ हुन्। समयको सूचना दिँदै एक युवतीले नयाँ धर्मको प्रचारको पत्र बाँड्छे, अर्की युवती आधा जीउ देखाएर लुगा लगाउँछे, नोकरी खोज्न गएको युवक जुत्तातिर हेर्छ, कार्यकर्ता युवती आफ्नै दलका ठूला नेताबाट बलात्कृत हुन्छे। पहिलेको बफादार ठानिएको युवक अब ती धर्ममा उभिन सक्दैन, किनकि यस समयको परिस्थितिले उसलाई त्यति धर्मपालक रहन साथ दिँदैन। हामीलाई जीवनले छलेको छ र समयले कष्ट दिएको छ भन्ने सोचाइमा परेको युवकबाट इमानदारीको भारी बोक्नु असम्भव कार्य हो।

रोशनको उपन्यासमा विभिन्न उपशीर्षकहरू राखिएका छन् जसमा देशकाल–परिस्थिति एउटा रहेको छ। त्यसभित्र अनेक विषयहरू रहे पनि चर्चित नेता एउटा प्रसङ्ग हो जसमा नाटक र उपन्यास सँगसँगै जान्छन्। अहिले एउटै कृतिभित्र कविता, कथा, नाटक र निबन्धको उचित मिलन देखाइन्छ, त्यही उपायले समाजलाई चिनाउन सजिलो रहेको ठानिन्छ। आजको अर्को तीतो यथार्थ विषय साहित्यमा देखिएको बेइमानी हो। साहित्यकारहरूले आफ्नो समूहका व्यक्तिको रचना छापेर प्रचार गर्ने तथा तिनका कृतिलाई पुरस्कारको ढोकासम्म पुऱ्याउने जमर्को गर्ने समूह बनेका छन्। त्यसमा महिला साहित्यकार पुरस्कार पाउन देहव्यापारसम्म गर्न सक्ने। यसमा अशुद्धिको प्रभाव देख्न सकिन्छ, जस्तै कविता–काव्य यौन विकृति, उपन्यास–नाटक प्रचार र पुरस्कार आदि। यस विषयलाई उपन्यासको 'देशकाल–परिस्थिति' उपशीर्षकले केन्द्रमा पारेको छ।

रोशनको उपन्यासले समसामयिक घटनासित नजिकको सम्बन्ध देखाउँछ। यस भौतिक मूल्यको संसारमा साहित्यकारले कष्टपूर्ण समस्यासँग साहसी सम्बन्ध राख्छ, यस पृथ्वीमा निमुखाको लागि वर्तमान र भविष्य खराब छन्, देशमा भ्रष्टाचार बढेपछि अक्षम युवतीहरूले रोजगारी पाएका छन्। सरकारी तथा अर्थसरकारी कार्यालयहरू आफन्तका भर्ती केन्द्रझैँ लाग्छन्। यस्ता घटनालाई प्रस्तुतीकरणमा ल्याउन रोशनले आफ्नै नामसँग चलखेल गरेको देखिन्छ जसरी प्रत्यक्षवादी साहित्यका समाजशास्त्रीहरू लेखकको

छाप पात्रमा रहेको देख्छन्। साहित्यमा सस्तो प्रेमको परिभाषा गरिन्छ, त्यसमा किसिमकिसिमका स्थानमा फरकफरक शैलीमा रुचिपूर्ण प्रणय गरिरहेका युवकयुवती देखिन्छन्। युवक साहसी भएमा युवतीले स्वीकार गर्छे, आजको मात्र स्थिति यसमा छैन, हिजो पनि त्यस्तै थियो। यसमा तीव्रता आजको समयले लिएको पाइन्छ। यसमा श्रवण र ज्योतिको प्रेमप्रसङ्गबाट अहिलेको समयलाई प्रकाशमा ल्याउने कोसिस भएको छ, ज्योतिले अर्कोसँग सुख र यातना भोगी जो बलियो, साहसी तथा धनी पनि हुनुपर्छ।

रोशनको उपन्यासमा रोजगारी र गृहसञ्चालनका साथमा राज्य र प्रशासकको चरित्रलाई मूल प्राथमिकता दिइएको छ, प्रस्तुतीकरणमा रहेको भिन्नता यस कृतिको नवीन विषयशिल्प हो। त्यसमा श्रवण आफैँ धेरै पटक आफ्नो विषयमा बोल्छ, कति पटक समाख्याताले माइक समाउँछ। श्रवणकी प्रेमिकाले सम्पन्नको श्रेणीमा उक्लन धनी पुरुष खोज्दै जान्छे, त्यसमा महिलाको शक्ति पुरुषको तुलनामा माथ्लो स्तरको देखाइन्छ। उनी नारीवादी चेतनाका धनी लेखकभैँ सम्पूर्ण शक्ति नारीप्रशंसा र आलोचनामा खर्च हुने देखाउँछन्। सारांशमा रूपवालाहरूले यस पुरुष समाजलाई खेलौना बनाए भने यिन नारीलाई दुर्बल भन्न सकिएन। साहित्यका समाजशास्त्रीमा मीमांसावादी चिन्तक रेमन्द्र विलियम्सले 'अनुभूतिको संरचना' (The srtucture of Feeling) को सूत्र प्रतिपादन गरेका छन्। यस सूत्रबाट रोशनको उपन्यासलाई पठनमा लिन सकिने देखिन्छ, अग्रज साहित्यकारहरू अल्वेयर, काम्, आन्तोन, चेखव, स्याम्युयल बकेट, फ्रेडरिक नित्से, ध्रुवचन्द्र गौतम तथा भूपी शेरचन प्रत्यक्ष रूपमा उपस्थित छन्।

यी स्रष्टाले जीवनलाई फरकफरक कोणबाट हेर्न खोजेको साहित्यिक यात्राबाट प्रभावित भएका रोशनले उपन्यासभरि विसङ्गति र मृत्युको बिम्बैबिम्ब सिर्जना गरेका छन्। यसको प्रमाणका लागि खण्ड–तीनको मृत्युबोधलाई लिन सकिन्छ। मानिसले गरेका यावत् प्रयत्नहरू मृत्युको मुखबाट बच्ने गरिएका पहल हुन्। तथापि मानिसले आफूलाई बचाउन सक्दैन। रोशनको उपन्यासले समयको चोखो चित्र उतार्न प्रयत्न गरेको छ। जसका लागि अरू उपन्यासकारभन्दा फरक ढङ्गढाँचाहरू उपयोगमा आएका छन्। उनको उपन्यासले नेपाली आख्यानकारमा अग्रज ठानिने परम्परावादी स्रष्टाहरूभन्दा नवीन प्रस्तुतीकरणको क्षमता राखेको छ। यस्ता प्रयोगहरूमा संवादैसंवादलाई अनेक पृष्ठसम्म तन्काउने प्रविधि, अनेक पृष्ठहरूमा उपशीर्षक र त्यसका पनि थप उपशीर्षक दिने प्रविधि, ठट्टा र खेलाँचीको शब्दसज्जा चयन गर्ने प्रविधि उनका नयाँ कामहरू हुन्। यस्ता प्रविधिबाट 'आगत एकदेखि आगत पाँच'सम्मको यात्रा तय गरिन्छ। यस विविध प्रविधिको प्रयोगबाट सस्तो बनेका चक्का जाम, बन्द र हडताल देख्न सकिएका छन्, महँगीका पाइला हिँडिएका छन्, स्वतन्त्रताका हिमायतीहरू मारिरहेका छन्, इमानदारी हराएको बेला त्यसको खोजी गर्नेहरूलाई स्रष्टाले खिसी गरेका छन्, प्रजातन्त्रको नारा लगाउनेहरू नाङ्गिएका छन्। वि.सं. २०४६ पछिको नेपाल र हामी नेपालीलाई चिनाउने आधारहरू खोज्दै एउटा शिक्षित युवकले इमानदारीको चस्मा लगाएर हेर्दा नेपालको अवस्था देखेको जस्तै कुरा लेखिएको छ ।

मोहनराज शर्माको **सलिजो** उपन्यास समलिङ्गी तथा तेस्रो लिङ्गी पात्रहरूका विषयमा आधारित भएर २०६० पछिको नेपालको राजनीतिक, आर्थिक र प्रशासनिक अवस्थाको चित्र कोर्न प्रयास गरिएको अन्त्यको उपन्यास हो। यहाँ अध्ययनमा समाविष्ट कृतिहरूमा आतङ्कको स्वरूप देखाउने, शब्दका आकारबाट रूपबोध हुने **सुकरातका पाइला**भैँ अर्को कृति यही हो। **सुकरातका पाइला**, **घनचक्कर** र **सलिजो** उपन्यासमा शब्दहरू अर्थ वा बिम्ब रेखाङ्कन गर्ने काममा अनुहारबाट पूर्ण भएभैँ देखिन्छन् र अर्थको गहिराइमा नपुगी अर्थको अनुगमन हुन थाल्छ। आख्यानात्मक कृति भएकाले पात्रका नाममा अन्तर हुने सम्भावना र कल्पनाको विकास गरिन्छ, बाँकी कुरा समयका धर्साहरू जीवन्त बन्दै जान्छन्। पाठकले पाउने सर्वसुलभ उपलब्धि भनेको शब्द र वाक्यमा रहेको सरसता हो। त्यसमा **सलिजो** र **सुकरातका पाइला**भन्दा **घनचक्कर** अलिक रहस्यमा पस्छ।

शर्माको सलिजो केटीले केटीसित बिहे गरेपछि पाउने कष्टसित आबद्ध छ। एउटी केटी अर्की केटीसित बिहे गर्छे, कष्ट भोग्न थाल्छे। सहरको धूलोमैलो, हडताल र जुलुसका वरिपरि दुई केटीहरू बलात्कारका सिकार हुने स्थितिमा छन, एउटीले भोगिसकेकी हुन्छे। समय डकैती, चोरी र अत्यन्त ठूला अपराधबाट गुज्रिरहेको छ, जसलाई हामी राजधानी भनिरहेका छौँ। त्यही राजधानीभित्र दिनदहाडै बैङ्क डकैती हुन्छन् तर त्यसमा महिलाले सिकार हुनुपर्छ। पितृसत्ताको एउटा शक्तिले यस्ता समलिङ्गीलाई इच्छाका विरुद्ध विपरीतलिङ्गी बनाउन खोज्छ। त्यस अभियानका वरिपरि युवतीका पितापात्र सक्रिय छन्। यस्तो अन्याय भइरहेको भए पनि यो मानवतावादको उल्लङ्घन हो। यसमा मानवतावादका

विरोधी काम कार्यबाही सरासर भइरहेका छन्, सरकार र प्रशासन मौन बसिरहन्छ। यस्तो एउटा समस्यामा शर्माको कृति आधारित छ, सयम हाम्रै हो भनेर चिनाउने चिह्नहरू धेरै नजिकका छन्। त्यसैले समयको बिम्ब कोर्ने आधार औपन्यासिक कृति हुन् भने यसपछिका समयमा धेरै उपन्यासको उपस्थिति नेपाली उपन्यासक्षेत्रमा देखा परेको छ।

यसपछिका केही उपन्यासलाई यहाँ इङ्गित गर्दा विवेच्यका रूपमा आख्यानकार भाउपन्थीको आफ्नो उपन्यासलेखनको लगभग तीन दशकपछि मोटो आकारमा निस्किएको उपन्यास **पात्रहीन**ले पनि अहिलेको नेपालको समयलाई प्रखर रूपमा चित्रण गरेकाले यहाँ मनन गर्न सकिन्छ। देशमा राजनीति नै बिग्रिएपछि सबै कुराको मिलानमा गडबडी हुने कुराको आफ्नो शैलीमा भाउपन्थीले विषय बनाएका छन् यस उपन्यासमा। यो एउटा आजको समयलाई चित्रण गर्ने उपन्यास भएर देखा परेको छ। वस्तुतः नेपाली राष्ट्रराजनीतिका बारे आजको समयबाट चित्रण गर्दा उपन्यासकार भाउपन्थीले कतै व्यङ्ग्य त कतै हास्यको पुट दिएर पात्रको चरित्र अनि देशकाललाई चित्रण गरेका छन्। यसो गर्दा उपन्यास बौद्धिक पनि देखिन्छ। सामान्य मान्छेको चित्रणदेखि लिएर राजनेताका अवसरवादी रूपलाई पनि यस उपन्यासले चित्रण गरेकाले पठनीय भएको छ। यो शैली भाउपन्थीको निरन्तर लेखनको विशेषता हो। कथा सानो जस्तो लाग्छ। पात्रहरू विशृङ्खल जस्तो पनि देखिन्छन्। यो आजको उपन्यासलेखनमा देखा परेको शैलीका रूपमा हेरिए **पात्रहीन** आजको समयलाई चित्रण गर्न सफल भएको उपन्यास माने फरक पर्ने छैन। अझ केही उदाहरण लिने हो भने ध्रुवचन्द्र गौतमको वर्षेनी रूपमा उपन्यास निक्लने क्रममा देखा परेका उपन्यास **सातौँ ऋतु** र **एक पुनर्निर्मित प्रेमाख्यान** पनि महत्त्वपूर्ण भएर नेपाली उपन्यासक्षेत्रमा देखा पर्न आएका छन्। यसै समयको उपन्यासमा जगदीश घिमिरेको उपन्यास **सकस**को पनि चर्चा गर्न सकिन्छ। यो उपन्यास इतिहासचेतना बोकेर आजको समयलाई चित्रण गर्ने उपन्यास भएर देखा पर्न सफल भएको छ। यसमा इतिहासका राजनीति र आजको राजनीतिलाई तुलनात्मक ढङ्गमा चित्रण गरेकाले एउटा सफल कृति भएर नेपाली उपन्यासको क्षेत्रमा महत्त्वपूर्ण रूपमा देखा परेको छ। यहाँ रोशन थापा 'नीरव'का उपन्यासहरू **प्रस्थानान्तर**, **स्वप्नसहर** र **आवाजह को ज ्गल**लाई पनि स्मरण गर्नु उचित हुन्छ, किनभने नीरवका यी उपन्यासले विभिन्न शैली र प्रयोगबाट आजको समय र मान्छेलाई सफल र सबल रूपमा चित्रण गरेका छन्।

यसरी यी उपन्यासले नेपाली उपन्याससाहित्यलाई आआफ्नो ढङ्गबाट योगदान पुऱ्याएकाले पठनीय छन् भन्नु नै यस लेखको निष्कर्ष र ध्येय रहेको छ भन्दै लेख समापन गरिन्छ।

□

समालोचना

समाज पान्तरणका लागि नेपाली सडकनाटक

डा. कान्छी महर्जन

नेपालको रङ्गमञ्चीय विकासको सन्दर्भमा सडकनाटकको प्रारम्भ दुई कारणबाट भएको देखिन्छ। तत्कालीन निर्दलीय पञ्चायती व्यवस्थाले गर्दा नाटकमञ्चनको क्रममा पुलिस तथा प्रशासनको धम्की र खप्की सहनुपर्नुका साथै चर्को हल भाडाले गर्दा नाट्य प्रस्तुतिमा अनेक बाधाव्यवधानको सामना गर्नुपर्ने परिवेशले गर्दा रङ्गमञ्चको रूपान्तरणको आवश्यकता बोध गरियो। यसका साथै तत्कालीन राजनीतिक अवस्थाले गर्दा जनताको वाक्स्वतन्त्रता र मानवअधिकार हनन भएको थियो। राजनीतिक अवस्था मात्र होइन देशको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षहरूसमेत अधोगतितिर उन्मुख थिए। यस्तो स्थितिमा तत्कालीन राजनीतिक व्यवस्थाप्रति व्यङ्ग्य गर्दै स्वतन्त्रता र मानवअधिकारका लागि मेचीदेखि महाकालीसम्म जनतासँग जनताकै माझ जनताकै सहभागितालाई महत्त्व दिएर जनस्तरमा जागरण पुऱ्याउने मुख्य उद्देश्य लिएर सडकनाटकको प्रार्दुभाव भएको हो। यसरी नेपालमा सडकनाटकको प्रारम्भ मञ्चीय परम्परामा वैकल्पिक मितव्ययी रङ्गप्रस्तुतिका रूपमा भएको देखिन्छ। यसका साथै जनमानसमा पुगेर राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको प्रभावशाली रङ्गमञ्चीय माध्यम बन्ने उद्देश्य राखेको पाइन्छ।

प्राचीन कालदेखि खुला मञ्चमा मञ्चन हुने डबली नाटक तथा लोकनाटकको परम्परा र पद्धति सडकनाटकभन्दा भिन्न छ। खुला रूपमा प्रस्तुत भए पनि रङ्गमञ्चीय सीमा, प्रविधि र नियमलाई अङ्गीकार गर्नु खुला रङ्गमञ्चको प्रवृत्ति हो भने सडकनाटक यीबाट मुक्त देखिन्छ। नेपालमा खास गरी प्रजातन्त्रका पक्षधर रङ्गकर्मीहरूको जमातका रूपमा परिचित सर्वनामले नाटकलाई मञ्चका भित्तामा सीमित नराखी सोझै जनतासामु वि.सं.२०३९ भदौ २० गते पहिलो सडक नाटक **हामी वसन्त खोजिरहेछौँ** त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरू र कीर्तिपुरका स्थानीय बासिन्दाहरूका सामु प्रस्तुत गरेको थियो। यस नाटकले वसन्त अर्थात् प्रजातन्त्रको खोजीका निम्ति मानवीय स्वतन्त्रताका प्रतीकका रूपमा परेवाको प्रयोग गरिएको थियो। वाक्स्वतन्त्रताको पूर्णतः अभाव रहेको तत्कालीन स्थितिमा सडकनाटकले सामजिक रूपान्तरणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। सडकनाटकले जनतासँग जनताकै माझ जनताकै सहभागितालाई महत्त्व दिएर जनस्तरमा जागरणको मुख्य उद्देश्य लिएर अगाडि बढेकाले सडकनाटकको लोकप्रियता आजको समयमा पनि रहेको छ।

तीसको दशकको उत्तरार्धमा नेपाली नाट्यक्षेत्रमा देखा परेका अशेष मल्ल पछि प्रयोगवादी नाटककारका रूपमा स्थापित भई नेपाली नाटक र रङ्गमञ्चमा सडकनाटकका सूत्रधारका रूपमा प्रसिद्ध भए। उनले थुप्रै नाटकहरूमा अभिनय, लेखन र निर्देशन गरेका छन्। नेपाली मञ्चीय परम्परामा वैकल्पिक रङ्गमञ्चका रूपमा स्थापित सडकनाटक मञ्चन परम्परामा २०३८ सालमा स्थापित नाट्य संस्था सर्वनामको उल्लेखनीय भूमिका देखिन्छ। २०४६ सालपछि सडकनाटक मञ्चन गर्ने उद्देश्यले काठमाडौँभित्र र बाहिर थुप्रै नाट्य संस्थाहरू गतिशील रहे। नेपाली सडकनाटक परम्परामा मञ्चित सडकनाटकको सूची हेर्दा लामो नै देखिन्छ तर प्रकाशित सडकनाटक ज्यादै न्यून सङ्ख्यामा रहेको छ। अशेष मल्लका प्रकाशित नाटकसङ्ग्रहमा समावेश रहेका **हामी वसन्त खोजिरहेछौँ**, **समाप्त असमाप्त**, **म भनेको हामी**, **अतिरिक्त आकाश**, **शेष युद्ध** सडकनाटकहरू हुन्। उनका मञ्चित तर अप्रकाशित सडकनाटकहरू थुप्रै सङ्ख्यामा रहेका छन्। परिवर्तन नेपाल नाट्य संस्थाका संस्थापक अध्यक्ष मोहन निरौलाको सडकनाटकसङ्ग्रह **प्रजातन्त्र** (२०५७) प्रकाशित देखिन्छ, जसमा **वेदना**, **प्रजातन्त्र**, **भविष्य निर्माण र युवाह को दायित्व** सङ्कलित रहेका छन्। शार्दूल भट्टराईको धुले नाटकहरूको सङ्ग्रह **बाँसुरीको**

आत (२०६४) प्रकाशित रहेको छ। यसमा **मृत्युधुन, गाउँखाने कथा, पहँला आँखाह , ठूलो शत्रु, गुलेलीको डर, अपराध दण्ड, आयाराम गयाराम, भ या , बाँसुरी आत , निर्वा , पराजित न्याय, क्रमशः हामी हुनेछौँ, मृत्यृक्रम, शान्तियात्रा** र **नेता भोक** पन्ध्र नाटकहरू सङ्कलित रहेका छन्। नाटककार शार्दूल भट्टराईका विचारमा धुले नाटक नेपालका सन्दर्भमा सडकनाटककै अर्को नाम हो।

नाटकलेखनको शैली, विषय र सन्दर्भ रङ्गमञ्चका लागि महत्त्वपूर्ण हो। समयक्रममा नेपाली नाट्यक्षेत्रमा विविध प्रयोग देखा परे पनि तिनले मानवीय पीडा, शोषण र अत्याचारका विरुद्धमा अभिव्यक्ति दिँदै सामाजिक सरोकारका विषयमा नै आवाज उठाएको देखिन्छ। सडकनाटकले सोझै जनतासामु पुगेर जनताका सरोकार सबल सशक्त रूपमा उठाउने भएकाले नै वर्तमान समयमा पनि सडकनाटकको मञ्चन सक्रिय देखिन्छ। यस कुराको अध्ययन गर्न अशेष मल्लको प्रथम सडकनाटक **हामी वसन्त खोजिरहेछौँ**, मोहन निरौलाको **प्रजातन्त्र** नाटकसङ्ग्रहमा समावेश **भविष्य निर्माण** र शार्दूल भट्टराईको **बाँसुरी आत** मा समावेश **बाँसुरी आत** लाई लिइएको छ।

१.विषय र सन्दर्भ

कीर्तिपुरको कारोनेसन गार्डेनको खुला चउरमा सर्वनामले अशेष मल्लको लेखन तथा निर्देशनमा भाद्र २० गते दुई नाटकहरू **हामी वसन्त खोजिरहेछौँ** र **समाप्त-असमाप्त** प्रस्तुत गरेको थियो। जनकपुर विद्यार्थी सङ्घको आयोजनामा सम्पन्न भएका यी नाटकहरू सडकनाटक अभियानका लागि पूर्वाभ्यासका रूपमा प्रस्तुत गरिएका थिए। नाटकका लागि आवश्यक पर्ने बत्ती, पर्दा, मञ्च आदि कुनै पनि प्राविधिक कुराहरूबिना नै प्रदर्शित भएका यी नाटकहरू त्रिभुवन विश्वविद्यालयमा निकै ठूलो जमातले अभिरुचि लिएर हेरेका थिए। कलाकारहरू किशोर पहाडी, ओममणि शर्मा, गोविन्दसिंह रावत, अशेष मल्ल, सुनील पोखरेल, अर्जुन के.सी., कुमार श्रेष्ठ, अनिल पाण्डे, विनयराज पौडेल र पुष्कर गुरुङ थिए। यी सडकनाटकहरू विविध सन्दर्भमा विविध स्थानमा पटकपटक मञ्चन हुँदै आएका छन्।

नाटकीय कथ्यलाई अगाडि बढाउने क्रममा देखा परेका व्यक्ति चरित्रले सूत्रधारसँग संवाद गर्दछ। व्यक्ति पनि वसन्तको खोजमा रहेका हुन्छ। यसैलाई नाटकीय कार्यव्यापारको आरम्भबिन्दुका रूपमा लिन सकिन्छ। वसन्तको खोजमा रहेको व्यक्तिसँग केटाको जम्काभेट हुन्छ। सम्पूर्ण सडकमा आगो बलेको कुरा बताउने केटो पीडायुक्त स्थितिमा रहेको छ। केटो ती सम्पूर्ण कुरा बताउँदै व्यक्तिलाई त्यस सडकमा नहिँड्न सल्लाह दिन्छ। वसन्तको खोजमा जाँदा आफ्नो हात जलेको कुरा व्यक्तिलाई केटो सुनाउँदछ। वसन्तकै खोजमा निस्कनेहरूमध्ये कसैले हात गुमाए, कसैले ज्यान गुमाए त कसैको हातपाउ जल्यो। यस्तो स्थितिबाट भयभीत केटो अबउप्रान्त वसन्तको खोजमा ननिस्कने बताउँदछ। यस कुराले वसन्तको खोजी कार्य सहज नभएको सङ्केत गरेको छ। व्यक्ति सडकमा आगो लागेको युवकलाई सुनाउँदछ तर युवक सडकमा आगो नलागेको कुरा अगाडि राख्दछ। नाटक हेर्न आएका दर्शक उत्साहित बन्दै आगो निभाउन सबैले जानुपर्ने तर्क राख्दछ। तर अर्को दर्शक आफू नाटक हेर्न आएको कुरा गर्दछ। यसले स्वतन्त्रता सबैको लागि चासोको विषय नबनेको स्थितिलाई देखाउँदछ। बौलाहा ढुङ्गाले हानेर वसन्तको प्राप्ति गर्नुपर्ने सोच राख्दछन्। वसन्त नआएकै कारणले गर्दा फूल फुल्न छोडेको र बिरुवा सुक्न लागेको चिन्ता मालीमा छ। बूढो मान्छे शान्तिको मार्गद्वारा वसन्तको खोज गर्नुपर्ने धारणा राख्दछ। व्यक्ति पनि बूढाको पक्षमा रहेको छ। वसन्तको खोजी गर्दा शान्ति र क्रान्ति दुवै पक्षलाई अवलम्बन गरेर अगाडि बढ्नुपर्ने नाटककारको दृष्टिकोण बूढाले व्यक्त गरेको छ। यो नाटकको चरमोत्कर्षको स्थिति पनि हो। नाटकको अन्त्यमा पुनः मञ्चमा देखा परेको सूत्रधार नाटक त्रासदी रहेको बताउँदछ। वसन्तको खोज समाप्त नभएकाले यस नाटकको प्रदर्शन पुनः हुने कुरा सूत्रधारले नाटकको अन्त्यमा राखेको छ। दर्शकलाई पनि यस खोजमा सामेल हुन सूत्रधार दर्शकवर्गलाई आग्रह गर्दछ । केही दर्शक सूत्रधारको पछि लागेर मञ्चबाट बाहिरिन्छन्।

बाँसुरी आत नाटकको आरम्भ सूत्रधारको प्रवेशसँगै भएको छ। समयक्रमसँगै चलचित्र र टेलिभिजन रङ्गीन एवम् तडकभडक जमानामा आए पनि नाट्यकलाको जगैदेखि विकास गर्नका लागि सूत्रधार आमदर्शक रहने सडक, गल्ली, चोक, चउर र चौबाटोबाट टाढा हुन नसकेको बताउँदै आफू एउटा नाटक लिएर दर्शकसामु उपस्थित भएको जानकारी दिन्छन्। सूत्रधार सडकनाटक खुला स्थानमा गर्नुपर्ने हुँदा यसमा थुप्र समस्याहरू चुनौतीका रूपमा आउने भए तापनि आफू नाटक कुनै पनि हालत नाटक प्रस्तुत गर्ने बताउँछन्। नाटक मञ्चन गर्न तय गरेको खुला स्थानमा वृद्ध सडकमा कुनै मान्छेको लास रहेको जानकारी सूत्रधारलाई दिन्छन्। युवक एक जना मान्छे गोली लागेर सडकमा ढलेको

सूत्रधारलाई बताउँछन्। अधबैंसे मानिस आफ्नी छोरीलाई चारपाँच जना गुन्डाहरूले लगेको बताउँदै सूत्रधारसँग सहयोगको याचना गर्दछन्। सबैभन्दा ठूलो चुनौतीका रूपमा बाँसुरीले फैलाएको आतङ्क रहेको छ। बाँसुरीवादक १, बाँसुरीवादक २, बाँसुरीवादक ३, बाँसुरीवादक ४ र बाँसुरीवादक ५ ले त्यस स्थानमा बाँसरी बजाएर नाटक बिथोल्ने कार्य गरेको छ। यसबाट मुक्ति पाउनका लागि सूत्रधारले इन्सपेक्टरको सहायता लिन्छन्। सूत्रधार नाटक हेर्ने सुसंस्कृत दर्शकको अभाव पनि चुनौती रहेको मान्दछन्।

भविष्य निर्माण नाटक राजधानीका १५ स्थानमा मञ्चन भइसकेको छ। यसको विषयवस्तु पारिवारिक समस्यासँग सम्बन्धित भएर अगाडि बढेको छ। एउटा ३०/३२ वर्षको युवक श्रीराम रक्सीको नशामा मात्तिँदै तथानाम फलाक्दै देखा पर्छन्। सपना शिक्षिकाले यस्ता होहल्ला र विकृत पक्षले समाजको सामाजिक संरचना बिग्रेको बताउँदै श्रीरामलाई एक असल अभिभावक बनी छोराछोरीको भविष्य निर्माण गर्न भन्दछिन्। जँड्याहा श्रीराम आफ्नै बकवास कुरामा अडिग रहेकाले सपना उनलाई घर लैजान श्रीरामकी श्रीमतीलाई लिएर आउँछिन्। श्रीराम आफ्नी श्रीमतीको कुरालाई पनि नकारात्मक रूपमा लिन्छन्। घरको समस्या समाजमा प्रस्तुत भएकाले श्रीमती दुखी हुन्छिन्। श्रीमान्श्रीमतीबीचको सानोसानो मनमुटावले गर्दा नै उनीहरूमा मानसिक तनाव उत्पन्न हुने र त्यसको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव बालबालिकामा देखिने सपना बताउँछिन्। बच्चा दीपकले बुबा रक्सी खाएर हिँड्ने भएकाले स्कुलको फी तिर्ने पैसा नभएको बताउँदै रुन्छन्। श्रीमान् रक्सी खाएर पारिवारिक दायित्व नउठाएकैले श्रीमतीले जागिरे भएर त्यो दायित्व उठाउँछिन्। १५ दिनपछि श्रीमान् र श्रीमतीसँगै आएको देख्दा सपना खुसी हुन्छिन्। आफ्ना बालबालिकाको उज्ज्वल भविष्यका निम्ति आफू मेहनेती बन्ने श्रीरामले बताउँछन्। घरमूलीको हेलचक्र्याइँ र कुलतले परिवारका अरू सदस्यको भविष्य बिग्रन सक्छ भने चेतावनी सपना दर्शकवर्गलाई दिन्छिन्।

२.समाज पान्तरणको सन्दर्भ

रङ्गमञ्चीय रूपान्तरण र सामाजिक रूपान्तरणका रूपमा नेपालमा सडकनाटकको आरम्भ तथा विकास भएको देखिन्छ। सामाजिक उत्पीडन, विभेद, राजनीतिक उतारचढाव, अमानवता, आर्थिक असमानता, सांस्कृतिक उत्पीडन आदिका विरुद्ध सडकनाटकले आवाज उठाएर समाज रूपान्तरणका लागि महत्त्वपूर्ण देन दिएको छ। देशमा रहेको राजनीतिक व्यवस्थाले जनताको सामजिक जीवन, आर्थिक अवस्था तथा सांस्कृतिक पक्षमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने हुँदा सडकनाटकले स्वतन्त्रता र मानवअधिकारका लागि सशक्त रूपमा आवाज उठाएर जनजागरण ल्याउन विशेष भूमिका निर्वाह गरेको छ।

प्रथम नेपाली सडकनाटक **हामी वसन्त खोजिरहेछौँ**मा प्रजातन्त्रबिनाको देशमा मुक्ति र स्वतन्त्रताको खोजीमा छटपटाइरहेका नेपाली जनताको आवाज प्रतिध्वनित भएको छ। नाटकमा नाटक सुरु गर्ने उद्देश्यले आएको सूत्रधार पखेटा काटिएको परेवा हराएका कारण चिन्तित देखिन्छ। धेरै पहिले अर्थात् सूत्रधार केटाकेटी छँदादेखि सुरु भइसकेको यो नाटक आज अन्त्य गर्ने लक्ष्य सूत्रधारले राखेको छ। वसन्त नभेटिएको खण्डमा यो नाटक पुनः प्रस्तुत हुने सर्तमा सूत्रधारले नाटक सुरु गर्दछ। त्यसपश्चात् नाटकमा आएका पात्रहरू व्यक्ति, केटो, युवक, दर्शक, माली, बूढो, बौलाहा सबै वसन्तको खोजीमा लागेका छन्। प्रत्येकको वसन्त खोज्ने तरिका भिन्न देखिन्छ। बौलाहा क्रान्तिको मार्ग अवलम्बन गरी वसन्तको खोजीमा लागेको छ। बूढो तपस्या अर्थात् शान्तिको मार्ग अवलम्बन गरी वसन्तको खोजी गर्न चाहन्छ। वसन्तको खोजी सजिलो कार्य नभएका कारण केटो वसन्तको खोजीमा नलाग्ने मनस्थिति व्यक्त गर्दछ। अन्त्यमा वसन्तको खोजी कार्य आज पनि सफल नभएका कारण नाटक अझै नसकिएको सूत्रधार बताउँदछ। आगो र पानी जीवन भएकाले समन्वयमा नै वसन्त भेट्न सकिने बूढाको धारणा देखिन्छ। सामूहिक प्रयासमा वसन्तको खोज सफल हुने धारणा व्यक्त गर्दै सूत्रधारले नाटकको अन्त्यमा दर्शकहरूलाई अनुरोध गर्दछ।

यस नाटकमा नाटकीय कथ्य प्रतीकात्मक देखिन्छ। पखेटा काटिएको परेवा, खिङ्ग्रिङ्ग परेको बूढो रूख, हराएको वसन्त आदि प्रतीकात्मक रूपमा स्वतन्त्रताको हनन भएको स्थितिको बोध गराउने उपकरणका रूपमा प्रयोग भएका छन्। राजनीतिक रूपमा स्वतन्त्रता हनन भएको अवस्थाले सामाजिक जीवन समस्याग्रस्त हुने परिवेश स्वतः रहन्छ। यसको अन्त्यका लागि पात्रहरू क्रान्ति र शान्ति दुवै मार्ग अवलम्बन गर्दै लागिपरेका छन् तर पात्रहरू सफल बनेका छैनन्। सामाजिक रूपान्तरणका लागि समन्वयको भाव हुनुपर्ने दृष्टिकोण नाटककारले नाटकको अन्त्यमा बूढो पात्रमार्फत व्यक्त गरेका छन्। नाटकको अन्त्यमा सूत्रधारका पछाडि लागेर सबै दर्शकहरू जान्छन्। यसले सामाजिक रूपान्तरणका लागि सामूहिक भाव आवश्यक हुने बोध गराएको छ। प्रतीकात्मक कथ्य हुनु नै यस नाटकको

महत्त्वपूर्ण पक्ष देखिन्छ। वसन्तको खोजले प्रतीकात्मक रूपमा सामाजिक रूपान्तरणको बोध गराएको छ। नाटकीय कथ्यका आधारमा नाटकका पात्रहरू निम्नमध्यम तथा निम्नवर्गीय देखा परेका छन्। प्रस्तुत नाटकमा रहेको प्रतीकात्मक कथ्यले राजनीतिक अर्थ स्पष्ट रूपमा व्यक्त गरेको छ। पखेटा काटिएको परेवा, खिङ्ग्रिङ्ग परेको बूढो रूख, हराएको वसन्तले राजनीतिक सन्दर्भमा स्वतन्त्रताको हनन भएको राजनीतिक परिवेशको बोध गराउँदछ। यस नाटकमा रहेका पात्रहरू सबै वसन्तको खोजमा सक्रिय भएको स्थितिले राजनीतिक स्वतन्त्रताका लागि सबै प्रयत्नरत रहेको स्थितिको जानकारी दिन्छ। प्रस्तुत नाटकको केन्द्रीय कथ्य वसन्तको खोज नै रहेको छ। नाटकका सम्पूर्ण पात्रहरू वसन्तको खोजमा सक्रिय छन्। वसन्तको खोजी कार्य सरल भने अवश्य छैन। यसको खोजमा लागेकाहरू कोही जलेर मरे, कसैको हात भाँचियो र कसैको पाउ जल्यो तापनि वसन्तको खोज जारी छ। नाटकको अन्त्य वसन्तको खोजसँग सम्बन्धित रहेको छ। वसन्तको खोज सफल भएपश्चात् मात्र नाटक समाप्त हुने विचार सूत्रधारको छ तर वसन्तको खोज सफल भएन। वसन्तको खोजी कार्य सफल नभएकाले आज पनि यो नाटक सकिएको छैन अर्थात् स्वतन्त्रता र मानवअधिकारमा पटकपटक हस्तक्षेप हुने क्रम जारी भइ नै रहेको छ। आज पनि यो नाटक मञ्चित हुँदै छ। यसले यस नाटकको कथ्यमा रहेको समसामयिक सन्दर्भको बोध गराउँदछ। नेपालमा परेवालाई शान्तिको प्रतीकका रूपमा लिइन्छ। यस नाटकमा परेवालाई स्वतन्त्रता र मानवअधिकारको प्रतीकका रूपमा लिइने सन्दर्भ प्रकट भएको छ।

बाँसुरी आत ्क सूत्रधार नाटक प्रदर्शन गर्ने हेतुले खुला सडकमा गएका छन्। 'सडक, गल्ली, चोक, चउर र चौबाटोमा श्रम गर्ने भीख माग्ने र चिल्ला कारहरू दौडाउने सबैको सरोकार यो ठाउँसँग छ भने' ...(पृ.११२) ले पनि समाजमा वर्गीय विभेदको स्थिति रहेको बोध गराउँछ। नाटक मञ्चन गर्ने क्रममा सूत्रधारसमक्ष चुनौतीका रूपमा आएका सामाजिक सरोकारका समस्याले पनि समाजको अवस्थाको जानकारी दिन्छ। 'मऱ्यो भोकभोकै मऱ्यो। त्यो परको सडकमा हेर्नोस् त ! एक जना मान्छे खान नपाएर मरेको छ। उसको लास अहिले पनि त्यत्तिकै सडकमा लडिरहेको छ' (पृ.११२) भन्दै वृद्धले सूत्रधारबाट सहयोगको आशा राखेको छ। प्राय: सडकको वास निम्नवर्गीय मानिसको हुने गर्दछ। आर्थिक अवस्थाकै कमजोरीले गर्दा उनीहरू फ्याँकिएका खानेकुरा खाएर बाँच्न विविश छन्। त्यसैकारण उनीहरूको स्वास्थ्यस्थिति पनि राम्रो बन्न सक्दैन। उनीहरूले मरेपछि पनि उनीहरूको लासलाई कसैले वास्ता गर्दैन। बाँचुन्जेल त सहरिया सभ्य सुसंस्कृत भनाउँदा मानिसहरूको तिरस्कार उनीहरूले सहनु नै पर्छ मरेपछि पनि कुकरबिरालो मरेझैँ बेवारिस रूपमा सडकमै मर्नुपर्ने कारुणिक अवस्थामा रहन्छन्। 'सुन्नोस् त ! त्यहाँ पर हेर्नोस्, एक जना मान्छे गोली लागेर सडकमा ढलेको छ' (पृ.११३) भन्दै युवक सूत्रधारको ध्यानाकर्षण गर्दछन्। जनताको हकहितका लागि न्याय माग्ने क्रममा त्यो मान्छेको गोली लागेर हत्या भएको छ। देशमा रहेको राजनीतिक तरलताको अवस्थाले गर्दा आमजनतालाई सुरक्षाको प्रत्याभूति राष्ट्रले दिन नसक्दा सामाजिक संरचनालाई त्यसले नकारात्मक प्रभाव पारेको हुन्छ। यही अवस्थाको बोध त्यस मान्छेको मृत्युले गराएको छ। 'कहाँ हुन्थ्यो हजुर ! केही गुन्डाहरूले उसलाई यतै ल्याएका छन् रे। सहयोग गरिदिनुपऱ्यो। नत्र मेरी छोरीको' ...(पृ.११६) भन्दै अधबैँसे सूत्रधारसमक्ष आफ्नो दुखेसो पोख्दछन्। उनले पुलिसलाई सोबारे बताएपनि उनीहरूले अहिले फुर्सद छैन भन्ने प्रत्युत्तर पाएकै कारण अधबैँसेले सूत्रधारलाई सो समस्याको समाधानका लागि भनेका हुन्। पुलिसले छोरीबुहारीको इज्जतलाई भन्दा जुलुसमा लाठी चार्ज गर्न प्राथमिकता दिएको विकृत अवस्था नाटकमा रहेको छ। प्रस्तुत नाटकमा राजनीतिक अवस्था भ्रष्ट रहेकै कारण कानुनका रक्षक मानिएको पुलिसले सामजिक सुरक्षाको प्रत्याभूति दिन सकेको छैन। यसले नाटक मञ्चनकार्यलाई पनि बाधा उत्पन्न गराएको छ। देशमा राजनीतिक सुव्यवस्था कायम रहेमा मात्र अन्य क्षेत्र व्यवस्थित र विकसित बन्न सक्दछ।

भविष्य निर्माण सडकनाटकमा रक्सी आदि खाएर होहल्ला गरी हिँड्ने युवक श्रीरामको व्यक्तिगत पारिवारिक समस्या चित्रण भए तापनि व्यक्ति समाजमा बस्ने हुनाले यसले सामाजिक संरचना र सामाजिक गतिविधिमा नकारात्मक असर पुऱ्याउँछ। रक्सी खाँदा सबै डरले भाग्ने कुरा श्रीराम बताउँछन्। उनी रक्सीकै मातमा कोहीसित पनि झगडा गर्न अघि सर्दछन्। रक्सीकै मातमा उनी आफ्नी श्रीमती र आफ्ना छोराछोरीलाई होच्याएर बोल्छन्। 'मादक पदार्थको सेवनले तपाईंले आफ्नो इज्जतलाई कति लिलाम गर्दै हुनुहुन्छ' (पृ.५१) भन्दै सपनाले श्रीरामलाई बताउन खोज्छिन्। त्यस्ता गतिविधिले सामाजिक वातावरण पनि खलबलिने र परिवारका सदस्यका भविष्य पनि डामाडोल

हुने शिक्षिका सपनाको राय छ। त्यसैकारण उनी श्रीरामलाई घर फर्काउन उनकी श्रीमतीको सहायता लिन्छिन्। 'घर परिवार सन्तानको भलो नचिताउने मान्छे समाजको पनि हित चिन्तक हुन सक्दैन' (पृ.५५) भन्दै सपना घर राम्रो भएको खण्डमा समाज विकसित हुने र समाज व्यवस्थित र विकसित भएमा समुन्नत राष्ट्रको विकास हुने कुरा बताउँछिन्। घर र परिवार पनि समाजका एक अङ्ग हुन्। घरको जिम्मेवारी पुरुषले नलिँदा घरको आर्थिक अवस्था समाल्न र बच्चाको स्कुलको फी तिर्न महिलाले जागिर गर्नुपरेको छ। 'घरभित्रको कलहले नारी अधिकार त कुण्ठित हुन्छ हुन्छ। अर्कातिर उनीहरूका सन्तानले स्वस्थ वातावरण पाउँदैनन्। जसको कारणबाट बालकहरूको भविष्य अन्धकारमय हुन्छ' (पृ.५६) भन्ने सपनाको निष्कर्ष रहेको छ। घरभित्र श्रीमान्श्रीमतीबीच रहेको मनमुटाव र असझमदारीले बालबालिकामा मानसिक तनाव उत्पन्न हुने र त्यस्तो अवस्थामा बालबालिका त्यसबाट बच्न गलत कदम पनि चाल्न सक्ने कुरा अभिभावकले बुझ्नुपर्दछ। आमाबाबुको माया र शिक्षाले नै बालबालिकाको भविष्य निर्माण हुन सक्दछ। नाटकको अन्त्यमा श्रीरामको बानी र व्यवहारमा परिवर्तन देखिएको छ। 'आफ्ना बालबालिकाको उज्ज्वल भविष्यका लागि म मेहनत गर्छु र उनीहरूको बालअधिकार खोसिन नदिन प्रण गर्दछु र आफू पनि राष्ट्रसेवामा जुट्छु' (पृ.६२) भन्दै श्रीरामले पारिवारिक दायित्व निर्वाह गर्ने प्रण गरेका छन्। प्रस्तुत नाटकमा व्यक्तिगत प्रयासबाटै परिवारको प्रगति हुने र परिवारपरिवार मिलेर बनेको समाज पनि उन्नयनतर्फ लाग्ने तथ्य व्यक्त भएको छ।

३. **निष्कर्ष**

सडकनाटकले सोझै जनतासामु पुगेर आमजनताको समस्या उजागर गर्दै जनचेतना जगाउने कार्य गर्दछ। **हामी वसन्त खोजिरहेछौँ** सडकनाटकमा नाटककारले स्वतन्त्रता र मानवअधिकारका लागि जनता सचेत बनेमा मात्र प्रजातन्त्र कायम रही रहन्छ भन्ने तथ्य व्यक्त गरेका छन्। **बाँसुरी आत ्क** सडकनाटकमा समाजमा रहेको हिंसा, बलात्कार जस्ता विकृत रूपको चित्रण गर्दै समाज रूपान्तरणका लागि त्यसको अन्त्यका लागि पहल गरिएको छ। **भविष्य निर्माण** सडकनाटकमा पारिवारिक समस्या हल भएमा मात्र समाजको रूपान्तरण हुने तथ्य प्रस्तुत भएको छ।

नेपालमा सडकनाटकलाई राजनीतिक सिद्धान्तको प्रचारप्रसार गर्ने हेतुले नभई समाजमा देखिएका विकृति र विसङ्गति झाँको झार्ने उद्देश्यले प्रस्तुत गरिएको छ। समुन्नत समाज, विकसित राष्ट्र र सम्मानजनक मानवको सपना बोकी सडकनाटकले यात्रा आरम्भ गरेको छ। कलात्मक शिल्प र सौन्दर्यद्वारा समाजका दुखसुखलाई समाजकै हितमा प्रस्तुत गर्ने सडकनाटकको उद्देश्य हो। सडकनाटकको उद्देश्य वैयक्तिक स्वार्थभन्दा माथि उठेको हुन्छ। हरेक रङ्गकर्मीमा समाजप्रति नैतिक दायित्व रहेको हुन्छ। स्वतन्त्रता र मानवअधिकारप्रति जनतालाई सचेत गराउने उद्देश्य सडकनाटकले लिएको छ।

सन्दर्भ ग्रन्थ

पोखरेल, रामचन्द्र (२०६२), **नेपाली नाटक सिद्धान्त र समीक्षा**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

पौडेल, शेष तथा अन्य (२०५९), **नाट सिद्धान्त र आधुनिक नेपाली नाटक**, काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार।

भट्टराई, शार्दूल (२०६४), **बाँसुरी आत ्क**, काठमाडौँ : पाण्डे प्रिन्टिङ प्रेस।

मल्ल, अशेष (२०५०), **सडकदेखि सडकसम्म**, दो.सं., ललितपुर : साझा प्रकाशन।

..... (२०६६), **सडकनाटक सिद्धान्त, सिर्जना र प्रस्तुति**, काठमाडौँ : एकता बुक्स ।

युवराज (घिमिरे), (२०६६), **पान्तरणका लागि र ्गमञ्च**, काठमाडौँ : शिल्पी नाट्य समूह।

निरौला, मोहन (२०५७), **प्रजातन्त्र**, काठमाडौँ : परिवर्तन नेपालका लागि काली सेढाई।

□

आलेख

उत्तरआधुनिकता र चारु परिचय निर्माण

होमराज आचार्य

अठारौँ शताब्दीदेखि सूत्रात्मक रूपबाट मानवीय जीवनको विश्लेषण गर्ने परिपाटीको अवधारणाले निम्छरो अवस्थाबाट तङ्ग्रिँदै स्वस्थ बन्ने वातावरण पाएको देखिन्छ। त्यसभन्दा अगाडि मानवीय जीवनलाई सूत्रात्मक रूपले हेर्ने परिपाटीको अस्तित्व रहेको भए तापनि त्यस्तो परिपाटी धर्मका झोलाहरूमा मात्र गुम्साएर राखिएका थिए तथा इतरधार्मिक रूपबाट हुने मानवीय क्रियाकलापलाई राज्यका तर्फबाट नै दण्डित गर्ने एक प्रकारको प्रशासन व्यवस्था कायम रहेको कुरा विभिन्न प्रकारका तत्कालीन ऐतिहासिक दस्तावेजहरूको अध्ययन गर्ने क्रममा देखिन आउँछ। यो व्यवस्था ओरिएन्ट तथा अक्सिडेन्ट दुवै गोलार्धमा स्थापित थियो।

केही हदमा सत्रौँ र केही रूपमा अठारौँ शताब्दीमा सूत्रात्मक व्याख्याले धर्मको घेराबाट केही सास फेर्ने मौका पाएपछि विज्ञानले मुन्टो उठाउन पायो र विज्ञानलाई पनि एउटा नवधर्मको रूप दिने क्रममा मानवजीवनलाई गणितात्मक रूपमा व्याख्या गर्न सकिने र हरेक कुरालाई सूत्रबन्ध वैज्ञानिक कार्यव्यापारका रूपमा व्याख्या गर्न सकिन्छ, आध्यात्मिकता भनेको जरो नभएको नियन्त्रण संयन्त्र हो र वास्तविक जरोयुक्त सशक्त बौद्धिक संयन्त्र जसले मान्छेका हरेक कुरालाई नियन्त्रण गर्न सक्छ, त्यो भनेको भौतिक यथार्थ मात्र हो भन्ने कुराले ठाउँ ओगट्यो।

पहिला धर्मले अँगालेको बाटो पछि गएर वैज्ञानिक शास्त्र भनिने नितान्त सैद्धान्तिक कुराहरूले अँगाल्न सुरु गरे। जुन रूपमा आशाको दियो बोकेर आधुनिकतावादको विकास भएको थियो, त्यो कुरा निराशापूर्ण रूपले दुर्भाग्यमा परिणत भयो। दुर्भाग्य यस मानेमा भयो कि यसले आफूले दिएका आश्वासनहरूलाई पूरा गर्न त सकेन–सकेन उल्टै एक प्रकारको एउटा गोलार्ध केन्द्रित वैचारिक प्रणालीलाई सर्वस्व ठानेर वैचारिक तानाशाहका रूपमा स्थापित हुन पुग्यो, जहाँ समाजमा रहेका अन्य सम्भावनाहरूलाई किनारीकरण गर्ने काम भयो। पश्चिमा वैचारिक धरातललाई केन्द्रबिन्दु बनाएर र त्यसकै लेन्सको प्रयोग गरेर अरू वैचारिक धरातललाई घेराबन्दी गरी एक प्रकारको प्याथोजिन ब्याक्टेरियाका रूपमा हरेक कुरालाई प्रभावित गर्दै गयो, जुन कुरा धर्मदमित युरोपियन शासनव्यवस्थामा पनि थियो। पादरी र दरबारियाहरू ठूला ठानिन्थे र अरूहरू तल्ला स्तरका नागरिकका रूपमा दरिन्थे। त्यही कुरा पछि आएर आधुनिकतावादीहरूले समेत अँगाल्न पुगे। त्यसैले त्यस्तो किसिमको वैचारिक हैकमवादलाई ठेगान लगाउनुपर्ने कुराको भ्रूण विकास मान्छेहरूको मस्तिष्कमा हुँदै गइरहेको थियो र त्यही आधुनिकतावादले गरेका गल्तीहरू नदोहोरिऊन् भन्ने हेतुले उत्तरआधुनिकतावादको अवधारणालाई अगाडि बढाउने काम हुन थाल्यो। तसर्थ उत्तरआधुनिकतावादले साठीको दशकमा आएर आफ्नो वैचारिक परिचयलाई हुर्काउन र बढाउन सफल भयो। तर त्यतिखेर नै उत्तरआधुनिकतावादको विकास भने भएको होइन।

तर्क होइन, तर्कहरू हुन्छन् भन्ने कुरा ल्योटार्डले गरेका छन् (Reijen and Veerman, 1988 :278)। त्यसै गरी मेरो दृष्टिकोण र अनुभवले देखाएअनुसार एक व्यक्तिको मानवीय जीवनमा एउटा संस्कृतिको उपस्थिति होइन, अनेकौँ संस्कृति र तिनका सम्भावनाहरूको उपस्थिति रहेको हुन्छ। यहाँ मैले उत्तरआधुनिकतावादको सिद्धान्त र उत्तरआधुनिक सामाजिक यथार्थले संस्कृतिलाई कसरी बुझेको छ, बुझाइका सम्भावनाहरू केकस्ता छन् तथा ती सम्भावनाहरूको निर्माण तथा विनिर्माण प्रक्रियालाई यस वादले कसरी अँगालेको छ भन्ने कुराको अनुभवपरक सैद्धान्तिक अन्वेषण गरेको छु। यथार्थमा यस्तो अन्वेषणगराइ र गर्ने अठोटसमेत विश्लेषणका अनेकौँ कोणहरूबाट एउटा समस्यामूलक र एउटा चुनौतीपूर्ण काम हो। किनकि ल्योटार्डकै परिभाषालाई उधारो लिएर भन्ने हो भने उत्तरआधुनिकवाद होइन, उत्तरआधुनिकतावादहरूको उपस्थिति र ती उपस्थितिहरूले ल्याएका सम्भावनाहरूको व्याख्या गर्नुपर्ने आवश्यकताको महसुस हुन्छ। अतः उत्तरआधुनिकतावादी प्रेरभित्र रहेर संस्कृतिका

अवधारणाहरूलाई बुझ्ने क्रममा उत्तरआधुनिकतावाद र यसका सम्भावनाहरूलाई कम्तीमा पनि तीन प्रकारले बुझ्नुपर्ने हुन्छ : १. एक तहमा यसले ऐतिहासिक युगबोधका सम्बन्धमा देखाएको अन्तर ऐतिहासिक सम्बन्ध र यससँग गाँसिएका मान्छेका क्रियाकलापहरू, २. इतिहासलाई यसले कसरी छेडछाड गरेको छ र विमर्श परियोजनाका कस्ता सम्भावनाहरूको निर्माण गर्ने वातावरण खडा गरिदिएको छ तथा ३. यसले मानवीय जीवनमा प्रभाव पार्नका लागि कस्तो किसिमको शैलीगत विरोधाभासपूर्ण कुरालाई अँगालेको छ भन्ने पद्धतिको विश्लेषण गर्ने कुराहरू पर्दछन्।

शैलीगत विरोधाभासपूर्ण कुराको वैचारिक उपस्थितिले यहाँनिर विशेष महत्त्व राखेका छन् अर्थात् बहसको विषय के हुन सक्छ भने उत्तरआधुनिकतावादी सोचाइ पद्धति कुनै पनि समयको एउटा फ्रेमभित्र बाँधिन सक्दैन। उत्तरआधुनिकतावादीहरू कुनै पनि कुरामा सीमाङ्कन गर्नमा विश्वास गर्दैनन्। त्यसको मुख्य कारण के हो भने कुनै पनि कुराको सीमा निर्धारण गर्दाखेरि एउटा फ्रेमको निर्माण हुन्छ र फ्रेमको निर्माण हुनु नै कारागारको निर्माण हुनु हो। यसरी वैचारिक कारागारको निर्माण गरी बृहत् आख्यान र सूत्रात्मक विमर्शको विकास गर्न ठेक्का लिएको आधुनिक सोचाइको धज्जी उढाउने र सूक्ष्म आख्यानलाई विशेष महत्त्व दिई आधुनिकतावादको गर्भमा धकेलिएर पन्छाइएका कुराहरूलाई समाहित गरिएका कुराहरूलाई जत्तिकै महत्त्व दिई मुख्य धारामा ल्याउन खोज्नु उत्तरआधुनिक सोचाइ र यस प्रकारका सोचाइ र तौरतरिकाहरू र त्यससँग सम्बन्ध राख्ने चिन्तनको उद्देश्य रहेको हुन्छ। तर यस्ता कुराहरू सूत्रात्मक विधाको प्रयोग गरी आख्यानहरूको निर्माण गर्न बानी परेका मन्त्रमुदित विचारहरूले चपाइएका, असमानताको पिँजरामा बसेर समानताको सपना देखिरहेका तथा निरङ्कुशताको लट्ठी समातेर लोकतन्त्रको नारा घोकाइरहेका आधुनिकतावादीहरूका लागि अपच हुन सक्छ। तर तिनीहरूलाई अपच भयो भन्दैमा स्वतन्त्र विचार र विचारका अन्यान्य सम्भावनाहरूलाई लँगौटीभित्र बाँधे उत्तरआधुनिकतावादीहरू कहिल्यै पनि बस्न सक्दैनन्। हुन त आजको संसारमा आधुनिकतावादीको हँल अनियन्त्रित बाख्राभेडाको हँलझैँ यत्रतत्र छरिएको छ तथा यस्तो अवस्थामा उत्तरआधुनिकतावादीहरूलाई काम गर्न निकै कठिन पर्दछ। तर त्यही कठिनाइबाट जन्मिएका चुनौतीहरूसँग सामना गर्नका लागि पाइरहेको ऊर्जाबाट नै उत्तरआधुनिकतावादीहरू सञ्चालित हुन रमाउँछन्। त्यहाँ उनीहरूका लागि कुनै सीमाको उपस्थिति हुँदैन। अहिलेको स्थितिमा केन्द्रभङ्ग भइसकेको छ र सांस्कृतिक अग्निरेखाहरू तोडिसकेका छन् र आधुनिकतावादीहरूले उत्तरआधुनिकतावादीहरूलाई परम्परागत रूपमा समाजले कुष्ठ रोगीहरूप्रति जस्तो व्यवहार गर्दथ्यो, त्यस्तै व्यवहार गर्न पनि पछि परिरहेका छनैनन्। प्रश्न उठ्छ, के सधैँ त्यस्तो असहिष्णु, असामाजिक वैचारिक पद्धतिको हालीमुहाली रहिरहला र ?

उत्तरआधुनिकतावादको एउटा निकै रोचक कुरा के छ भने यसले एकातिर इतिहासका कालखण्डहरू र सोचाइका तरिकाहरूमा जुन व्यक्ति र व्यक्ति–समूहहरू शासक समाज र तिनका एजेन्टहरूबाट पन्छाएका हुन्थे, तिनीहरूलाई समेत आफ्ना कुरा उठाउने, पहिचान खोज्नका निम्ति उत्प्रेरणा दिने विचारहरूको विकास गर्न वातावरणको निर्माणका लागि अवधारणामूलक आधिकारिता प्रदान गरेको छ। उदाहरणका लागि उत्तरआधनिकतावादले पश्चिमेली दर्शनको नवउपनिवेशवादी दमन, ऐतिहासिक बलात्कार, राजनीतिक पिटपाट र शक्ति व्यवस्थाको दासित विचारहरूलाई सधैँ संशयमूलक प्रश्नात्मकताले आक्रमण गर्ने गर्दछ। उत्तरआधुनिकता भूतकालमा पन्छाइएका, दबाइएका, शोषण गरिएका, अस्तित्वविहीन पार्नका लागि चक्रव्यूहमा हुलिएका व्यक्ति तथा व्यक्ति–समूहको अस्तित्वलाई पुनर्जीवन प्रदान गर्नमा सहयोगी विचारको रूपमा आएकाले यसलाई दमित, शोषित र शासितहरूका लागि शुभसमाचार ल्याउने वैचारिक पद्धतिको रूपमा हेर्न सकिन्छ। मैले उठाएको मुद्दाअनुसार उत्तरआधुनिकतावादको सोचाइको विकासले सामूहिक तथा ऐतिहासिक दृष्टिकोणमा कुनै एउटा खास कारणले गर्दा एउटा बिन्दुमा निकै चर्चा पाएको हो, तर त्यही चर्चालाई आधार मानेर त्यसै चर्चित समयलाई नै उत्तरआधुनिकतावादको विकास भएको मान्न सकिन्न। मान्छेको संस्कृतिको जस्तो लामो इतिहास छ उत्तरआधुनिकतावादको पनि त्यत्तिकै लामो इतिहास छ।

मैले संस्कृति शब्दको प्रयोग गर्दा विमर्श परियोजनाका रूपमा मात्र गरेको छु। न कि दैनन्दिनका रूपमा प्रयोग हुने सामान्य अर्थमा। मैले प्रयोग गरेको संस्कृति शब्दले बृहत् आख्यान र विमर्शका रूपमा मानवीय ज्ञान एउटा पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने निर्जीव सांस्कृतिक नासोलाई बुझाउँदैन। यहाँ अङ्कित गर्न खोजेको कुरा त्यो हो जहाँ कसैलाई मैले मेरो सांस्कृतिक परिचयको बारेमा बताउनुपर्ने हुन्छ। त्यस बेला मैले मेरो बारेमा जान्ने जिज्ञासुलाई सांस्कृतिक उत्तर दिनुपर्ने हुन्छ। हो, त्यही मैले दिएको उत्तर

नै सामान्य अर्थमा अर्थात् आधुनिक अर्थमा मेरो परिचय हुन जान्छ। तर त्यो उत्तर पैतृक सम्पत्तिका रूपमा आएको सामाजिक बृहत् ज्ञानभन्दा केही होइन, त्यसले मेरो बारेमा व्याख्या गर्ने कुरा त परै छोडौँ अलिकति कोट्ट्याउने काम मात्रै गरेको हुन्छ। यदि मैले मेरो परिचय मान्छेहरूलाई बाँड्नु छ भने प्रश्नकर्तालाई मैले एउटा कथा भन्नुपर्ने हुन्छ तथा त्यसो गर्दा समेत मैले भन्ने त्यो कथा मेरो परिचयको बारेमा आइसबर्गको एउटा टुप्पोभन्दा बढी केही हुन सक्दैन। Hallको भनाइअनुसार मान्छेको परिचय विभिन्न प्रकारका बाटाहरूको रूपमा मात्र रहेको हुन्छ। तर जरा पत्ता लगाउनुको बारेमा हुँदैन। तात्पर्य के हो भने एउटा मान्छेका परिचयका सम्भावनाहरू धेरै हुन्छन् र त्यहाँ एउटा मात्र परिचयको उपस्थिति हुँदैन। मान्छेहरूको एउटा केन्द्रीय परिचय नभएको कारणले परिचयलाई बादलको रूपमा हेर्न सकिन्छ। जस्तो कि कसैले बादलको एक टुक्रा कुनै एक निश्चित बिन्दुबाट अर्कै दिशातिर बगिरहेको देख्छ र त्यसलाई अवलोकन गरिरहन्छ त्यस अवस्थामा त्यो व्यक्तिले त्यो बादलको टुक्रालाई छिनछिनमा अर्कै रूप र आकार प्राप्त गरेको देख्तछ। त्यसै गरी मान्छेका परिचयहरूमा पनि समय र स्थान परिवर्तन हुँदा तरलता पाइने गर्छ। कुनै एउटा व्यक्ति एक ठाउँमा एउटा भिन्नै तरिकाले चिनिएको हुन्छ भने अर्को ठाउँमा पुग्दा त्यो व्यक्ति अर्कै तरिकाले चिनिन्छ तर प्रश्न उठ्छ : त्यो व्यक्तिको कुनचाहिँ परिचय केन्द्रीय परिचय हो त ? यस सबालमा उत्तरआधुनिकतावादीहरू स्पष्ट भइसकेका छन् अर्थात् कुनै पनि व्यक्तिको एउटा केन्द्रीय परिचय हुँदैन। ठाउँ र सन्दर्भ हेरीकन एउटा व्यक्तिको एउटा मुख्य परिचय हुन्छ र अर्को गौण हुन्छ तर गौण र मुख्य भिन्न समयमा भिन्नभिन्न हुन सक्छन्। कहिले गौण मुख्य त कहिले मुख्य गौण।

एउटा रामे नाम गरेको विद्यार्थी झापा जिल्लाको भुसाबारी भन्ने गाउँमा बस्छ, त्यो गाउँमा बस्दा उसलाई सबैले रामे भनेर बोलाउँछन्। एक दिन ऊ भुसाबारीबाट खोपबारी भन्ने ठाउँमा पुग्छ, त्यस अवस्थामा त्यो रामे रामे मात्र नभई भुसाबारीको रामे बन्न पुग्छ। त्यहाँ उसको परिचयसँग उसको गाउँको परिचय गाँसिन जान्छ र उसका गाउँका विशेषताहरू पनि त्यससँग गाँसिन पुग्छन्। केही समयपछि त्यो भुसाबारीको रामे इलाम जिल्ला पुग्यो भने उसले आफ्नो परिचयसँग पूरै झापालाई गाँसेको पाउनेछ अर्थात् ऊ भुसाबारीको रामे नभई झापाको रामे बन्न पुग्छ। पहाडबाट ऊ तराई आएको भए पहाडिया रामे बन्छ। भारतबाट काम गरेर आएको भए लाहुरे रामे बन्छ। समय र अवस्थाका चक्रमा ऊ अनेक प्रकार बन्दै जान्छ। भनाइको अर्थ के हो भने केन्द्रीय तत्त्वलाई खोजेर त्यसै आधारमा कसैको परिचय बनाउन खोज्ने हो भने त्यो एउटा बृहत् ज्ञानको रूपमा मात्र आउने गर्छ र यस्तो ज्ञानले जीवनका हरेक पलपलमा महत्त्व हुने सानासाना कुराहरूलाई अस्तित्वविहीन पार्छन् भने उत्तरआधुनिकतावादीहरूले त्यस्तो एकपक्षीय कुरालाई ग्रहण गर्न हुँदै भनी औँलो ठडाइरहेका हुन्छन्। उनीहरूको वैचारिक विश्लेषणमा एउटा प्रश्न के उठाउन सकिन्छ भने यदि उत्तरआधुनिकवादीहरूको विचारमा सबै कुराको उत्तिकै महत्त्व हुन्छ भने आधुनिकतावादी सोचाइलाई उत्तरआधुनिकतावादीहले किन आलोचना गर्दछन् ? त्यो पनि त एउटा मानवीय व्यवहार हो। के यो कुरा विपर्यासको पराकाष्ठा होइन ? हो, यो कुरा विपर्यास हो, त्यही विपर्यासले नै उत्तरआधुनिक सिद्धान्तलाई जीवन प्रदान गरेको हुन्छ। उत्तरआधुनिकतावादीहरूले आधुनिकतावादको सिद्धान्तलाई होइन, त्यस सिद्धान्तसँग गाँसिएर आएका ऐँजेरुहरूलाई पहिल्याइदिने काम गरेका हुन्छन्।

उत्तरआधुनिकतावादीहरूले मौलिकताको उपस्थितिलाई स्वीकार गर्न हिचकिचाउँछन्। किनभने हरेक मौलिक मानिने कुराहरू कुनै न कुनै रूपबाट अमौलिक हुने गर्दछन्। मौलिकताको कल्पना गर्नु एउटा भ्रम मात्र हो। तर संसारलाई भ्रमले नै बाँधेको छ र त्यही भ्रमको आडमा चल्ने हुनाले आधुनिकतावादको सिद्धान्तले विचार विश्लेषण र विमर्शको क्षेत्रमा आफ्नो हैकम जमाउन सफल भएको छ। त्यसैकारणले एउटा राम्ररी वर्गीकरण गरिएको, भ्रमको सुन्दर र आर्कषक झिल्ली ओढेको नमुनाको रूपमा प्रस्तुत हुन लागेको वस्तु यर्थाथ मान्छेहरूलाई प्यारो लाग्ने त्यस्तो किसिमको प्यार मान्छेहरूले सदियौँदेखि गर्दै आइरहेको छ। संस्कृति र सभ्यतालाई एउटा पुस्ताबाट अर्को पुस्तामा सारिरहेका पनि छन् र त्यस्तो इतिहासलाई कसरी चटक्कै बिर्सन सकिन्छ र ? तर त्यस्तो किसिमको वर्गीकृत यर्थाथलाई आत्मसात् गरी अगाडि बढ्ने समग्रतामा हेर्दाखेरि विभिन्न प्रकारका जराबुटा, लहरापातहरूले भरिएको एउटा जङ्गललाई एउटा सामान्य जङ्गलका रूपमा देख्नु हो र त्यस जङ्गलभित्र रहेका हजारौँ किसिमका वनस्पति, जनावर तथा चराचुरुङ्गी, कीराफट्याङ्ग्राहरूको अस्तित्वलाई बिर्सिदिनु हो। आधुनिकताले सानालाई बिर्सन्छ।

अब उत्तरआधुनिकतावादीहरूको काँधमा आइपरेको महत्त्वपूर्ण दायित्व के हो भने त्यो जङ्गलको अस्तित्वलाई

विश्लेषण गर्नका लागि त्यस जङ्गलसँग सम्बन्धित हरेक सम्भावनाहरूको न्यायोचित खोजी गर्नु हो। यस्तो किसिमको खोजी गर्ने पक्रियालाई उत्तरआधुनिकतावादीहरू स्थानीय आख्यान र विमर्शका रूपमा व्याख्या गर्दछन् तथा जुन व्याख्याअन्तर्गत सबैले महत्त्वका हिसाबबाट उत्तिकै स्थान पाइरहेका हुन्छन्। द्रुत गतिमा बढिरहेको आजको बहुआयामिक, बहुसांस्कृतिक संसारको आवश्यकता भनेको त्यस्तै स्थानीय विमर्शहरूको खोजी गरी तिनको अस्तित्वलाई पूर्वाग्रहरहित तरिकाले हृदयङ्गम गर्नु हो। त्यसका लागि हामीहरूले आफू उभिएको स्थानबाट पछाडि हटेर वा अगाडि बढेर त्यो स्थानको वस्तुगत तथा विषयगत, सन्दर्भगत विश्लेषण गर्नुपर्छ। तब मात्र हामीले आफूलाई केही मात्रामा बुझ्न सक्छौँ। यो एउटा प्रवृत्ति हो र यस्तो प्रवृत्तिलाई आत्मअध्ययनको प्रवृत्ति भन्न सकिन्छ। जहाँ हाम्रा आफ्नै समस्याहरू र यथार्थहरूलाई नजिकबाट नियाल्न सकिन्छ। उदाहरणका लागि एउटा माछाले पानीको महत्त्वलाई तब मात्र बुझ्छ, जब त्यो माछालाई पानीबाट बाहिर निकालिन्छ। नत्रभने त्यो दिनदिनै पानीमा खेल्ने माछालाई पानीको महत्त्व के थाहा ?

यसरी आफ्नो जीवनमा दिनदिनै आइपर्ने र गरिहरनुपर्ने यथार्थहरूलाई बुझ्नका लागि ती यथार्थहरूबाट अलग्गिन सक्नुपर्छ। त्यसलाई फुकोले टेक्नोलजी अफ सेल्फ भन्ने कुरासँग गाँस्न खोजेका छन्। मेरो भनाइ के छ भने समकालीन समाजले देखाएको यथार्थमा विखण्डित आत्मपरिचयलाई प्रस्तुत गर्ने आधारहरू दिनदिनै बनाइदिएको छ। अझ यो ब्रह्माण्डीकरण भइरहेको संसारमा त मिनेटमिनेटमा मान्छेहरूले आफ्नो परिचयको निर्माण गरिरहेका हुन्छन् र त्यसको बेचबिखन पनि गरिरहेका हुन्छन् र त्यस परिचयलाई थाहा नै नपाईकन विश्लेषण गर्ने काम पनि गरिरहेका हुन्छन्। त्यो विश्लेषण गर्ने काम समयले उब्जाएको र सन्दर्भले दिइएको एउटा सम्भावनाको खोजी मात्र हो। जस्तो कुनै एउटा साइबर क्याफेमा कम्प्युटरका स्क्रिनमार्फत संसारका कुनै पनि भागमा बसेको अर्को व्यक्तिसँग कुरा गर्ने एक व्यक्तिले अवस्थाको विश्लेषण गरी आफ्ना अनेक प्रकारका चारु परिचय (cloud identity)निर्माण गर्न सक्छ। त्यहाँ केटाले केटी भएको कुरा गर्दछन् भने केटीले केटा भएको भनेर आफ्नो परिचय बनाउने गर्दछन्। त्यस्तो परिचय बनाउनुको अर्थ के छ भने संवादको अर्को छेउमा बसेको मान्छेलाई प्रभावित गर्नु हो र यसले अर्को महत्त्वपूर्ण कुरा के देखाउँछ भने जहाँ अवस्था र स्थिति अभिज्ञ रहन्छन्, त्यहाँ मान्छेले आफ्नो स्वतन्त्रतालाई कुनै पनि सीमाले नबाँधेको महसुस गर्दछ। आँखाले नदेखेको व्यक्तिसँग जस्तो तहमा गएर पनि मान्छेहरूले संवाद गर्दछन्, परिचयको जन्म दिन्छन्, मन परेन भने त्यसलाई मेटाइदिन्छन्, फेरि अर्को बनाउँछन् अर्थात् मान्छेमा त्यस्तो किसिमको ऊर्जा लुकेको हुन्छ, ऊ आफू नभएको चीज बन्न खोज्छ र विखण्डन गरेर त्यसबाट निस्कने परिणामहरूको रसास्वादन गर्न खोज्छ। यस प्रवृत्तिलाई चारु परिचय निर्माण (cloud identity formation) भनिन्छ। यसले एउटा महत्त्वपूर्ण कुरा मान्छेको बारेमा के देखाउँछ भने मान्छेले एउटा केन्द्रीय परिचयलाई भ्यालखानाको रूपमा महसुस गरेको हुन्छ र त्यसबाट मुक्ति पाउनका लागि अनेकौँ सम्भावनाहरूको खोजीमा लागेको हुन्छ। समकालीन वैज्ञानिक प्रकृतिले मान्छेका ती उत्सुकताहरूलाई व्याख्या गर्ने तरिका र सम्भावना पहिल्याइदिनुका साथै आत्ममहत्त्वको विखण्डनलाई हेर्न र बुझ्नका लागि प्रशस्त उपायहरू दिएको छ। अर्को शब्दमा समयको समकालीन नवपोल्टा (Time's Contemporary new incubater) भित्र उत्तरआधुनिकतावादी सोचाइलाई उम्रने, हुर्कने र फुल्ने वातावरणको सिर्जना गरिदिएर वैचारिक युद्धको मैदानमा अगाडि आउन मदत गरेको छ। सांस्कृतिक सम्बन्धमा उत्तरआधुनिकतावादको अवधारणा एउटै छ कि संस्कृतिहरू एउटा मान्छेदेखि लिएर सम्पूर्ण संसारमा पत्रपत्र रूपमा रहेका हुन्छन्, प्याजको डल्लो जस्तै हो त्यो। एकमाथि अर्को पत्र जम्दै एउटा यथार्थको निर्माण हुनु।

उत्तरआधुनिकतावाद सम्बन्धमा केही विद्वान्हरूले राखेका भनाइहरूलाई समेत हामीहरूले विचार गर्नुपर्छ। उदाहरणका लागि (Ritezer, २०००..४६९) ले भनेका छन् कि एकातिर विभिन्न विद्वान्हरूको बीचमा सबैभन्दा टड्कारो बनेको शब्द नै 'उत्तरआधुनिक हो' तर यो शब्द जति टड्कारो भएको छ त्यति नै उसको खास अर्थ के हो त भन्ने कुरा पनि अत्यन्त अस्पष्ट, विवादास्पद र तुवाँलो जस्तो छ। त्यसै गरी (Mike Featherstone, १९९८..८) ले भनेका छन् कि उत्तरआधुनिकतावादको उच्चारणले पनि मान्छेलाई जानी वा नजानीकन यस वादको गाडामा बस्न पुगेको दोष लगाउने खालको जोखिम उठाउनुपर्ने हुन सक्छ र उत्तरआधुनिकतावादको उच्चारण गर्नेहरूलाई त्यसका विरोधीहरूले अर्थहीन एक प्रकारको क्षणिक बौद्धिक शैलीलाई महत्त्व दिन खोजेको दोष लगाउन सक्छन्। एउटा महत्त्वपूर्ण समस्या के हो भने यो समस्या निकै प्रचलित समस्या पनि हो, त्यो हो यो शब्द निकै फेसनेबल छ र अर्कोतिर

प्रस्ट परिभाषा लगाउने क्रममा निकै दिक्कलाग्दो र झन्झटिलो छ। तर मेरो विचारमा दिक्क र झन्झट त त्यस्ता आधुनिकतावादीहरूलाई हुन्छ, जसले मानवीय जीवनका अनेकौँ सम्भावनाहरूलाई केवल सूत्रात्मक रूपले व्याख्या गर्ने गर्दछन्। सूत्रहरूको विनिर्माण गर्नु तिनीहरूका लागि झन्झट नै हो। उत्तरआधुनिकताको आत्मा नै सूत्र विनिर्माणबाट गरिने चारु परिचय निर्माणमा रहेको छ।

उत्तरआधुनिक भन्ने शब्द कठिन, बहुमुखी र कतैकतै विरोधाभासपूर्ण छ, त्यो भए पनि यो परिभाषारहित अवश्य छैन। हो, यस वादले एउटा सर्वमान्य परिभाषाको अस्तित्वलाई स्विकार्दैन तर परिभाषाकै अस्तित्वलाई चाहिँ स्विकार्दैन भन्ने छैन। प्रोफेसर Ritezer ले Kumar, १९९५..Crook, Pakulski र Watters, १९९२..Jameson, १९९१..Best र Kellner, १९९१ लाई सङ्क्षेपीकरण गर्दै भनेका छन् कि उत्तरआधुनिक भन्ने शब्दले एक नयाँ ऐतिहासिक रूप, नयाँ सांस्कृतिक उत्पादन र नयाँ प्रकारको सामाजिक संसारलाई वर्णन गर्ने सैद्धान्तिक कुरालाई जनाउँछ। अर्को शब्दमा यसले तीनवटा भिन्नभिन्नै कुरालाई इङ्गित गर्छ—क. इतिहासको एउटा निश्चित समय, ख. त्यस इतिहासभित्र जन्मिएको समयको उत्पादन र ग. इतिहासको त्यस समयमा जन्मिएको सैद्धान्तिक प्रणाली।

एकातर्फ उत्तरआधुनिकतावादको प्रयोग एउटा ऐतिहासिक युगलाई देखाउनको निमित्त गरिन्छ र अर्कोतर्फ त्यसबाट जन्मिएका सम्भावनाहरूको अध्ययन गर्न। प्रतीकहरूको पुनरुत्पादन गरी संसारलाई एउटा मोडेलको रूपमा एउटा संस्कृतिको एउटा पक्षलाई विस्तार गर्न पनि उत्तरआधुनिक शैली वैशिष्ट्य (postmodern specialized style)मा सम्भव छ। निदर्शनका लागि प्राचीन कालमा बुद्धधर्मको उत्पादनलाई आध्यात्मिकहरूको पुनरुत्पादनको रूपमा लिन सकिन्छ भने समकालीन समयमा अमेरिकी म्याकडोनल्सलाई भौतिक पुनरुत्पादनको रूपमा लिन सकिन्छ। त्यसै गरी इन्टरनेटको प्रयोगले समय र भूगोललाई र त्यससँग गाँसिएका परिचयहरूलाई विखण्डन गरी अमूर्त प्रतीकहरूको पुनरुत्पादन गरिरहेको छ। यस अर्थमा उत्तरआधुनिक सोचाइ र उत्तरआधुनिकवाद अवधारणाहरू (collection of concepts)को सङ्ग्रह हो। यो एउटा विखण्डन हो। विखण्डनको पनि विखण्डन हो। यो विखण्डनबाट निर्मित यथार्थ हो। जहाँ हरेक सम्भावनाहरूको अन्वेषण हुन्छ। कुनै एक ठाउँमा यसले यान्त्रिक समुत्पादित कुराहरूलाई दर्साउँछ भने अर्कोतर्फ तिनै कुराहरूबाट निस्केका समस्याहरूलाई दर्साउँछ। छोटकरीमा यो सांस्कृतिक ब्रह्माण्डीकरणको प्रारूप तयार पार्ने एउटा सोच हो। कहिलेकाहीँ एउटा विपरीत अवधारणाको रूपमा यसले ब्रह्माण्डीकरणको स्केलमा विखण्डीकरणको सन्दर्भलाई बुझाउँछ र अन्य समयमा यसले बहुराष्ट्रवादको नियन्त्रणको बाबजुद पनि पुँजीका सम्बन्धमा लगानी र उत्पादनको चक्रलाई खण्डखण्ड रूपमा व्याख्या गरेर एउटा नयाँ किनारीकरणको बनोटलाई देखाउँछ। माथि उल्लेख गरिएको यी कुराहरू उत्तरआधुनिकताका कुरा हुन्, जुन कुरा उत्तरआधुनिक सिद्धान्तभन्दा अलि फरक छन्।

आजकल उत्तरआधुनिक सामाजिक सिद्धान्तका क्षेत्रहरूलाई इतिहास चित्रका व्याख्यासँग अर्थहीन तरिकाले गाँस्ने गरेको देखिन्छ, जुन कुरा आफैँमा सत्य छैन। शक्तिको गतिसँग सम्बन्धित कुरा भइरहेको यहाँ देख्न सकिन्छ। उदाहरणको लागि उत्तरआधुनिक विचार सामूहिक मात्रै हो र यो सबैभन्दा नयाँ कुरा हो र त्यसैले महत्त्वपूर्ण पनि हो भनी अल्पकालीन र अनिश्चित कुराको रूपमा पनि देख्न सकिन्छ। तर बुझ्नुपर्ने कुरा यो छ कि यो नयाँ भएका कारण सबैलाई मन पर्न सक्छ र त्यही मनपराइले यसका समर्थकहरूलाई शक्तिशाली धरातलमा पुऱ्याउन सक्छ तर यससँग गाँसिएको अर्को यथार्थ पनि छ जुन कुरा यो हो कि उत्तरआधुनिकतावादका ट्रेन्डी र अल्पकालीन समर्थकहरूलाई त्यही धरातलबाट उसले बरखास्त गरिदिन पनि सक्छ। अतः उत्तरआधुनिकतावादको समर्थन गर्नेहरूले स्थापित मान्यताका मुखमा प्रश्नहरूले हिर्काइरहनुपर्छ। उत्तरआधुनिकतावादको सिद्धान्तमा एउटा महापण्डित र अर्को जजमान रहँदैन। तर यसो भन्दैमा उत्तरआधुनिकतावादले कार्ल मार्क्सको साम्यवादी अवधारणलार्य पनि अँगाल्दैन। वास्तविक अर्थमा मार्क्सवादी अवधारणा आधुनिकतावादको पोल्टामा हुर्कियो र त्यसको अन्त्य पनि आधुनिकतावादकै छत्रछायामा हुन गयो। त्यसैले मार्क्सवाद आधुनिकताको अपूर्ण परियोजना (incomplete project of modernism)का रूपमा सीमित रह्यो।

उत्तरआधुनिक सामाजिक सिद्धान्तले अभिव्यक्त गर्न खोजेका कुराहरू केही हदसम्म विश्लेषणका तरिकाहरूको मापदण्डलाई हेर्ने हो भने आधुनिकतावादको सोचाइभन्दा अनौठो नै छ। उदाहरणका लागि उत्तरआधुनिकतावादी दार्शनिक मिसेल फुकोले व्याख्या गरेको आत्माको टेक्नोलजीले प्राचीन हिन्दूदर्शनसँग समानान्तर भएर आएको देखिन्छ। उदाहरणका लागि भागवत गीतामा कृष्णले दुई

प्रकारका बन्धनहरूबाट मुक्त हुने प्रवृत्तिको बारेमा बेलीविस्तार लगाएका छन्। जसअन्तर्गत एउटा बन्धनको मुक्ति भनेको मस्तिष्कसँग सम्बन्धित बन्धन हो र अर्को बन्धन भनेको देखावटी रूपमा समाजभित्र रहेका कर्तव्य र नियमहरूका संयन्त्रहरूको बन्धन हो। त्यसरी देखिन आएका कुराहरू एक किसिमका तत्त्वहरू हुन्। जो आत्मरति, भावातीत परिचयहरूलाई आफूबाट छुट्ट्याउने प्रयास हो र त्यसो गर्नका लागि एक प्रकारको निरीक्षणको आवश्यकता पर्दछ। जुन कुरामा आत्माको आज्ञामा निर्भर गर्दछ र त्यसको सेवाको लागि समाहित हुन्छ र त्यससँग सम्बन्धित शक्तिसंयन्त्रसँग गाँसिएको हुन्छ। जब कृष्णले अर्जुनलाई गीताको दोस्रो अध्यायको सैतीसौँ श्लोकमा दुख र सुख, हार र जित अनि प्राप्ति र नोक्सान भन्ने एउटै कुरा हुन् भनेका छन्। तब उनले त्यहाँ के प्रर्दशन गर्न खोजेका छन् भने हरेक कुरा दृष्टिकोणात्मक हुन्छन् र सत्य भन्ने कुरा व्यापक रूपमा सत्य नभई साङ्केतिक रूपमा मात्र सत्य भएजस्तो लाग्छ अर्थात् सम्भावना र सन्दर्भले नै सत्यताको निरूपण गर्दछ। फुकोले आत्माको टेक्नोलजीको व्याख्या गर्दा ग्रिको–रोमन दर्शनलाई आधार मानेका छन् भने हामीले सनातनीबुद्धो वा गीतोपनिषद्लाई आधार मानेर आत्माको प्रविधिलार्य आधार मानेर व्याख्या गर्नुपर्ने हुन्छ। उत्तरआधुनिकताले दिएको लाइसेन्स नै मुक्ति हो।

उत्तरआधुनिक दृष्टिकोणले दिएको अन्तर्दृष्टिमा परिचयसम्बन्धी मर्महरू लुकेका हुन्छन्। जो ठोस नभई सधैँ तरल अवस्थामा हुने गर्दछन् र जुन आकारप्रकारमा सन्दर्भमा पर्दछन् त्यस्तै रूप धारण गर्दछन् अर्थात् एक गिलास पानीलाई एउटा कचौरामा खन्याउने हो भने त्यो पानी कचौरा जस्तो बन्छ, बोतलमा हाल्ने हो भने बोतल जस्तै बन्छ र यस्ता प्रकारका अन्तरभिन्नताहरूको चक्रमा पर्दै जान्छ। मान्छेको परिचय पनि त्यस्तै हो। अन्ततः हामीहरूले जुन प्रकारले घटनाचक्रलाई हेर्ने गर्छौं, त्यो घटनाचक्र त्यही घटनाचक्र परिधि र परिवेशभित्र फरकफरक रूपले प्रस्तुत हुन पनि सक्छ। यो कुरालाई प्रस्ट पार्नका लागि फुकोले दिएको उदाहरणलाई प्रस्तुत गर्न सकिन्छ। संक्षेपमा फुकोको भनाइ के छ भने जब हामीहरूले शक्तिको प्रयोग गर्छौं, तब हाम्रो त्यो व्यवहारले प्रतिरोधको सिर्जना गरिदिन्छ। यो कुनै अनौठो भनाइ होइन। त्यस्ता सामाजिक यथार्थहरू हामीले दिनदिनै देख्ने र भोग्ने कुराहरू हुन्। यस उदाहरणबाट के देखिन्छ भने शक्ति जस्ता अमूर्त अवधारणाहरूको समेत बहुकोणात्मक र बहुअस्तित्ववादी अस्तित्व हुने गर्दछन्। उदाहरणका लागि एउटा प्रश्न उठाउन सकिन्छ कि शक्ति भनेको नियन्त्रणको संयन्त्र हो कि प्रतिरोधको उत्पादन गर्ने ऊर्जा हो ? यदि शक्ति भन्ने कुरा नियन्त्रणकै संयन्त्र हो भने यो पक्कै पनि प्रतिरोधको ऊर्जा होइन। आधुनिकतावादी सोचाइमा यो एउटा मात्र हुन सक्छ। तर उत्तरआधुनिकतावादीले शक्तिलाई दुइटै कुराको रूपमा स्वीकार गर्दछ।

एक अर्थमा उत्तरआधुनिकवादी सोचाइले संसारलाई हेर्ने भिन्न दृष्टिकोण छन् भन्ने कुराको वकालत गर्दछ र हरेक हेराइ उत्तिकै महत्त्वपूर्ण हुन्छ भन्ने कुराको पनि आत्मसात् गर्दछ। यो अवधारणा समाजका किनारमा पन्छाइएका व्यक्तिहरूका लागि एउटा त्यस्तो हतियार हो जसले उनीहरूलाई केन्द्रतिर ल्याउन सहयोग गर्दछ। जसरी उत्तरआधुनिकताले किनारा लगाइएका कुरालाई शक्ति प्रदान गर्दछ। त्यसै गरी आधुनिकतावादको रीतिस्थितिबाट बृहत् विमर्शका खोल ओढेका आधुनिक महापण्डितहरूलाई काट्ने सोडा जस्तो लाग्दछ।

हालसम्म देखिएका प्राज्ञहरू बहुसङ्ख्यक रूपमा आधुनिकतावादले दिइएको बृहत् विमर्श प्रणालीबाट तालिम प्राप्त गरेका हुनाले आधुनिकतावादको गुनगान गाउनमा नै समय खर्चिरहेका छन्। त्यो उनीहरूको बाध्यता पनि हो। किनभने कुनै पनि व्यक्तिलाई आफूले उपयोग गरेको र त्यसैबाट शिक्षित भएको परम्परासँग हेलमेल हुन र खेल्न जति सजिलो हुन्छ, त्यसभन्दा धेरै गुणा अप्ठ्यारो त्यस परम्पराको अन्तर्निहित मूल्य र मान्यताबाट टाढा जानुमा हुन्छ। आधुनिकतावादीहरूले वैचारिक उपनिमेष खडा गर्न सक्नुको पछाडि उनीहरूको एउटा कुशलता रहेको छ। त्यो के हो भने उनीहरूले नमुनाको विकास गरेर नमुनाद्वारा समग्र संसारको सचित्र व्याख्या गर्न खोज्दछन्। यो उपाय सजिलो छ र सस्तो छ, त्यसैले धेरैका लागि मनपर्दो पनि छ तर भ्रमका फूलबारीमा फुलेको फूल जस्तै हो त्यो किनभने नमुना एउटा सत्य हो र त्यो नमुनाले देखाउने कुरा अर्को सत्य हो। नक्सालाई भूमि भनेर भन्नु जस्तै हो त्यो कुरा। नमुनायुक्त विश्लेषण गर्ने परिपाटीका विपरीत उत्तरआधुनिकताले त्यो नमुनाको विनिर्माण गर्दछ। नमुना कसले बनायो, कसरी बनाइयो, किन बनाइयो भन्नेजस्ता प्रश्नहरू नगरीकन उत्तरआधुनिकतावादीहरूले त्यो नमुनाको अस्तित्व स्वीकार गर्दैनन्। उनीहरूले बहुआयामिकतामा जोड दिई त्यसकै संसारको व्याख्या गर्न लागिपरेका हुन्छन्। अझ स्पष्ट भाषामा भन्ने हो भने त संसारको व्याख्या भन्ने कुरासमेत

उत्तरआधुनिकतावादीहरूका लागि मन पर्ने कुरा होइन किनकि यस्तो व्याख्या गर्नका लागि मोडेलको आवश्यकता पर्ने हुन्छ र यसरी मोडेलको सहायता लिएर आफ्नो संसारलाई हेर्ने कुरामा उत्तरआधुनिकतावादीहरूको वैचारिक सघनता त्यतिखेर देखिन्छ,, जतिखेर उनीहरूले सामाजिक वस्तु यथार्थलाई पत्रपत्रमा देख्ने गर्दछन्। ती पत्रहरूबीच एकातिर उनीहरूले समायोजन देख्छन् भने अर्कोतिर पत्रहरूका बीच एकआपसमा वियोजन भइरहेको पनि देख्दछन्। मोडेललाई नकार्नेभन्दा पनि मोडेलको एकपक्षीयतालाइ नकार्ने हो उनीहरूको प्रवृत्ति।

माथिको कुराले एउटा महत्त्वपूर्ण कुराको उद्घाटन गर्दछ: एउटा अनेकताभित्र हुर्किएको र अनेकतामै अडिएको समाजमा संस्कृतिका पत्रहरूले एकआपसमा कसरी संवाद गर्दछन् त ? के त्यहाँ साँच्चै नै ऐतिहासिक अनेकता र बौद्धिक उत्तरआधुनिकतावादबीच केही सम्बन्ध छ ? यस सबालका सम्बन्धमा हामीहरूले एउटा उदाहरणको खोजी गर्नुपर्ने हुन्छ र त्यसका लागि अनेकताको सन्दर्भमा देखिन आउने राम्रो उदाहरणको रूपमा अमेरिकी समाजलाई लिन सकिन्छ। जहाँ मान्छेहरू सामान्यत: यस पृथ्वीका सबै कुनाबाट आइबसेका छन् र आफ्नो भिन्नतालाई कायम राख्दै एकआपसमा सकारात्मक र अर्थपूर्ण संवाद गरिरहेका छन्। संसारबाट मान्छेहरू त्यहाँ पुगे पनि सांस्कृतिक अङ्गीकरणको सिकार उनीहरू भइसकेका छैनन्। अझै पनि बहुल यथार्थ र बहुल परिचयहरू अमेरिकी समाजको फ्रेमभित्र रहिरहेका छन्। त्यसको एउटै कारण के छ भने मान्छेहरू अर्कोको संस्कृतिलाई स्वीकार गर्दछन् तापनि त्यो स्वीकार गर्ने प्रक्रियामा प्रश्नहरू पनि हुने गर्दछन्। मान्छेहरू भिन्नतालाई चटक्क बिर्सेर सांस्कृतिक अङ्गीकरणलाई भ्याम्म अँगालो हाल्नुभन्दा भिन्नताभित्र रहेका सहयोग र सद्भावनाभित्र बाँच्न खोज्दछन्। आफूआफूबीचमा रहेका समानताहरूलाई खोजेर त्यसैअनुरूप जीवन निर्वाह र संवाद गर्दछन्। समानताको खोजाइ भनेको भिन्नताको विनाश पक्कै पनि होइन। आधुनिकतावादीहरू अङ्गीकरणलाई सुन्दर मान्छन्, उत्तरआधुनिकतावादीहरू अनेकताको सुन्दरतामा रमाउँछन्।

परिवर्तित पश्चिमी समाजले परिचयका विखण्डित प्रकृतिलाई जोड दिइरहेका हुन्छन्। यस कुराले दिन खोजेको कुरा के हो भने आजकलका मान्छेहरूले बढ्दो रूपमा आफ्नो परिचय दिँदा अनेकौँ स्रोतहरूबाट ती परिचयहरूका लागि चाहिने कच्चा पदार्थहरू जोरजामको गर्दछन्, जसमा खेल, फुर्सदको समयमा गरिने क्रियाकलाप, जीवनशैली, उपभोगसँग सम्बन्धित बानीबेहोरा र आचरणसमेत पर्दछन्। हामीहरूका आफ्नै खालका व्यवहारहरू भए पनि अनेकौँ समतामूलक कुराहरू पनि हुने गर्दछन्। यस्तो विचारसँग सम्बन्धित भइआएका कुरामा चेतनशील रहनु उत्तरआधुनिक संसारको महत्त्वपूर्ण माग हो। समाजलाई एक प्रकारले जोड्ने, काम गर्ने वस्तु भनेको बाँडचुँड गरी खाने प्रवृत्ति नै हो र यस कुराले मान्छेलाई आफूमा भएका मिल्दाजुल्दा कुारहरूको अन्वेषण र निरीक्षण गर्ने मौका दिन्छ।

यद्यपि फुकोले संस्कृतिका विभिन्न तहहरूको बहुआयामिकताको विषयमा विश्लेषण गर्न नखोजेको भए तापनि उनले यथार्थमा संस्कृतिको ऐतिहासिकताको बारेमा भने अवश्य लेख्ने काम गरेका छन्। फुकोले हामीहरूलाई बाँच्ने रणनीति निर्माणका लागि चाहिने दृष्टिकोणका साधनहरू दिएका छन्। जुन कुरा निम्न प्रकार छन्। व्यक्तिले चरित्रीकरण गर्नु र व्यक्तिकीकरण गर्नु भनेको छरिएका बहुल अस्तित्व भएका तत्त्वहरूको बारेमा सचेत हुनु हो। साथै जुन प्रणालीले तिनीहरूमाथि शासन गर्छ र बाँड्छ र जुन माथि तिनीहरूको काँध निर्माण भएको हुन्छ जहाँ एकले अर्कालाई सहयोग गर्दछन्। यस्तो प्रणालीमा भित्री सम्बन्ध एकातिर हुन्छ भने अर्कातिर कुनै एक वस्तुलाई मूल धारबाट असंलग्न गर्ने प्रयास गरिन्छ। तिनीहरूलाई आवश्यकताअनुसार परिवर्तन गर्नुपर्दछ र खेल्ने ठाउँको परिवर्तन गर्नुपर्दछ, योजना गर्नुपर्दछ र स्थापित र विस्थापित गर्नुपर्दछ।

त्यहाँनेर फुकोले भन्न खोजेको कुरा के हो भने मान्छेहरू आफ्नो वरिपरिको वातावरणसँग सचेत रहनुपर्दछ र तिनीहरूलाई सान्दर्भिकीकरण गरेर सकेसम्म सुझबुझका सम्भावनाहरूलाई जुन सीमासम्म तन्काउन पर्ने हो त्यहाँसम्म तन्काउनुपर्दछ। भनाइको अर्थ वस्तुका अनुहारहरूमा सम्भावनाहरू धेरै हुन्छ र तिनको प्रयोग कसरी गर्ने हो भन्ने कुरा प्रयोगकर्ताको कल्पनाशक्तिमा निर्भर गर्दछ। यो अवधारणा हिन्दूहरूको सनातन धर्मबाट प्रभावित भएको देखिन्छ भने अर्कातिर यसको प्रकृति बुद्धधर्मसँग मेल खाने देखिन्छ, जसअनुसार मान्छेले देखेको कुराहरूको सतही आधारमा मात्र तिनीहरूलाई ग्रहण गर्नु हुँदैन। किनभने आफ्ना अनुहारमा समेत धेरैधेरै यथार्थहरू लुकेका हुन्छन् र तिनको पहिचान गर्न मान्छे अवश्य पनि सन्दर्भगत रूपमा सचेत रहनुपर्छ।

उत्तरआधुनिक सोचाइ पद्धति र त्यस सोचाइको क्षितिजमा देखिने विमर्शले धेरैजसो समयमा निरपेक्ष

कुराहरूको घोषणा गर्न चाहँदैन। यहाँ निरपेक्ष घोषणा भन्नाले बृहत् अनुमानलाई भनिएको हो। यस्ता कुराहरू समाजमा निकै हुन्छन् र समाजमा सोधिएका प्रश्नका उत्तरहरू पनि त्यस्तै प्रकारका हुन्छन्। उत्तरआधुनिक वैचारिक दृष्टिकोणमा भनिन्छ कि मान्छेहरूले उपलब्ध सम्भावनाहरूबाट टुक्राटुक्री बटुलबाटुल गरी तिनलाई जोडेर आफूलाई चाहिने आख्यानहरूको निर्माण गर्दछन्। आख्यानहरूबाहिर मानवजीवनको कल्पना गर्न सकिन्न। धर्तीमा पाइला राख्ने बखतबाट आख्यान निमार्ण सुरु हुन्छ। बच्चाको पहिलो रोदन या मुस्कान जीवनको पहिलो आख्यान हो।

सांस्कृतिक पाठ र प्रयोजनहरूका बारेमा गल्ती, सही छुट्ट्याउन अब हामीसँग सजिला सन्दर्भबिन्दुहरू छैनन्, अब न त हामीले यो कुरा यही नै हो भनेर ठोकुवा गर्न सक्छौँ न त होइन भनेर नै। यद्यपि यस प्रकारको सोचाइलाई उत्तरआधुनिकतावादका सिद्धान्तकारहरूले एउटा औजारको रूपमा प्रयोग गर्दछन्। त्यसको मतलब यो होइन कि उत्तरआधुनिक विचारकहरूले यस प्रकारको सोचाइको प्रक्रियाको निर्माण गर्दछन्। तिनीहरूले त साधारण रूपमा यस्तो किसिमको प्रक्रियाको रूपमा पुनर्खोज र नयाँ तरिकाले पुनर्व्याख्या गर्दछन्। अझ यो पनि भन्न सकिन्छ कि तिनीहरूले यसलाई पुनर्स्थापित र पुनरुत्पादन गर्दछन्। उदाहरणका लागि इसापूर्व ५००मा हिन्दूहरूले लेखेका साङ्ख्य दर्शनले भनेको कुरा अहिलेको उत्तरआधुनिककारहरूले भन्ने गरेजस्तै छ अर्थात् साङ्ख्य दर्शनमा संसारमा न त कुनै नयाँ थपिने कुरा छन् न त विनाश गर्नका लागि नै अर्थात् हरेक वस्तु र तिनका सम्भावनाहरू अनन्तकालदेखि अस्तित्वमा रहँदै आएका छन् तथा समयको पोल्टाभित्र तिनीहरू केवल परिवर्तन प्रक्रियाका वस्तु यथार्थहरू हुन्। कुनै पनि कुरा एक स्थानमा अडिएको छैन। बरु लगातार जोडिएको छ र पुनर्योग गरिएको छ। वास्तवमा उत्तरआधुनिक सिद्धान्तले पनि हरेक कुरालाई केवल एक प्रक्रियाको रूपमा हेर्ने गर्दछ। त्यसैलाई मैले चारु परिचय निर्माण भनेको छु।

माथिको यस भनाइको हामीहरूलाई एउटा अर्कै महत्त्वपूर्ण प्रश्न सोध्नुपर्ने अनिवार्यताको क्षितिजमा पुऱ्याउँछ। त्यो प्रश्न के हो भने यस प्रकारको नयाँ सैद्धान्तिक सोचले संस्कृतिको अथवा संस्कृतिहरूका प्रकृतिको बारेमा कस्तो किसिमको धारणा राखेको हुन्छ त ? समाजशास्त्रको प्रयोग र सामाजिक विश्लेषणका बारेमा यस सिद्धान्तको के भनाइ रहेको छ ? यस प्रकारको विश्लेषणले क्रान्ति र सामाजिक परिवर्तनलाई कसरी प्रभाव पार्न सक्छ ? यी यावत् कुराहरूको विश्लेषणबाट हामीहरूले के कुराको निचोड निकाल्न सक्छौँ भने उत्तरआधुनिकतावादले सधैँ सामाजिक परिवर्तनका सम्भावनाहरूको खोजी गरिरहेको हुन्छ तर तिनीहरूको विरोधमा उभिने खलनायकको काम कहिल्यै गरेको हुँदैन। यो नयाँ प्रकारको सिद्धान्तीकरणले हामीहरूलाई दिने उत्साह भनेको प्रश्नहरूको सम्भावना नै हो, उत्तरको पछि लाग्नुभन्दा प्रश्नहरूको पछि लाग्नाले हामीहरूले हाम्रा वरिपरिका तथा हामीभन्दा परका र त्यसभन्दा पनि परका कुराहरूलाई विश्लेषण र निरीक्षण गर्न सक्छौँ। जसको फलस्वरूप चेतना र विचारको विकास भई मान्छेहरूले बृहत् विमर्शका सम्भावनाहरूबाट मुक्ति पाउँछन्। सन्दर्भीकरण गरिएका स्थानीय तहका मुक्ति विमर्शहरूलाई उत्साह र सञ्चालनका प्रकृतिहरूका लागि चाहिने गोरेटो पनि निर्माण गर्न सघाउँछन्।

यस सिद्धान्तले मुक्ति आन्दोलनको कुरालाई न त असम्भव भन्छ न त व्याख्याविहीन। न त विखण्डनका लागि विखण्डनवाद नै। यस सिद्धान्तको सुन्दरता त्यतिखेर भेटाउन सकिन्छ जब विखण्डनभित्र संयोजनका यथार्थहरू एकापसमा संवाद गरिरहेका हुन्छन्। मुक्ति आन्दोलनको कुरा त धेरै पहिलादेखि भइसकेको छ। उदाहरणका लागि सिद्धार्थ गौतमले वर्षौंअघि जातिप्रथाभित्र मौलाएको नातावाद, कृपावादका स्तम्भहरूले व्यवस्थित गरिएको सामन्ती समाजका मान्छेहरूलाई आफ्नो कामको मालिक आफैँ बन्नुपर्ने क्रान्तिकारी कुराको सम्प्रेषण गरेका थिए। यस कुरालाई राहुलनामक विद्वान्ले बुद्धले दिएको शिक्षा भन्ने किताबमा राम्रो व्याख्या गरेका छन्। अतः यसबाट पनि स्पष्ट हुन्छ कि उत्तरआधुनिकतावादको जन्म हाम्रो समयमा मात्र भएको थिएन, साङ्ख्य दर्शनले जस्तै उत्तरआधुनिकताको सिद्धान्तले पनि मौलिकतालाई स्विकार्दैन। हामी आफैँ नै अमौलिक छौँ भने मौलिकताको खोज गर्दै हिँड्नु कहाँसम्मको अर्थहीनता हो ?

मुक्ति आन्दोलनको नाममा उग्रवादको स्थानीयकरण गर्ने दृष्टिकोणबाट पोषित भई संस्कृतिका सम्भावनाहरूलाई कूचोले बढारेर सांस्कृतिक शून्यताको निर्माण गर्न उक्साउने आधुनिकताको अपूर्ण परियोजना मार्क्सवादी दर्शन पनि होइन यो। न त यो जर्मन दर्शनशास्त्री तथा आधुनिकतावादका महापण्डित जुर्गेन हबरमासले भनेजस्तो सांसारिक आशावादको आधुनिक परियोजना नै हो। यसले त एक प्रकारको भिन्नै सोचाइको प्रक्रियालाई अङ्कित गर्दछ, जुन कुरा

नियन्त्रणसम्बन्धी बृहत् विमर्शलाई सधैँ चुनौती दिइरहेको हुन्छ। आधुनिकतामा नियन्त्रणको भोक हुन्छ, उत्तरआधुनिकतामा मुक्तिको शङ्खघोष।

इतिहासका अनेक कालखण्डहरूमा निरुत्साहित गरिएका सामाजिक यथार्थहरू जस्तै महिला मुक्ति आन्दोलन, जाति मुक्ति आन्दोलन, संस्कृति संरक्षण आन्दोलन, भाषा संरक्षण आन्दोलन तथा अस्तित्वको विकेन्द्रीकरण आन्दोलनमा लागेकाहरूका लागि उत्साहको एउटा दियो हो उत्तरआधुनिकतावाद। Angela McRobbie को भनाइअनुसार उत्तरआधुनिकतावाद त्यस्ता आवाजहरूको जीवन हो, जो इतिहासका पानाहरूमा बृहत् विमर्शका पितृसत्तात्मक साम्राज्यवादी आधुनिक सोचाइले पैतालामुनि कुल्चिएका छन्। उनले अझै अगाडि भन्दछिन् कि उत्तरआधुनिकतावादले जाति, लिङ्ग, वर्ग तथा सेक्सुअलओरिन्टेसनका आधारमा किनारतिर पन्छाएका व्यक्तिहरूलाई केन्द्रसम्म पुग्नका लागि बाटो देखाउने सहयोगी हो। त्यसै गरी Henery Giroux १९९७ को दृष्टिकोणमा उत्तरआधुनिकवाद जस्तो नयाँ सिद्धान्तीकरणले एउटा नयाँ युगको विशेषतालाई झल्काएको हुन्छ। जहाँ निरपेक्ष सत्य र बृहत् विमर्शका आधारमा समाजको प्रगतिशील विकास भएको छ भन्ने कुरालाई अस्वीकृत गरिदिएको छ तथा विभिन्न दृष्टिकोण र बहुआयामिक, बहुसांस्कृतिक परिनिर्माणहरूलाई सतहमा ल्याउने काम गरेको छ। एकातिर यसले ब्रह्माण्डीकरणमा जोड दिएको छ भने अर्कातिर नयाँ स्थानीयकरणलाई भिन्नताभित्र समानताको खोजी गरी त्यसलाई उत्सवका रूपमा मनाउन हामीहरूलाई झकझकाउने गर्दछ।

माथिको तर्कले हामीलाई अर्को नयाँ धरातलसँग साक्षात्कार गर्नुपर्ने स्थितिमा पुऱ्याउँछ, जसअनुसार के साँच्चै उत्तरआधुनिक सामाजिक सिद्धान्त उत्तरआधुनिक नै छ त ? अथवा यो शब्द 'उत्तरआधुनिक' समयको गलत नामकरण हो ? माथिको छलफलबाट तथा यससम्बन्धी अवधारणाको व्याख्याबाट एउटा कुरा के देखिन्छ भने उत्तरआधुनिक सोचाइको दार्शनिक समानता पूर्वीय दर्शन हिन्दू र बुद्धसँग भएको देखिन्छ। जहाँ समयसम्बन्धी फ्रेमको अवधारणालई सीधै अस्वीकार गरिएको हुन्छ। एकल यथार्थहरूलाई मानिएको हुँदैन र परिचयहरू बहुलवादी हुन्छन् भन्ने कुरालाई अङ्गीकार गरिएको हुन्छ। जसरी हिन्दूदर्शनमा एउटी दुर्गाको रूपलाई अनेकौँ रूपमा बुझिएको हुन्छ, सन्दर्भअनुसार उनी कहिले सरस्वती त कहिले लक्ष्मी भई शाहाकारी भएकी हुन्छिन् भने कहिले उनी काली, चण्डी भई मांसाहारी रूप धारण गर्न पुगेकी हुन्छिन्। त्यसै गरी उत्तरआधुनिकतावादको सिद्धान्तमा पनि एक व्यक्तिका अनेक परिचयहरूलाई स्विकारिएको हुन्छ। त्यसैले होला, उत्तरआधुनिकतावादसम्बन्धी अध्ययनमा पूर्वीय विद्वान्हरूको आकर्षण बढेको।

उत्तरआधुनिकतावादको सिद्धान्तबारेमा कुनै एउटा सर्वमान्य परिभाषा छैन। आजसम्म संसार परिभाषा लगाउने काम शक्तिमा भएका मान्छेहरूले मात्र गर्दै आएका छन्। अतः एक किसिमको परिभाषालाई सर्वमान्यता प्रदान गर्ने हो भने उत्तरआधुनिकतावाद पनि आधुनिकतावाद जस्तै शक्तिपूजाको भड्कालोमा पर्न जान्छ। त्यसैले त्यस्तो अवस्थाबाट गुज्रिन नपरोस् भनेर नै उत्तरआधुनिक विद्वान्हरूले एउटा सर्वमान्य परिभाषाको अस्तित्वलाई अस्वीकार गर्दै आएका हुन्। जुन दिन उत्तरआधुनिकता एउटा परिभाषामा खाँदिनेछ, त्यही दिनदेखि यो पनि आधुनिकताको अपूर्ण परियोजना मार्क्सवाद जस्तै अपूर्णतामै विलिन हुनेछ।

उत्तरआधुनिकतावादले अङ्गीकार गरेका कुराहरूलाई यस प्रकार राख्न सकिन्छ कि यसले बहुल यथार्थ, विखण्डित आत्मा, विखण्डित परिचय, केन्द्रीयताको अस्वीकार, मुक्ति विमर्श, वैचारिक जातीयताको विरोध, बहुसांस्कृतिक विमर्शको समर्थन, स्थानीय विमर्शको महत्त्व, सांस्कृतिक विपर्यासबीचको संयोजन, सामूहिक अग्निरेखाको भङ्ग जस्ता कुराहरूको अध्ययन–अनुसन्धानअन्तर्गत ज्ञानको पुरातात्त्विक विश्लेषण, आत्मबोधको प्रकृति तथा विनिर्माणहरू पर्दछन्।

संस्कृति अघुलनशील हुन्छ र यसले अर्को संस्कृतिसँग मिलेर नयाँ यथार्थको निर्माण गर्दछ। यस्तो प्रक्रियाबाट नयाँनयाँ संस्कृतिहरूका विकास र सम्भावनाहरूअगाडि बढ्दछन् भन्ने कुरा उत्तरआधुनिकतावादले अँगालेको हुन्छ। उत्तरआधुनिकता मानवीय अस्तित्व विश्लेषणको एउटा विधि पनि हो। यो चारु परिचय निर्माण हो जसले विविधता र मुक्तेच्छालाई ऋण हैन धनका रूपमा स्विकार्छ।

□

उपन्यास अंश

असन सहर

राजेन्द्र पराजुली

किरणलाई राजधानीको असन बजार खुबै मन पर्छ। ऊ सानी छँदा असन जानुपर्दा 'सहर' जाने भन्ने चलन थियो काँठतिर। पुराना पुस्ताका मान्छे अहिले पनि असनलाई नै सहर भन्छन्। सानो बेलादेखि नै उसलाई असन मन पर्न थालेको हो। असन उसलाई माकुरा जस्तो लाग्छ। जेलिएको त्यो बजारमा उपलब्ध विविध जीवनले मोहनी लगाएको छ उसलाई।

बजारको पूर्वी छेउमा रहेको एउटा धूप पसल्नीसँग उसले मित्रता गाँसेकी छ। स्थानीय नेवार समुदायकी पसल्नीसँगको मित्रताले उसलाई एउटा संस्कृति र साना व्यापारीको मनोविज्ञान बुझ्न पनि सहज पारेको छ। त्यो मित्रताले समग्र असन बुझ्न मदत गरेको छ। असनको भित्री कथा थाहा पाउन सहयोग पुगेको छ।

धूप पसल्नीको जीवनको आरोहअवरोह पनि किरणलाई एउटा अनौठो कथा जस्तो लाग्छ। धूप पसल्नी अर्थात् सैँतीस वर्षीया शारदामैँ। पूरा नाम त शारदामैयाँ हो। तर सबैले उसलाई भन्छन्, शारदामैँ। एस्एल्सीसम्म पढेकी छ उसले। उसका निम्ति एस्एल्सी 'फलामको ढोका' नै बन्न पुग्यो। त्यसलाई चाहेर पनि उसले कहिल्यै ना!न सकिन। चार पटकसम्म लगातार उसले एस्एल्सी परीक्षा दिएकी हो। तर उत्तीर्ण हुन सकिन। अङ्ग्रेजी विषय उसका लागि सधैँ उक्लिन कठिन पहाड बनेर ठडिइरह्यो।

शारदामैँको अझै बिहा भएको छैन। बाबु छँदै बिहा गर्ने कुराकानी चलेको थियो। तीन पटकसम्म चल्यो, त्यस्तो कुराकानी। तर कुनै निष्कर्षमा नपुगी टुङ्गिएको थियो। उसका बाबुले आफ्नी छोरी व्यापारीलाई नै सुम्पिन चाहेका थिए। काठमाडौँबाहिरकालाई दिन उनले चाहेका थिएनन्। एक पटक निकै खाइलाग्दो र आकर्षक एउटा केटा उसलाई हेर्न आएको थियो। उसलाई शारदामैँ र उसका बाबुले पनि मन पराएका थिए। तर केटाले 'एस्एल्सी पास नभएको केटीसँग के बिहे गर्नु' भनेर पन्छियो। यस्तै सर्तका कारण शारदामैयाँको बिहा हुन सकेन। बाबुको निधनपछि त उसको बिहाको कुरा मात्रै गर्ने पनि कोही बाँकी रहेन।

शारदामैँका आमा चारवटी। उसकी आमा जेठी, जसको निधन भएको बीस वर्ष पुग्न लागेको छ। बाबुले उसकी आमाको निधन भएको लगत्तै पछि अर्की ल्याए। केही वर्षको अन्तरमा अर्की दुइटी थपे।

'एउटा छोरो त नभै हुन्न' सधैँ यसै भन्थे उसका बाबु। तर शारदामैँकी आमा बितेपछि बिहा गरेका तीन श्रीमतीबाट छोरो त परै जाओस् एउटी छोरी पनि जन्मिनन्। बूढा हिस्स परे। छोरा जन्माउन भित्रिएका बूढीहरू पनि हिस्स परे। झन्डै दस वर्षअघि बूढा पनि बिते। त्यसपछि सारा किस्साको अन्त्य भयो। शारदामैँ नै त्यो कुलकी एक मात्र प्रतिनिधि बन्न पुगी। घर धान्ने जिम्मा उसकै काँधमा आइपऱ्यो र तीन जना बूढी पाल्ने जिम्मा पनि उसैले लिनुपऱ्यो।

धूप पसल उसका बाबुले सुरु गरेका थिए। बाबुसँगै उसले त्यो व्यापार सिकेकी हो। सोही पुख्र्यौली व्यापार थाम्दै शारदामैँले झन्डै दुई दशकदेखि धूप बेच्ने काम गर्न थाली।

शारदामैँको घरले कहिल्यै घाम देख्न पाएको छैन। असनको कुनामा रहेको उसको एकनाले घरको भित्र पस्दा सधैँ ढुसीको गन्ध नाकभित्र ठोक्किन्छ र त्यो गन्धबाट मुक्त हुन घरबाहिर निस्केको केही मिनेट कुर्नुपर्छ। पाँचतले घरमा जम्माजम्मी पाँच कोठा छन्। भुइँतलामा भान्छा। त्यसपछि शारदामैँको कोठा।

घरहरूको बीचमा एउटा चोक जस्तो सानो खाली ठाउँ छ। चोकको वरिपरि चारवटा घर छन्। त्यो खाली ठाउँमा चार घरपरिवारबाट निस्केको फोहोर फाल्ने गरिन्छ। त्यसको छेउमा एउटा सानो इनार पनि छ। सरकारी धाराको पानी हप्तामा दुई पटक मात्रै आउँछ। आएका दिन पनि जम्माजम्मी एक घन्टा आउँछ। खानेपानी संस्थानको पानी पाउन सायद अब मेलम्ची नै आउनुपर्छ !

त्यसैले उक्त चोकवासीका लागि पानीको एक मात्र विकल्प इनार बनेको छ। इनारवरिपरि फोहोर थुप्रिएको छ। फोहोर उठाउने मान्छे हप्तामा एकचोटि मात्रै आउँछ।

शारदामैँको घरसँगै जोडिएका अन्य घरबाट फैलिएको रक्सीको दुर्गन्ध ढुसीको गन्धभन्दा कैयौँ गुणा अप्रिय लाग्छ किरणलाई। कतैबाट हावा नछिर्ने भएकाले एउटै दुर्गन्ध कैयौँ दिनसम्म चलिरहन्छ। त्यहाँका अधिकांश बासिन्दा झाडापखालाका सिकार भएका छन्। अझ गर्मी महिनामा त धेरै जनालाई झाडापखालाले सताउँछ।

असनबाट स्वास्थ्य मन्त्रालय बढीमा दुई किलोमिटरको दूरीमा छ। मन्त्रालयको उच्चस्तरीय टोली हरेक वर्ष गर्मी याममा असन आउँछ। झाडापखालाको प्रकोपबारे अध्ययन गर्छ र प्रतिवेदन तयार पार्छ। प्रतिवेदन विश्व स्वास्थ्य सङ्गठनको नेपालस्थित कार्यालयमा बुझाउँछ। जीवनजलका केही पुरिया निःशुल्क वितरण गर्छ। बजार र चोकभित्रका भुइँमा सेतो पाउडर छर्कन्छ। सहयोग जारी रहन्छ। तर झाडापखाला नियन्त्रण कहिल्यै हुँदैन। किरणले यसबारे पनि समाचार लेखेकी छ।

शारदामैँ पनि केही पटक झाडापखालाबाट थलिएकी छ। सफाइमा निकै ध्यान दिने भएका कारण उसलाई अरूलाई भन्दा कम मात्र झाडापखालाले छुन पाएको छ।

बिहान पाँच बजेतिर सुरु हुने शारदामैँको दिन साँझको लगभग पाँचै बजेतिर सकिन्छ। पसल खोल्नासाथ ऊ एक मुठा बाटेको घरेलु धूप बोकेर छेउमा रहेको अन्नपूर्णादेवीको मन्दिर जान्छे। एकै पटक सबै धूप सल्काउँछे। मन्दिरमा राखिएका मूर्तिका वरिपरि त्यसलाई बालिदिन्छे। थोरै अक्षता पनि चढाउँछे।

हरेक दिन मन्दिर सफा गर्न एक युवक आउँछ। उसलाई पुजारीको दर्जा दिइएको छ। दुईतीन दिन त्यो पूजारी आइदिएन भने चढाइएको अक्षता कुहिन्छ र गनाउन थाल्छ, रक्सी जस्तै। कैयौँ पटक यस्तो भएको छ। वरदान माग्न आएका दर्शनार्थीहरू मन्दिरबाटै दुर्गन्ध आएको चाल पाएपछि परैबाट भगवान्लाई ढोग्छन्। मन्दिरको ढोका छेउबाट यस्सो च्याउँछन्। अक्षता र पैसा चढाउँछन्। 'रक्षा गर अन्नपूर्णादेवी' भन्छन्। छातीमा हात लैजान्छन् र आफ्नो मनोकामना पूरा गरिदिन पटकपटक याचना गर्छन्।

शारदामैँलाई भने मन्दिर सफा गर्ने पुजारी दिनहुँ नआएकोमा केही रिस पनि उठ्छ। भेटमा उसलाई गाली गर्छे। सामान्य गाली।

'जिम्मेवारी लिएपछि पूरा गर्नुपर्छ नि !' ऊ भन्छे।

'भगवान्ले अक्षताको भात पकाएर खाँदैनन् क्यार, बरु मैलाई दिए हुन्छ नि त्यो।' गालीको जबाफमा पुजारी भन्छ, 'यी भक्तजन पनि कति मुर्ख भन्या शारदामैँ ! बरु गरिबलाई दिनु नि अक्षता। बेकारमा कुहाएर ! यो कुहिएको अक्षता त परेवाले पनि खाँदैन।'

त्यो पुजारीलाई मन्दिर सफा गर्ने जिम्मा दिनुपूर्व स्थानीय बासिन्दा नै पालैपालो त्यो काम गर्थे। यसो गर्दा हानथाप बढी चल्न थाल्यो। त्यहाँको आम्दानी निकै राम्रो थियो। आम्दानीकै कारण झगडा पनि पथ्र्यो। तँछाडमछाडले मन्दिर फोहोर भइरहन्थ्यो।

पूजारीको उमेर करिब तीस वर्ष।

'भारतको बनारसमा पुजारीको काम गरेको हुँ मैले, चानचुने पुजारी होइन म।' उसले भनेको थियो, 'म त्यहाँ पनि देवीको मन्दिरमै पूजाआजा गर्थें।'

आफूलाई 'अनुभवी पुजारी'को स्थानमा उसले उभ्याएको थियो। त्यसपछि स्थानीय बासिन्दाले उसलाई मन्दिर सफा गर्ने र पूजाआजासमेतको जिम्मा दिएका थिए। उसले आफू अविवाहित रहेको पनि बताएको थियो र घर पश्चिम नेपालको कुनै एउटा गाउँतिर भएको जानकारी दिएको थियो। बोलीबाट भने उसलाई मधेसतिरको हो भनी अनुमान गर्न सकिन्थ्यो। तर यसबारे कसैले वास्ता गरेका थिएनन्।

तलबको रूपमा उसले मन्दिरमा चढाइएको भेटी सबै लिन्थ्यो। मासिक रूपमा भेटीको हिसाब गर्ने हो भने एउटा चल्तीको पत्रिकाको सम्पादकको भन्दा पुजारीको तलब बढी हुन्छ। अबिर मिसिएको चामल ऊ लिँदैन। मन्दिरछेउतिर बस्ने माग्नेहरूलाई बाँडिदिन्छ।

अन्नपूर्णाको मूर्ति बनाउने कलाकार निकै सिपालु हुनुपर्छ र यो मूर्ति उसले निकै मेहनत गरेर तयार पारेको हुनुपर्छ। यो कुरो आकर्षक मूर्तिले नै बताउँछ। अन्नपूर्णाको बनोट कलशको भए पनि त्यसमा नारीशरीरको प्रतीकका रूपमा उभ्याएको छ कलाकारले। विशेष गरी उसले अन्नपूर्णाको अनुहारको बान्की र संवेदनशील अङ्ग निर्माणमा बढी मेहनत गरेको हुनुपर्छ। ती अङ्गलाई बडो उन्नत बनाइदिएको छ मूर्तिकारले।

मूर्तिका संवेदनशील अङ्गहरू केही गहिरो भएका कारण अक्षता बढी मात्रामा त्यहीँ गएर अड्कन्छ। अड्किएको अक्षता निकाल्ने बेलामा त्यो पुजारी प्रायः एउटै हिन्दी गीत गुनगुनाउँछ 'तु चीज बढी है मस्तमस्त'... र यही गीत गाउँदै ऊ अन्नपूर्णाको संवेदनशील अङ्गमा अड्किएको एकएक गेडा अक्षता निकाल्छ। टाँसिएका अबिर र केशरी हटाउन थाल्छ। ती अङ्गहरूमा आफ्नो हात निकैबेर घुसार्छ।

घुमाईघुमाई सफा गर्छ। कुर्ताको खल्तीबाट सफा कपडा निकालेर ती अङ्गलाई सिनित्त पार्छ, अत्यन्त प्रेमले। मन दिएर चिटिक्क पार्छ। त्यतिखेर ऊ मन्दिरको भित्रैबाट देखिने शारदामैँको पसलतिर पटकपटक दृष्टि पनि पुऱ्याउँछ। सोही गीत अलि ठूलो स्वरमा गाउँछ।

'चट्ट भएन त देवीको अनुहार शारदामैँ !' धूप पसलछेउ पुगेर उसले सोध्छ। छोटै समयमा ऊ थोरै नेवारी पनि मिसाएर बोल्न जान्ने भएको छ।

मूर्ति सफा गरिसकेपछि शारदामैँको पसलमा गएर धूप, अबिर र अन्य पूजा सामग्री किन्छ। पूजा सामान बेच्ने पसल अरू पनि छन् असनमा। तर ऊ अन्त हेर्दैन। सीधै जान्छ शारदामैँको पसल।

पसलमा ऊ केहीबेर अलमलिने प्रयास पनि गर्छ। त्यस बेला पनि ऊ सोही हिन्दी गीत गाइरहेको हुन्छ। शारदामैँले उसलाई आँखा तर्छे।

एक दिन।

'किन तिम्लाई यो गीत मन परेन ?' पुजारीले सोध्छ र पुनः सोही गीत गाइदिन्छ– 'तु चीज बढी...।'

'मलाई खुब मन पर्छ यो गीत क्या शारदामैँ।' ऊ शारदामैँलाई छुन खोज्छ।

'कुनै भजन गाउनु नि !' एक पटक उसले पुजारीलाई भनी, 'पुजारी भएर पनि यस्तो गीत गाउने ? त्यो पनि मन्दिरभित्र !'

'यस्तो राम्रो सेक्सी गीत पनि मन नपराउने तिमी पनि कस्तो !' अलि छिल्लिँदै उसले भन्यो, 'त्यसैले होला अहिलेसम्म तिम्रो बिहा नभएको !'

'तिमी खराब मान्छे रहेछौ।' उसले भनी, 'असल मान्छेले यस्तो गीत मन्दिरभित्र गाउँदैन।'

शारदामैँको सल्लाहले उसलाई अलिकति पनि असर पारेको छैन। त्यसैले फिस्स हाँसेर उडाइदियो। त्यसपछि यो विषयमा उसले पुजारीलाई केही पनि भनेकी छैन। पुजारीले भद्दा खालको हिन्दी गीत गाएको शारदामैँलाई पटक्कै मन पर्दैन।

कहिलेकाहीँ हप्ता दिनसम्म पनि त्यो पुजारी आइदिएन भने कुहिएको चामलको गन्ध आफ्नो पसलसम्म आउने उसलाई थाहा छ। त्यसैले ऊ सकेसम्म केही पनि भन्दिन। भित्रभित्रै मुरमुरिन्छे मात्रै। वर्षौंदेखि चल्दै आएको यो क्रममा शारदामैँले दुईचार पटक मात्रै उसलाई गाली गरेकी छ।

पुजारीको चालढाल शारदामैँलाई उतिसारो मन परेको छैन। तर पनि ऊ केही भन्दिन। कहिले निकै विश्वास लाग्छ उसलाई, कहिले अधिक अविश्वास पनि।

जब शारदामैँ पुजारीलाई आफूनजिक देख्छे, अनायासै ऊ केही चञ्चल बन्छे। त्यो चञ्चलताले उसको मुटुको ढुकढुकी हल्का बढाइदिन्छ। उसलाई पनि पुजारीले गाएको गीत गाउन मन लाग्छ कहिलेकाहीँ ! तर आफूलाई समाल्छे ऊ।

पुजारी कहिलेकाहीँ साँझपख पनि असनतिर टुपुल्किन्छ। त्यस बेला उसको कुनै काम हुँदैन। मन्दिरको काम उसले मध्याह्नतिरै सक्छ। साँझमा उसको मुखबाट ह्वास्स रक्सीको गन्ध आएको पनि शारदामैँलाई थाहा छ। बेसोमती पाराले ऊ शारदामैँको पसलअघिल्तिर राखिएको चकटीमा बस्छ। छेडछाडका एकदुई वाक्य बोल्छ। शारदामैँ ऊसँग सबालजबाफ गर्दिन।

पुजारी निकै चञ्चल स्वभावको छ। शारदामैँको पसलमा पाँच मिनेट बसेपछि ऊ अन्त कतै जान्छ। एक–डेढ घन्टापछि फेरि फर्किएर त्यहीँ आउँछ। लाखमरी र पुष्टकारी दिन्छ शारदामैँलाई। पुनः छेडछाडका एकदुई वाक्य बोल्छ। शारदामैँ गाली गरेजस्तो गर्छे। लाखमरी र पुष्टकारी सुटुक्क लिन्छे। अन्य पसलेले देख्लान् भन्ने डर छ उसलाई।

पसलमा धूप र अन्य पूजाका सामग्री बेच्न सहयोग गरेको जस्तो पनि गर्छ त्यो पुजारी।

बिहान मन्दिर आउँदा प्रायः सेतो रङको कुर्तासुरुवाल लगाउने पुजारी साँझ भने जिन्स पाइन्ट र टिसर्टमा हुन्छ। बिहान देख्नेले उसलाई साँझ नचिन्न पनि सक्छन्। 'तर जे भए पनि केटो खाइलाग्दोचाहिँ छ है', शारदामैँले थुप्रै पटक मनमनै भनेको वाक्य हो यो।

मन्दिरछेउमा बसिरहेका एकदुई जना अशक्तलाई पाँचदस रुपियाँ दिन्छे शारदामैँ हरेक दिन बिहान। त्यसपछि लाग्छे, अलि पर कुनामा रहेको चियापसलतिर। चियापसलेको अनुहार र चियाको स्वाद उस्तैउस्तै लाग्छ उसलाई। 'सधैँ बासी चियापत्ती हाल्छ यो राजुसाहू, नयाँ हाल न', असनकै स्थानीय चियापसले राजुलाई ऊ नेवारीमा सधैँ यसै भन्छे। शारदामैँ र चियापसलेको चिनजान निकै पुरानो हो, दुवै असनका रैथाने। तिनीहरूको चोकमात्रै फरक छ। उमेर केही फरक छ। झन्डै दस वर्षजति चियापसले जेठो छ। तर पनि उनीहरू झन्डैझन्डै सँगै हुर्किएका हुन्। त्यसलै राजुलाई शारदामैँको गुनासो नयाँ लाग्दैन। अन्य ग्राहक पनि त्यस्तै गुनासो गर्छन्। उसलाई कसैको गुनासो सुन्ने फुर्सद नै हुँदैन, सुन्नु आवश्यक नै लाग्दैन सायद।

तीन बच्चाको बाबु चियापसले कुनै केटी देख्दा घुरेर

हेर्छ, तर एकैछिन मात्रै । त्यसरी हेर्ने क्रममा कैयौँ पटक दूध उम्लिएर पोखिएको छ ।

'लौ यो दूध अन्नपूर्णादेवीले खाइन्', दूध उम्लिएर पोखिएपछि छेउको मन्दिरतिर हेर्दै चियापसले यसै भन्छ। यति भनेपछि उसको चित्त शान्त भएजस्तो हुन्छ। अनि हात पनि मन्दिरतिरै तेर्स्याउँछ र भन्छ, 'रक्षा गर देवी ।'

राजु कहिलेकाहीँ शारदामैँलाई जिस्काउँछ। 'बूढी भैसक्यौ, किन बिहा नगऱ्या होला यो शारदामैँले !' यसै भन्छ प्रायः ।

'तिमी गर्छौ बिहा मसँग ?' एक दिन शारदामैँले उसलाई ठाडै प्रश्न गरिदिई ।

चियापसले एकछिन त मौन रह्यो। अकल्पनीय जबाफी प्रश्नले उसलाई हैरान पारेको थियो। उसले शारदामैँबाट यस्तो प्रस्ताव आउँछ भनेर सपनामा पनि सोचेको थिएन ।

'तिम्रा तिनटी आमालाई नल्याउने हो भने त गर्छु।' उसले हठात् जबाफ दिएको थियो, 'ती कचकचे बूढीहरूलाई त म पाल्न सक्दैन है !'

'मैले आफ्ना बाउआमालाई त पालेन, भाइले पाल्यो।' उसले थप्यो, 'तिम्रा ती आमाहरू त झनै सक्दैन पाल्न।'

राजुको जबाफ सुनेर शारदामैँले उसलाई आँखा तरेकी थिई। मुड्की पनि देखाएकी थिई। त्यस बेला खाएको चियाको पैसा फुत्त फालिदिएकी थिई उसले परैबाट। नोट चिया पकाउने भाँडोमा परेको थियो। राजुले हाँस्दै नोट झिकेर आफ्नो मैलो सर्टको बगलीमा घुसाएको थियो ।

'बिहै नगरी बूढी भो यो शारदामैँ पनि।' उसले फुसफुसाउँदै भनेको थियो ।

राजुलाई नयाँ राखेको पुजारी बिलकुलै मन परेको छैन। मन नपर्नुको कारण शारदामैँसँग उसको बढ्दो हिमचिम हो। तर उसले यसबारे केही भन्न सकेको छैन ।

एक दिन शारदामैँ र पुजारीलाई उसले सिनेमा हलमा भेट्यो। त्यो बेलादेखि नै हो राजुले बढी चित्त दुखाएको ।

'सिनेमा हेर्न त म पनि लैजान सक्थ्यो नि शारदामैँ।' कोही नभएको बेला पारेर उसले एकाबिहानै चिया खान पुगेकी शारदामैसँग गुनासो गरेको थियो, 'त्यो पुजारी राम्रो मान्छे होइन है, होस् गर–धोका देला।'

त्यस बेला शारदामैँ केही बोलेकी थिइन ।

उसले शारदामैँलाई चिया दिँदै फेरि थप्यो, 'मान्छे पनि कहाँको हो कहाँको ? म र तिमी त एउटै टोलको। मैले त तिम्रै लागि भनेको है !'

शारदामैँले चिया खाइसकेर पैसा दिई र हिँडी आफ्नो पसलतिर ।

चियापसले पुनः बोल्यो, 'शारदामैँ ! मैले गल्ती भनेको भए माफ देऊ है।' उसले बोलेको शारदामैँले सुनिन। ऊ अलि पर पुगिसकेकी थिई ।

बढी पाकेर फुलेको चियापत्तीको थुप्रो राजु सकेसम्म फाल्न चाहँदैन। बरु त्यही चियापत्तीको थुप्रोमा ऊ थोरै नयाँ चियापत्ती थप्छ। चिया पकाउने भाँडोमा नअट्ने अवस्था आएपछि मात्रै फुलेको चियापत्ती फाल्छ। छेउमा चियापत्तीको डङ्गुर लागिसकेको छ। सफा गर्ने चिन्ता कसैलाई छैन ।

उसको प्लास्टिकले छाएको चियापसलमा एकाबिहानै घुइँचो लाग्छ। असनमा बिहानै व्यापार गर्न आइपुग्ने साना व्यापारीहरू नै उसका मुख्य ग्राहक हुन्। तरकारी किन्न आउने, मन्दिर दर्शन गर्न आउने र 'मर्निङवाक' गर्ने केही मान्छे पनि उसका ग्राहक हुन्। बिहान दस बजेपछि उसले पसल बन्द गर्छ र अपराह्न दुई बजेतिर पुनः खोल्छ। कहिलेकाहीँ बिहान दस बजे बन्द भएको उसको पसल एकैपल्ट भोलिपल्ट मात्रै खुल्छ। त्यसो हुँदा उसका नियमित ग्राहकले बुझ्छन्– चियापसले सिनेमा हेर्न गएछ भनेर। ऊ हिन्दी सिनेमाको नामुद 'फ्यान' हो। उमेर छँदा सिनेमाहलमा टिकट ब्ल्याकमा बेच्ने काम गरेको ऊ आफैँले बताएको छ। रञ्जना र विश्वज्योतिमा उसको नाम चर्चित थियो। 'राजु ब्ल्याक भनेपछि त्यो बेला सबै डराउँथ्यो मसँग।' उसले धेरै दोहोऱ्याइरहने डाइलग हो यो, 'अहिले पो बूरो भयो त, पहिला त म दादा विश्वज्योति र रञ्जना हलको।'

उसको मनपर्ने हिरो राजेन्द्रकुमार, हिरोइन वैजयन्ती माला। मन्नाडे र मुकेशका केही गीत त उसलाई कन्ठै छ। नेपाली सिनेमा ऊ प्रायः हेर्दैन। नेवारी सिनेमाचाहिँ छाड्दैन। कुनै हलमा पुरानो हिन्दी सिनेमा चलेको थाहा पायो भने पसल बन्द गर्न पनि पछि पर्दैन ऊ।

कहिलेकाहीँ शारदामैँलाई हेरेर राजु किन हो टोलाउने पनि गर्छ। केही भन्न खोजेजस्तो गर्छ। तर कुरो अन्तै लाग्छ र भन्छ, 'चिया कस्तो छ शारदामैँ ?' जबाफमा ऊ ओठ लेप्प्राउँछे। त्यसपछि राजु मन्दिरतिर आँखा डोऱ्याउँछ र हात छातीमा र टाउकोमा पुऱ्याउँछ, भगवान्को नाम लिँदै। त्यहाँको चिया वास्तवमा मीठो होइन नै। शारदामैँलगायत त्यो पसलका नियमित ग्राहकलाई त्यो चियाको एक खालको लत लागेको छ। त्यसैले नमीठो नै भए पनि उनीहरू त्यहाँ एकाबिहानै चिया खान पुग्छन्।

शारदामैँ चिया खाइसकेपछि सधैँ मुख बिगार्छे र भन्छे, 'कहिल्यै मीठो चिया पकाउन जानेन यो राजुले !' तर आफ्नो छिमेकी भएकै नाताले पनि राजुको व्यापार नबिग्रोस् भन्ने कामना भित्रभित्रै गर्छे ।

सधैँ मन्दिर जाने शारदामैँ आफ्ना लागि कहिल्यै वरदान माग्दिन । 'मैले आजदेखि तीनवटी आमाको झगडा सुन्नु नपरोस् भगवान्, तिनलाई मिलाइदेऊ ।' सधैँ भगवान्को अगाडि ऊ यसै भन्छे । तर शारदामैँले वर्षौँदेखि भोग्दै आएको दुखको अन्त्य अझसम्म पनि भएको छैन । बरु थपिँदा छन् झन्झट र तनावहरू । घरझगडा चुलिँदो छ । तथापि अन्नपूर्णादेवीले एक न एक दिन आफ्ना सारा दुख र तनाव समाप्त पारिदिने विश्वास उसले गरेकी छ । 'नजिकको देवतालाई हेलाँ' उसले कहिल्यै गरेकी छैन ।

जब किरण शारदामैँको पसलमा पुग्छे, ऊ सधैँ तीनवटी आमाका बारेमा कुरा गर्छे । 'बरु भखरै जन्मेको बच्चा हुर्काउन सजिलो होला ती बूढीहरूलाई त मैले सकेन किरन ।' प्रायः यसै भन्छे शारदामैँ र लामो सास फाल्छे किरणको हात समाउँदै । बूढीहरू हरेक दिन सानासाना कुरामा झगडा गर्दथे । तिनका झगडाका विषय सुनेर किरणलाई हाँसो उठ्थ्यो ।

तिनको पतिको निधन भएको लामो समय बितिसक्दा पनि एकले अर्कोलाई 'पोइटोक्ने'को आरोप लगाउन छाडेका थिएनन् । यस्तो लाग्थ्यो तिनीहरूको पतिको निधन तीमध्ये कोही एककै कारण भएको हो । कैयौँ पटक त बूढीहरूलाई किरणले पनि सम्झाएकी हो । एकछिन मिलेजस्तो गर्ने बूढीहरू केहीबेरमै झगडामा उत्रिहाल्थे ।

शारदामैँलाई धूप बेचेर तिनलाई पाल्न पर्नुको कुनै गुनासो थिएन । तर तिनको सदाको झगडा बेहोर्न पर्नुको तनाव थियो ।

किरणलाई असन निकै बूढो लाग्छ । कुप्रो परेको, कतैकतै हेर्दा दाँत पनि फुस्किएको । मटमैलो भएर फाटेका र झुत्रा हुनै लागेका लुगा जस्तो । झट्ट हेर्दा विरूप, तर हेरिरहँदा विविध खाले सुन्दरता व्याप्त । त्यसैले किरणको गम्भीर मोह थियो असन बजारसँग । असन बजारबारे किरणले विभिन्न 'एङ्गल'मा थुप्रै समाचार लेखिसकेकी छ ।

असनमा हत्तपत्त कोही पनि नयाँ मान्छेले व्यापार गर्ने स्थान पाउँदैन । न स्थान पाउँछ नयाँ व्यापारीले न त कसैको साथसहयोग नै । कसै गरी कोही त्यहाँ प्रवेश गरिहाले पनि असफल भएर बाहिरिन्छ । ठूला व्यापारीले गर्ने 'कार्टेलिङ' जस्तै थियो त्यहाँको अवस्था । यही सन्दर्भलाई पनि एक पटक समाचारको विषय बनाएकी थिई किरणले । सोही समाचारका कारण त्यहाँका केही पसलेले उसलाई चिन्न पनि थालेका छन् ।

(प्रकाशोन्मुख उपन्यास ''समयान्तर दैनिक' बाट)

□

विश्वसाहित्य नोबेल पुरस्कार सन्दर्भ २०१३

एलिस मनरो : कथाको शिखर

विजय शर्मा

१० अक्टोबर २०१३ का दिन यस वर्षको साहित्यतर्फको नोबेल पुरस्कारको घोषणा भयो। एलिस मनरो यसको हकदार भइन्। सुनेर मनमा खुसी लाग्यो, अलिकति दुख पनि भयो। राम्रो यो लाग्यो, अब नोबेल पुरस्कारको निर्णय गर्ने समितिलाई महिला रचनाकारहरू पनि देखिन लागे। एलिस तेरौँ महिला साहित्यकार हुन् जसलाई नोबेलको एक सय तेर वर्षको लामो इतिहासमा यो पुस्कार मिल्यो। एक सय तेर वर्षमा मात्र तेर महिला साहित्यकारहरू ! जे होस्, अबेर आए पनि सुरक्षित आइयो। दोस्रो खुसी यस कुरामा भयो, एक जना कथाकारलाई नोबेल पुरस्कार मिल्यो। एलिसले जिन्दगीभरि मात्र कथाहरू लेखिन् र यस वर्ष जुलाई महिनामा दिइएको एउटा साक्षात्कारमा उनले अलिक उदास हुँदै भनिन्, 'सायद जबसम्म तपाईं उपन्यास लेख्नुहुन्न त्यस बेलासम्म तपाईंलाई गम्भीरतापूर्वक लिइँदैन।' त पुरस्कारले साबित गरिदियो, कुरो यस्तो होइन। साहित्यजगत्मा कथा लेख्नेहरूको पनि सोधखोज हुन्छ। जसले यो भन्छ— कथाविधा मरिसक्यो, उसले आफ्नो कथनबारे पुनर्विचार गर्नुपर्छ। चेखभले कथा लेखेर आफ्नो स्थान विश्वसाहित्यमा सुरक्षित गरे। एलिस मनरोलाई पनि केवल कथाविधा अपनाएकाले 'क्यानडकी चेखभ' नामद्वारा विभूषित गर्ने गरिएको छ। नोबेल समितिले आफ्नो प्रेस विज्ञप्तिमा उनलाई समकालीन कथाविधाकी शिखर भनेको छ। ठोमस हार्डी, जेम्स ज्वायस, रुडयार्ड किप्लिङ, समरसेट मम, क्याथरिन एन पोर्टर, ब्लादिमिर नोबोकोभ, डी.एच्. लरेन्स, फ्रान्ज काफ्का, बोर्गेज, विलियम फकनर, अर्नेस्ट हेमिङ्वे, स्कट फिट्जराल्ड, साकी (एच्.एच्. मनरो) आदिभैँ मनरोको गन्ती पनि सधैँ उच्च कथाकारहरूमा हुने गरेको छ, भविष्यमा पनि हुने छ।

खुसी यस कुराका लागि पनि भयो, नोबेल पुरस्कार कैयौँ पटक विवादमा आउने पनि गरेको छ, त्यसमाथि आरोप लाग्ने गरेको छ, साहित्यतर्फको पुरस्कार साहित्यका लागि कम र रचनाकारको राजनीतिक रुझान र राजनीतिक कारणहरूले बढी दिइन्छ। एल्फरिड जेलेनिक, मोयान कतिसम्म भने ओरहान पामुकका समयदेखि नै यो विवाद जोडतोडले उठ्ने गरेको छ। तर एलिस मनरोका सन्दर्भमा यस्तो छैन। एक त उनी क्यानडाकी हुन् जहाँ राजनीतिको त्यति बोलबाला छैन, अर्को उनको लेखनमा राजनीति हाबी छैन। अतः कसैलाई गुनासो गर्ने मौका नमिल्नुपर्ने हो। यस पटक नोबेल पुरस्कार साहित्यिक कारणहरूले दिइएको छ, साहित्यलाई दिइएको छ, राजनीतिबाट प्रेरित छैन।

एलिस मनरोलाई नोबेल प्राप्त हुने कुरापछि दुख यो कुरामा भयो, उनी स्वयंले घोषणा गरेकी छन्, उनको २०१२ मा प्रकाशित पुस्तक 'डियर लाइफ' सायद उनको अन्तिम कृति हुने पो हो कि ? जन म्याक्सके कोट्जीलाई यो पुरस्कार निकै पाको उमेर भएपछि प्राप्त भएको थियो र उनले भनेका थिए, जब पुरस्कार पाइन्छ अनि जससित मिलेर यो खुसी बाँड्न चाहन्छौँ उनीहरू त यस संसारबाट गइसकेका हुन्छन्। नजिब महफुजले पनि यो पुरस्कार सतहत्तर वर्षको उमेरमा प्राप्त गरेका थिए। त्यस बेला उनले भनेको थिए, यो पहिले पाइएको भए राम्रो हुने थियो। त्यसपछि उनले महत्त्वपूर्ण केही पनि लेखेनन्। ओरहान पामुक जस्ता लेखक कम हुन्छन्, जसले लेख्न सक्ने उमेर छँदै यो पुरस्कार प्राप्त गरे। साहित्यकारले आफ्नो उत्तम दिइसकेपछिको समयमा यो पुरस्कार पाउनुले धेरै अर्थ राख्दैन। मनरोका सन्दर्भमा पनि यस्तै भएको छ। लाग्छ, नोबेल समितिले सोचेको होस्, यदि उनलाई यस वर्ष पुरस्कार नदिने हो भने सायद फेरि मौका नमिलोस्। लाग्दछ, समितिले मात्र औपचारिकता निर्वाह गरेको छ। मृत व्यक्तिलाई नोबेल पुरस्कार दिइन्न। गान्धीजीलाई यो पुरस्कार यसैकारणले मिलेन। यदि एकाध वर्ष अबेर भएको भए एलिसको पनि यही अवस्था हुने थियो। अब एलिसलाई यो पुरस्कारले कुनै खास फरक पर्दैन। जब फोनबाट उनलाई यो पुरस्कार दिइएको सूचना दिइयो, उनी सुतिरहेकी थिइन् र उनको पहिलो प्रतिक्रिया थियो, 'मैले

कहिल्यै सोचेकी थिइनँ, यो मैले कहिल्यै पाउन सकुँला भनेर।' उनले पुरस्कार पाउने आशा लगभग छोडिसकेकी थिइन्।

१० जुलाई १९३१ मा क्यानडाको ओन्टारियोमा एलिस मनरोको जन्म भयो। उनका पिता रबर्ट एरिक ल्याडल 'सिल्भर फ्याउरा' पाल्ने व्यवसाय गर्थे र आमा एन चमनी ल्याडल एउटा स्कुलमा शिक्षिका थिइन्। हाईस्कुलपछि एलिस कलेजमा भर्ना भइन्। उनलाई दुई वर्षका लागि छात्रवृत्ति पनि मिल्यो, तर सन् १९५१ मा बीचमै पढाइ छाडेर मात्र बीस वर्षको उमेरमा उनले जेम्स आर्मस्ट्रङ मनरोसँग विवाह गरिन् र सन् १९५२ मा ब्रिटिस कोलम्बियामा सरेर लोग्नेका साथमा एउटा पुस्तक पसल 'मनरो बुक सप' खोलिन्। सैला, जेनी तथा एन्ड्रिया उनका तीन छोरी छन्। उनकी माहिली छोरी क्याथ्रिन जन्मनेबित्तिकै खसिन्। उनी लोग्ने, छोराछोरी र घरको हेरचाह गर्ने कामका बीचमै बराबर लेख्दै रहिन्, पत्रिकाहरूमा छापिँदै रहिन्, तर उनको परिचय आफू बस्ने त्यस इलाकामा पुस्तक पसल चलाउनेकी श्रीमतीका रूपमा नै थियो। उनी गृहिणीकै रूपमा चिनिन्थिन् र उनी आफ्नो लेखनका विषयमा कसैसित कुरा गर्दिनथिन्, त्यहाँ वरिपरि त्यस्ता धेरै मानिसहरू छँदा पनि थिएनन्। मानिसहरू उनको लेखनलाई गम्भीरताका साथ हेर्दैनथे। प्रारम्भमा लोग्ने मनरो उनको लेखनमा धेरै सहयोगी थिए।

सन् १९५९ मा उनकी आमाको निधन भयो। सन् १९७६ मा उनको विवाह विच्छेद भयो। यसपछि फेरि ओन्टारियो फर्केर उनले जेराल्ड फ्रमलिनसित बिहे गरिन् र आफ्नो जन्मस्थानभन्दा केही टाढा बस्न लागिन्। जब उनी फर्केकी थिइन्, उनका पिताले अर्को बिहे गरिसकेका थिए र घरमा उनको सौतेनी आमा थिइन्। जियोग्राफर जेराल्ड फ्रेमलिन उनका कलेज समयका मित्र थिए। अचेल उनी यहीँ बस्छिन् यद्यपि एलिसले किशोरावस्थामै कथा लेख्न थालिसकेकी थिइन्, विभिन्न पत्रपत्रिकामा ती प्रकाशित पनि भइरहेका थिए, तर उनको पहिलो कथासङ्ग्रह 'डान्स अफ दि ह्याप्पी सेड्स' धेरै पछि सन् १९६८ मा मात्र प्रकाशित भयो। सङ्ग्रह क्यानडामा बहुप्रशंसित भयो। पाठकहरूको प्रतिक्रिया त्यति उत्साहजनक थिएन, तर सङ्ग्रहका लागि उनले क्यानडाका गभर्नर जनरलको पुरस्कार प्राप्त गरिन्। 'लाइफ्स अफ गर्ल्स एन्ड वुम्यान' सन् १९७१ मा छापियो र समीक्षकहरूले यसलाई उनकै जीवनवृत्तका रूपमा हेरे। उनका कथाहरूको कच्चा माल उनको आफ्नै जीवनानुभवबाट आउँछ। यस कुरालाई उनी खुला मनले स्वीकार पनि गर्छिन्, भन्छिन्, सदा यथार्थमा आरम्भबिन्दु हुन्छ। उनका कथाहरू धेरैजसो वास्तविक जीवनबाट प्रारम्भ हुन्छ। एलिसले समयसमयमा आफ्ना आत्मसंस्मरणहरू लेखेकी छिन्। यी संस्मरणहरू र उनका कथाहरूबीच धेरै समानता छ।

दोस्रो सङ्ग्रह 'लाइभ्स अफ गर्ल्स एन्ड वुम्यान' ले उनलाई बृहत्तर पाठकवर्ग दियो र समीक्षकहरूले एक महत्त्वपूर्ण प्रतिभाको उदय भएको स्वीकार गरे। त्यस बखतदेखि निरन्तर उनका कथासङ्ग्रह प्रकाशित हुँदै आइरहेछन्। सन् १९७८ मा 'हु डु यु थिङ्क यु आर ?', सन् १९८२ मा 'द मुन्स अफ जुपिटर', सन् १९६० मा आएको 'फ्रेन्ड अफ माइ युथ' देखि उनी अटलान्टिकका दुवैतिर पढिन लागिन्। लन्डन टाइम्सका पिटर क्याम्पले उनका लागि भने, उनी मानिसको प्रकृतिलाई लिपिबद्ध गर्नमा अद्वितीय छिन्। सन् १९९८ मा 'द लभ अफ गुड वुम्यान' प्रकाशित भयो जसले नेसनल क्रिटिक सर्कल अवार्ड प्राप्त गऱ्यो। सन् २००४ मा आयो 'रनअवे', सन् २००६ मा 'द भ्यु फ्रम क्यासल रक', सन् २००१ मा 'हेटसिप, फ्रेन्डसिप, कोर्टसिप, लभसिप, म्यारेज', अनि सन् २००९ मा 'टु मच ह्याप्पिनेस' छापियो र गएको वर्ष २०१२ मा उनका अनुसार उनको अन्तिम सङ्ग्रह 'डियर लाइफ' प्रकाशित भएको छ।

नोबेल समितिका प्रमुख सचिव पिटर ल्यान्डनले निर्णायकहरूका विचारहरू प्रस्तुत गर्दै भनेका छन्, एलिसले कथाविधा रोजेकी छिन् जो उपन्यासको छायामा पर्नुका कारणले अलिकति पछि पर्ने गर्छ तर एलिस मनरोले यस विधालाई सर्वोत्कृष्टताका साथ साधेकी छन्। यसै किसिमले सन् १९९६मा छापिएको सङ्ग्रह 'सलेक्टेड स्टोरिज' का लागि एलिसको प्रशंसा गर्दै हेरल्ड ब्लुम भन्छन्— पुरुष र स्त्रीलाई केले विभाजित गर्छ भन्ने कुराको एलिसलाई सटिक ज्ञान छ।

एलिस बिहेअघि ओन्टारियोमा बस्थिन्। उनी त्यसपछि ब्रिटिस कोलम्बियातिर बसाइ सरिन्, तर पछि उनी फेरि ओन्टारियोतिरै फर्किन्। उनलाई प्रवास फापेन। उनका कथाहरूमा पनि त्यसरी घरभन्दा टाढा जानु र फेरि फर्कनुलाई देख्न सकिन्छ। विशेष गरेर 'वाकर ब्रदर्स काउब्वाय' र 'इमेजेज' मा घरदेखि बिदाइ र घरतिरै फर्केर आउनु धेरै स्पष्टतासाथ रेखाङ्कित गर्न सकिन्छ। यी कथाहरूमा छोरी पिताका साथमा एड्भेन्चर्सका लागि बाहिर जान्छे, जब कि आमाले घरमै बस्नुपरेको हुन्छ, तर सधैँ यस्तो हुने गर्दैन। उनको कथा 'द पिस अफ युट्रेक्ट' मा प्रक्रिया यसको ठीक उल्टो चल्छ। यस कथामा आमा बितिसकेकी छन् र छोरी घर फर्केकी हुन्छे। यस कथाको विषयमा उनी स्वयं भन्छिन्— यो उनको आमाको कथा हो। आमाको उपचारहीन बिरामीले

आमाबाबुको सम्बन्धमा तनाव पैदा गरिदिन्छ। बीस वर्षसम्म उनकी आमा पार्किन्सन बिरामीले पीडित थिइन् अतः आमाको बिरामी, उनको मृत्यु र उनीहरूका बीचको तनाव, यी सबै यो कथामा आएको छ। यो सबै उनको जीवनमा पनि महत्त्वपूर्ण थियो र यो कथा वास्तवमा उनले आफ्नी आमाबारे लेखेकी छन्। 'द पिस अफ युट्रेक्ट' लाई उनी आफ्नो पहिलो यथार्थवादी कथा मान्छिन्। यो कथा उनले आफ्नी आमा र आफ्नो बदलिँदै गएको सम्बन्धहरूबारेमा लेखेकी छन्। यो एउटी आमाको मृत्युका बारेमा लेखिएको कथा हो। यो कथा उनको सङ्ग्रह 'डान्स अफ द ह्याप्पी सेड्स' मा सङ्कलित छ। एलिसकी आमाको मृत्यु सन् १९५९ मा भएको थियो। यो उनको जीवनको ठूलो घटना थियो। उनका कथाहरूकी आमा निरन्तर काम गरिरहने, घरका पुराना लुगाहरू काटछाँट गरेर आफ्नी छोरीका लागि पोसाक सिउन जोगाड गरिरहने, तर छोरीका लागि तनावको कारण बन्ने हुन्छन् र जसको छायाबाट छोरीहरू कहिल्यै मुक्त हुँदैनन्। कथाहरूकी आमा हाउसकिपर, गरिबीमा पिसिइरहेकी, तर स्वतन्त्र स्वभावकी, गर्वको भाव भएकी स्त्री हुन्छन्। कथालेखिका अक्सर आमालाई विषय बनाएर मिश्रित भावनाहरूले भरिएकी हुन्छिन्, उनको मनमा आमाबारे अपराधबोध, गर्व, चिन्ता र उनका लागि चाहना हुन्छ र उनले बितेकी आमालाई सपनामा बरोबर देख्ने गर्छिन्। तर सपनाकी आमा स्वस्थ र फुर्तिली हुन्छिन् र उनी छोरीलाई हेर्न आएकी हुन्छिन्।

एलिस मनरोका कथाहरूमा बारम्बार लेखिका अथवा कलाकार स्त्री आउँछे, तर यो लेखिका वा कलाकार स्त्री प्रायः आफ्नो कामलाई लिएर धेरै आश्वस्त हुँदिन, तर पनि अन्ततः आफ्नो काम गरेरै छाड्छे। यी स्त्रीहरू बुद्धिमान र जीवन्त प्रकृतिका हुन्छन्। यिनको लानपालन स्कटिस–आइरिस प्रोटेस्टेन्ट धर्मको दमित वातावरणमा भएको हुन्छ। यसै कारण यिनीभित्र तनाव र द्वन्द्व उत्पन्न भइरहन्छ। उनीहरू एकातिर आत्मनिर्भर रहन चाहन्छन्, स्वतन्त्रता चाहन्छन्, अर्कातिर भने घरपरिवारको दायित्वसित बाँधिएका हुन्छन्। लेख्ने चाहना र परिवारको दायित्वले तिनलाई दुई भिन्न दिशातिर तानिरहेका हुन्छन्।

दक्षिण ओन्टारियोको जीवनको क्रूरता, सीमित ग्रामीण समुदाय, गरिबी सबै प्रमुखतासाथ उनका कथामा आएका छन्। उनको बाल्यकाल दरिद्रतामा बित्यो। त्यसलाई उनले कहिल्यै बिर्सन सकिनन्। एउटी बच्ची वयस्कहरूले मात्र बुझ्ने व्यवहारहरूलाई निकै मसिनो गरी हेरिरहन्छे, यो नै उनको आरम्भिक कालका कथाहरूमा चित्रित छ। तर त्यसपछि बीचका कथाहरूले साठीको दशकका सामाजिक उथलपुथल, नारीवादी चेतनाको उदय र युवा केटी र उसका दिक्दारीहरूले भरिपूर्ण वैवाहिक जीवनलाई चित्रित गर्दछन्। उनी स्वयं मान्दछिन्, बीस वर्षसम्म क्यानडाको पश्चिमी तटमा, ब्रिटिस कोलम्बियामा बसेकी भए पनि उनी त्यस ठाउँको जीवनका बारेमा पक्का तवरमा केही पनि जान्दिनन्। यस अवधिका उनका कथाहरू 'समथिङ आइ ह्याभ बिन मिनिङ टु टेल यु' मा सङ्गृहीत छन्। उनलाई भेनक्युबर र भिक्टोरियामा बस्दा सधैँ लागिरहन्थ्यो, उनले मर्न घर फर्किनु छ, किनभने पश्चिमी तटमा जीवन वास्तवमा त्यस्तो थिएन, जसको उनी आदी थिइन्। सन् १९७८ मा छापिएको सङ्ग्रह 'हु डु यु थिङ्क यु आर ?' जुन पछि गएर 'द बेगर म्याड' को नामले पनि प्रकाशित भयो, का कथाहरू ओन्टारियो फर्केपछि समाप्त हुन्छन्। उनी लेख्छिन्, उनी त्यही लेख्छिन् जहाँ उनको जीवन छ।

'समथिङ आइ ह्याभ बिन मिनिङ टु टेल यु' पछि उनलाई एक वर्षका लागि बेस्टर्न ओन्टारियो विश्वविद्यालयमा राइटर–इन–रेसिडेन्टको पद प्राप्त भएको थियो। उनले आफ्नो पति जेम्स मनरो र बाइस वर्षको वैवाहिक जीवन छोडेर फर्केकी थिइन्। यसपछि उनी आफ्नो एक पात्रको मुखबाट भन्न लगाउँछिन्, उसले विवाह भएको घरबाट एउटा लामो यात्रा सुरु गरेकी छ। उनको लोग्ने भिक्टोरियाको त्यही घरमा बसे। त्यस समय उनकी छोरी शैला बीस वर्षकी थिई, जेनी सत्रकी र एन्ड्रिया मात्र सात वर्षकी। यदि ठूली छोरी ठूली र आत्मनिर्भर भइसकेकी थिई भने सानी आत्मनिर्भर भएकी थिइन। उसलाई हेरचाहको खाँचो थियो। एलिस अत्यन्त तनाव र चिन्तामा थिइन्, विशेष गरेर एन्ड्रियालाई लिएर। उनका सामु भविष्यको कुनै योजना थिएन, तर उनले त्यो ठाउँ छोड्ने मन बनाइसकेकी थिइन्। एलिसले घर फर्किने निश्चय गरिसकेकी थिइन् र उनी घर फर्केकी थिइन्। दुई दशक टाढा बसेपछि पनि ओन्टारियो उनको घर नै थियो। त्यहाँ उनी आफ्नोपन अनुभव गर्थिन्।

उनका कथाहरूमा आमा गहन रूपमा आउँछिन्, तर पिता पनि त्यहाँ उपस्थित रहन्छन्। एलिसका कथामा पिता बलिया, साहसी, मेहनती हुन्छन् र कठिनाइहरूलाई उनी हास्यमा बदल्ने खुबी राख्दछन्। उदाहरणस्वरूप 'वाकर ब्रदर्स काउब्वाय' को बेन जोर्डन वा 'द स्टोन इन द फिल्ड' को फ्लेमिङलाई हेर्न सकिन्छ। यी पिता बुद्धिमान् छन् र यिनलाई भाषासित प्रेम छ। यस दृष्टिले 'च्वायल बिटिङ्स' का रोजको बुवा र 'द मुन्स अफ जुपिटर' को प्रकाशन एलिसको पिताको

मृत्यु भएको दुई वर्षपछि भएको थियो।

एलिस मनरो लामा कथा लेख्छिन्, तर कहीँ पनि पाठकलाई आफ्नो बौद्धिक आतङ्कले डराउन चाहँदिनन्। उनको लेखनमा चरित्रहरूको केन्द्रीय कार्य कथा भन्नु रहेको हुन्छ । तर प्रेम अक्सर उनका प्रमुख पात्रहरूको लेखनक्षमतालाई बाधित गर्छ र यस किसिमले तिनको पहिचानलाई पनि खतरामा पार्छ। मनरोको एउटा विशेषता उनको भाषाप्रेम पनि हो । छानीछानी वाक्य लेख्नु, किसमकिसिमले वाक्य लेख्नु उनको विशेषता हो। यसको यो आशय कत्ति पनि होइन, उनी कठिन भाषा लेख्छिन्, उनको भाषा बडो सरल र सरस तथा दृश्यात्मक हुन्छ। प्रायः उनका कथाहरूको अन्त्य अनिश्चित हुन्छ, यथार्थ र कल्पनाका बीच, मानौँ खुला आकाशमुनि लहराइरहेका पुल हुन्। उनी स्वयं भन्छिन्, 'म चाहन्छु, कथाहरू खुला होऊन्। मानिसहरू जे जान्न चाहन्छन्, म त्यसलाई चुनौती दिन चाहन्छु वा जुन कुरोको आस गरेका हुन्छन् वा जसको पूर्वानुमान गरेका हुन्छन् । पक्का तवरमा म सोच्छु कि म जान्दछु।' यस्ता कथाकारलाई पढ्नु र उनका कथाहरूबाट अपेक्षा राख्नु संसारभरिका पाठकहरूका लागि अनुकूल हुन्छ। आज एलिस मनरोका कथाहरू अङ्ग्रेजीबाहेक फ्रान्सेली, स्पेनिस, स्विडिस, जर्मन भाषामा पनि उपलब्ध छन्।

यस वर्षको नोबेलको दौडमा कोको थिए, यो आधिकारिक रूपमा थाहा पाइएको छैन । नियमानुसार समितिले कहिल्यै यसलाई सार्वजनिक गर्दैन, यसलाई गोप्य राख्ने प्रावधान छ, तर सट्टाबाजहरूका अनुसार फिलिप रोथ, हारुकी मुराकामी र बब डायलन यस वर्षको नोबेल पुरस्कारको दाबेदार थिए। एलिस मनरोले पाइन्। उनले नोबेल पुरस्कार पाएकोमा धेरैधेरै बधाई !

(**अनुवाद : मिथिलेश शर्मा**)

□

विश्वसाहित्य क्यानडाली कथा

ज ्गली हास

एलिस मुनरो

फ्लोले भनेकी थिई, 'कमारो बेच्नेकिन्ने गोराहरूदेखि बचेर रहनू।' उसले बताएकी थिई, 'उनीहरू यस किसिमले काम गर्छन्— तिमीसँगै बस वा ट्रेनमा यात्रा गरिरहेका कुनै प्रौढ वा आमा वा हजुरआमा जस्ता आइमाईले तिमीसित दोस्ती गर्छन्। उनीहरू तिमीलाई केही खाने कुरा दिन्छन्। क्यान्डी, चकलेट जस्तो कुनै चीज जसमा कुनै नशालु पदार्थ मिलाइएको हुन्छ। त्यसको केहीबेरपछि नै तिमीमा बेहोसी छाउन थाल्छ, तिमी ठीकसित बोल्न पनि सक्दिनौ। कति भने कसैलाई आफ्नो स्थिति बताउन पनि सक्दिनौ। त्यस बेला त्यो आइमाई एकाएक गुहारका लागि चिच्च्याउन थाल्छे— मेरी छोरी (अथवा नातिनी) बिरामी भई, यसलाई बाहिरको ताजा हावाका लागि कृपया ओराल्न सहयोग गर्नोस्।' यो सुनेर एक जना आफूलाई अपरिचित देखाउँदै सहायताका लागि अघि सर्छ। उनीहरू दुवै मिलेर अगिल्लो स्टपमा तिमीलाई ट्रेन अथवा बसबाट ओराल्छन् र यसपछि दुनियाँलाई तिम्रो बारे केही अत्तोपत्तो हुँदैन। तिमी त्यति बेला पनि नशाकै हालतमा हुन्छौ। उनीहरू तिमीलाई ह्वाइट स्लेभ नाम भएको ठाउँमा लगेर बन्दीका रूपमा राख्छन् (तिमी त्यस बेला पनि नशाको अहालतमा हुन्छौ, यसकारण तिमीलाई कहाँ लगिँदै छ भन्ने थाहा पाउन सक्दिनौ) जबसम्म तिमी आफूलाई पूर्णतया बिर्सिंदिनौ। जँड्याहाहरू तिमीलाई बलात्कार गर्छन्, ड्रगले तिम्रो मस्तिष्क पूरै विक्षिप्त भइसकेको हुन्छ, तिमी घर फर्किन चाहन्नौ, किनभने तिमीलाई यो सम्झना रहँदैन तिम्रो घर कहाँ छ। उनीहरू तिमीलाई सडकमा छाडिदिन्छन्।'

फ्लोले दस डलर एउटा सानो पर्समा राखेर रोजको ड्रेससित सिलाइदिई। तब रोजले ध्यान दिई, माथि बताइएका सावधानीका अलावा उसलाई यस कुराबाट पनि सावधान रहनुपर्छ, कतै उसको पर्स नै नचोरियोस्।

'हो,' फ्लोले केही अरू चेतावनी दिँदै भनी, 'पादरीको पोसाक लगाएकाहरूदेखि पनि बचेर रहनू। उनी सबैभन्दा खराब बदमासमध्येका हुन्। ह्वाइट स्लेभर्स प्रायः यसै भेषमा हुन्छन् र उनीहरू पनि जसका आँखा पर्समाथि हुन्छन्।'

रोजले सोधी, 'उसले कसरी थाहा पाउने, को असली हो र को पादरीको भेषमा छ।'

फ्लो कुनै बखत टोरन्टोमा पनि थिई। ऊ त्यहाँ युनियन स्टेसनको नजिक एउटा क्याफेमा वेट्रेस थिई। त्यसै बेला उसलाई यी सब कुराहरूको पत्तो लागेको थियो। उसलाई त्यस अवधिमा बिदाका दिनबाहेक कहिल्यै बाहिर निस्कने, घामको उज्यालो हेर्ने अवसर मिल्दैनथ्यो। यसका बाबजुद पनि उसले धेरै थोक देख्न पाई। उसले एक जनाले चव्कुले अर्को मान्छेको पेट चिरेको देखी। यस्तो गर्नमा उसलाई कुनै मुस्किल भएन। उसले त्यस मान्छेको कमिजको फेर माथि उचाल्यो र एकै झट्कामा पेट चिरिदियो। त्यस मान्छेले प्रतिवाद गर्नलाई कत्ति समय पनि पाएन। फ्लोले वेश्याहरूलाई सडकमा झगड्दै गरेको देखी र एक जना मानिस उनीहरूलाई हेर्दै हाँसिरहेको थियो। छेउछाउका मानिसहरू पनि उनीहरूलाई हेरेर हाँसिरहेका थिए। नाना थरी भनिरहेका थिए। ती दुईले एकअर्काको कपाल मुठ्याएर बेसरी लुछालुछ गरिरहेका थिए। यसैबीच पुलिस आयो र तिनलाई समातेर लग्यो। त्यस समय पनि ती दुई एकअर्काकाथि चिच्च्याइरहेका थिए। फ्लोले एउटा बच्चोलाई सडकमा मुर्छा परेकै अवस्थामा मर्दै गरेको देखेकी थिई।

'होला, तर मलदाई यसमा मैले डराउनुपर्नेजस्तो कुनै कुरो छैन।' रोजले केही आवेशको स्वरमा भनी, 'पुलिस पनि त छ।'

'ए, पुलिस ! सबभन्दा ठूलो ठग त ऊ नै हो।'

यसपछि फ्लाले सेक्ससम्बन्धी जे भनी रोजले त्यसमाथि कत्ति पनि विश्वास गरिन।

फ्लो जुन पसलमा काम गर्थी, त्यहाँ कहिलेकाहीँ राम्रो सफासुग्घर पोसाक लगाएको एक खल्वाट मान्छे आउने गर्थ्यो। ऊ फ्लोलाई प्रायः फकाउनेबहकाउने स्वरमा कुरा गर्थ्यो। 'मलाई मात्र एक प्याकेट क्यान्डी, केही चुइङ्गम र दुइटा

चकलेट चाहिएको हो । के तपाईंले यी सबै कुरा च्यापरमा राखेर राम्री प्याक गरिदिनुहुन्छ ?'

फ्लोले केही चिढाउने स्वरमा 'अवश्यअवश्य' भन्दै उसले किनेका चीजहरू यसरी प्याक गरिदिन्थी मानौँ त्यो कुनै उपहारको प्याकेट हो। त्यस मानिसलाई हतारो हुँदैनथ्यो। ऊ आरामले पसलमा राखिएका सरसामानहरूबाट केही न केही छाँटिरहन्थ्यो अनि यसबीच ऊ फ्लोसित पनि यताउताका कुरा गरिरहन्थ्यो। कहिले उसको स्वास्थ्यका विषयमा सोध्थ्यो त कहिले रोजसित, 'तिमी दिनभरि यति परिश्रम गर्छ्यौ, तिम्रो अनुहार पहेँलिँदै गइरहेछ। तिमी जस्ता युवतीहरूले केहीबेर खुला हावामा डुल्नुपर्छ ,' भन्थ्यो। फेरि फ्लोलाई, 'तिमी पूरै जिन्दगी यसै किसिमले काम गर्दै बित्यो, अब तिम्रो आराम गर्ने समय आयो,' भन्थ्यो।

'हामी जस्तालाई आराम गर्नु भाग्यमा कहाँ लेखेको हुन्छ भन्या।' फ्लोले पनि केही स्वीकारात्मक स्वरमा भन्थी।

एक पटक ऊ गइसकेपछि फ्लोले भ्यालबाट हेर्दा उसले देखी, त्यो मानिसले लास ओसार्ने गाडी चलाइरहेको थियो। ऊ लासहरूको अन्तिम संस्कारको व्यवस्था गर्ने अन्डरटेकर थियो। अचेल ऊ रिटायर भइसकेको थियो। उसको मुर्दागाडी पनि । उसका छोराहरूले अचेल नयाँ गाडी किनिसकेका थिए र उसको काम समालिसकेका थिए। तर ऊ अचेल पनि पुरानै गाडी चलाएर गाउँगाउँ जान्थ्यो, विशेष गरेर आइमाईहरूको खोजीमा। रोजलाई यो कुरोमा पनि विश्वास लागेन । फ्लोले भनी उसले तिनलाई चकलेट र क्यान्डी दिएर फकाउँथ्यो। यसमा रोजले भनी, 'ऊ आफैँले खाँदो हो ।' फ्लोले भनी, 'होइन, मानिसहरूले सुनेको कुरा । त्यस्तो गरेको देखेका पनि छन् । राम्रो मौसममा ऊ गीत गाउँदै निस्कन्थ्यो र गाडीका पर्दा तानिदिन्थ्यो, जसले गर्दा मानिसहरू गाडीको पछिल्तिर को बसेको छ भन्ने देख्न सक्दैनथे।'

फ्लोले आफ्नै तालमा उसको गानाको नक्कल गर्दै केही पङ्क्ति सुनाई । ऊ बाटोमा हिँडिरहेका आइमाईहरूलाई विनम्रतापूर्वक अभिवादन गर्थ्यो । तिनलाई चकलेट अफर गर्थ्यो, गाडीमा लैजाने लिफ्ट पनि अफर गर्थ्यो । जुन आइमाईहरूले यो बताए, तीमध्ये कसैले पनि न त्यो चकलेट लिए न लिफ्ट स्वीकार गरे। उसले कहिल्यै कसैलाई सताएन, न कहिल्यै कसैको पिछा गऱ्यो । ऊ चुपचाप आफ्नो बाटो हिँडिरह्यो । कहिलेकाहीँ ऊ तिनीहरूको घर पनि पुग्थ्यो र घरमा तिनका लोग्ने छन् भने नहिचकिचाई भित्र पस्थ्यो । आइमाईहरू भन्थे बस ऊ यही सब गर्थ्यो, अरू केही होइन। तर फ्लो तिनका कुराहरूको विश्वास गर्दैनथी।

फ्लोले भनी, 'कुनैकुनै आइमाई उसको गाडीमा गइ पनि हाल्थे।'

'कतिवटी गए त ?' रोजले सोधी।

'मात्र केही,' फ्लो भन्थी, 'र त्यो मुर्दागाडी पनि के थियो... भित्र छतमा र तल भुइँमा मखमल ओछिएको थियो। हलुका बैजनी रङका पर्दा र कैयौँ रङका फूलहरू भएको झालर।'

रोजले मनमनै भनी, 'सब बकबास ! कसले विश्वास गर्छ यस कुराको। त्यो पनि त्यत्रो उमेरको मानिसका बारेमा।'

रोज ट्रेनबाट पहिलोचोटि एक्लै टोरन्टो गइरहेकी थिई। ऊ एक पटक पहिले पनि टोरन्टो गइसकेकी थिई, तर त्यस बेला फ्लो साथमा थिई। यो उसको बुबाको मुत्युभन्दा धेरै पहिलेको कुरो हो । उनीहरूले बाटामा खानका लागि स्यान्डविच लिएका थिए र ट्रेनमा बिक्रेता (भेन्डर) सित चकलेटवाल दूध किनेका थिए। दूध अमिलो थियो। रोज मान्न तयार थिइन, उसका लागि उसकै इच्छाले किनिएको दूध अमिलो थियो भन्ने । अतः घुड्काघुड्का गरेर पिएकी थिई।

फ्लोले दूध सुँघी अनि पूरै ट्रेनको दुईतीन पटक चक्करपछि रातो जकेट लगाएको त्यो बूढोलाई समातिछाडी जसका दाँत थिएनन् र जसले घाँटीमा ट्रे झुन्ड्याएको थियो। उसले भेन्डरलाई चकलेटवाल दूध चाख्न भनी र छेउछाउका मानिसहरूलाई त्यो सुँघ्न भनी । भेन्डरले उसलाई त्यसको बदलामा अदुवावाल बियर दियो र बाटो लाग्यो।

त्यो गएपछि फ्लोले छेउछाउ हेर्दै भनी, 'मैले उसलाई बताएरै छाडेँ, यस्तालाई त छाड्नै हुन्न।'

एउटी आइमाईले उसको कुराको समर्थन गरी, तर धेरैजसो मानिसहरूले भ्यालबाट बाहिर हेरिरहे । रोजले अदुवावाल बियर पिई। यसपछि दुवै आइमाईहरूको कुराको सिलसिला सुरु भयो। उनीहरू कहाँबाट आइरहेका छन्, टोरन्टो किन गइरहेछन्, कहाँ बस्नेहरू हुन्। रोजको बिहान पेट साफ भएको छैन त्यसकारण उसको अनुहारमा चमक छैन। उसले जुन थोरै चकलेटवाल दूध पिएकी थिई त्यसले गर्दा उसले ट्रेनको ट्वाइलेटमा बान्ता गर्नुपरेको थियो आदि । बाटाभरि फ्लोलाई चिन्ता भइरह्यो, टोरन्टो पुगेपछि मानिसहरूले उसको कोटमा बान्ताको गन्ध पाउनेछन्।

यस पटक फ्लोले ट्रेनको कन्डक्टरलाई रोजको ख्याल राख्न भन्दै बिदा गरी। 'यसअघि ऊ कहिल्यै घरबाट एक्लै बाहिर गएकी छैन। यो पहिलो पटक हो एक्लै टोरन्टो, यति लामो यात्रामा गइरहेकी छ।' भलै उसले जाँदाजाँदै यो सङ्केत

दिएकी थिई, यो सब ठट्टामा भनेकी हो । तर यस्तो भान हुन्थ्यो, कन्डक्टरले त्यस्तो ठट्टामा कुनै रुचि लिएन न नै ऊसित यति समय थियो, बाटोभरि उसले रोजको हेरचाह गर्न भ्याओस्, किनभने बाटोभरि, उसले एक पटक रोजको टिकट चेक गर्नुबाहेक अरू कुनै कुरा गरेन ।

रोज भ्यालतिरको सिटमा बसेकी थिई । पहिलो पटक एक्लै यात्रा गर्न पाउँदा ऊ खुसी थिई । फ्लो उसको मनमस्तिष्कबाट ओरालो लागिसकेकी थिई । उसको गाउँ पनि त्यतिन्जेल ऊबाट धेरै टाढा गइसकेको थियो र यात्राको सुरुमा उसमा जुन एक प्रकारको सुस्ती, थकान थियो त्यो पनि अहिले हराइसकेको थियो । ऊदेखि अपरिचित जुन नयाँनयाँ गाउँ गुज्रिरहेका थिए तिनलाई हेर्नमा उसलाई आनन्द लाग्न थालेको थियो । उसको पछाडि एउटी आइमाई नाइटगाउनमा ढोकाको आड लिएर उभिएकी थिई— यो ध्यान नदिएरै, डिब्बाभित्रका मानिसहरूले कतै उसलाई हेरिरहेका त छैनन् ? मानिसहरूका घरपछिल्तिर आरुका बोट थिए । वसन्तको मौसम थियो । उनीहरू दक्षिणतिर गइरहेका थिए । रोजले सम्झन थाली, उसले टोरन्टोमा केके गर्नु छ । सबभन्दा पहिले त फ्लोका लागि मोजा किन्नु छ, गमलाहरूमा उपयोग गरिने एक विशेष प्रकारको सिमेन्ट र डोमिनोजको एक सेट। रोजले आफ्ना लागि हेयररिमुभर र हावा भरेर फुलाइने तकिया पुट्ठा र जाँघको बोसो कम गर्नका लागि । उसले पहिले सोचेकी थिई, उसको आफ्नो गाउँ हेनरिटटीमै केमिस्टको पसलमा हेयररिमुभर पाइहालिन्छ । तर त्यहाँ जुन आइमाई काम गर्छे ऊ फ्लोको साथी हो...उसले फ्लोलाई बताइदिन सक्छे। उसले नै फ्लोलाई बताएकी थिई, उसको पसलबाट कसले केके किनेर लैजाने गर्छन्— विशेष गरी गर्भनिरोधक र दुब्लाउने औषधीहरूका विषयमा । जहाँसम्म तकियाको कुरो छ त्यो त हुलाकबाट पनि मगाउन सकिन्थ्यो, तर त्यसले त हुलाकमै कानेखुसी सुरु भइहाल्ने थियो र फ्लो त्यहाँका पनि केही मानिसहरू चिन्दथी । रोजले आफ्ना लागि केही चुरा र अङ्गोरा ऊनको एउटा स्वेटर पनि लिनु थियो । उसको विचार यो थियो, यी चीजहरूको उपयोगले उसको शरीरमा केही परिवर्तन आउनेछ। उसको रङ केही सफा हुनेछ र उसको रूपरङ पनि पूरै बदलिनेछ।

यी सब चीजहरू खरिद्नुका साथसाथै यस यात्राका लागि पैसा पनि उसले आफूले पाएको त्यस इनामबाट निकालेकी थिई जुन उसलाई स्कुलको एक निबन्ध प्रतियोगिताबाट मिलेको थियो । फ्लो जान्दिनथी, ऊ पढ्न पनि सक्छे। उसले पछि सोची सायद पूरै डिक्सनरी कण्ठस्थ गर्न सकेकै कारण रोजले पुरस्कार पाएकी हो।

ऊ राति सेला म्याकिनीको घरमा बास बस्ने छे। सेला उसकी टाढाकी नातेदार हो । उसले एक जना होटेल म्यानेजरसित बिहे गरेकी थिई। त्यस बेलादेखि ऊ आफूलाई आकाशभन्दा माथिकी सम्झिन लागेकी थिई । तर होटेल म्यानेजर जब घर आयो अनि ऊ डाइनिङ रुममा दुई कुर्सीहरूका बीचमा बस्यो र भन्यो, 'म अब यो घर छाडेर कतै जान्नँ ।'

यो कुनै असाधारण कुरो थिएन। उसले मात्र यति तय गरेको थियो, ऊ अब घरभन्दा बाहिर जाने होइन र आफ्नो अन्तिम समयसम्म घरबाट बाहिर गएन । त्यसपछि त सेला पनि केही अनौठी र तर्सिएजस्ती भई । ऊ साँझ ८ बजे नै ढोकामा ताल्चा मारिदिन्थी । ऊ केही कन्जुस पनि भएकी थिई। साँझ सधैँ खानामा किसमिस हालिएको पोरिज लिन्थी। घर अँध्यारो हुन्थ्यो।

ट्रेनमा मानिसहरू भरिँदै थिए । ब्रेन्टफोर्डमा एक जना डिब्बामा आयो र रोजसित सोधेर उसको छेउको खाली सिटमा बस्यो । बस्नेबित्तिकै उसले भन्यो, 'बाहिर धेरै चिसो छ, भित्र त्यो कुराको पत्तो लाग्दैन रहेछ ।' उसले आफ्नो अखबारको एक भाग रोजलाई पढ्न दिने प्रस्ताव गऱ्यो, तर रोजले धन्यवादसहित त्यो लिन अस्वीकार गरी ।

पछि रोजलाई लाग्यो, त्यो मानिसले आफ्नो त्यो व्यवहारका कारण उसलाई धृष्ट नसम्झोस्, त्यसैले उसले उसको समर्थन गर्दै हो बाहिर वास्तवमै ज्यादै चिसो छ भनी र झ्यालबाट बाहिरको वसन्तको बिहानको दृश्य हेर्न लागी । बाहिर बरफ गलिसकेको थियो। रूख र झाडीहरूका काला बोक्रा देखिन लागेको थियो।

'यी झ्यालहरू कति फोहोर ! तपाईंलाई के लाग्छ ? के यी कहिले सफा गरिन्छन् होला ?' रोजको छेउमा बसेको व्यक्तिले भन्यो, 'के तपाईं धेरैजसो ट्रेनबाटै यात्रा गर्नुहुन्छ ?'

'गर्दिनँ,' रोजले भनी ।

बाहिर खेतहरूमा पानी भरिएको थियो। उसले टाउको हल्लाउँदै भन्यो, यो वर्ष खुब 'बरफ' पऱ्यो।

रोजले उसले भनेको 'बरफ' शब्दमाथि ध्यान दिई । उसको गाउँमा पनि बरफ नै भनिन्छ।

'एक दिन मलाई बडो अनौठो अनुभव भयो। म देहाततिर कारमा गइरहेको थिएँ...वास्तवमा म आफ्नो चर्चकै एक जनालाई हेर्न गइरहेको थिएँ...हृदयरोगले पीडित एक महिला...'

रोजले तुरुन्त उसको कालरतिर हेरी। तर उसले त एउटा साधारण कमिज, टाई र गहिरो रङको सुट पहिरेको थियो।

त्यो मानिसले रोजको जिज्ञासाको लख काढ्दै भन्यो, 'म युनाइटेड चर्चको पादरी हुँ। तर म सधैँ आफ्नो चर्चको पोसाक लगाउँदिनँ। म चर्चको ड्युटीको समय, धार्मिक उपदेश दिँदा मात्रै चर्चको पोसाक लगाउँछु। आज मेरो ड्युटी अफ छ...अँ, म भनिरहेथेँ म देहाततिर ड्राइभ गर्दै गइरहेथेँ, बाटोमा एउटा तालमा केही पोथी हाँसहरू देखिए। मैले फेरि हेरेँ अनि देखेँ तिनका साथमा केही भाले हाँस पनि थिए। हाँसहरूको हूल हेर्न लायकको थियो। उनीहरू निश्चय पनि वसन्तको आगमनमा उत्तरतिर गइरहेका थिए होला। मैले योभन्दा पहिले कहिल्यै त्यस्तो दृश्य देखेको थिइनँ...'

रोज जङ्गली हाँसहरूका विषयमा प्रशंसात्मक दृष्टिले केही भन्ने स्थितिमा थिइन। उसलाई डर थियो, पादरीहरूको जस्तो आदत हुन्छ, हाँसहरूका सम्बन्धमा कुरा गर्दागर्दै प्रकृतिका विषयमा कुरा गर्न थाल्ने छन् अनि पछि ईश्वरका विषयमा। तर रोजको यस्तो सोचाइ गलत थियो। उसले हाँसहरूकै कुरो जारी राख्यो।

'त्यो धेरै नै सुन्दर दृश्य थियो। तपाईंले देखेको भए तपाईंलाई पनि आनन्द आउने थियो।'

रोजलाई लाग्यो उसको उमेर ५०-६० को बीचको थियो होला। ऊ केही पुड्को कदको, तर आकर्षक थियो। उसले जब ईश्वरसम्म कुरा बढाएन अनि रोजलाई लाग्यो उसले उसको आभार मान्नुपर्छ। उसले भनी, निश्चय नै ती हाँसहरू सुन्दर र आकर्षक थिए होला।

'त्यो कुनै ताल थिएन। त्यो त खेतमा केही पानी भरिएको थियो। ती त्यहाँ पुगे र त्यसै बेला म पनि त्यतातिर ड्राइभ गर्दै निस्केको समय परेछ। यो मेरो सौभाग्य नै थियो, मैले तिनलाई देख्न पाएँ। त्यसभन्दा पहिले पनि म त्यो बाटो कैयौँ पटक ओहोरदोहोर गरेको हुँ, तर हाँसहरू कहिल्यै देखिएनन्।'

रोज अनि आफ्नो भ्यालतिर फर्की र ऊ आफ्नो अखबार पढ्नतिर लाग्यो। रोज मनमनै केही मुस्कुराइरहेकी थिई जसबाट त्यो मानिसलाई यो आभास नहोस्, ऊ उसको उपेक्षा गरिरहेकी छ वा ऊसित कुरा गर्न चाहँदिन। बिहान साँच्चै नै चिसो थियो। उसले हुकबाट आफ्नो कोट झिकी जुन उसले ट्रेनमा चढेपछि भुन्ड्याएकी थिई। अनि त्यसलाई खुट्टाहरूमाथि यसरी फैलाई जसरी सानो कम्बल वा सल फैलाइन्छ। पादरीलाई सजिलो गरी बस्ने ठाउँ बनाइदिन उसले आफ्नो पर्स भुइँमा राखिसकेकी थिई। पादरीले अखबारको त्यो भाग अलग गरेर एकातिर राख्यो जुन उसको मतलबको थिएन। रोजलाई लाग्यो, ऊ केही प्रदर्शनप्रिय व्यक्ति हो, जस्तो कि पादरीहरू प्रायः हुने गर्छन्।

रोजलाई लाग्यो, अखबारको एउटा छेउले उसका खुट्टालाई छोइरहेको छ। त्यस ठाउँ उसको कोटको एउटा टुप्पो थियो। रोजले पहिले सोची, त्यो अरू केही होइन अखबार नै हो, तर पछि आफैँलाई भनी त्यो हातै भए पनि हुने के हो र? ऊ यस किसिमको कल्पना मात्रै गर्न सक्थी। ऊ कहिलेकाहीँ पुरुषहरूको हात मात्रै हेर्थी— हातका रौँहरू। ऊ ती सबै कामहरूको कल्पना गर्ने गर्थी जसलाई हातहरू गर्न सक्थे, भलै ती अकारण नै किन नहून्। जस्तो कि ड्राइभर-डिलिभरी म्यान जो फ्लोको स्टोरमा ब्रेड ल्याउने गर्थ्यो। ऊ कसरी पूरै आश्वस्तिका साथ सावधानी राख्दै र सधिएका हातले ट्रकबाट ब्रेडको ट्रे झिकेर स्टोरसम्म ल्याउँथ्यो— ऊ बडो ध्यानले हेर्ने गर्थी। उसको अघिल्तिर निस्केको पेटबाट तल खस्केको बेल्टतिर उसले कहिल्यै ध्यान दिइन। एक पटक उसले स्कुलको फ्रेन्च टिचरलाई ध्यानपूर्वक हेरेकी थिई। ऊ स्वयं वास्तवमा फ्रन्सेली थिएन, तर फ्रेन्च भाषा पढाउँथ्यो। उसको नाम म्याक्लोरन थियो (जुन सामान्यतया स्कटल्यान्डका मानिसहरूको हुन्छ), तर रोजले सोची, फ्रेन्च पढाउँदापढाउँदा ऊ स्वयं फ्रेन्च जस्तै देखिन लागेको थियो। तिखो चुच्चे नाक र आँखाहरूमा फिक्का उदासी, धमिलो पहेँलो वर्ण, उचालिएका काँध। ऊ स्वयंको इच्छा थियो, कसैले ऊतिर ध्यान देओस्।

तर त्यो हात भएदेखि, अनि ? र वास्तवमा हातै हो भने पनि, त ? ऊ अलि हटी र भ्यालतिर जति मोडिन सक्थी उति मोडिई। उसको कल्पनाले यो यथार्थ प्रस्तुत गरिदिएको थियो। यथार्थ, जसका लागि ऊ तयार थिइन। यो उसका लागि भयप्रद थियो। उसको पूरै ध्यान खुट्टातिर थियो— मोजाभित्रका छालामाथि। उसले हेर्न चाहेर पनि तलतिर हेर्न सकिन। के कुनै प्रकारको दबाब थियो वा थिएन। ऊ अलिकति अरू पर सरी। उसका खुट्टाहरू आपसमै खुम्चिएका थिए र खुम्चिएरै रहे। त्यो हातकै दबाब थियो।

'प्लिज, यस्तो नगर्नोस्।' उसले भन्ने कोसिस गरी , तर भन्न सकिन। उसले यी शब्दहरूलाई आफ्नो मनमस्तिष्कमा ठीकसित समायोजन गरी, बाहिर निकाल्ने कोसिस गरी, तर शब्दहरू ओठभन्दा बाहिर आएनन्। यस्तो किन थियो ? उल्झन, आतस वा डर, कतै छेउछाउका मानिसहरूले नसुनून् ! मानिसहरू चारैतिर बसेका थिए, कुनै पनि सिट खाली थिएन।

तर मात्र यति थिएन।

रोजले ऊतिर हेरी, तर टाउको उचालेर होइन, बरु सावधानीपूर्वक आँखाका कोछाबाट। उसले आफ्नो सिट केही पछाडि सारिसकेको थियो र आँखा चिम्लिएको थियो, मानौँ

सुतिरहेको छ। उसको हात अखबारमुनि छेलिएको थियो। उसले अखबार यस किसिमले फैलाएको थियो, त्यो रोजको कोटमाथि खप्टिन पुगेको थियो र उसको हात त्यसमुनि निद्राले लोलिएर खसेझैँ राखिएको थियो।

रोजले चाहेकी भए अखबार उठाएर त्यसमुनिबाट आफ्नो कोट हटाउन सक्थी । ऊ ननिदाएको भए यसका निम्ति भद्रतासाथ आफ्नो हात हटाउने थियो। यदि ऊ निदाइरहेको भए रोजले हलुका स्वरमा 'एक्स्क्युज मी' भनेर स्वयं नै उसको हात उठाएर उसकै घुँडामाथि राखिदिने थिई। यो बिलकुल फुलप्रुफ र सोझो उपाय उसले सोच्दै सोचिन। अब उसले सोच्नु पर्छ। किन नसोच्ने ? पादरीको हात उसका लागि उकुसमुकुसको कारण थियो। त्यसमा उसलाई आक्रोश थियो। त्यसले उसलाई आसन्न सङ्कटको आभास गराइरहेको थियो। अरुचिकर र घृणास्पद थियो। तर ऊ केही गर्न सक्दैनथी। ऊ यो मान्न सक्दैनथी, त्यो हात त्यहीँ थियो, जब कि ऊ (पादरी) यो जनाइरहेको लाग्थ्यो, त्यो त्यहाँ थिएन। ऊ कसरी उसलाई दोष दिन सक्दथी जब कि ऊ शान्तिका साथ त्यहाँ सुतिरहेको थियो। उसको अनुहार दिनभरिको थकानपछिको शान्तिको स्वस्थ पहिचान थियो। उसको पिताभन्दा बढी उमेरको व्यक्ति (यदि उसको पिता जीवित रहेको भए) जो प्रकृतिप्रेमी, जङ्गली हाँसहरूलाई देखेर प्रमुदित हुने व्यक्ति, र मानिसहरूद्वारा माननीय ! यदि उसले 'प्लिज, डोन्ट' भनिहाली भने पनि सम्भावना यही छ, ऊ त्यसमाथि ध्यान दिने छैन, मानौँ उसले सुन्दै सुनेन।

तर यति मात्रै थिएन। अरू पनि धेरै थोक थियो। जिज्ञासा, केही जान्ने इच्छा ! वासनाभन्दा पनि बढी दृढ, दम्भी ! पछिपछि के हुन्छ— त्यसका लागि सबै थोक दाउमा लगाइदिनु !

अगाडि कैयौँ माइलसम्म हात अत्यन्त भीरुताका साथ, तर बहुतै हलुका दबाबले केही अन्वेषण गरिरहेझैँ त्यहीँ कायम रह्यो। स्पष्ट नै थियो, ऊ निदाएको थिएन। रोजलाई अत्यन्त घृणा लाग्यो । उसलाई लाग्यो, बान्ता होइहाल्छ। उसले अनुभव गरी मासुका ससाना चोक्टा उसका तिघ्रामाथि बिस्तारबिस्तार घिस्रिरहेछन्, लपलपाइरहेछन्। यो निचोर्नु, मुठ्याउनु, चिल्याइ— उसलाई गर्मीमा बिरालाहरूले एकआपसमा जीउ दल्ने कामको सम्झना भयो।

सबै थोक भइरहेको थियो। उसको हात जसलाई ऊ छुन पनि चाहँदैनथी, हटाउन पनि सक्दिनथी, बडो कुशलतासाथ आनन्द लिइरहेको थियो।

तर पनि उसले हात हटाउने छैन। हटाउन पनि सक्दिनथी। भ्यालबाहिर उसले भलै भनी— हात हटाऊ । जड रूखहरूसित भनी— प्लिज स्टप ! तर होइन। हात उसको लामो मोजाको माथिल्लो हिस्साको खुला भागको तिघ्राको छालासम्म पुग्यो। त्यसभन्दा माथि सस्पेन्डरसम्म। उसको अधोवस्त्रसम्म। कहाँसम्म भने, तल सानो पेटसम्म। उसका खुट्टा अहिले पनि एकआपसमा जोडिएका थिए र कैँची पारिएका थिए। एउटामाथि अर्को तिर्यक् राखिएका थिए। जबसम्म उसका खुट्टाहरूको यो स्थिति थियो, उसले यी सबैबाट अबोधताको दाबी गर्न सक्थी। उसले केही पनि स्विकारेकी थिइन । उसलाई अहिले पनि विश्वास थियो, उसलाई ऊ क्षणभरिमै रोक्न सक्थी। केही पनि हुनेवाला थिएन— यसभन्दा अगाडि केही पनि। उसका खुट्टा कहल्यै पनि अलग हुनेवाला थिएनन्।

तर ती हटे । हो, हटे। ट्रेन जसै नियाग्राको पहाडको ओरालोमा अघि बढ्यो, जब तिनले हिमज पहाडहरूतिर हेरे र ट्रेन ओन्टारियो झीलदेखि अगाडि बढ्यो, रोजले बहुतै सुस्त, तर दृढ स्वरमा प्रतिवाद गरी जुन हातवालालाई निश्चय नै निराश गर्ने खालको थियो, तर जुन स्वरमा प्रतिवाद गरिएको थियो त्यसमा उसलाई केही सन्तोष पनि थियो। ऊ नजर उठाउन सक्दैनथ्यो। उसको अनुहारको भाव बदलिएन, उसका औँलाहरू रोकिएनन्, बरु अझ छिटछिटो सतर्कतासाथ आफ्नो लक्ष्यतिर बढिरहेका थिए। अतिक्रमण अनि स्वागत र झीलको पानीमा टाढाटाढासम्म सूर्यकिरणहरू चमचमाउनु।

यो अपमान थियो, यो नीचता थियो। तर यसमा हानि के थियो— हामी आफैँ आफूसित यस किसिमको स्थितिमा यो सोध्छौँ ? कुनै अपरिचितको हात वा कन्दमूल वा भान्साको कुनै हलुको उपकरण जसका बारेमा मानिसहरू अक्सर किसिमकिसिमका ठट्टा गर्छन्— संसार यस्ता सोझा अबोध मानिसहरूले भरिएको छ जसले आफूलाई चिप्ल्याहा मान्छन् र उपकृत भएको प्रकट गर्नका लागि तयार रहन्छन्। यस समय ऊ सास पनि बडो सावधानीपूर्वक फेरिरहेकी थिई। उसलाई विश्वासै भइरहेको थिएन, यो के भइरहेको छ। ऊ परिस्थितिहरूको सिकार थिई र अपराधमा सहायक पनि। उसले अहिले ग्लास्कोको जाम र मार्मलाडको स्टेज पार गरिसकेकी थिई, तेलका रिफायनरिजका ठूलाठूला पाइपहरूको स्पन्दनभन्दा पनि अगाडि बढिसकेकी थिई।

उसले जिभ्रो टोकी । त्यसै बखत त्यहाँबाट अगाडि बढिरहँदा कन्डक्टरले यात्रुहरूलाई चाँडै नै गन्तव्यमा ट्रेन पुग्ने सूचना दियो।

स्टेसनको अँध्यारोमा युनाइटेड चर्चको पादरीले आँखा

खोल्यो। आफ्नो अखबार समेट्यो अनि रोजसित सोध्यो, के ऊ उसलाई कोट लगाउनमा सहयोग गर्न सक्छ ? उसको यो शौर्य प्रदर्शन आत्मसन्तुष्टिको र आफूलाई आफैँले दोषमुक्त गर्नुको प्रतीक थियो।

'पर्दैन।' रोजले केही रूखी भएर भनी।

ऊ रोजभन्दा पहिले नै बाहिरियो। रोजले उसलाई स्टेसनमा देखिन। तर सही अर्थमा ऊ उसका आँखाबाट कहिल्यै ओझेल भएन। उसका पति र प्रेमीहरूको उपस्थितिमा पनि बिना उनीहरूको वास्ता कुनै पनि सङ्कटापन्न स्थितिमा ऊ उसका आँखाका अगाडि थियो।

उसमा यस्तो के कुरो थियो, उसले कहिल्यै बुझ्न सकिन। उसको नम्रता, उसको सरल स्वभाव, उसको दम्भीपन वा उसको सामान्य पौरुषता ! जब ऊ उभिएको थियो, तब रोजले देखी, उसले जस्तो सम्झेकी थिई अग्लाइमा ऊ आफूभन्दा होचो थियो, उसको अनुहार गुलाफी र चमचमाउँदो थियो र उसमा केही अपरिपक्वता र बालसुलभ अबोधता जस्तो केही थियो।

के ऊ वास्तवमा पादरी थियो वा मात्र देखाउनका लागि उसले रोजलाई त्यस्तो भनेको थियो ? फ्लोले उसलाई यस्ता मानिसहरूका बारेमा बताएकी थिई जो पादरी थिएनन्, तर पादरीका भेष धारण गरेर आफूलाई पादरी देखाउँथे। तर के रोजको स्वयंको जीवनमा यस्ता व्यक्तिको सामना भएको थियो ? भलै जेजस्तो भयो त्यो स्वाग्तयोग्य थिएन।

रोज युनियन स्टेसनबाट बाहिर निस्की। उसको सानो ब्याग जसमा दस डलर राखिएको थियो, उसको जीउसित रगड खाँदै हिँडिरहेको थियो। उसले जान्दथी दिनभरि यस रगडको सम्झना रहिरहनेछ। त्यसले उसलाई बरोबर त्यो रगडको सम्झना गराइरहनेछ।

यसपछि उसलाई फ्लोले भनेको सम्झना भयो। उसले सम्झी, जब फ्लो यहाँ युनियन स्टेसन नजिकको कफी पसलमा काम गर्थी त्यस बेला छेवैको गिफ्ट पसलमा मेभिस नामकी एउटी केटी थिई। उसका परेलामा मुसा उम्रेका थिए। त्यस बेला यस्तो लाग्थ्यो त्यहाँ चाँडै नै कुनै रोग लाग्नेछ। तर होइन, मुसा आफसेआफ सफा भए। मेभिस आफैँले ती निकाल्न लगाएकी पनि हुन सक्छ। फ्लोले यसबारेमा कहिल्यै केही सोधिन।

मेभिस हेर्नमा सुन्दर थिई। ऊ हेर्नमा त्यस समयकी एक प्रसिद्ध फिल्म स्टार समान लाग्थी। रोजले यो फिल्म स्टारका बारेमा पहिले कहिल्यै केही पनि सुनेकी थिइन। उसको नाम फ्रान्सेस फर्मर थियो।

मेभिसले एउटा ठूलो ह्याट किनी जस्तो कि त्यो फिल्म स्टारले लगाउँथी र जुन लगाउँदा एउटा आँखा छेकिन्थ्यो। यस किसिमले उसले एउटा ड्रेस पनि किनी जुन पूरै लेसले बनेको थियो। एउटा सप्ताहान्तमा ऊ एउटा हलिडे रिसोर्टमा गई र फ्रान्सेस फर्मरको नाममा कोठा बुक गरी— मानिसहरूमाथि यो प्रभाव पार्न, ऊ वास्तविक फिल्म स्टार थिई। तर किनभने ऊ बिदामा थिई, अत: मानिसहरू उसलाई नचिनून्, यसका लागि उसले आफूलाई फ्लोरेन्स भनी। ऊसित सिपीको त्यस्तै चुरोटको केस थियो जस्तो फिल्म स्टारसित थियो। फ्लोले बताएकी थिई, चिनिई भने उसलाई गिरफ्तार गर्न सकिन्थ्यो।

रोज त्यही गिफ्ट सपमा पनि गई। केवल यो पत्तो लगाउन, के मेभिस अचेल पनि त्यहीँ काम गर्दै थिई अनि उसलाई चिन्द त छे ? उसले सोची त्यस किसिमको रूपान्तरण बहुतै ठूलो कुरो थियो र यो पनि, त्यसबाट बचेर निस्कनु, आफ्नो छालाको बलबुतामा, तर नयाँ नामले।

(**अनुवाद : हरिकृष्ण शर्मा**)

□

विश्वसाहित्य स्पेनिस कथा

थोमस भर्गास र दुइटी आइमाईह

इसाबेल अलेन्डे

(**डाक्टर अफ फर्च्युन** जस्तो बहुचर्चित उपन्यासका लेखिका। स्वतन्त्र पत्रकार, विचारक, सामाजिक कार्यकर्ता। दक्षिणी अमेरिकाको राजनीतिक मुद्दाहरूका विषयमा मुखर अभिव्यक्ति दिने अलेन्डेको कृतित्वमा विद्यमान 'मायिक यथार्थ' ले विशेष रूपमा आकृष्ट गर्छ। उनी सर्वाधिक पढिने स्पेनिस लेखिका हुन्। प्रमुख कृतिहरू— **द हाउस अफ दि स्प्रिट, सिटी अफ द बिट्स, इभालुना, द आइसल्यान्ड बिनिथ द सी** ।)

आधुनिक प्रगतिको ऐतिहासिक तामझामभन्दा पहिले, जोकोहीसित पनि जेजति थोरै बचत हुन्थ्यो, सुरक्षाका लागि त्यसलाई जमिनमुनि गाडिन्थ्यो। उनीहरू आफ्नो सम्पत्ति सुरक्षित राख्ने एक मात्र यही उपाय जान्दथे।

यो धेरै पछिको कुरो हो, जब मानिसहरूले बैङ्कहरूमाथि भरोसा गर्न सिके। जब फराकिला सडकहरू बने, मानिसहरूलाई बसद्वारा एउटा सहरबाट अर्कोतिर जान सजिलो भयो, मानिसहरूले आफ्ना सुनचाँदीका सिक्काहरूलाई रङ्गीन कागजका टुक्रामा बदले र तिनलाई बलिया सन्दुकमा बन्द गरे, मानौं ती निकै ठूला खजाना हुन्। ठोमस भर्गास मानिसहरूको यो केटौलीमा हाँस्थ्यो, किनभने उसलाई बैङ्कहरूको व्यवस्थामा भरोसा थिएन। समयले उसलाई सही ठहरायो र तीस वर्ष सत्तामा बसेर जब एल बेनेफ्याक्टरको सरकार ढल्यो र रुपियाँको नाममा छापिएका ती रङ्गीन कागजका टुक्राहरूको कुनै मूल्य नै रहेन, तब धेरैजसो मानिसहरूले यी रङ्गीन कागजहरूलाई आफ्नो केटौली वयका त्रासदको स्मृतिका रूपमा भित्ताहरूमा सजावटका लागि टाँस्न सुरु गरे। सानो सहरका सारा मानिसहरू जब यी रुपियाँहरूको निरर्थकताबारे अखबारहरूलाई चिठी लेखिरहेका थिए र अखबारहरू उनीहरूको गुनासो दर्ज गरिरहेका थिए, ठोमस भर्गासका सुनका ढिकाहरू सुरक्षित रूपमा खाल्डोमा गाडिसकिका थिए यद्यपि यस सौभाग्यले उसको कन्जुस्याइँ र धोकाधडीमा कत्ति पनि फरक ल्याउन सकेको थिएन। ऊ अचेल पनि नतिर्ने निश्चयका साथ रकम सापटी लिन्थ्यो। छोराछोरी भोकै रहून् वा स्वास्नीहरूले पुरानाभुत्रा लुगा लगाऊन्, ऊ आफू भने पनामा ह्याट लगाउँथ्यो र महँगा सिगार सल्काउँथ्यो। उसका छोराछोरीहरूको स्कुले फिस पनि सधैँ बक्यौता नै रहन्थ्यो। उसका आफ्ना ६ वैधानिक बच्चाहरूको पढाइ यसरी मफतमै भइरहेको थियो, जसको पूरै श्रेय त्यो सानो सहरको शिक्षिका एनिसलाई जान्थ्यो। एनिसलाई लाग्थ्यो, जबसम्म उसको दिमागमा बुद्धि र जीउमा बल रहन्छ तबसम्म यो सानो सहरका कुनै पनि केटाकेटी अनपढ रहनु हुँदैन।

भर्गासको लड्नेभिड्ने आदत, दारुगिरी र आइमाईहरूसित लाग्ने आदतमाथि उसको बढ्दो उमेरले कुनै असर पार्न सकेको थिएन। सानो सहरको सबभन्दा साहसी मर्द हुँ भनेर उसलाई घमन्ड थियो। जहिले पनि ऊ दारुको नशामा धुत् भएर निस्कन्थ्यो, छाती फुकाएर र घाँटी फुलाएर ऊ आफ्नो जिन्दगीमा आएका ती सबै आइमाईहरूको नाम लिन्थ्यो, जजसको ऊसित सम्बन्ध थियो र ती सबै अवैधानिक सन्तानहरूको नाम लिन पनि बिर्सिंदैनथ्यो जसका नसामा उसको रगत बगिरहेको थियो। यदि उसको प्रलापको विश्वास गर्ने हो भने, अहिलेसम्म उसका तीन सयवटा सन्तान भइसकेका थिए, किनभने हरेक पटक दारुले मात्तिएको बेला ऊ अलगअलग मानिसहरूको नाम लिन्थ्यो। पुलिसले उसलाई कैयौं पटक समातेर लगिसकेको थियो र जमाएर लातैलात खाँदिसकेको थियो, यो मानेर कि सायद उसमा थोरबहुत सुधार आओस्, तर उसमा यी सबैको कुनै असर देखिँदैनथ्यो। हो, एक जना यस्तो जरुर थियो, जसको ऊ इज्जत गर्थ्यो । ऊ थियो सहरको पसले तुर्क— रियाध हलाबी। यसकारण भर्गासका छिमेकीहरू जहिलेजहिले उसलाई धोकेर धुत् भएको देख्थे अथवा स्वास्नी-केटाकेटीहरू पिटिरहेको देख्थे, झट्टै रियाध हलाबीलाई खबर गर्न पुगिहाल्थे। रियाध पनि सुन्नेबित्तिकै, पसलमा ताल्चा

नलगाई, तुरुन्तै भर्गासको घर पुगिहाल्थ्यो। उसले मुख खोल्नुअघि नै भर्गासले जसै उसलाई देख्थ्यो, शान्त भइहाल्थ्यो। त्यो जस्तो हब्सीलाई शान्त गर्नका लागि रियाध नै एक मात्र प्रभावकारी औजार थियो। भर्गासकी स्वास्नी एन्टोनिया सियारा ऊभन्दा २६ वर्ष कान्छी थिई, तर ऊ ४० वर्षको उमेरमै बूढी भइसकेकी थिई। उसको मुखमा एकाध दाँत मात्र बाँकी थिए। उहिले यौवन कालमा सुन्दर उसको जीउ कडा मेहनत, गर्भाधान र गर्भपतनहरूका कारण जर्जर भइसकेको थियो, तर अचेल पनि जब ऊ शिर उचालेर कम्मर लच्काएर हिँड्थी, उसको चालमा पुरानो सौन्दर्यको मादकता र बितेको यौवनको छनक देखिन्थ्यो।

एन्टोनियाका लागि दिनको २४ घन्टा पर्याप्त थिएन। किनभने ऊ घरका बच्चाहरू र खोरभित्रका कुखुराहरूको लानपालनबाहेक पुलिसहरूका लागि दिउँसोको खाना पकाएर र स्कुल धोइपुछी गरी आफ्ना लागि केही पैसा कमाउँथी। कैयौँ पटक उसको जीउमा नीलडाम देखेर पनि ऊसित कसैले सबाल गर्दैनथ्यो, किनभने सबै उसको लोग्नेका करतुतदेखि परिचित थिए। केवल रियाध हलाबी र स्कुले शिक्षिका एनिस कुनै न कुनै निहुँले उसलाई कहिले खान दिन्थे, कहिले लुगाफाटो, बच्चाहरूका लागि किताबकपी र भिटामिनका चक्कीहरू थमाइदिने गर्थे।

एन्टोनियाले आफ्नो लोग्नेका धेरै ज्यादतीहरू सहेकी थिई, जसमा आफ्ना रखौटीहरूलाई घरमा ल्याउनु पनि थियो।...र एक दिन, कुनै दुखी र उदास प्रेतात्माझैँ ठोमस भर्गास बस्ने सानो सहरमा कोन्चा डियाज सरकारी ट्रकमा यात्रा गरेर अवतरित भएकी थिई। वास्तवमा, ट्रक ड्राइभरलाई उसमाथि दया लागेको थियो, जब त्यो केटीले एउटा कुटुरो काँधमा र अर्को पेटमा बोकेर तातो सडकमाथि नाङ्गा खुट्टा हिँडिरहेको देख्यो। सबै ट्रक सहरतिर निस्कनुअघि रियाधको अड्डामा बिसाउँथे, यसकारण रियाध हलाबी पहिलो व्यक्ति थियो जससित त्यो केटीको सामना भयो। जुन ढङ्गमा त्यो केटी उसको अड्डामा आएर उभिई र आफ्नो कुटुरो भुइँमा राखी, त्यसबाट रियाधले बुझ्यो ऊ बाटो काट्ने बटुवा मात्र थिइन, ऊ यहीँ आफ्नो घरद्वार बसाउन आएकी थिई। त्यो कम उमेरकी, पुड्की, सामलीसामली केटी थिई, जसको टाउकामा घाम र धूलोले छोपिएको घुङरालु र लट्टा परेको केशले कहिलेदेखि हो काइँयोको अनुहार देख्न पाएका थिएनन्। जस्तो कि रियाधले सबै यात्रीहरूसित गर्थ्यो उसले कोन्चालाई बस्नका लागि मेच र पिउनका लागि सरबतको गिलास थमायो र केटीको जीवनका दुर्घटनाहरू र दुर्भाग्यहरूको कथा सुन्नका लागि तयार भयो। केटीले धेरै केही भनिन, केवल औँलाले च्यापेर नाकको सिङान फाली र आँखा तल भुइँतिर जमाइरही। अनि उसका आँखाबाट आफ्नो दुर्भाग्यको दुहाई दिने आँसुका बलिन्द्रधारा बग्न थाले। अन्ततः उसले बुझ्यो ऊ थोमस भर्गाससित भेट्न चाहन्छे। उसले भर्गासलाई तुरुन्त बोलाउन एउटालाई पठायो। जसै उसले भर्गास आइरहेको देख्यो, नजिक गएर पाखुरा समातेर, उसलाई समालिने मौकै नदिई, केटीका अगाडि उभिन पुग्ने गरी घचेटिदियो।

'केटीले भन्दै छे, उसको पेटमा तेरो बच्चा छ,' रियाधले सुस्त कठोर स्वरमा भन्यो, जसरी उसले प्रायः रिसाएको बेलामा भन्ने गर्थ्यो।

'यसको प्रमाण के छ, तुर्क ! आमा को हो, यो त कसैले पनि बताउन सक्छ, तर बाउको विषयमा कसैले पनि ठोकुवा भन्न सक्दैन,' भर्गासले आफ्नो अस्थिरता लुकाउने कोसिस गर्दै भन्यो र खलनायकको शैलीमा आँखा झिम्क्यायो।

उसको यो क्रिया त्यहाँ उभिएका सबै मानिसहरूलाई राम्रो लागेन र यसका साथै केटीले आफ्नो रुवाइको सुर झन् उचाली। सुँक्कसुँक्क गर्दै उसले भनी, यदि उसलाई हुनेवाला बाउको नाम थाहा नहुँदो हो त ऊ खोज्दैसोध्दै यति टाढा आउने थिइन।

रियाधले भर्गासलाई भन्यो, ऊ आफूले गरेको यस्तो कामप्रति लज्जित हुनुपर्ने हो, ऊ केटीको बाउको उमेर पार गरिसकेको व्यक्ति भएर पनि यस्तो गऱ्यो र यस पटक पनि उसले यो सम्झिन्छ, मानिसहरूले उसलाई अरू बेलाझैँ माफी गरिदिने हुन् भने उसले गलत बुझिरहेछ। केटी झन् जोडजोडले रुन थाली।

'उठउठ, भो, हिँड नानी, तिमी मेरो घरमा केही दिन बस, कममा पनि बच्चा नजन्मुन्जेल।' सबैले जान्दथे रियाधले अब यही भन्ने छ।

कोन्चा डियाजले अझ जोडले सुँक्कसुँकक गर्दै घोषणा गरी, ऊ ठोमस भर्गासकै घरमा भित्रिन त्यति टाढादेखि आएकी हो र ऊ केवल त्यहीँ बस्नेछे। पसलभित्र खेलिरहेको हावा भारी भयो र वातावरणमा स्तब्धता छायो, जसलाई चलिरहेको पङ्खाको गतिले र केटीको सुँक्कसुँक्कले मात्र बिथोल्न सकिरहेको थियो। त्यो सुँसुँकाइरहेकी केटीका अगाडि कसैको यो हिम्मत भएन, यो बूढो मान्छे विवाहित छ र उसका छ जना छोराछोरी छन् भन्न।

'ठीक छ, कोन्चा, तँ यही चाहन्छेस् भने यही हुने छ, तँ अहिले नै मेरो घर हिँड् !' अन्ततः भर्गासले त्यो केटीको

कुटुरो उठायो र आफूसित लग्यो ।

एन्टोनियो सियारा घर फर्केपछि देख्छे, उसको ओछ्यानमा अर्की कुनै आइमाई आराम फर्माइरहेकी छ। जीवनमा पहिलो पटक एन्टिोनियोलाई सहन भएन । उसको अभिमानले उसका भावनाहरूलाई लुकाउन अस्वीकार गरिदियो । उसको अपमान तल सडकसम्म सुनिरहेको थियो, त्यो बजारभरि गुन्जिरहेको थियो र प्रत्येक घरमा घुसपैठ गरिरहेको थियो । ऊ चिच्च्याइरहेकी थिई, कोन्चा डियाज फोहोर नालीको कीरोजत्तिकै घृणास्पद छे र एन्टोनियो सियाराले उसलाई सहज जीवन बाँच्न यति असम्भव गराइदिनेछे, ऊ आएको ठाउँतिरै फर्किनेछे । ऊ यो भ्रममा कत्ति पनि नरहोस् कि उसका छोराछोरी ऊसित एउटै छतमुनि बस्न राजी हुने छन् । अनि एन्टोनियो पनि त्यस्ती बेकुफ र मूढ मतिकी आइमाई होइन । उसको लोग्नेले पनि आफ्नो चालचलन सुधारिहाल्ने होइन, तर उसले त्यस राक्षसको सम्पूर्ण पाशविकता, छलछाम र धोका आफ्ना गरिब, निर्दोष छोराछोरीहरूका मुख हेरेर सहन गरेकी हो, तर अब उसले देखाइदिनेछे एन्टोनियो सियारा भनेको के हो ? उसको यो सन्की गनगन एक सातासम्म चलिरह्यो र त्यसपछि उसको चिच्च्याएर बोल्ने स्वर सुस्त स्वरको बर्बराइमा बदलियो । उसले आफ्नो सुन्दरताको अन्तिम चिह्न पनि गुमाई, कति भने उसले आफ्नो चाल पनि बिर्सी र कोर्रा खाएको कुकुरझैँ घिस्रिएर हिँड्न थाली ।

उसका छिमेकीहरूले उसलाई सम्झाउन चाहे, वास्तवमा यो भर्गासको गलती हो, कोन्चाको होइन, तर एन्टोनियो राम्रो वा खराब, कुनै पनि किसिमको सल्लाह सुन्न तयार थिइन ।

त्यस घरमा जिन्दगी कहल्यै पनि त्यति सुखपूर्ण थिएन, तर ऊ आएपछि त्यो घर नरकभन्दा पनि बढी दुखदायी भयो । एन्टोनियो आफ्ना केटाकेटीसित ओछ्यानमा गुटमुटिएर अर्की केटीलाई गाली गर्दै रात बिताइदिन्थी, जब कि अर्कातिर उसको लोग्नेले केटीलाई ललाईफकाई अँगालोमा हालेर घुरिरहेको हुन्थ्यो ।

बिहान भुकभुके उज्यालोमै एन्टानियोले उठ्नु पर्थ्यो । ऊ कफी बनाउँथी, छोराछोरीहरूका लागि नास्ता तयार गर्थी, तिनीहरूलाई स्कुल पठाउँथी, पुलिसहरूका लागि खाना पकाउँथी, लुगा धुन्थी र इस्त्री गर्थी । उसभित्रको तीतो छचल्किएर बाहिर आउँथ्यो, तर ऊ आफ्ना दिनचर्याका सबै काम एउटा मेसिनको तत्परतासाथ गर्दै जान्थी । उसले आफ्नो लोग्नेका लागि खाना बनाउन बन्द गरिदिएकी थिई, त्यस कारण एन्टोनियो बाहिरिनेबित्तिकै कोन्चाले त्यो काम समाल्थी, जसले गर्दा भान्सामा उसले एन्टोनियोको सामना गर्नु नपरोस् । एन्टोनियोको घृणा यति हिंसक देखिन्थ्यो, उसका छिमेकीहरूलाई डर लाग्थ्यो, कुनै दिन उसले आफ्नो सौताको हत्या नगरिदेओस्, यसकारण उनीहरूले रियाध हलाबी र स्कुलकी शिक्षिका एनिस भएठाउँ गएर भन्थे, कुनै दुर्घटना हुनुभन्दा पहिले उनीहरूले हस्तक्षेप गरून् ।

तर चीजहरू यसरी बदलिएनन् । दुई महिनामै कोन्चाको पेट तरबुजोजत्रै उकासियो । उसका खुट्टा कति सुन्निए भने, तिनका नसा फुट्लान् जस्ता भए, एक्लोपनबाट आत्तिएर उसको रुनु चौबीसै घन्टा जारी रहन्थ्यो । थोमस भर्गास उसका आँसु हेर्दाहेर्दा थाकिसकेको थियो र अचेल ऊ सुत्न मात्र घर आउँथ्यो । यसका साथ दुवै आइमाईहरूको पालैपालो खाना बनाउने काम बन्द भयो । कोन्चाले उठ्नेबस्ने र लुगा बदल्ने काम पनि बन्द गरी । उसमा आफ्ना लागि एक कप कफी बनाउने ताकत पनि थिएन र ऊ पूरै दिन छततिरको पङ्खालाई टकटकी हेर्दै सुतिरहन्थी । एन्टोनियोले उसलाई दिउँसोमा त उपेक्षा गर्थी, तर रात पर्दानपर्दै कोन्चाका लागि आफ्नो कुनै बच्चोको हात गिलासभरि तातो दूध पठाइदिन्थी, जसले गर्दा कसैले यो भन्न नपाओस्, उसले आफ्नो घरमा कसैलाई भोकभोकै आर्तनाद गर्दै मर्न दिई । यो दिनचर्या केही दिनसम्म दोहोऱ्याइरहियो । केही समयपछि कोन्चा बाँकी सबैका साथ बसेर खान थाली । एन्टोनियो उसका अगाडिबाट यसरी हिँड्थी मानौँ उसको उपस्थितिको उसलाई ज्ञान छैन । अब उसले कोन्चालाई आफूतिर आएको देखे पनि सराप्न र ताना कसन लगभग बन्द गरेकी थिई । जब उसले कोन्चालाई दिनैपछि दुब्लाउँदै र हाडको ढाँचा मात्र हुँदै गएको देखी— खेतबीचमा उभिएको बुख्याँचा जस्तै, जसको पेट तुम्बा जस्तो थियो र आँखातल काला टाटा, त बडो सुस्तसुस्त पाइला चाल्दै मायाममताले उसभित्र ठाउँ बनाउन थालेका थिए । आखिर एन्टोनियोले आफ्ना सबै कुखुराहरू एकएक गरेर काट्दै उसका लागि सुरुवा र पकुवा बनाएर दिन थाली । जब कुखुराहरूको सङ्ख्या घट्दैघट्दै एक दिन सकियो तब उसले त्यो गरी, जुन आजसम्म उसले आफ्ना लागि पनि गरेकी थिइन, ऊ रियाध हलाबीसित मदत माग्न गई । 'मैले छ सन्तान जन्माएँ, केही त जन्मनुभन्दा पहिले नै मरे, तर मैले कसैलाई पेट बोकेको बेला यति बिरामी भएको देखिनँ,' एन्टोनियोले लजाउँदै रियाधलाई भनी, 'यो केटी त मात्र हाडखोरको ढाँचा हुँदै गई । तुर्क, घाँटीभन्दा तल गाँस जानासाथ ऊ त्यो बान्ता गरेर फालिदिन्छे ।' अनि उसले केही

समालिएर आफ्नो निर्दोषिता साबित गर्न सफाइ दिएझैं भनी, 'यो होइन, मलाई उसको निकै चिन्ता छ, उसको त्यो बिरामी मेरो टाउको दुखाइ होइन, तर ऊ मेरो घरमा मरी भनी म उसकी गरिब आमालाई के जबाफ दिउँला ?'

रियाध हलाबीले बिरामी केटीलाई ट्रकमा हाल्यो र अस्पताल लग्यो। एन्टोनियो पनि उसको साथै गई। दुवैले अस्पतालबाट औषधीका रङ्गबिरङ्गी चक्कीहरू र कोन्चाका लागि एक जोर नयाँ लुगा लिएर फर्के, किनभने जुन ड्रेस उसले लगाएकी थिई, त्यसलाई त ऊ आफ्नो कम्मरभन्दा मुनि सार्नै सक्दिनथी। कोन्चाका दुखहरूले एन्टोनियोलाई पुराना दिनहरूको केही अंशको सम्झना दिलाइदिए, जब ऊ आफू पनि जवान थिई र पहिलो पटक गर्भवती भएकी थिई। ऊ त्यस्तै समयबाट गुज्रिएकी थिई। ऊ चाहँदिनथी, कोन्चाका आउँदा दिनहरू पनि उसका दिनहरूझैं यातनादायक होऊन्। एन्टोनियोका प्रति उसको मनमा अहिले रिस टाढैको कुरा, एउटा नरम रहस्यात्मक संवेदना हुर्किन लागेको थियो। बिस्तारबिस्तारै ऊ उसलाई आफ्नी छोरीझैं देख्न लागेकी थिई, जसले आफ्नो जवानीको मातमा कुनै गलत कदम उठाएकी थिई र हर उपायले त्यसलाई सुधार्ने जिम्मेदारी उसकी आमाको हुन्थ्यो। केटीलाई आफ्नो जीउमा अप्रत्याशित हेरफेर देखेर आत्तुरी लाग्न लागेको थियो। जताततै फैलिँदै गएको सुन्निनु, घरीघरी पिसाप गर्न उठ्नु, हाँसझैं डगमगाउँदै पाइला सार्नु, अनियन्त्रित वाकवाकी र यी सबभन्दा माथि मरिहाल्ने अदम्य इच्छा। कुनैकुनै दिन त ऊ बिहानीपख यति बिरामी हुन्थी, ओछ्यान छोड्नै सक्दैनथी। त्यस बेला एन्टोनियोले पालैपालो उसको हेरचाह गर्न आफ्ना बच्चाहरूलाई नम्बर लगाएर खटाइदिन्थी र आफ्नो दिनभरिको काम चाँचाँडै सकाएर कोन्चाको हेरविचारका लागि मध्याह्नमै घर फर्किन्थी। कुनै दिन यस्तो पनि हुन्थ्यो, कोन्चा बडो जाँगरिलो र ताजा भएर उठ्थी। त्यस्तो बेला एन्टोनियोले घर सफासुग्घर र टेबलमाथि खाना पस्कन तयार राखिएको पाउँथी। एन्टोनियो आउनेबित्तिकै कोन्चाले उसलाई तात्तातो एक कप कफी बनाएर दिन्थी र उसको छेउमा उभिएर स्वामिभक्त जनावरझैं सरस आँखाले कफी पिउने प्रतीक्षा गर्थी।

बच्चो सहरकै अस्पतालमा जन्मियो, किनभने उसले सोझो बाटोबाट यस संसारमा अवतरण गर्न अस्वीकार गरिदिएको थियो। चिकित्सकहरूले बच्चालाई बाहिर ल्याउन पेट चिर्नु परेको थियो। एन्टोनियो उसको स्याहारसुसार गर्न एक हप्ता अस्पतालमै बसी। आफ्ना बच्चाहरूको हेरविचार गर्ने काम उसले एनिस टिचरको जिम्मा लगाएकी थिई। दुवै आइमाईहरू हलाबीको कन्टेनर जस्तो ट्रकमा बसेर घर फर्के। एग्वा स्यान्टाका सबै मानिसहरूले तिनीहरूको स्वागत गरे। जब एन्टानियोले नवजात शिशुलाई काखमा लिएर हजुरआमाको जस्तो ठस्कोसाथ सबैलाई बच्चोको मुख देखाई र तुर्कका प्रति कृतज्ञता प्रकट गर्दै बच्चाको नाम रियाध भर्गास डियाज राख्ने विचार गरेको बताई त्यस बेला कोन्चा डियाजको अनुहार पनि उज्यालो भयो। यो साँचो पनि थियो, किनभने तुर्कको सहयोगबिना कोन्चाले मातृत्वको ओहदा पाउनु असम्भव थियो। अस्पतालको सबै बिलको भुक्तानी पनि रियाधले नै गरेको थियो। थोमसले त खर्चको कुरा सुन्नेबित्तिकै शाश्वत जँड्याहाको स्वाङ गर्दै गाडिएको सुन निकाल्नलाई ठाडै अस्वीकार गरेको थियो।

दुई साता पनि बितेका थिएनन्, कोन्चाको पेटका टाँका पनि सुकेका थिएनन्, थोमस भर्गासले कोन्चा डियाजलाई आफ्नै अड्डातिर फर्कन भन्यो। यो सुन्नेबित्तिकै एन्टोनियाले आफ्ना दुवै पुट्ठामा दुवै हात राख्दै निहुँ खोज्ने पारामा अगाडि सरी। चाम्रे बूढोको बाटो रोक्ने हिम्मत उसको जीवनमा पहिलो पटक देखा परिरहेको थियो। ठोमसले सधैंझैं एन्टोनियोको धुलाइ गर्न बेल्टलाई कोर्राझैं हावामा फट्कार्नासाथ एन्टोनियो जसरी हिंसक आँखाले हेर्दै ऊतिर बढी, ठोमसले चकित भएर पाइला पछि साऱ्यो र उसको कोर्रा पनि बीचबाटैमा लत्रियो। ऊ पछि हट्नासाथ एन्टोनियोका लागि यो बुझ्न गाह्रो भएन, को बढी बलियो छ। यसबीच कोन्चाडियाजले पनि बच्चालाई एउटा कुनामा सुताई र परिआएमा माटाको एउटा गरुङ्गो फूलदानी ठोमसको टाउकोमा बजार्न दुवै हातले माथि उचाली। भर्गासले बुझ्यो अब उसको दाल गल्ने होइन। उसले दुवै आइमाईहरूलाई गाली गर्दै र सराप्दै घरबाट बाहिरियो। पूरै सहरलाई यस घटनाबारे थाहा लाग्यो। ठोमस आफैंले पनि कोठावाल केटीहरूलाई यसका बारेमा बतायो र त्यहाँबाट त्यो हल्ला हावाझैं चारैतिर फैलियो।

त्यसपछि चीजहरू तेजीका साथ बदलिन लागे। कोन्चा डिआजको स्वास्थ्य दिनदिनै सुध्रिन थाल्यो। जब एन्टोनियो काममा जान्थी तब कोन्चाले सबै केटाकेटीहरूको, घरको र बारीको हेरचाह गर्थी। थोमस भर्गास डराउँदैडराउँदै चुपचाप घर फर्कन्थ्यो। ऊ अब सबै कसर बच्चाहरूलाई हकारेरै पूरा गर्थ्यो र भट्टीमा भाषण दन्काउँथ्यो— 'गाईभैंसीझैं आइमाईहरू पनि लाठीकै भाषा बुझ्छन्,' तर घर फर्केपछि ऊ आफ्ना आइमाईहरूमाथि त्यो भाषा प्रयोग गर्दैनथ्यो। जब ऊ रक्सीको मातमा धुत रहन्थ्यो, बीच चउरमा उभिएर ठूलो

स्वरमा चारैतिर सुनिने गरी यस किसिमले आफ्ना स्वास्नी र रखौटीहरूसितको मजा बखान गर्थ्यो, जसले गर्दा कैयौँ आइतबारसम्म पादरीले चरित्रहीनता र भ्रष्टाचारको खण्डन गर्ने खालका प्रवचन दोहोऱ्याइरहनुपर्थ्यो, तर त्यति गर्दा पनि एक पत्नीको साथका कारण हुने सुखी गृहस्थीका सबै आदर्श र इसाइ मूल्य नालीमा छटपटाइरहेका देखिन्थे ।

एग्जा स्यान्टाका मानिसहरू धेरै नै सहनशील थिए । उनीहरू यस्तो मानिसलाई पनि सहन गर्न सक्थे, जो सुस्त छ र सधैँ कसै न कसैका लागि परेसानी खडा गरिदिने गर्छ, जसले सापट वा उधारोको रकम कहिल्यै फिर्ता गर्दैन र परिवारमा मारपिट मच्चाइरहन्छ । तर जुवा खेल्न लिइएको रकम त्यहाँ नाजायज थिएन । कुखुरा लडाउने होस् वा तासको खेल, तिनका टिकटहरू दोब्र्याएर सबैले देख्ने गरी औँलाहरूका बीचमा च्यापेर राख्थे । कहिले ट्रक ड्राइभरहरू दुईचार हात तीन पत्ती खेल्नलाई त्यहाँ रुक्थे र आफूसित भएको नगद रकम कहिल्यै नदेखाए पनि त्यहाँबाट जाने बेलामा तिनले एकएक पैसाको हिसाब राफसाफ गरेरै हिँड्थे । शनिबारका दिन स्यान्टा मारिया जेलका गार्डहरू कोठीमा आउँथे र हप्ताभरिको तलब दारुको अड्डामा र जुवामा उडाएर फर्कन्थे । कैदीहरूभन्दा खुँखार जेलका यी गार्डहरूले समेत खल्तीमा रकम नभएदेखि कहिल्यै जुवा खेल्ने जमर्को गर्दैनथे । जुवामा इमानदार हुने नियमलाई कसैले अहिलेसम्म तोडेको थिएन ।

थोमस भर्गासले कहिल्यै जुवा खेलेन, तर जुवामा मानिसहरूले हारेजितेको घन्टौँ हेरिबस्नु उसको प्रिय लत थियो । ऊ स्वयम्ले भने कहिल्यै पनि एउटा चिट्ठासम्म किन्दैनथ्यो, तर चिट्ठा पर्नेहरूको नामको घोषणा नसुनी ऊ रेडियोको अगाडिबाट हट्दैनथ्यो । पैसाको कन्जुसीले उसलाई अहिलेसम्म जुवा खेल्नबाट रोकिराखेको थियो, तर ठोमसका खिलाप एन्टोनियो सियारा र कोन्चा डियाजको वज्र गठबन्धनले थोमसको पौरुषत्वलाई स्थगित गरिदिएको थियो अनि थोमसले एकाएक जुवा खेल्न थालेको थियो । सुरुमा त उसले सानोतिनो दाउ चल्ने खालमा खेल्ने गऱ्यो र सानातिना जुवाडी नै ऊसित खेल्नलाई राजी हुने गरे । थोमस आफ्ना स्वास्नीहरूतिरबाट भाग्यमानी नरहेको होस्, तासमा पत्ती उसका पक्षमा लाभ पुऱ्याउने खालका आएका हुन्थे । अन्ततः सजिलै पैसा कमाउने कीरोले उसलाई पनि टोक्यो र ऊ साहसी तरिकाले तगडा बाजी खेल्न थाल्यो । एकै झट्कामा धनाढ्य बन्ने सपनाले ऊ बहुलायो । उसलाई लाग्यो आफ्नो ध्वस्त भएको इज्जत पुनः स्थापित गर्ने प्रभावकारी तरिका अब यै एउटा बाँकी छ । अब ऊ जुवामा ठूलो जोखिम लिन थाल्यो । चाँडै नै खालमा उसका वरिपरि ठूलठूला जुवाडी बस्न लागे । बाँकीहरू उसका चारैतिर घेरा बनाएर उभिन्थे । जस्तो कि पुरानो रिवाज थियो, ठोमस भर्गास आफ्नो रकम टेबलमाथि फैलाएर बस्दैनथ्यो, तर हारेमा ऊ खेलको अन्त्यमा रकम चुक्ता गरिदिन्थ्यो । घरमा भने स्थिति बिग्रँदै गयो । कोन्चालाई पनि घरबाहिर काम गर्न जानुपर्ने भइसकेको थियो । केटाकेटीहरू मात्र घरमा बस्थे र तिनले सहरतिर गएर भीख नमागून् भन्ने चिन्ताले स्कुल टिचर एनिस आएर तिनलाई खाना ख्वाउने गर्थी ।

ठोमस भर्गासको वास्तविक दिक्दारी तब सुरु भयो, जब उसले एक जना लेफ्टिनेन्टको हाँक स्वीकार गऱ्यो र ऊसित ६ घन्टा खेलेपछि दुई सय पेसो जित्यो । लेफ्टिनेन्ट जुङामुठे, मोटो, सामलो मान्छे थियो, जसले केटीहरूले आफ्नो घना रौँदार छाती र त्यसमाथि झुलिरहेका अनेकौँ सुनका सिक्रीहरू देखुन् र प्रशंसा गरुन् भनेर जकेटको टाँक खुला राख्थ्यो । एग्वा स्यान्टामा कसैले पनि उसलाई मन पराउँदैनथे, किनभने ऊ आफ्नो सुविधा र सनकअनुसार नै कानुन निर्माण गर्थ्यो । स्यान्टा मारिया जेलका लागि ऊ यस कुराको विशेष ध्यान राख्थ्यो, तगडा पिटाइ नखाई कोही पनि जेलबाहिर ननिस्कोस् । मानिसहरू कानुनदेखि डराउन लागेका थिए ।

लेफ्टिनेन्ट दुई सय पेसो हार्नाले बहुलाएको थियो, तर उसले काइँकुइँ नगरी दुई सय पेसो झिकेर दियो, किनभने आफ्नो सम्पूर्ण सत्ता र अधिकारका बाबजुद पनि ऊ हारेको रकम भुक्तान नगरी टेबल छोडेर जान सक्तैनथ्यो ।

ठोमस भर्गास दुई दिन पूरै आफ्नो जितको मातमा झुम्दै डुलिरह्यो । अन्ततः लेफ्टिनेन्टले उसलाई हाँक दियो, आउँदो शनिबार एउटा अर्को तगडा बाजी खेलेर ऊसित बदला लिने र यस पटक उसले एक हजार पेसोको दाउ लगाउने भन्यो । उसले कस्तो जोडदार आवाजमा घोषणा गऱ्यो भने, भर्गासले नाइँ भन्ने हिम्मत गर्न सकेन ।

शनिबारका दिन जुवाअड्डा खचाखच भरिएको थियो । भीड र उम्को यति थियो, मानिसहरूलाई सास फेर्न पनि अप्ठेरो भइरहेको थियो । सबैले खेल हेर्ने मजा लिऊन् भन्ने उद्देश्य पूरा हुने अरू कुनै उपाय नरहेपछि आखिरमा जुवा खेल्ने टेबललाई नै बाहिर खुलामा ल्याइयो । यसो गरेपछि सबैले जुवाको खेल हेरेर मजा लिन सक्थे । एग्वा स्यान्टामा पहिलो पटक यति ठूलो रकमको बाजी लागिरहेको थियो । रियाध हलाबीलाई खेलको निर्णयकर्ता नियुक्त गरियो । उसले सबभन्दा पहिले हँललाई दुई कदम पछि हट्न भन्यो,

जसले गर्दा कुनै किसिमको बेइमानी नहोस् अनि उसले लेफ्टिनेन्ट र पुलिसहरूलाई हतियार जेलमा थन्क्याएर आउन भन्यो ।

'खेल सुरु हुनुभन्दा पहिले, दुवै खेलाडीले आआफ्नो रकम टेबलमाथि राखून्,' निर्णकर्ताले भन्यो ।

'मेरो जमानको मूल्य छ, तुर्क ।' लेफ्टिनेन्टले भन्यो ।

'मेरो पनि !' थोमसले जोड्यो ।

'यदि तिमीले हार्‍यौ भने कसरी रकम चुक्ता गर्छौ ?' रियाध हलाबीले सोध्यो ।

'सहरमा मेरो एउटा घर छ, मैले हारेँ भने भोलिदेखि नै त्यो घर भर्गासको हुने छ,' लेफ्टिनेन्टले भन्यो ।

'ठीक । अनि तिमीले ?'

'म आफ्नो गाडेको सुन झिकेर दिन्छु ।'

बितेका कैयौँ वर्षदेखि एग्वा स्यान्टामा घटित हुने यो सबैभन्दा आश्चर्यजनक घटना थियो । बूढाहरूदेखि ससाना केटाकेटीहरूसम्म सबै यो हेर्न सडकमा जम्मा भए, त्यहाँ कोही आएनन् भने ती थिए एन्टोनियो र कोन्चा ।

लेफ्टिनेन्ट र थोमस भर्गास— दुवैमध्यै कसैप्रति पनि त्यहाँका मानिसहरूमा कत्ति पनि सहानुभूति थिएन । यस कारण कसैलाई दुईमध्ये कसले जित्छ भन्ने कुरोले केही फरक पर्दैनथ्यो । मनोरञ्जनको मूल कारण यो थियो, दुवै खेलाडीमध्ये को बढी दुखी हुन्छ भन्ने अनुमान लगाउन सकिने मौका पर्खिराख्नु । थोमस भर्गासलाई तासका पत्तीहरूले भाग्यमानी बनाउने गरेको लामै फेहरिस्त थियो तर लेफ्टिनेन्ट पनि ठन्डा दिमागको र कडा रूपमा अनुशासित व्यक्ति थियो ।

साँझ सात बजे नियत गरिएको समयमा निश्चित गरिएका सर्तहरूअनुसार खेल समाप्त भयो र रियाध हलाबीले लेफ्टिनेन्टलाई विजयी घोषित गर्‍यो । आफ्नो जितमा पनि लेफ्टिनेन्टले त्यही संयम देखायो जुन बितेको साता आफ्नो पराजयमा देखाएको थियो— न अकडिएको मुस्कान, न व्यङ्ग्यात्मक शब्द । ऊ केवल कान्छी औँलामा पालेको लामो नङले दाँत कोट्र्याउँदै आफ्नो कुर्सीमा बसिरह्यो ।

'लौत भर्गास, अब उठ, तिम्रो गाडिएको सुनको खजाना खनेर झिक्ने समय आयो ।' दर्शकहरूको उत्साह थामिएपछि उसले भन्यो ।

थोमस भर्गासको छालाको रङ निभेको आगाको खरानीझैँ कालो भयो । उसको कमेज पसिनाले लफ्रक्क रुझेको थियो र उसलाई सास फेर्न गारो भइरहेको थियो, मानौँ हावा उसको घाँटीमा अड्किरहेको छ । दुई पटक उसले उभिने कोसिस गर्‍यो, तर दुवै पटक उसका घुँडा लरखराए । रियाध हलाबीले उसलाई भर दिनुपर्‍यो । अन्ततः उसले मूल सडकतिर कदम बढाउनलाई बल जुटायो । ठोमस भर्गासको पछिपछि लेफ्टिनेन्ट, पुलिसकर्मीहरू, तुर्क, स्कुल टिचर एनिस र तिनका पछि पूरै सहर हल्लीखल्ली गर्दै जुलुसको रूपमा हिँड्यो । उनीहरू केही माइल हिँडेका थिए, जब भर्गास दाहिनेतिरको तरकारी बजारको माटोको पर्खालतिर मोडियो । त्यो पर्खालले पूरै एग्वा स्यान्टालाई घेरेको थियो । अगाडिको बाटोलाई झाडी र बुट्यानले ढाकेको थियो, तर केही अलमलपछि उसले विशालकाय मसला र अन्य जातका रूखहरू बीचबाट बाटो पहिल्याइछाड्यो । अन्ततः ऊ त्यो घना जङ्गलको फैलावटका कारण मुस्किलैले देखिने एउटा सानो समथर उपत्यका जस्तो भूभागछेउ पुग्यो । मानिसहरूको त्यो जुलुस त्यहीँ रोकियो, केवल भर्गास र लेफ्टिनेन्ट अघि बढे । घाम अस्ताउनै लागेको थियो, तर पनि हावामा उम्को र गर्मीको दबाब थियो । थोमस भर्गासले सबैलाई त्यहीँ रोकि सङ्केत गर्‍यो । उसले घुँडा टेक्यो र निहुरियो अनि चार हातखुट्टाको भरमा बामे सर्दै दबेको भूभागको ढूलढूला पातहरूमुनि छिर्‍यो । एउटा लामै अन्तराल बित्यो र हठात् उसको रुन्चे स्वरको भारी चीत्कार सुनियो । लेफ्टिनेन्टले झाडीतिर हामफाल्यो र थोमसलाई खुट्टातिरबाट घिसार्दै बाहिर ल्यायो ।

'के भयो ?'

'त्यहाँ छैन, केही पनि छैन ।'

'म आफ्नो कसम खाएर भन्छु लेफ्टिनेन्ट, मलाई केही थाहा छैन । कसैले डाका मार्‍यो, मेरो सबै खजाना लुट्यो ।' अनि ऊ भर्खरकी विधवाझैँ रुन थाल्यो ।

लेफ्टिनेन्टका जुत्ताका भकुन्ड्याइँले उसलाई लगभग अर्धमूर्च्छित अव्थामा पुर्‍याइदिएको थियो ।

'सुँगुरको छाउरो ! म तँलाई छोड्दिनँ ! तेरी आमाको चिहानबाट पनि म आफ्नो पैसा लिइछाड्छु, बुझिस् !'

लेफ्टिनेन्टले उसलाई पिटीपिटी मरणासन्न बनाउनुअघि रियाध हलाबीले दौडँदै गएर लेफ्टिनेन्टको चङ्गुलबाट उसलाई छुटायो । उसले लेफ्टिनेन्टलाई शान्त पार्‍यो । उसले सम्झायो, पिटेर कुनै हल निस्कने होइन अनि भर्गासलाई उपत्यकाबाहिर आउन मदत गर्‍यो । थोमस भर्गास अर्धमूर्छित अवस्थामा डगमगाइरहेको थियो र डरले लगलगी कामिरहेको थियो । रुँदारुँदा ऊ हलचल गर्न नसक्ने भइसकेको थियो । तुर्कले नै उसलाई घर पुर्‍याउनुपर्‍यो ।

एन्टोनियो सियारा र कोन्चा डियाज आँगनमा मुडा राखेर कफी सुर्क्याउँदै अँधेरो हुँदै गएको हेरिरहेका थिए । पूरै घटनाको

जानकारी पाएपछि पनि सन्त्रस्त भएको कुनै किसमको चिह्न उनीहरूका अनुहारमा थिएन बरु उनीहरू विचलित नभई पहिले जस्तै कफी सुर्क्याइरहे ।

थोमस भर्गासलाई एक साता तेज ज्वरो आयो । ज्वरोको मध्य ऊ सुनका डल्ला र तासका पत्तीहरूबारे बरबराइरह्यो । सुनको खजाना लुटिएको शोकमा ज्यान गुमाउनुको साटो उसको स्वास्थ्य सुध्रिँदै आयो । जब ऊ हिँडडुल गर्न लायक भयो, केही दिन घरबाहिर निस्केन, तर अन्ततः उसको व्यसनले उसको विवेकलाई अधीनमा लियो र लरबरलरबर काम्ने हातले उसले पनामा ह्याट निकाल्यो र दारु भट्टीतिर लाग्यो ।

ऊ त्यो राति घर फर्केन । दुई दिनपछि कसैले यो खबर ल्यायो, उसको क्षतविक्षत लास त्यही उपत्यकामा पाइयो जहाँ उसले खजाना गाडेको थियो । कसैले उसलाई खुँडोले गिँडेर टुक्राटुक्रा पारिदिएको थियो । सबैले जान्दथे, ढिलोचाँडो उसको परिणाम यही हुनेवाला थियो ।

एन्टोनिया सियारा र कोन्चा डियाजले बिना कुनै शोक प्रदर्शन र बिना कुनै औपचारिक शवयात्रा उसलाई दफनाइदिए । रियाध हलाबी र स्कुल टिचर एनिस पनि मात्र उनीहरूको साथ दिन त्यहाँ उपस्थित भइदिएका थिए, त्यस मान्छेलाई श्रद्धाञ्जलि दिनलाई होइन, जसलाई उनीहरूले कहिल्यै इज्जत गरेनन् ।

त्यसपछि दुवै महिलाहरू केटाकेटी हुर्काउन र जीवनका अन्य उकालीओरालीमा एकअर्कालाई मदत गर्दै राजीखुसी सँगसँगै बसेर दिन बिताउन लागे । थोमस भर्गासलाई दफनाएको धेरै दिन भएको थिएन, तिनले पाल्नलाई कुखुरा, खरायो र सुँगुर किने । उनीहरू बस चढेर सहर गए र सबै केटाकेटीहरूका लागि नयाँ लुगा किने । त्यसै वर्ष उनीहरूले घरको मर्मत गराए । त्यसमा अरू दुई कोठा थपे, पूरै घरलाई नीलो रङले रङाए र एउटा ग्यास स्टोभ पनि जडान गरे । त्यसपछि तिनले खाना बनाउने र टिफिन पुऱ्याउने व्यवसाय सुरु गरे । हरेक मध्याह्न आफ्ना केटाकेटीलाई तिनले जेल, स्कुल र हुलाक कार्यालयमा खाना पुऱ्याउन पठाउँथे । त्यसपछि पनि खाना बच्यो भने त्यसलाई रियाध हलाबीका लागि ढाकछोप गरेर राखिछाड्थे, जसलाई ऊ ट्रक ड्राइभरहरूलाई पस्किन्थ्यो ।

...यसरी गरिबीका बीचबाट ती दुईले यसरी बाटो निकाले र प्रगतिको मार्गमा अझ अघि बढ्दै गए ।

(अनु. पा खत्री)

□

जीवन नै हो सबैभन्दा ठूलो प्रेरणास्रोत

ग्याब्रियल गार्सिया मार्खेज

ग्याब्रियल गार्सिया मार्खेज । जन्म : ६ मार्च १९२७ । कोलम्बियाली उपन्यासकार, पत्रकार । ल्याटिन अमेरिकामा 'गाबो' का नामले प्रसिद्ध । रोम र पेरिसमा 'स्पेक्टेटर' का संवाददाताको काम गरेका । क्युबाको संवाद एजेन्सीका लागि हभाना र न्युयोर्कमा बसेर काम गरे । वर्तमान म्याक्सिकोमा बसोबास । *प्रमुख कृतिहरू* : **वन हन्डेड इयर्स अफ सलिट्युड, लभ इन द टाइम अफ कलरा, क्रनिकल अफ अ डेथ फोरटोल्ड** आदि । कृतिहरूमाथि फिल्म : *लभ इन टाइम अफ कलरा, लेटर्स फ्रम द पार्क, मेरी माइ डियरेस्ट, द इयर अफ द प्लेग, देयर आर नो थिभ्स इन द भिलेज, ओन्ली डेथ इज बाउन्ड टु कम* आदि । *पुरस्कार–सम्मान* : नोबेल प्राइज, रोमुलो गालेगोज प्राइज, कमनवेल्थ अवार्ड अफ डिस्टिङ्ग्विस्ड सर्भिस, न्युयोर्क टाइम्स टेन बेस्ट बुक्स अफ द इयर ।

[सेन्ट एन्जिल इन । ग्याब्रियल गार्सिया मार्खेजको स्टुडियो । आसपास ताजा फूलहरूको छरिएको अतीतको सुनौलो गन्ध । हेर्दा लाग्दछ, यो लामो सानदार भव्य भवन सायद कहिले गेस्ट हाउस रहेको हुनुपर्छ । यहाँ मार्खेज हुन् वा नहुन्, सोफाको छेउमा टाँगिएको उनको ठूलो तस्बिरले उनी भएको आभास त्यहाँ उपस्थित गराइराख्छ— गहिरो कैलो घुङरालु केश, लामा जुङा, छालाका काला जुत्ता र सादा पहिरन । के यिनै हुन् मार्खेज ? हो ! तानाशाहरूसितको निकटता र वामपन्थी विचाधाराका कारण कोलम्बिया र अमेरिकामा उनीमाथि प्रतिबन्ध लगाइन्छ, तर यसका बाबजुद पनि आफ्नो मुलुकको यो 'सुपरस्टार' आलोचक मुलुकहरूमा त्यति नै पढिन्छ र प्रशंसा गरिन्छ । साहित्यका समान्तर ल्याटिन अमेरिकाको सार्वजनिक जीवनमा पनि सक्रिय भूमिका दर्ज गराइरहने 'देशका प्रतीक', 'राष्ट्रिय हास्यबोधका परिभाषक' र 'आफ्नो धर्तीका मार्क ट्वेन' बनेका छन् । पत्रकारिता, लेखन, फिल्म निर्माण... आफ्नो जीवनलाई कतिपय ध्रुवहरूमाथि केन्द्रित गर्दै उनी अन्ततः त्यो शिखरमा पुग्दछन् जहाँबाट संसारका साँचा–झुट्टा रङहरू स्पष्ट रूपमा निरीक्षण र परीक्षण गर्न सकिन्छ । सङ्घर्ष, कल्पना, यथार्थ र एकान्त मार्खेजका रचनाहरूमा भरपूर छन् । उनी आफैँ भन्दछन् : 'प्रत्येक मानिसका तीन जीवन हुन्छन्— सार्वजनिक, निजी र गोप्य । यो लामो कुराकानीमा उनका तीनवटै जीवनका रङहरू मिसिएका छन् ।]

आज मार्खेज साहित्यको संसारमा एक प्रसिद्ध नाम हो, तर यस यात्राको सुरुआत त एक पत्रकारका पमा भएको थियो । के आज पनि 'पत्रकारिता का प्रति कुनै आकर्षण अनुभव हुन्छ ?

उपन्यासकारका रूपमा यति अगाडि बढिसकेपछि आज पनि म निश्चित रूपमा पत्रकारिताप्रति संलग्नता अनुभव गर्छु । मलाई सधैँ लाग्ने गर्छ, मेरो सही ठाउँ पत्रकारितामा नै छ । मात्र कति भने त्यहाँ काम गर्ने परिस्थितिहरूदेखि चित्त बुझ्दैन । म चाहन्छु कुनै यस्तो अवसर पाइयोस्, जसले मलाई फेरि ती पुराना दिनहरूसित जोडोस् । हो, यो जरुर हो, व्यावसायिक विवशतामा 'स्टोरी' का पछि दौडिनु अब सम्भव नहोला ।

के यस्तो लाग्दछ, पात्रह का माध्यमबाट तपाईं त्यो

भन्न सक्नुहुन्छ जुन कुरो खबर लेखेर सम्भव हुन सकेको थिएन ?

हेर्नोस्, चाहे अखबारमा छापिएको कुनै खबर होस् वा बुक स्टलमा सजाइएको उपन्यासमा उल्लिखत कुनै कथा, दुवैको स्रोत, सामग्री र सन्धान यसै समाजबाट चयन गरिन्छ। कतिसम्म भने, भाषा, कथ्य र तथ्य पनि तिनै रहन्छन् केवल शरीर बदलिन्छ। पात्र रचना खबर लेख्नु जस्तै हो।

यदि कुरा गरौँ 'सत्यविरुद्ध कल्पना को। त, यिनको सन्तुलन बनाइराख्नमा पत्रकारह र उपन्यासकारह मध्ये कसको हिस्सामा कति जिम्मेवारी पर्न जान्छ ?

धेरै सानो कुरो हो यो। पत्रकारितामा केवल एउटा तथ्यले पूरै कथ्यमाथि प्रश्नचिह्न लगाइदिन्छ, जब कि कथा (चाहे छोटो होस् वा लामो) मा घोलिएको एउटा सानो सत्यले त्यसलाई कैयौँ गुना विश्वसनीय बनाइदिन्छ। सत्य अथवा कल्पना...चयन लेखकको सोच र प्रतिबद्धतामा निर्भर गर्छ। यति अवश्य हो, उपन्यासकारसित आफ्नो कुरालाई पल्लो छेउसम्म तानेर लैजाने पूर्ण स्वतन्त्रता हुन्छ, जहाँसम्म मानिसहरू उसमाथि विश्वास गर्छन्। जहाँसम्म मेरो कुरा छ, पत्रकारिताले मेरा कथाहरूलाई सत्यसित जोडे अनि कथाहरूले मेरो पत्रकारितालाई साहित्यिक मूल्य दिए।

फर्केर हेर्दा कस्तो महसुस हुन्छ ?

मलाई यस्तो लाग्छ, आजको परिस्थितिमा केही पनि लेख्न पहिलेभन्दा अप्ठेरो छ। जब म अखबारमा थिएँ, त्यस बेला ममा आफूले लेखेका शब्दहरूप्रति संलग्नता वा जिम्मेदारीको बोध (रत्तीभरि पनि) थिएन, जुन आज छ। 'एल एक्सपेक्टाडोर' मा काम गर्दा म प्रतिदिन दुईतीनवटा सम्पादकीय र फिल्म समीक्षा लेख्ने काम गरेपछि पनि सातामा तीनवटा ठूला स्टोरी लेख्थेँ। त्यस बेला कार्यालयको लिनो टाइप मेसिनको आवाज मलाई बर्सातका थोपा जस्ता लाग्थे। त्यसैको सहारामा म रातरातभरि लेखिबस्थेँ र आज रमाइलो मौसममा पनि म ९ बजेदेखि ३ बजेसम्म स्टडी टेबलसित टाँसिएर बस्दा पनि मुस्किलले तीनचार लाइनको एउटा सानो अंश लेख्न सक्छु र अर्को दिन ती तीनचार लाइन पनि हावामा कागजको विमान बनेर उड्छन्।

के यो परिवर्तन सफलता पाएपछि आएको हो ?

धेरै हदसम्म। यसको कारण सफलता नै हो। तपाईंले यो थाहा पाएपछि कि तपाईंले लेखेका शब्द कति आँखाले पढ्ने हुन्, ती कैयौँ मानिसका जीवन सोच र प्रेमसित जुडेका छन्, तब कलम आफसे आफ जिम्मेदार हुन लाग्छ। एउटा अर्को वुरो पनि छ, एक पटक माथि पुगेपछि तपाईं फेरि तल ओर्लन चाहनुहुन्न, यस कारण बढी सतर्क हुनुहुन्छ।

लेख्न कसरी थाल्नुभयो ?

चित्र बनाउनबाट। विश्वास गर्नोस्...स्कुले दिनहरूमा मलाई कार्टुन बनाउने सोख थियो, बनाउँथेँ पनि। सायद त्यहींबाट मलाई आफ्नो कुरो भन्ने चस्को लाग्यो। हाइस्कुलसम्म पुग्दानपुग्दै मेरो पहिचान लेख्नेपढ्ने केटोको रूपमा हुन लागेको थियो। पम्फलेट लेखाउनु छ, कुनै बैठकको विवरण वा प्रतिवेदन वा पत्र, सबै म भएठाउँ नै पुग्थे। बगोटा युनिभर्सिटीमा आएपछि म अलिक गम्भीर भएँ। मैले समकालीन लेखकहरूसित निकटता बढाउन थालेँ। एक दिन मेरो एक साथीले मलाई फ्रेन्ज काफ्काका कथाहरू पढ्न दियो। पुस्तकको पहिलो पाना, कथाको पहिलो पङ्क्ति थियो— 'ग्रेगोर सामसा बिहान आफ्नो अधुरो सपनाबाट जाग्यो र उसले स्वयंलाई ओछ्यानमा घिस्रिरहेको एउटा कीरामा रूपान्तरित भएको पायो।' त्यसको अर्को दिन मैले आफ्नो पहिलो कथा लेखेँ, जुन ज्वायसेली लेखनबाट प्रभावित थियो। अनि यस्तै अरू धेरै। यी बगोटाको 'एल एक्सपेक्टाडोर' मा छापिए। मैले यी कथाहरू साहित्यक अनुभवबाट लेखेको थिएँ न कि जीवनको खुला भ्यालबाट चियाइरहेका शब्दहरू लिएर। सायद तिनमा बौद्धिकताको स्पर्श बढी थियो। तर पनि समय र समाजका विषयमा लेख्नेपढ्नेहरूका जमातमा यो आफ्नै किसिमको पहिलो प्रयोग थियो। यस कारण ती रचनाहरू धेरै द्वारा पढिए।

अहिले भर्खर तपाईं भन्नुभयो, तपाईंको पहिलो कथा

ज्वायसबाट प्रभावित थियो, के त्यस बेलासम्म तपाईंले ज्वायस पढिसक्नुभएको थियो ? ती केही व्यक्तिह का बारेमा बताउनोस् जसले गर्दा तपाईंमा परिवर्तन आयो ?

होइन, मैले ज्वायस कहिल्यै पढिनँ, मैले युलिसिस पढेको छु स्पेनिसमा। यद्यपि यसका फ्रेन्च र अङ्ग्रेजी अनुवाद पढेपछि मलाई थाहा लाग्यो मैले केकति छोडेको रहेछु। यसले मलाई 'एकालाप' का बारेमा सिकाएको थियो। पछि यै काम भर्जिनिया बुल्फबाट पनि सिकेँ। लेखनका पेँच मैले यसरी नै सिकेँ। मेरा कथाहरूलाई बौद्धिक उचाइ दिने काम पछिल्लो पुस्ताका ल्याटिन अमेरिकाली लेखकहरूले गरे। तिनलाई पढेपछि मैले जानेँ मेरा कथाहरू तिनका सिर्जनका अगाडि रित्तो आकाश समान थिए...।

मेरा भ्रमहरूलाई उखेलेर फाल्नमा धेरै ठूलो हात ९ अप्रिल, १९८४ को घटनाको पनि थियो। त्यस दिन 'ग्याटन' (राजनेता) माथि आक्रमण भएको थियो। सडकहरूमा ओइरिएको पागल भीडले पसल र घरहरू लुटेर आफ्नो दुख र रिस शान्त गरिरहेको थियो र म सोचिरहेको थिएँ, के मेरा कथाहरूले कहिले केही बदल्न सक्लान् ? लगभग दुई वर्षपछि म आफ्नो गाउँ 'अराकटा' गएँ। यहीँ मैले पहिलो पटक आँखा खोलेको थिएँ र जीवनको पहिलो वर्ष बिताएको थिएँ। त्यहाँ पुगेपछि यस्तो लाग्यो मानौ पुस्तकका पाना फरफराइरहेका छन्। छाप्रा, झरना, खेत, कुला, बाल्यकाल...सबै थोक धेरै पहिले नै लेखिसकिएको छ। मात्र कति भने मैले तिनलाई फेरि लेख्नु छ जस्ताको तस्तै। फर्केपछि मैले आफ्नो पहिलो उपन्यास लेखेँ 'लिफ स्ट्रोम'। संसारलाई बताउनलाई, जिन्दगीको एउटा अनुहार यस्तो पनि छ।

लिफ-स्टोमदेखि वन हन्डेड इयर्स अफ सलिट्युडसम्म तपाईंका भिन्न शैली रहेका छ न्। यसबारेमा केही बताउनुहुन्छ कि ?

लिफस्ट्रोम लेखेपछि मलाई महसुस भयो गाउँ, बाल्यकाल, सम्झनाहरू...यस्ता नस्टेलजियाका पछाडि बसेर त्यो सत्यदेखि म लुकिरहेको छु, जससित समाज र देश जुधिरहेको छ। फक्नर, हेमिङ्ग्वेहरूलाई पढ्दै मैले साहित्य र राजनीतिबीचको खाडल पुर्नतिर लागेँ। नो वन राइट्स टु द कर्नेल, इन इभिल हावर, बिग मसाज फ्युनरल यी सबै अघिपछि लेखिएका हुन्। यी कृतिहरूलाई मैले कुनै मायिक धरातल दिने कोसिस गरिनँ। यो एक किसिमले साहित्यिक पत्रकारिताको प्रयास थियो। तर एक पटक फेरि मलाई लाग्न थाल्यो, मैले बाटो बिराएछु। मेरो बाल्यकालका कथाहरूमा समयको सत्य धेरै मुखर थियो। पटकपटक बाटो फेर्दाफेर्दा म आफैँ पनि धेरै थाकिसकेको थिएँ सायद, यसकारण पछिका पाँच वर्षसम्म म मौन बसेर आफ्नो लय खोज्दै रहेँ।

कुन थियो त्यो बाटो, के थियो त्यो लय...?

कुराहरूदेखि असम्पृक्त रहेरै कुरा भन्नु। मेरी हजुरआमा यस्तै गर्थिन्। उनका कथाहरूमा धेरै उकालाओरालाहरू भए पनि उनको अनुहारमा त्यो देखिँदैनथ्यो। उनले जब कथा सुनाउँथिन्, त्यति बेला यस्तो लाग्थ्यो मानौँ ढुङ्गामाथि कुनै अक्षर कुँदिँदैको छ...आफ्नो कुरालाई त्यति मात्र तन्काउनु जहाँ सत्य र विश्वासको सीमा सकिन्थ्यो...यो नै मेरो लय थियो, मेरो बाटो र सबभन्दा ठूलो पाठ...जसमाथि म वन हन्ड्रेड इयर्स अफ सलिट्युड लेख्दा पहिलो पटक हिँडेँ।

बनाना फिभर एक सफल प्रयोग थियो। यसको विचार कहाँबाट आयो ?

'बनाना फिभर' सत्यको निकै नजिक छ। हेर्नोस्, लेख्दाखेरि हामी केही यस्तो भन्छौँ जसको ऐतिहासिकता साबित गर्नै सकिँदैन, तर ती कुनै समयका सत्य हुन्छन्। एउटा नरहसंकारका बारेमा तथ्यपरक आलेख लेख्दै गर्दा मलाई थाहा थिएन मर्नेहरूको सङ्ख्या कति थियो। मलाई सम्झना भयो, बाल्यकालमा ३,००० केरा भरिएको एउटा ट्रेन समुद्रमा डुब्दै गएको मैले देखेको। अनि अलिक अतिशयोक्ति जस्तो लागे तापनि यो सङ्ख्यालाई मैले रोजेँ। तपाईं विश्वास गर्नुहुन्न, केही दिनभित्रै यो ३००० को सङ्ख्या सबैको मुखमा थियो। यो नै हो बनाना फिभर...। कहिलेकाहीँ मलाई शङ्का लाग्छ, हाम्रो आधारभूत इतिहास यस्तै किसिमका सत्यहरूले भरिएको छ। तपाईं जे भनिरहनुभएको छ त्यो सत्य हो वा होइन, यसले कुनै अर्थ राख्दैन, किनभने कुनै न कुनै समय त्यसैलाई सत्य मानिनेछ। एक दिन यस्तो आउनेछ जब नेताहरूलाई भन्दा मानिसहरू लेखकहरूको विश्वास गर्नेछन्।

तपाईंको कलम प्रायः एक्लोपनको छेउछाउ रुकेको पाइन्छ ?

लेखकहरू एक्लै हुन्छन्, तर एक्लोपनमा पनि विचार उनीहरूका साथमा हुन्छ। मेरा कथाहरूमा जुन एक्लोपन छ त्यो अर्कै किसिमको हुन्छ। त्यो उचाइहरूको एक्लोपन हो। पूरै जीवन केही बन्ने लोभमा भागाभाग गरिरहेपछि जुन दिन

तपाईं शिखरमा पुग्नुहुन्छ त्यहाँ तपाईं एक्लो हुनुहुन्छ। नितान्त एक्लै...। मैले दुवै भोगेको छु। यस कारण म पत्रकारितासित निरन्तर जोडिएर रहने प्रयास गर्छु जसले गर्दा मानिसहरूभन्दा टाढा नहोऊँ र यसबाहेक मेरा साथीहरू पनि छन् नि, मेरा खुट्टा भुइँमै टेकाइराख्नका लागि।

यसको अर्थ सफलताले लेखकलाई भ्रमित पार्न सक्छ ?

मात्र लेखकलाई होइन, कुनै पनि व्यक्तिलाई उसको लक्ष्यबाट टाढा गरिदिन्छ। तपाईंको जीवनमा घुसपैठ गरेर यसले तपाईंका साथीहरूको साथ, जिउने स्वतन्त्रता, सुखसन्तोष उडाइदिन्छ। यसकारण म चाहन्छु, मेरा किताबहरू म यस संसारबाट गएपछि मानिसहरूसम्म पुगिर होस्। हुन सक्छ म यस किसमले धेरै अगाडि जान नपाऊँ, तर म जहाँ रहुँला त्यहाँ एक्लोपन हुने छैन। बस, यति सन्तोषजनक विश्वास छ।

तपाईं कसका लागि लेख्नुहुन्छ ? आफ्नो अन्तःप्रेरणाका लागि वा आफ्ना पाठकका लागि ?

हेर्नोस्, प्रेरणा एउटा लिक हो जसमाथि हिँडेर तपाईं आफ्नो गन्तव्यसम्म पुग्न सक्नुहुन्छ। धेरै मानिसहरू यस्ता हुन्छन्, जसले भन्छन् उनीहरूको सपना नै उनीहरूको प्रेरणा हो। मेरा लागि त जीवन नै सबैभन्दा ठूलो सपना हो। सबैभन्दा ठूलो प्रेरणा। यसका अगाडि राति निद्रामा देखिने सपना अत्यन्त साना छन्, अधुरा। यस किसिमले मेरो जिन्दगी नै मेरो सपना हो र निश्चय पनि म त्यसैका लागि लेख्छु। रह्यो कुरा पाठकहरूको, यो साँचो हो, म उनीहरूबिना अधुरो हुन्छु। म पूरा हुन्छु उनीहरूको दृष्टिबाट गुज्रेपछि। लेख्दाखेरि मेरो मनमा सधैँ कोही हुन्छ। कहिले कुनै खास अनुहार, कहिले कुनै एउटा भीडको धमिलो तस्बिर...। सायद यी नै ती पाठक हुन् जससम्म म पुग्न सक्दिनँ, तैपनि म तिनीहरूसित कुरा गरिरहन्छु आफ्ना कथाहरूका माध्यमबाट।

'वन हन्डेड इयर्स अफ सलिट्युड ले अपार सफलता पाउला भनेर तपाईंले सोच्नुभएको थियो ?

ठ्याम्मै सोचेको थिइनँ। जब प्रकाशकले मलाई बतायो, ऊ यसका ८००० प्रति छाप्न गइरहेछ, पत्याऊँ कि नपत्याऊँ भयो। जुन लेखकले ६०० को अङ्क पार गर्न सकेको थिएन उसको किताबका ८००० प्रति ! तर उनीहरूलाई विश्वास थियो, ४–६ महिनामा छापेजति पूरै बिक्नेछ। उनीहरूको विश्वास साँचो साबित भयो, ४–६ महिनामा होइन, एकै हप्तामा सबै पुस्तक बिके। मानिसहरू भन्छन् यो पुस्तक एउटा ऐना हो, जसमा हरेक जिन्दगीको प्रतिबिम्ब देखिन्छ।

तपाईं अनुवाद गर्न पनि रुचाउनुहुन्छ ?

'सेन्ट–एक्सप्रे' र 'करनाड' जब मैले पढेथेँ त्यसै समयदेखि म तिनको अनुवाद गर्न चाहिरहेथेँ। उसै पनि केही मास्टरपिसहरूलाई छाडेर म धेरैजसो पुस्तकहरूको अनूदित संस्करण पढ्न रुचाउँछु। स्पेनिसप्रति मेरो रुचि यसको कारण हुन सक्छ। उसरी म ठीकठाक किसिमले फ्रान्सेली र इटालियन भाषा पनि बोल्छु। बितेका २० वर्षदेखि टाइम म्याग्जिनका पानाहरूबाट रसाउँदै अङ्ग्रेजी पनि एउटा मन्दविषझैँ मभित्र दाखिल भइसकेको छ, तर स्पेनिसका अलावा कुनै अर्को भाषासित मलाई आफ्नोपन महसुस हुँदैन। धेरै पुस्तकहरू छन् जसलाई म स्पेनिसमा अनुवाद गर्न चाहन्छु। तर मलाई थाहा छ, एउटा नयाँ पुस्तक लेख्नुभन्दा बढी मेहनत लगाए पनि म त्यसको भन्दा आधा कमाउन सक्ने छैन...।

तपाईंको भनाइको आशय यो कि अनुवादकको भूमिका कठिन छ ?

हो, कुनै अर्काको विचारलाई आफ्नो आवाज दिनु भनेको वास्तवमै कठिन काम हो। अनुवाद केवल भाषाको परिवर्तन मात्र होइन बरु पुनर्निर्माणको एउटा प्रक्रिया पनि हो, जसमा मूल आत्मालाई सुरक्षित राख्नु एउटा ठूलो जिम्मेवारी हुन्छ। कैयौँ पटक यो गलती अनुवादकहरू गर्छन्। भाषाका साथ भाव बदलिएर आउनु खतरनाक कुरो हो। मेरो पुस्तकको ३७ भाषामा अनुवाद भइसकेको छ र मलाई यस कुरामा खुसी लाग्छ, अनुवादकले आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका छन्।

आलोचकको भूमिकाबारे कुनै टिप्पणी गर्न चाहनुहुन्छ ?

मेरो दृष्टिमा आलोचक इन्टेलेक्चुअलिज्म अर्थात् बौद्धिकतावादका सबैभन्दा ठूला उदाहरण हुन्। तिनीहरूसित एउटा निर्धारित रेखा हुन्छ र उनीहरू चाहन्छन् हरेक लेखक त्यही धर्कोमाथि हिँडोस्। जुन लेखक तिनले बनाएको साँचोमा फिट हुँदैनन् तिनलाई अयोग्यताको तक्मा भिराइन्छ वा उनीहरूलाई आफ्नो सोच वा शैली बदल्नलाई बाध्य गरिन्छ। मलाई यसले फरक पर्दैन, आलोचक मेरा बारेमा के सोच्छन्। मेरो लक्ष्य पाठकहरूसित सोझै संवाद गर्नु हो र त्यसका लागि मलाई कुनै पुल चाहिँदैन।

तपाईंको दिनचर्या केकस्ता छन् ? लेख्ने कामका बारेमा केही बताउनोस् ?

जबदेखि पहिचान पाएँ त्यस बेलादेखि दिनचर्यालाई व्यवस्थित रूपमा चलाउन अप्ठेरो पर्दै गएको छ। तर लेख्ने कामका लागि अनुशासन जरुरी छ। यसकारण म बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म लेख्छु। त्यसपछिको समय

भेटघाटका लागि बाँधिएको छ। मसँग एउटा समस्या यो छ, म घरायसी वातावरणमा नै लेख्न सक्छु। यात्राको समयमा त म कत्ति नै प्रयास गरे पनि लेख्न सक्दिनँ। कति थोक मेरा दृष्टिबाट गुज्रिन्छ, तर म रित्तो, अस्पर्शित फर्किएको हुन्छु र अर्को एउटा कुरो पनि छ, जसले मलाई दिक्क पारिरहन्छ। त्यो हो, कुनै पनि कथाको सुरुआत। पहिलो पङ्क्ति, पहिलो अंश र कहिलेकाहीँ त महिनौँ बित्छ यो कठिन समस्या समाधान गर्नमा ।

'बुक अन क्युबा' के हो ?

मेरो आउँदो पुस्तक हो, त्यसमा अचेल काम गरिरहेछु। एउटा लामो खबर जस्तो केही लेखिरहँदा मैले क्युबाको समाजमाथि प्रकाश पार्ने कोसिस गरेको छु। यो संसारको एउटा यस्तो कुनो हो जहाँ मानिसहरू अभावमा बाँचेर पनि थाहा पाइरराखेका हुँदैनन्, अभाव भनेको के हो ? त्यहाँ जीवन उदास छैन, तर के अघि बढिरहेको संसारले फर्केर तिनलाई साथमा लिने पहल गर्नु पर्दैन ? यही प्रश्नलाई समेट्दासमेट्दै सानो कुरो कैयौँ पानाको भइदियो।

नयाँ योजनाह ...?

आफ्नो सबैभन्दा राम्रो कृतिको रचना। यद्यपि मलाई त्यो कसको विषयमा हुनेछ, कस्तो हुनेछ भन्ने थाहा छैन। प्रायः म यो सोचेर चुप बस्छु, कहिले त्यो उत्तम विचार मेरो छेउबाट गुज्रिनेछ र म त्यसलाई समातेर खाली पानाहरूमा फैलाइदिनेछु।

यति नाम र पहिचान पाएपछि पनि केही यस्तो पाउने कुनै शेष अभिलाषा छ ?

म आफूभित्र ती तत्त्वहरू पैदा भएको देख्न चाहन्छु जसले मलाई आफ्ना पाठकहरूका दृष्टिमा बाँधेर राख्न सकोस्। भोलि जब कुनै अकल्पित जस्तो क्षण मेरो ढोका ढकढकाउन आउँदा त्यसलाई समाल्न र त्यससित म आँखा जुधाउन नसक्ने नहोऊँ। मलाई कुनै ठूलो पुरस्कारको खाँचो छैन तर एउटा कमी भने सधैँ बिझाइरहेनछ...मेरी एउटी पनि छोरी छैन।

(अनु. **विष्णु शर्मा**)

□

www.khasskhass.com